यात्रु सहायता कक्ष

स्याङ्जा समाचारदाता
स्याङ्जा, असोज २२ गते

चाडपर्वका बेला यात्रुको चाप बढ्ने र सार्वजनिक यातायातमा समस्या आउन सक्ने भएकाले स्याङ्जामा यात्रु सहायता कक्ष सञ्चालनमा ल्याइएको छ। चाडपर्वलाई लक्ष्य गरी पुतलीबजार, वालिङ र गल्याङमा यात्रु सहायता कक्ष सञ्चालन गरिएको हो। यात्रुको सहजता, सुरक्षा तथा गुनासो सुनुवाइका लागि जिल्लाका मुख्य बजार तथा राजमार्ग क्षेत्रका तीन स्थानमा जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयले सहायता कक्ष सञ्चालन गरिएको हो।

सिद्धार्थ राजमार्ग हुँदै दसैँ, तिहार तथा छठका बेला यात्रुको आवतजावत बढ्ने भएकाले यात्रुलाई सुरक्षित र सहज रूपमा गन्तव्यसम्म पुग्ने वातावरण बनाउन सहायता कक्ष सञ्चालन गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय स्याङ्जाका प्रमुख प्रहरी नायब निरीक्षक नरेन्द्रबहादुर शाहीले जानकारी दिनुभयो। सहायता कक्षबाट यात्रुले सार्वजनिक यातायातमा भोगेका समस्या, तोकिएभन्दा बढी भाडा असुली, क्षमताभन्दा बढी यात्रु राख्ने, टिकट नदिने तथा अन्य गुनासोबारे जानकारी गराउन सक्ने शाहीले बताउनुभयो।

चाडपर्वका बेला यात्रुको चाप बढ्ने भएकाले यातायात व्यवसायी तथा चालकलाई सवारीको क्षमताभन्दा बढी यात्रु नराख्न, तोकिएको भाडाभन्दा बढी नलिन र यात्रुसँग अनावश्यक शुल्क नअसुल्न प्रहरीले आग्रह गरेको छ। यात्रु सहायता कक्षसँगै राजमार्गमा सवारीसाधनको अवस्था, चालकको गतिविधि र ट्राफिक नियम पालनाबारे निगरानी बढाउने तयारी गरिएको छ। लामो दुरीका सवारीसाधनमा यात्रुको सुरक्षालाई प्राथमिकतामा राख्दै आवश्यक जाँच तथा सहजीकरण गरिने प्रहरीले जनाएको छ। देशका मुख्य सडक तथा नाकामा यात्रु सहायता कक्ष सञ्चालन गर्ने तयारी भइरहेका बेला स्याङ्जा हुँदै पोखरा, बुटवल, पाल्पा, गुल्मी, पर्वतलगायत जिल्लातर्फ जाने यात्रुलाई लक्षित गरी पनि सुरक्षा र यातायात व्यवस्थापनमा ध्यान दिइएको छ।

नजिकिँदै दसैँ

बिग्रिएका सडक मर्मत सुरु

सुलीकोट समाचारदाता
सुलीकोट, असोज २२ गते

दसैँतिहारलगायतका चाडपर्व नजिकिएसँगै गोरखा जिल्लाका ग्रामीण सडकको मर्मतसम्भार तथा सरसफाइको काम तीव्र पारिएको छ। बर्खायाममा आएको पहिरो, ढुङ्गा, माटो तथा गेग्रानले अवरुद्ध बनेका सडकमा स्थानीय तह तथा सम्बन्धित सरकारी निकायले मेसिन परिचालन गरी सडक खुलाउने र मर्मत गर्ने काम अघि बढाएका हुन्।

गोरखाको आरुघाट गाउँपालिकाले चाडपर्वलाई लक्षित गर्दै पालिकाभित्रका ग्रामीण सडक सरसफाइलाई प्राथामिकता दिएको छ। गाउँपालिकाका अध्यक्ष राजु गुरुङका अनुसार पालिकाको आफ्नै डोजरले मात्र नभ्याउने भएपछि थप चार वटा मेसिन भाडामा लिएर सडक सरसफाइ भइरहेको छ। दसैँ नजिकिएसँगै पालिकाभर बाटो सरसफाइको काम सुरु भइसकेको छ। वर्षाका कारण विभिन्न ठाउँमा पहिरो गएर सवारीसाधन चल्न नसक्ने अवस्था थियो, अध्यक्ष गुरुङले भन्नुभयो, "दसैँअघि गाउँ गाउँमा यातायात सञ्चालन गर्न सकिने गरी सडक मर्मत र सरसफाइ भइरहेको छ।"

जिल्ला प्रशासन कार्यालय गोरखाले जिल्लाका मुख्य ग्रामीण सडक अधिकांश सुचारु गर्न छलफल भइरहेको छ। गोरखाका प्रमुख जिल्ला अधिकारी धमेन्द्रकुमार मिश्रले भन्नुभयो, "सडक कार्यालयसँग समन्वय गरी अवरुद्ध सडक खुलाएर चाडपर्वका समयमा खाद्यान्नलगायत अत्यावश्यक सामग्रीको आपूर्तिमा समस्या नहोस् भनेर आवश्यक समन्वय भइरहेको छ।" गोरखा सडक योजना कार्यालयले पनि आफ्नो कार्यक्षेत्र अन्तर्गतका सडकमा मर्मत तथा सरसफाइलाई निरन्तरता दिएको छ। बेनिघाट–आरुघाट–लार्के सडक अन्तर्गत धार्चे गाउँपालिका–७, खानीबँसी क्षेत्रमा पहिरो हटाउने तथा सडक मर्मतको काम भइरहेको सडक योजना कार्यालय गोरखाका प्रमुख विनोद पुनको भनाइ छ। त्यसै गरी पूर्वाधार विकास कार्यालय गोरखाले सहिद लखन गाउँपालिका तथा गोरखा नगरपालिकाको नारेश्वर क्षेत्रमा सडक सरसफाइ सुरु गरेको छ। कार्यालय प्रमुख सन्तोष अर्यालका अनुसार आवश्यकता अनुसार अन्य क्षेत्रमा पनि सडक मर्मत तथा सरसफाइ गरिने छ। उत्तरी गोरखाको चुमनुब्री, धार्चेलगायतका स्थानीय तहले पनि चाडपर्वलाई लक्षित गर्दै आवश्यकता भएको क्षेत्रमा सडक तथा नाला सफाइ र मर्मतसम्भारलाई तीव्रता दिएका छन्।

बेनीघाट–आरुघाट–लार्के सडकखण्ड मर्मतसम्भार गरिँदै।

बाहिरिन थाले भेडाच्याङ्ग्रा

मुक्तिनाथ समाचारदाता
मुक्तिनाथ (मुस्ताङ), असोज २२ गते

यस पटक मुस्ताङबाट गत वर्षको भन्दा कम भेडाच्याङ्ग्रा बजारमा जाने व्यापारीले बताएका छन्।

बाढीपहिरोका कारण देशभर चाडपर्वमा रौनकता घटेको, मुख्य खपत हुने बजारसम्म पुग्ने सडक सञ्जाल अवरुद्ध भएकाले पनि यस पटक भेडाच्याङ्ग्राको व्यापार कम हुने भएको छ। गत वर्ष मुस्ताङबाट १८ हजार भेडाच्याङ्ग्रा बाहिरिएका थिए भने यस पटक हालसम्म १० हजारको स्वास्थ्य परीक्षण गरी जिल्लाबाहिर पठाइएको छ। जिल्लाभित्र रहेका पशुपालक कृषकले पाँच हजार भेडाच्याङ्ग्रा बिक्री गरिसकेका छन् भने छिमेकी जिल्ला डोल्पाबाट थप पाँच हजार मुस्ताङ हुँदै बाहिरिएको कृषि तथा पशु विकास कार्यालय मुस्ताङले जनाएको छ।

कार्यालय प्रमुख डा. लालमणि अर्यालले प्राकृतिक विपत्तिका कारण उत्पादन भएका भेडाच्याङ्ग्रासमेत गोठबाट बिक्री गर्न समस्या भएपछि बिक्री घटेको बताउनुभयो। डा. अर्यालले भन्नुभयो, "डोल्पा क्षेत्रमा भारी हिमपात भएकाले विगतमा भन्दा कम भित्रिएका छन्, मौसम अनुकूल भएमा तिहारलाई लक्षित गरी बिक्री गर्न सक्छन्।" मुस्ताङका कृषकले यस वर्ष सात हजार भेडाच्याङ्ग्रा बिक्री गरेका छन्। जिल्लाबाहिरबाट भेडाच्याङ्ग्रा खरिद गर्न आउने व्यापारी सडक अवरुद्ध भएका कारणले समेत बिक्रीमा असर देखिएको छ। उपल्लो मुस्ताङको ल्होमन्थाङ गाउँपालिका छोसेरका छिङ्मी गुरुङले च्याङ्ग्रा कृषकलाई यस पटक असहज भएको बताउनुभयो। १९ वर्षदेखि च्याङ्ग्रापालनमा सक्रिय गुरुङले कठोर हावापानीमा हुर्किने च्याङ्ग्राका लागि चरनक्षेत्रमा गोठ बनाएर गोठालाको जिम्मा लगाएर बिक्री गर्न हिँडेको बताउनुभयो।

चरनक्षेत्रमा राखिएका च्याङ्ग्रालाई हिउँचितुवा र ब्याँसोले सताउने गरेको अवस्थामा जोगाएर च्याङ्ग्रापालन गरेको अवस्थामा यस पटक बिक्रीका लागि सदरमुकाम जोमसोमसम्म पुग्नुपर्ने अवस्था आएको कृषकको भनाइ छ। मुस्ताङबाट पाँच हजार तथा डोल्पाबाट पाँच हजार र कोरला नाकाबाट तीन हजार गरी १३ हजार भेडाच्याङ्ग्रा निकासी हुने अनुमान गरिएको छ। कठोर हावापानीमा हुर्किने र लेकाली जडीबुटी खाने भएकाले दसैँतिहार जस्ता पर्वमा पोसिलो मासुका रूपमा मुस्ताङका भेडाच्याङ्ग्राको माग बढी हुने गरेको छ। गत वर्ष भेडाच्याङ्ग्रा बेचेर ३६ करोड आम्दानी भएको थियो।

तारकेश्वर नगरपालिकाबाट जारी भएको विद्यालयको नाम परिवर्तन गर्ने सम्बन्धी सूचना।

तारकेश्वर नगरपालिका वडा नं. ४ मा सञ्चालित देहाय बमोजिमको संस्थागत विद्यालयले नाम परिवर्तन गरी पाऊँ भनी कम्पनी रजिस्ट्रारको कार्यालयबाट नाम परिवर्तन गरेको पत्र समेत लिई यस कार्यालयमा निवेदन दर्ता गराउनुभएकोले तपसिलका शैक्षिक संस्थाको नाम परिवर्तन सम्बन्धमा कुनै व्यक्ति वा सङ्घ/संस्थाको कुनै किसिमको दाबी विरोध भएमा यसै सूचनालाई आधार मानी आवश्यक प्रमाण सहित सूचना प्रकाशन भएको मितिले ३५ (पैँतीस) दिनभित्र लिखित निवेदन यस तारकेश्वर नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा निवेदकको माग बमोजिम भइजाने व्यहोरा समेत जानकारी गराइन्छ। साथै यो सूचनाले मात्र विद्यालयको नाम, स्थान र स्वामित्व परिवर्तन भएको मानिने छैन।

क) विद्यालयको नाम परिवर्तन अनुमति माग गरेको विद्यालयहरू:

क्र.सं.	विद्यालयको साबिकको नाम	परिवर्तन गर्न चाहेको नाम
१	सेक्रेड हार्ट आवासीय माध्यमिक विद्यालय	शुभश्री हाइस्कुल

आयुर्वेद चिकित्सा परिषद्-नेपालको लाइसेन्सिङ परीक्षा सम्बन्धी सूचना

आयुर्वेद स्नातक (बी.ए.एम्.एस्.) उत्तीर्ण गरी कम्तीमा ६ महिना इन्टर्नसिप पूरा गरेका आवेदकहरूको आयुर्वेद चिकित्सा परिषद्–नेपालमा स्थायी नाम दर्ता सम्बन्धी लाइसेन्सिङ परीक्षा मिति २०८३।०७।१७ गते मङ्गलबार सञ्चालन गरिने हुँदा यहि मिति २०८३।०६।२३ गतेदेखि २०८३।०७।०६ गतेसम्म नियमित शुल्क र २०८३।०७।०७ गतेदेखि २०८३।०७।१३ गतेसम्म विलम्ब शुल्क तिरी exam.namc.gov.np मा गई अनलाइन फाराम भर्न सकिने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ। अन्य विस्तृत जानकारीका लागि यस परिषद्को कार्यालयमा सम्पर्क राख्नुहोला।

आयुर्वेद चिकित्सा परिषद्–नेपाल,
नरदेवी, काठमाडौँ, फोन नं. ०१-५३५९६७८

राष्ट्रिय वाणिज्य बैक लि.

शाखा कार्यालय, राजविराज (२१८)

निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८३।०६।२३

मधेश प्रदेश, सप्तरी जिल्ला साबिक गा.वि.स. बसबिट्टी वार्ड नं. ५ हाल रुपनी गा.पा. वडा नं. ५ बस्ने स्व. श्रीमती भुना देवी यादव (ना.प्र.नं. ७९०३२८९२, सप्तरी) को मिति २०८३।०५।२३ मा मृत्यु भएकोले यस बैंकमा रहेको बचत हिसाव नम्बर २१८०१०००७४१४७०१० खाताको सम्पुर्ण रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा सत्रुधन प्रसाद यादव (ना.प्र.नं. १६–०१–७३–००७९३, सप्तरी, जारी मिति २०७३।०१।२१) ले सम्पूर्ण रकम पाऊँ भनी यस बैंकमा मिति २०८३।०६।२० मा निवेदन दिएको हुनाले निज खातावालको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र आ–आफ्नो सबुद प्रमाण सहित यस बैंकको शाखा कार्यालय, राजविराजमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

राष्ट्रिय वाणिज्य बैक लि.

शाखा कार्यालय, राजविराज (२१८)

निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८३।०६।२३

मधेश प्रदेश सप्तरी जिल्ला साबिक गा.वि.स. लौनिया वार्ड नं. ६, तिलाठी कोइलाडी गा.पा. वडा नं. २ बस्ने स्व. लालदेव खंग (ना.प्र.नं. ९६९११६६७, जारी मिति २०४५।१।२८, सप्तरी)को मिति २०८३।०४।२४ मा मृत्यु भएकोले यस बैंकमा रहेको बचत हिसाव नम्बर २१८०१०००३१२६२०१० खाताको सम्पूर्ण रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा राम कुमार खंग (ना.प्र.नं. १६१०३६/१६५, सप्तरी, जारी मिति २०६७।८।१६) ले सम्पूर्ण रकम पाऊँ भनी यस बैंकमा मिति २०८३।०६।२० मा निवेदन दिएको हुनाले निज खातावालको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र आ–आफ्नो सबुद प्रमाण सहित यस बैंकको शाखा कार्यालय, राजविराजमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय,
सिंहदरबारको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०६।२३

तपाईं मनासिब कारण भई बिदा स्वीकृत गराएकोमा बाहेक वैदेशिक अध्ययनमा पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर भएको नदेखिएको र बिदा स्वीकृत नगराई आफ्नो पदाधिकार रहेको कार्यालयमा मिति २०८१/०५/०७ देखि (लगातार नब्बे दिनभन्दा बढी समयसम्म) अनुपस्थित रहनुभएकोले निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (ज) र (छ) बमोजिमको कसुरमा सोही ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (१) बमोजिम सजाय गर्नु नपर्ने उचित आधार र कारण केही भए निजामती सेवा नियमावली, २०५० को नियम ११० को खण्ड (क) बमोजिम १५ (पन्ध्र) दिनभित्र सफाई पेश गर्नका लागि यस मन्त्रालय (सचिवस्तर) को मिति २०८३/०६/२१ को निर्णयानुसार निजामती सेवा ऐन, २०४९ को दफा ६६ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

क्र.सं.	कर्मचारीको नाम/थर, सङ्केत नं.	पद	सेवा/समूह/श्रेणी	पदाधिकार रहेको कार्यालय	कैफियत
१.	डा. सरोज खतिवडा (क.सं.नं. २३२६७१)	पशु विकास अधिकृत	नेपाल कृषि/ला.पो. एण्ड डे.डे./अधिकृतस्तर सातौँ	मनहरी गाउँपालिकाको कार्यालय, रजैया, मकवानपुर	नि.से.ऐन, २०४९ दफा ६२.(१)(ख) बमोजिम

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौँ।

लुम्बिनी प्रदेश, बाँके जिल्लाको राप्ती सोनारी गाउँपालिका वडा नम्बर ७ र नरैनापुर गाउँपालिका वडा नं. १, २, ३, ४, ५ र ६ प्रभावित हुने गरी श्री जलस्रोत तथा सिँचाइ विभाग, सिक्टा सिँचाइ आयोजना बाँकेद्वारा सिक्टा सिँचाइ (पूर्वी नहर प्रणाली) नहर (४४+८०० देखी चेनेज ५४+६८० सम्म) आयोजनाको मस्यौदा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) प्रतिवेदनमा राय सुझावका लागि आह्वान गरिएको सम्बन्धमा।

सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : वि.सं. २०८३।०६।२३ (नेपाल संवत् ११४६)

प्रस्तावक श्री जलस्रोत तथा सिँचाइ विभाग, सिक्टा सिँचाइ आयोजना बाँकेद्वारा सिक्टा सिँचाइ (पूर्वी नहर प्रणाली) आयोजनाको मस्यौदा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) प्रतिवेदन प्राप्त भएको छ।

प्रस्तावित आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन २०७४ सालमा स्वीकृत भएको र स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदनमा उल्लेख भएको चेनेज ४४+८०० देखि चेनेज ५४+६८० सम्मको अलाइनमेन्ट उत्तरतर्फ सार्न प्रस्ताव गरिएको छ।

आयोजनाको विशेषताहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

अवयव	स्वीकृत EIA, २०७४	पूरक वा.प्र.मू., २०८३
प्रस्तावको नाम	सिक्टा सिँचाइ (पूर्वी नहर प्रणाली) नहर	सिक्टा सिँचाइ (पूर्वी नहर प्रणाली) नहरको चेनेज ४४+८०० देखि चेनेज ५४+६८० सम्म
चेनेज	४३+६५० देखि चेनेज ५३+४००	४४+८०० देखि चेनेज ५४+६८० सम्म
लम्बाई	९.७५ कि.मि.	९.८८ कि.मि.
प्रस्तावित आयोजनाका लागि आवश्यक जग्गाको क्षेत्रफल	-	कुल–३२.७३ हेक्टर (निजी–४.०२ हेक्टर, वन क्षेत्र–२६.९४ हेक्टर तथा ऐलानी–१.७८ हेक्टर)
संरचनाको जानकारी		
S8 सहायक नहर	४,९५० मिटर	५,५०० मिटर
S9 सहायक नहर	२,६७५ मिटर	३,३०० मिटर
S10 सहायक नहर	१,६०० मिटर	२,६०० मिटर
S11 सहायक नहर	१,२०० मिटर	१,५०० मिटर
VRB	-	६
Box colvert (12 Meter)	-	११
Vertical lining on cannel	-	२,१४० मिटर
Causeway for drainage crossing	-	१२
Gross command area	१२ हजार हेक्टर	९,००० हेक्टर
Cultivated command area	९ हजार हेक्टर	४,८१० हेक्टर (४,१९० हेक्टरको निर्माण सम्पन्न भइसकेको)

अतः वातावरण संरक्षण नियमावली, २०७७ को नियम ११ को उपनियम (३) बमोजिम यस मस्यौदा प्रतिवेदनमा राय–सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन पढ्न वा उतार गरी लैजान पाउने व्यवस्था रहेकोले श्री सिक्टा सिँचाइ (पूर्वी नहर प्रणाली) नहर (४४+८०० देखि चेनेज ५४+६८० सम्म) आयोजना प्रस्तावको मस्यौदा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन देहाय बमोजिमका स्थानहरूमा सार्वजनिक गरिएको र वन तथा वातावरण मन्त्रालयको Website: **www.moafe.gov.np** र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको Website: **www.moewri.gov.np** मा समेत सार्वजनिक गरिएको छ। प्रतिवेदनका सम्बन्धमा राय सुझाव प्राप्त भएमा यस मन्त्रालयले मस्यौदा प्रतिवेदनमा समावेश गर्न लगाउनेछ। उक्त प्रतिवेदन सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय–सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिनभित्र आफ्नो राय सुझाव निम्न ठेगानामा पठाई दिनुहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ।

प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरू:–

- **श्री ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, सिंहदरबार, काठमाडौँ।**
- **श्री जलस्रोत तथा सिँचाइ विभाग, सिक्टा सिँचाइ आयोजना, बाँके।**
- **श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, बबरमहल, काठमाडौँ।**
- **श्री नेपाल राष्ट्रिय पुस्तकालय, हरिहर भवन, ललितपुर। मुकाम सानोठिमी, भक्तपुर।**
- **श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, कीर्तिपुर, काठमाडौँ।**
- **श्री पुस्तकालय, संसद सचिवालय, सिंहदरबार, काठमाडौँ।**
- **श्री आदिवासी तथा जनजाति महासङ्घ नेपाल, कुसुन्ती, ललितपुर।**
- **श्री जिल्ला समन्वय समितिको कार्यालय, नेपालगन्ज, बाँके।**
- **श्री राप्ती सोनारी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, अगैया, बाँके।**
- **श्री नरैनापुर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, नरैनापुर, बाँके।**

राय सुझाव पठाउने ठेगाना :

कृषि, वन तथा पर्यावरण मन्त्रालय, वातावरण प्रभाव अध्ययन शाखा,
सिंहदरबार, काठमाडौँ।
● फोन नं. ०१-४२११५६७, ४२११६३८ ● फ्याक्स नं. ०१-४२११८६८ ● Email: info@moafe.gov.np

MILLENNIUM CHALLENGE ACCOUNT NEPAL (MCA-NEPAL)

SPECIFIC PROCUREMENT NOTICE (SPN)

For
"Preparation of Electricity Distribution/Supply Code at Electricity Regulatory Commission (ERC), Nepal"
Ref : MCA-N/ETP/QCBS/023

(Date of Publication : 09 October 2026)

Millennium Challenge Account Nepal (MCA-Nepal) is a Government of Nepal (GoN) agency, formed under the Development Board Act, 2013 BS (1956 AD), to manage a USD 747 million infrastructure program. The program is co-funded by the U.S. Government's Millennium Challenge Corporation (MCC) Compact grant of USD 550 million and the GoN's contribution of USD 197 million. The program aims to increase the availability and reliability of electricity, maintain road quality and facilitate power trade between Nepal and the region to help spur investments and accelerate economic growth. The Electricity Transmission Project (ETP), a national pride project, and the Road Maintenance Project (RMP) are two projects under the program.

MCA-Nepal intends to procure a consulting assignment for the **"Preparation of Electricity Distribution/Supply Code at Electricity Regulatory Commission (ERC), Nepal"** to support the Electricity Transmission Project (ETP).

The procurement will be conducted as per the Quality and Cost-Based Selection (QCBS) method specified in the Accountable Entity Procurement Policy and Guidelines (PPG) available on **www.mcanp.org**, and it is open to all eligible offerors as defined in the PPG. Interested eligible offerors are also requested to visit https://mcanp.org/np/ProcurementNotice to download a detailed version of this SPN.

A complete set of Request for Offers (RFO) documents can be obtained by interested eligible offerors by completing the form in the link https://forms.cloud.microsoft/r/07gYa6SY5J or by scanning the QR code below. In case any difficulty is faced while accessing the RFO documents, please contact us at the email: MCANepalPA@dt-global.com, copy to manish.regmi@dt-global.com and procurement@mcanp.org with the subject "Request for RFO document Distribution Code".

QR for completing the form:

For more information:

Millennium Challenge Account Nepal (MCA-Nepal)
Lal Durbar Convention Centre, Yak & Yeti Complex, Durbar Marg, Kathmandu
+977-01-4540951 | info@mcanp.org | www.mcanp.org

Invitation for Bids

Rastriya Banijya Bank Ltd.

Contract Id. No.: RBBL/AMD/IW/TALCHOWK/01/083/84
Date of publication: 9th October 2026 (2083-06-23)

1. Rastriya Banijya Bank Ltd., has allocated its internal funds towards the cost of Interior work of Branch office Talchowk invites Bid from eligible bidders for the procurement of following construction work under National Competitive Bidding procedures.

Contract Identification No.	Description of work	Estimated Cost, without VAT NRs.	Work Completion Duration	Bid Security Amount (NRS)	Fee for Bidding Document (NRS)
RBBL/AMD/IW/TALCHOWK/01/083/84	Civil, Interior, furnishing, electric, HVAC etc	35,06,659.77	2 Months	1,00,000.00	3,000.00

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Rastriya Banijya Bank Ltd Central Office, Thapathali, Kathmandu, Nepal.
3. Pre-bid meeting shall be held at Rastriya Banijya Bank ltd, Central Office, Asset management Department, Thapathali at Time - 11:00 AM., Date- 15th October, 2026 (29th Ashoj, 2083).
4. Bidding document can be purchased from the Rastriya Banjya Bank Ltd, Central Office, Asset management Department, Thapathali **till 29th October 2026 (2083-07-12) Office hours**. Bidders must deposit 3,000.0 NRs (Non-refundable) for each tender as the cost of bidding document in the following Bank Account and present Original Deposit Slip along with tender document.
   Information to deposit the cost of bidding document:
   Bank and Branch Name: Rastriya Banijya bank Ltd, Thapathali Branch
   Account no.: 9505062601
   Account Title: Other Income
5. Bids must be valid for a period of 90 of days after bid opening and must be accompanied by a bid security document (A class Bank Guarantee Other than RBBL or Cash Deposit Slip) amount which shall be valid for 30 days beyond the validity period of the bid.
   Information to deposit Bid Security Amount (who chooses to deposit cash):
   Bank and Branch Name: Rastriya Banijya bank Ltd, Thapathali Branch
   Account no.: 1000100000004120
   Account Title: Earnest Money
6. Hard Copy must be submitted to the office Rastriya Banijya Bank Ltd.,Central Office, Asset Management Department, thapathali, Kathmandu, Nepal before 30th October, 2026 **(2083-07-13) 12:00 Noon.** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders representatives who choose to attend at 30th October, 2026 **(2083-07-13) 12:30 P.M.** at the office of Rastriya Banijya Bank Ltd. Central Office, Asset Management Department, Thapathali, Kathmandu, Nepal. Non Attendance of any/all of the bidders' representatives shall not hinder the opening of the bid.
8. If the last date of purchasing and /or submission of bid document falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Rastriya Banijya Bank Ltd.
Central Office
Asset Management Department
Phone No. 01-5721220

सिक्टा सिँचाइ आयोजना (पुर्बी नहर प्रणालीको) पुरक वातावरणीय प्रभाव मुल्यांकन (SEIA) को

परिमार्जित मस्यौदा प्रतिवेदन

स्वीकृत गर्ने निकाय

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

सिंहदरबार, काठमाडौँ, नेपाल

मार्फत

नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

सिंहदरबार, काठमाडौँ, नेपाल

प्रस्तावक

नेपाल सरकार

जलस्रोत तथा सिँचाइ बिभाग

सिक्टा सिँचाइ आयोजना

नेपालगंज, बाँके, नेपाल

फोन नं.: ०८१-५५०५७०, ०८१-५५०१९१

इमेल : siktaproject@gmail.com

भदौ, २०८३

कार्यकारी सारांश

१) प्रस्तावकको परिचय

प्रस्तावित आयोजनाको प्रस्तावक जलश्रोत तथा सिंचाई विभाग अन्तर्गत रहेको सिक्टा सिंचाई नेपालगंज, बाँके, नेपाल रहेको छ। यो आयोजना नेपालको लुम्बिनी प्रदेशको बाँके जिल्लाको राप्ति सोनारी गाउँपालिका वडा नं ७ र नरैनापुर गाउँपालिकाका वडा नं १, २, ३, ४, ५ र ६ वडाहरूमा पर्दछ।

२) आयोजना विवरण

प्रस्तावित सिक्टा सिँचाइ आयोजना लुम्बिनी प्रदेशको बाँके जिल्ला राप्ति सोनारी गाउँपालिका वडा नं ७ र नरैनापुर गाउँपालिकाका वडा नं १,२,३,४,५ र ६ वडाहरु हुँदै जानेछ। आयोजना क्षेत्र पूर्व-पश्चिम राजमार्गको दक्षिणतर्फ तथा राप्ती नदीको बायाँ किनार आसपास फैलिएको छ। साविकको प्रशासनिक विभाजनअनुसार आयोजना क्षेत्र बाँके जिल्लाका बैजापुर, बिनौना, फत्तेपुर, गंगापुर, मटेहिया, नरैनापुर, कालाफाँटा, लक्ष्मणपुर र कटकुइया गाविस क्षेत्रमा पर्दथ्यो। हाल यी क्षेत्रहरू मुख्य रूपमा नरैनापुर गाउँपालिका र राप्ती सोनारी गाउँपालिका भित्र पर्दछन्। आयोजना अन्तर्गत ५४.६८ कि.मि. लामो मुख्य नहर निर्माण तथा सो नहरबाट शाखा नहरहरूमा पानी प्रवाह गराई राजकुलो र फत्तेपुर सिँचाइ प्रणालीका कमान्ड क्षेत्रहरूमा सिँचाइ सुविधा विस्तार गर्ने लक्ष्य रहेको छ।

पुर्बी नहरको अन्तिम खण्ड ३६+१२५ देखि चेनेज ५४+६८० सम्म करिब १८.५५ किमी खण्ड पर्दछ। यस नहर राप्ति सोनारी गाउँपालिका वार्ड ७, नरैनापुर गाउँपालिका वार्ड ६, ५, ४, ३, २ हुदै १ सम्म पुग्दछ। यस खण्डका ३६+१२५ देखि ४६+६४० सम्म र ४७+११० देखि ५२+७०५ सम्म समुदायिक वनमा पर्दछ। सुरुको खण्ड (३६+१२५) पोखरामाता सामुदायिक वनमा पर्दछ भने त्यसपछि दुर्गामाता रामजानकी, गणपति गजी ५, सदाबहार, वारसिवावा, समिर, राहत, वावाबर्फानी सास्कृतिक वन, सबनम हरियाली, मा दुर्गा, राम जानकी २, रानी, शान्ति सामुदायिक वन हुदै कटकुइया सम्म पुग्दछ। हाल ३६+१२५ देखि ४४+८०० सम्म मूल नहर खन्ने काम सम्पन्न भई सकेको छ भने यसमा निर्माण हुने संरचना बाकि रहेका छन्। चेनेज ४४+८०० देखि नहर नरैनापुर गाउँपालिकाको धेरै खेतीयोग्य जमिन, बस्ति र धार्मिक तथा सास्कृतिक क्षेत्र हुदै जाने थियो। स्थानीयको माग अनुरुप नहर वन क्षेत्र हुदै लागिएको छ। बस्तीको भाग भन्दा जंगलको भाग उचो भएको हुनाले उक्त क्षेत्रमा औसत भन्दा बढी चौडाईको नहर बन्दछ। चेनेज ४४+९५० देखि ४५+२५० सम्म नहर **Trapezoidal** आकारको हुनेछ भने चेनेज ४५+२५० देखि चेनेज ४७+३६५ सम्म आयातकार आकारको

हुनेछ र चेनेज ४७+३६५ देखि चेनेज ५४+६८० सम्म **Trapezoidal** आकारको हुनेछ। माथिल्लो क्षेत्रमा औसत ४८ मि. (रोड र **BERM)** चौडाईको नहर बन्दछ भने तल्लो क्षेत्रमा औसत १८ मि चौडाईको नहर हुनेछ। यस नहरबाट **S5, S6, S7, S8, S9, S10, S11** गरि जम्मा सात वटा शाखा नहर संचालन हुनेछन। नहरको विभिन्न स्थानमा **BOX CULVERT** रहनेछ भने नहरको दाइने भागमा अर्थात् नहरको दक्षिण पट्टि १७ कि. मि. लामो ४ मि. चौडाईको ग्राभेलयुक्त सडक हुनेछ। यस मूल नहर निर्माण पश्चात नरैनापुर क्षेत्रको जम्मा ४८१० हेक्टर जमिनमा सिंचाई सुबिधा मिल्नेछ।

३) आयोजनाको सान्दर्भिकता

प्रस्तावित आयोजना हाल सिक्टा ब्यारेजको बायाँतर्फ करिब ५४.६८ कि.मि. लामो मुख्य नहर विकास गर्ने तथा विद्यमान सिँचाइ प्रणालीहरू जस्तै राज कुलो र फत्तेपुर प्रणालीलाई एकीकृत गरी आयोजना सीमाना नजिकका थप कमाण्ड क्षेत्र विस्तार गर्ने लक्ष्य लिएको छ। यस सिँचाइ प्रणालीको विकासपछि यसको कमाण्ड क्षेत्रले रापती नदीको बायाँ किनारतर्फ रहेका ९,००० हेक्टर कृषि जमिन समेट्नेछ। उक्त क्षेत्रहरूमा साविकका बैजापुर, बिनौना र फत्तेपुर गा.वि.स. पर्दछन्, जुन हाल रापतीसोनारी गाउँपालिकामा पर्दछन्। साथै गंगापुर, मटेहिया, नरैनापुर, कालाफाँटा, लक्ष्मणपुर र कट्कुइया क्षेत्रहरू हाल नरैनापुर गाउँपालिका अन्तर्गत पर्दछन्।

यस सिँचाइ सुविधाले दीर्घकालीन रूपमा कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सहयोग पुऱ्याउनेछ। साथै आयोजना निर्माणको क्रममा तथा निर्माण सम्पन्न भएपछि रोजगारीका अवसर सिर्जना हुने, आयोजनाका सामाजिक उत्तरदायित्व सम्बन्धी गतिविधिहरूमार्फत स्थानीय जनताको शिक्षा तथा स्वास्थ्य अवस्थामा सुधार हुने र समग्रमा स्थानीय समुदायको आर्थिक अवस्था उकास्न सहयोग पुग्ने भएकोले प्रस्तावित सिक्टा सिंचाई आयोजना कार्यान्वयन गर्नु सान्दर्भिक रहेको छ ।

४) कानूनी औचित्यता

वातावरण संरक्षण ऐन, २०७६ को परिच्छेद-२ को दफा ११ मा स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भएको कुनै आयोजनाको भौतिक पूर्वाधार, डिजाइन, स्वरूप, क्षमता वा कार्यान्वयन पद्धतिमा परिवर्तन गर्नुपर्ने अवस्था आएमा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गरिएको छ। सो दफा अनुसार स्वीकृत आयोजनामा प्रस्तावित परिवर्तनका कारण वातावरणमा थप प्रतिकूल प्रभाव पर्ने वा नपर्ने, त्यस्ता प्रभावहरू निराकरण वा न्यूनीकरण गर्न सकिने वा नसकिने विषयमा यकिन गर्न प्रस्तावकले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्नुपर्दछ।

सिक्टा सिँचाइ आयोजना अन्तर्गत पूर्वी नहर प्रणालीको अन्तिम खण्डमा ४४+१०० देखिका मूल नहर कृषि योग्य जमिन र धार्मिक तथा सास्कृतिक क्षेत्र हुँदै जाने थियो भने स्थानीयको माग अनुरुप Canal Alignment परिवर्तन भई वन क्षेत्रबाट जाने भएकोले आयोजनाको स्वरूपमा केही परिवर्तन गर्नु परेको हुँदा सिक्टा सिँचाइ आयोजना अन्तर्गत पूर्वी नहर प्रणालीको अन्तिम खण्डमा प्रस्तावित कार्यसँग सम्बन्धित वातावरणीय पक्षहरूको अध्ययन गर्न आवश्यक देखिएकोले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको कानुनी आवश्यकता सिर्जना भएको हो। यस सम्बन्धमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमार्फत तत्कालिन वन तथा वातावरण मन्त्रालयमा सहमति माग गरिएकोमा तत्कालिन वन तथा वातावरण मन्त्रालय, वातावरण तथा जैविक विविधता महाशाखाबाट सचिवस्तरको मिति २०८२/०८/०५ को निर्णयानुसार वातावरण संरक्षण ऐन, २०७६ को दफा ११ तथा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ बमोजिम प्रचलित कानूनअनुसार पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्न सहमति प्रदान गरिएको छ। अतः प्रस्तुत **SEIA** अध्ययन स्वीकृत **EIA,** प्रचलित वातावरणीय कानून तथा मन्त्रालयबाट प्राप्त अध्ययन सहमतिको आधारमा तयार गरिएको छ।

५) वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्य

यस वातावरणीय प्रभाव मूल्याङ्कनको मुख्य उद्देश्य प्रस्तावित आयोजनाको कार्यान्वयनबाट आयोजना क्षेत्रको भौतिक, रासायनिक, जैविक, सामाजिक, आर्थिक, सांस्कृतिक रुपले वातावरणमा पर्न सक्ने सकारात्मक तथा नकारात्मक प्रभावहरुको अध्ययन गरी सकारात्मक प्रभावको बढोत्तरी तथा नकारात्मक प्रभावको न्यूनीकरण गर्ने उपायहरु पहिल्याई प्रस्ताव कार्यान्वयन गर्नु हो ।

६) अध्ययन विधि

सिक्टा सिँचाइ आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) अध्ययन स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन, प्रस्तावित आयोजनाको अद्यावधिक डिजाइन तथा संरचनागत विवरण, उपलब्ध प्राविधिक प्रतिवेदन, सम्बन्धित सरकारी निकायबाट प्राप्त तथ्याङ्क तथा स्थलगत अध्ययनका आधारमा सम्पन्न गरिएको हो। अध्ययनमा द्वितीयक सूचना समीक्षा, स्थलगत सर्वेक्षण, वातावरणीय नमुना तथा मापन, जैविक सर्वेक्षण, सामाजिक-आर्थिक सर्वेक्षण, सरोकारवाला परामर्श तथा सार्वजनिक सहभागिता विधि अपनाइएको छ।

६.१ द्वितीयक सूचना संकलन तथा दस्तावेज समीक्षा

अध्ययनको प्रारम्भिक चरणमा मिति २०७४/०८/१२ मा स्वीकृत सिक्टा सिँचाइ आयोजनाको EIA प्रतिवेदनलाई प्रमुख आधार दस्तावेजका रूपमा समीक्षा गरिएको छ। साथै, आयोजनाको अद्यावधिक DPR, नक्सा तथा डिजाइन, सम्बन्धित सरकारी निकायका प्रकाशन, जल तथा

मौसमसम्बन्धी तथ्याङ्क, वन तथा जैविक विविधतासम्बन्धी उपलब्ध अभिलेख, सामाजिक-आर्थिक तथ्याङ्क तथा सम्बन्धित ऐन, नियम, नीति, मापदण्ड र निर्देशिकाहरू अध्ययन गरिएको छ।

६.२ स्थलगत सर्वेक्षण

प्रस्तावित आयोजना क्षेत्र तथा सम्भावित प्रभाव क्षेत्रको स्थलगत सर्वेक्षण २०८३/०१/०९ देखि २०८३/०१/२० सम्म गरिएको थियो। स्थलगत अध्ययनमा प्रस्तावित नहर एलाइनमेन्ट, संरचना तथा अस्थायी सुविधाहरूको स्थान पहिचान गरी भौतिक, जैविक तथा सामाजिक वातावरणसम्बन्धी तथ्याङ्क संकलन गरिएको थियो।

स्थलगत सर्वेक्षणका क्रममा निम्न विषयहरू विशेष रूपमा अध्ययन गरिएको थियोः

- भू-बनोट, भू-उपयोग, माटो तथा भू-क्षय/पहिरो सम्भावित क्षेत्र;
- खोला, खोल्सी, नदी तथा जलनिकास प्रणाली;
- प्रस्तावित नहर तथा संरचनाबाट प्रभावित वन क्षेत्र;
- कटान हुने रुख/पोलको प्रजाति, संख्या तथा अवस्थिति;
- वनस्पति तथा वन्यजन्तुको अवस्था;
- जलचर तथा जलीय वातावरण;
- प्रभावित घरधुरी, बस्ती तथा भौतिक संरचना;
- स्थानीय सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्था;
- आयोजना निर्माणका लागि आवश्यक अस्थायी तथा स्थायी जग्गा।

६.३ भौतिक वातावरणको अध्ययन

भौतिक वातावरण अन्तर्गत वायु, ध्वनि, पानी तथा माटोको आधारभूत अवस्था अध्ययन गरिएको छ । वायु तथा ध्वनि स्तरको स्थलगत मापन गरी प्राप्त परिणामलाई सम्बन्धित राष्ट्रिय मापदण्डसँग तुलना गरिएको छ। पानीको नमुना संकलन गरी pH, TDS, EC, turbidity, TSS, BOD, COD, nitrate, ammonia, oil and grease लगायतका आवश्यक सूचकहरूको परीक्षण गरिएको छ। माटोको नमुना संकलन गरी pH, EC, organic carbon, nitrogen, phosphorus तथा potassium लगायतका गुणहरू परीक्षण गरिएको छ। Draft मा हाल यी आधारभूत परीक्षणका परिणामहरू समावेश छन्।

६.४ जैविक वातावरणको अध्ययन

जैविक वातावरण अध्ययनका लागि प्रस्तावित नहर एलाइनमेन्ट तथा प्रभावित वन क्षेत्रमा स्थलगत अवलोकन तथा प्रजाति पहिचान र गणना गरिएको छ। रुख तथा पोलको प्रजाति, संख्या, DBH तथा आवश्यक अन्य विवरण अभिलेख गरी कटान हुने वनस्पतिको अवस्था निर्धारण गरिएको छ। वन्यजन्तुका लागि प्रत्यक्ष अवलोकन, स्थानीय जानकारी तथा उपलब्ध secondary

information को प्रयोग गरी सम्भावित स्तनधारी, चराचुरुङ्गी, सरीसृप, उभयचर तथा जलचरको अवस्था पहिचान गरिएको छ।

विशेष संरक्षण महत्त्व भएका प्रजातिका लागि IUCN, CITES तथा नेपालको संरक्षण अवस्थासम्बन्धी उपलब्ध आधिकारिक अभिलेखसँग तुलना गरिएको छ।

६.५ सामाजिक तथा आर्थिक वातावरणको अध्ययन

प्रभावित क्षेत्रका घरधुरी तथा स्थानीय समुदायसँग प्रश्नावली, checklist तथा matrix को प्रयोग गरी सामाजिक-आर्थिक सूचना संकलन गरिएको थियो। साथै, स्थानीय सरोकारवालासँग प्रत्यक्ष परामर्श तथा समूह केन्द्रित छलफल गरी आयोजना कार्यान्वयनबाट रोजगारी, कृषि, जीविकोपार्जन, स्थानीय सेवा तथा पूर्वाधारमा पर्न सक्ने प्रभाव पहिचान गरिएको थियो।

६.६ GIS तथा नक्साङ्कन

प्रस्तावित आयोजना एलाइनमेन्ट, संरचना, वन क्षेत्र, भू-उपयोग, बस्ती तथा अन्य संवेदनशील क्षेत्रको स्थानिक सम्बन्ध पहिचान गर्न उपलब्ध GIS data तथा आयोजना नक्सा प्रयोग गरिएको छ। आवश्यक स्थानमा field GPS coordinates लाई आधार मानी आयोजना क्षेत्र तथा प्रभावित क्षेत्रको spatial verification गरिएको छ।

६.७ सरोकारवाला परामर्श तथा सार्वजनिक सहभागिता

स्थानीय सरोकारवालाबाट राय-सुझाव प्राप्त गर्न प्रत्यक्ष परामर्श, समूह केन्द्रित छलफल तथा सार्वजनिक सहभागिताका विधि अपनाइएको छ। सार्वजनिक सुनुवाइसम्बन्धी सूचना राष्ट्रिय दैनिक "बुटवल टुडे" तथा रेडियोमार्फत प्रकाशित/प्रसारित गरी २०८३/०१/३१ गते नरैनापुर गाउँपालिकाको सभाहलमा सार्वजनिक सुनुवाइ सम्पन्न गरिएको थियो। साथै, सम्बन्धित सरकारी निकाय, स्थानीय तह, संघसंस्था तथा सामुदायिक वनमा सूचना टाँस गरी लिखित राय-सुझाव संकलन गरिएको थियो।

६.८ प्रभाव पहिचान तथा मूल्याङ्कन

संकलित primary तथा secondary data को विश्लेषण गरी प्रस्तावित आयोजनाबाट भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्न सक्ने सकारात्मक तथा नकारात्मक प्रभाव पहिचान गरिएको छ। प्रभावको मूल्याङ्कन गर्दा प्रकृति (सकारात्मक/नकारात्मक), परिमाण, सीमा तथा अवधिलाई आधार बनाई प्रभावको महत्व निर्धारण गरिएको छ। त्यसपछि महत्वपूर्ण प्रतिकूल प्रभावका लागि परिहार, न्यूनीकरण, सुधारात्मक तथा क्षतिपूरक उपाय पहिचान गरी वातावरण व्यवस्थापन योजना (EMP) मा समावेश गरिएको छ। हालको primary/secondary information बाट प्रभाव पहिचान, आंकलन तथा मूल्याङ्कन गरी mitigation measures र EMP तयार गरिएको उल्लेख छ।

६.९ विकल्प तथा तुलनात्मक विश्लेषण

स्वीकृत EIA र हाल प्रस्तावित परिवर्तनबीच एलाइनमेन्ट, भू—उपयोग, वन क्षेत्र प्रयोग, संरचना, प्रभावित घरधुरी तथा वातावरणीय प्रभावका आधारमा तुलनात्मक विश्लेषण गरिएको छ। सम्भावित वातावरणीय प्रभाव न्यून हुने र प्राविधिक तथा सामाजिक रूपमा कार्यान्वयनयोग्य विकल्पलाई प्राथमिकता दिइएको छ।

६.१० वातावरणीय व्यवस्थापन योजना तयारी

अध्ययनबाट पहिचान भएका प्रभावका आधारमा न्यूनीकरण तथा व्यवस्थापन उपाय, वातावरणीय अनुगमन सूचक, अनुगमन स्थान, आवृत्ति, जिम्मेवार निकाय तथा अनुमानित लागत निर्धारण गरी वातावरणीय व्यवस्थापन तथा अनुगमन योजना तयार गरिएको छ।

७) विद्यमान वातावरणीय अवस्था

भौतिक वातावरण

प्रस्तावित आयोजना निर्माण तथा सञ्चालनका लागि अस्थायी र स्थायी दुवै प्रकारका संरचनाहरू आवश्यक पर्ने देखिन्छ। अस्थायी सुविधाअन्तर्गत श्रमिक शिविर, स्टोर, खानी/उत्खनन स्थल, माटो व्यवस्थापन क्षेत्र र क्रसर प्लान्ट समावेश छन्। श्रमिक शिविर र स्टोर नरैनापुर वडा नं. ४ स्थित प्रस्तावित नहर नजिकै रहेको निजि जग्गामा प्रस्ताव गरिएको छ, जसका लागि प्रत्येक संरचनामा २०० वर्ग मिटर सरकारी जग्गा आवश्यक पर्ने देखिन्छ। मुगुवा खोलालाई खानी/उत्खनन स्थलका रूपमा प्रस्ताव गरिएको छ, जहाँबाट निर्माण सामग्री संकलन गरिने सम्भावना छ। आयोजना क्षेत्रमा colluvium माटो पाइन्छ। यस क्षेत्रमा उष्ण जलवायु पाईन्छ ।

भगवानपुर स्टेशनको सन् २००० देखि २०२५ सम्मको मासिक औसत वर्षाको तथ्याङ्क अनुसार वर्षा मनसुन अवधिमा अत्यधिक केन्द्रित देखिन्छ। जनवरी, फेब्रुअरी, मार्च र अप्रिल महिनामा वर्षा कम रहेको छ, जहाँ औसत वर्षा क्रमशः करिब २१.३ मि.मि., १५.३ मि.मि., ९.३ मि.मि. र २१.९ मि.मि. मात्र देखिन्छ। सिक्टा स्टेशन, बाँके जिल्लाको सन् १९९९-२०२५ सम्मको दैनिक अधिकतम तापक्रमको मासिक औसत विश्लेषण गर्दा तापक्रममा स्पष्ट मौसमी परिवर्तन देखिन्छ। मासिक औसत अधिकतम तापक्रममध्ये सबैभन्दा न्यून तापक्रम जनवरीमा २०.५९°C रहेको छ भने सबैभन्दा उच्च तापक्रम मे महिनामा ३७.५८°C पुगेको देखिन्छ। फेब्रुअरीदेखि तापक्रम क्रमशः बढ्दै मार्चमा ३१.४५°C, अप्रिलमा ३७.०५°C र जुनमा ३६.७४°C रहँदा प्रि-मनसुन अवधिमा अत्यधिक गर्मी हुने देखिन्छ। क्रसर प्लान्ट नहर नजिकै रहेको नौसरा भन्ने स्थानको निजि जग्गामा प्रस्ताव गरिएको छ, जसका लागि ५००० वर्ग मिटर निजि जग्गा आवश्यक पर्नेछ। स्थायी संरचनाका रूपमा मुख्य नहर रास्ती सोनारी गाउँपालिका-७ तथा

नरैनापुर गाउँपालिका वडा नं. १ देखि ६ सम्म फैलिनेछ। यसका लागि १७,७९४.३९ वर्ग मिटर ऐलानी/निजी जग्गा ४०,१६८.४६ वर्ग मिटर निजि जग्गा र २,६९,३७३.९० वर्ग मिटर सामुदायिक वन क्षेत्र आवश्यक पर्ने देखिन्छ। समग्रमा, आयोजनाले विशेष गरी सामुदायिक वन, सार्वजनिक क्षेत्र र केही निजी/ऐलानी जग्गामा भू-उपयोग परिवर्तन ल्याउनेछ। सिक्टा सिंचाइ आयोजनाको प्रस्तावित क्षेत्रमा गरिएको वातावरणीय आधारभूत गुणस्तर परीक्षणअनुसार वायु, ध्वनि, पानी तथा माटोको अवस्था समग्रमा स्वीकार्य देखिन्छ। तीन स्थानमा मापन गरिएको वायु गुणस्तरमा $PM_{2.5}$ २८-३३ $\mu g/m^3$ र PM_{10} ८३-९० $\mu g/m^3$ रहेकोले राष्ट्रिय वायु गुणस्तर मापदण्ड, २०८२ भित्र रहेको छ। ध्वनि स्तर दिनमा ५३-५८ **dBA** र रातमा ३६-४३ **dBA** मापन भएकोमा एक स्थानमा दिनको ध्वनि स्तर ग्रामीण क्षेत्रको मापदण्डभन्दा केही बढी देखिए पनि अन्य स्थानहरू मापदण्डभित्र रहेका छन्। भूमिगत पानीमा **pH, TDS, EC,** कठोरता, नाइट्रेट, आर्सेनिक तथा सूक्ष्म जैविक सूचकहरू मापदण्डभित्र रहे पनि टर्बिडिटी ८-१२ **NTU** भई तोकिएको सीमा ५ **NTU** भन्दा बढी देखिन्छ। सतही/नहर पानीमा **PH, TSS, COD, BOD,** तेल तथा चिल्लो पदार्थ र अमोनिया नेपाल सरकारको फोहोर पानी निष्कासन मापदण्डभित्र रहेका छन्। माटोको pH ६.४-६.६, **EC** न्यून, जैविक कार्बन सन्तोषजनक र नाइट्रोजन तथा फस्फोरस मध्यमदेखि राम्रो अवस्थामा रहेको देखिए पनि उपलब्ध पोटासको मात्रा तुलनात्मक रूपमा कम रहेकोले पोटासयुक्त मल व्यवस्थापन आवश्यक देखिन्छ।

जैविक वातावरण

प्रस्ताव क्षेत्र मूल र शाखा गरि विभिन्न १३ सामुदायिक वन क्षेत्रमा निर्माण हुने तथा बाँके राष्ट्रिय निकुन्ज बाट नजिकै रहेको छ । जसमध्ये मूल नहर ९ वटा सामुदायिक वनमा पर्दछ भने शाखा नहर ६ वटा सामुदायिक वन हुदै जानेछ। अध्ययन क्षेत्रभित्र गरिएको वनस्पति सर्वेक्षणका क्रममा कुल १७ प्रजातिका संरक्षण महत्त्वका तथा संकटापन्न वनस्पतिहरू अभिलेख गरिएको छ। यीमध्ये *Rauvolfia serpentina* (सर्पगन्धा), *Dioscorea deltoidea* (गिट्टे तरुल), *Piper longum* (पिपला), *Asparagus racemosus* (कुरिलो), *Acorus calamus* (बोजो) लगायतका प्रजातिहरू नेपाल सरकारद्वारा प्राथमिकतामा राखिएका औषधीय तथा आर्थिक महत्त्वका वनस्पति हुन्। त्यसैगरी *Bombax ceiba* (सिमल), *Shorea robusta* (साल), *Bauhinia variegata* (कोइरालो) र *Acacia catechu* (खयर) जस्ता प्रजातिहरू IUCN को Near Threatened (NT) श्रेणीमा सूचीकृत रहेका छन्।

अध्ययन क्षेत्रमा स्तनधारी वन्यजन्तुहरूको विविधता उल्लेखनीय देखिन्छ। उपलब्ध तथ्यांकअनुसार यहाँ जम्मा २१ प्रजातिका स्तनधारी जीवहरू पाइने जानकारी प्राप्त भएको छ, जसमा दुम्सी, मृग, नीलगाई, चितल, सालक, स्याल, मलसाप्रो, न्याउरीमुसो, लोखर्के, चमेरो, चितुवा, लंगुर,

बाँदर, फ्याउरो, जंगल बिरालो र चौसिंगा लगायतका प्रजातिहरू समावेश छन्। विशेष गरी सालक, चितुवा, चितल, नीलगाई तथा चौसिंगा जस्ता प्रजातिहरूको संरक्षणका लागि निर्माण तथा सञ्चालन चरणमा वासस्थान संरक्षण, अवैध शिकार नियन्त्रण र वन्यजन्तु आवागमनमा अवरोध नहुने व्यवस्था आवश्यक देखिन्छ।

अध्ययन क्षेत्रमा चराचुरुङ्गीको विविधता पनि उल्लेखनीय देखिन्छ। धेरै प्रजातिका चरा पाइने जानकारी प्राप्त भएको छ, जसमा बेसारे शिकारी चरा, बकुल्ला, पोखरी बकुल्ला, वन भँगेरा, लुइँचे, बट्टाई, भद्रायू, गञ्जेरा, चिबे, चुइयाँ, चिल र माली चरा लगायतका प्रजातिहरू समावेश छन्। आयोजना निर्माण तथा सञ्चालनका क्रममा चराको वासस्थान, गुँड बनाउने स्थान र आहार क्षेत्रलाई असर नपर्ने गरी सावधानी अपनाउनु आवश्यक देखिन्छ। त्यसैगरि यस क्षेत्रमा पाईने सरीसृपहरुको प्रजातिमा गोहोरो, भाले मुंग्रो, छेपारो, धामन सर्प, हरियो सर्प, सुन गोहोरो, सिरिसे सर्प र पानी सर्प लगायतका प्रजातिहरू समावेश छन्। आयोजना निर्माण तथा सञ्चालनका क्रममा सरीसृपको वासस्थानमा क्षति नपुग्ने, अनावश्यक मारपिट नगर्ने तथा कामदारहरूलाई सर्प तथा अन्य सरीसृपसँग सुरक्षित व्यवहार गर्ने विषयमा सचेतना दिनु आवश्यक देखिन्छ। (श्रोतः क्षेत्र सर्वेक्षण, २०८३)

सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण

राष्ट्रिय जनगणना २०७८ अनुसार बाँके जिल्लाको नरैनापुर गाउँपालिकामा कुल ८,४८८ घरधुरी रहेका छन्। गाउँपालिकाको कुल जनसंख्या ४३,२०६ रहेको छ, जसमध्ये २१,७३२ पुरुष र २१,४७४ महिला छन्। औसत घरपरिवार आकार ५.०९ व्यक्ति प्रति घरधुरी रहेको छ, जसले यहाँ तुलनात्मक रूपमा ठूला परिवार रहेको संकेत गर्दछ। समग्र लिङ्ग अनुपात १०१.२० रहेकोले प्रति १०० महिलामा करिब १०१ पुरुष छन्। वडा नं. ५ मा सबैभन्दा बढी घरधुरी र जनसंख्या रहेको छ, जसले कुल घरधुरीको २१.२७% र कुल जनसंख्याको २१.५०% हिस्सा ओगटेको छ। वडा नं. ३ मा औसत घरपरिवार आकार सबैभन्दा बढी ५.५४ रहेको छ। वडा नं. २ र ६ मा लिङ्ग अनुपात १०० भन्दा कम रहेकोले महिलाको संख्या पुरुषभन्दा बढी देखिन्छ। प्रभावित क्षेत्रमा कृषि नै प्रमुख पेशा रहेको छ । बालीगत रूपमा वर्षे धानको क्षेत्रफल ३,४०२ हेक्टर रहेको छ र ४.२ मे.टन प्रति हेक्टर उत्पादकत्वका आधारमा यसको अनुमानित उत्पादन १४,२८८.४ मे.टन हुन्छ। गहुँको क्षेत्रफल २,६४१ हेक्टर र उत्पादकत्व ३.४ मे.टन प्रति हेक्टर रहेकोले यसको उत्पादन ८,९७९.४ मे.टन अनुमान गरिएको छ। मकै बालीतर्फ हिउँदे मकै, बसन्ते मकै र वर्षे मकै गरी जम्मा करिब ५५ हेक्टर क्षेत्रफलमा खेती भएको देखिन्छ, जसबाट करिब २०८.२५ मे.टन उत्पादन हुने अनुमान छ। समग्र खाद्यान्न बालीको क्षेत्रफल ६,०९६ हेक्टर रहेकोमा औसत उत्पादकत्व ३.९८ मे.टन प्रति हेक्टरका

आधारमा कुल खाद्यान्न उत्पादन करिब २४,२६२.०८ मे.टन हुने देखिन्छ। यस तथ्यांकले नरैनापुर गाउँपालिकामा धान र गहुँ प्रमुख खाद्यान्न बालीका रूपमा रहेको तथा उत्पादन वृद्धिका लागि सिंचाइ विस्तार, बाली विविधीकरण र आधुनिक कृषि प्रविधिको प्रयोग आवश्यक रहेको देखाउँछ।

८) विकल्प विश्लेषण

सिक्टा सिँचाइ आयोजनाको वैकल्पिक विश्लेषण गर्दा आयोजना स्थल, डिजाइन, निर्माण विधि, निर्माण सामग्री तथा कृषियोग्य क्षेत्र प्रयोग गर्ने वा नगर्ने विकल्पलाई प्राविधिक, आर्थिक, सामाजिक र वातावरणीय दृष्टिले मूल्याङ्कन गरिएको छ। स्वीकृत EIA मा पूर्वी मूल नहरको अन्तिम खण्ड मुख्यतः कृषियोग्य तथा निजी जमिन हुँदै प्रस्ताव गरिएको भए तापनि विस्तृत सर्वेक्षण र स्थानीय परामर्शबाट कृषि जमिनको क्षति, जमिन खण्डीकरण र जीविकोपार्जनमा असर पर्ने देखिएपछि हालको एलाइनमेन्टलाई सम्भव भएसम्म वन क्षेत्रको किनारा तथा कम उत्पादनशील क्षेत्रमा सार्ने विकल्प उपयुक्त मानिएको छ। प्रस्तावित डिजाइनमा VRB, Box Culvert, Vertical Drop, Lining, Escape Channel, Drain Inlet, River Protection तथा Canal Service Road जस्ता संरचनाहरू समावेश गरी नहर सञ्चालन, ढल निकास, कटान नियन्त्रण र मर्मतसम्भार सहज हुने व्यवस्था गरिएको छ। निर्माणका लागि खुला कटान तथा Trapezoidal lined canal विधि लागत, उपलब्ध प्रविधि र दीर्घकालीन स्थायित्वका दृष्टिले उपयुक्त देखिएको छ भने ५४ महिनाको चरणबद्ध निर्माण अवधि वातावरणीय दबाब कम गर्न व्यवहारिक मानिएको छ। निर्माण सामग्रीतर्फ सिमेन्ट कंक्रिट लाइनिङ, स्टिल रिइन्फोर्समेन्ट, स्वीकृत स्थानीय स्रोतबाट बालुवा-ढुंगा तथा पुनःप्रयोगयोग्य स्टिल फर्मवर्कलाई प्राथमिकता दिइएको छ। कृषियोग्य जमिन पूर्ण रूपमा नछुने विकल्प सामाजिक रूपमा उपयुक्त भए पनि सबै स्थानमा प्राविधिक रूपमा सम्भव नभएकाले वन क्षेत्रलाई प्राथमिकता दिँदै प्राविधिक बाध्यता भएका सीमित स्थानमा मात्र न्यूनतम निजी/कृषियोग्य जमिन प्रयोग गर्ने प्रस्ताव गरिएको छ।

९) आयोजना निर्माणबाट पर्ने सकारात्मक प्रभावहरु

प्रस्तावित सिक्टा सिँचाइ आयोजनाबाट निर्माण तथा सञ्चालन दुवै चरणमा विभिन्न अनुकूल प्रभावहरू पर्ने देखिन्छ। निर्माण चरणमा दक्ष, अर्धदक्ष तथा अदक्ष जनशक्तिको परिचालनबाट स्थानीय रोजगारी सिर्जना हुने, स्थानीय उत्पादन तथा साना व्यवसायको माग बढ्ने, श्रमिकहरूको प्राविधिक सीप विकास हुने तथा प्रदूषण नियन्त्रण, फोहोर व्यवस्थापन, कार्यस्थल सरसफाइ, वन व्यवस्थापन र प्राकृतिक स्रोत संरक्षणसम्बन्धी सचेतना अभिवृद्धि हुने अपेक्षा गरिएको छ। सञ्चालन चरणमा नहरको नियमित सञ्चालन तथा मर्मतसम्भारबाट थप रोजगारी सिर्जना हुनुका साथै नहरले वन तथा सरकारी जग्गाको सीमा निर्धारणमा सहयोग गरी अतिक्रमण न्यूनीकरण

गर्नेछ। मुख्य, द्वितीयक तथा तृतीयक नहर सञ्जालको पुनःस्थापना र सुधारबाट सिंचाइ सुविधा विस्तार भई कृषि उत्पादकत्व, बाली विविधीकरण, बाली सघनता र कृषकको आम्दानीमा वृद्धि हुनेछ। जल उपभोक्ता संस्था गठनबाट सिंचाइ प्रणालीको सहभागितामूलक व्यवस्थापन र दिगोपन सुनिश्चित हुनेछ। साथै, वन क्षेत्र नजिकको नहरले प्राकृतिक अग्नि रेखाको रूपमा कार्य गरी वन डढेलो नियन्त्रण तथा आपतकालीन आगलागी व्यवस्थापनमा समेत सहयोग पुऱ्याउनेछ।

१०) आयोजना कार्यान्वयनवाट पर्न सक्ने नकारात्मक प्रभावहरु

१०.१) भौतिक वातावरण

भौतिक वातावरणमा प्रस्तावित नहर निर्माणका कारण भू-उपयोग परिवर्तन, माटो उत्खनन, भू-क्षय, सतही बहाव तथा निकास प्रणालीमा परिवर्तन, धुलो, ध्वनि, पानी तथा जमिन प्रदूषणजस्ता प्रतिकूल प्रभावहरू पर्न सक्ने देखिन्छ। मुख्य तथा शाखा नहर, निर्माण शिविर, सामग्री भण्डारण, क्रसर प्लान्ट र स्पोइल व्यवस्थापनका लागि स्थायी तथा अस्थायी रूपमा जमिन आवश्यक पर्ने भएकाले विद्यमान जमिनको प्रयोगमा परिवर्तन आउनेछ। ठूलो परिमाणमा माटो उत्खनन, ढुवानी र पुनःप्रयोग हुने भएकाले निर्माण अवधिमा माटो व्यवस्थापन, धुलो नियन्त्रण, निर्माणजन्य फोहोर व्यवस्थापन र प्राकृतिक निकास अवरुद्ध नहुने व्यवस्था अत्यन्त आवश्यक देखिन्छ। सञ्चालन चरणमा नहरबाट सतही बहाव, सिल्ट/सेडिमेन्ट जम्मा हुने, जलजमाव, भूमिगत पानीको सतह वृद्धि तथा नहर किनारामा कटान हुने सम्भावना रहन्छ।

१०.२) जैविक वातावरण

जैविक वातावरणमा आयोजना वन क्षेत्र हुँदै जाने भएकाले वन खण्डीकरण, वनस्पति आवरणको क्षति, वन्यजन्तुको वासस्थान ह्रास तथा आवागमनमा अवरोध पर्ने सम्भावना रहेको छ। निर्माणका क्रममा रुख, पोल, झाडी तथा अन्य वनस्पति हटाउनुपर्ने भएकाले वन स्रोत, जैविक विविधता र स्थानीय समुदायले उपयोग गर्दै आएका वन पैदावारमा प्रतिकूल प्रभाव पर्न सक्छ। साल, रोहिणी, टिक, कर्मा लगायतका प्रजातिहरू बढी प्रभावित हुने देखिन्छन् भने संरक्षण महत्वका केही वनस्पति प्रजातिहरूमा समेत असर पर्न सक्ने सम्भावना छ। निर्माण उपकरणको ध्वनि, कामदारको गतिविधि, वन डढेलोको जोखिम तथा नहर सञ्चालनपछि साना वन्यजन्तु, सरीसृप र उभयचरको आवागमन तथा डुबान जोखिमलाई पनि महत्वपूर्ण जैविक प्रभावका रूपमा लिन सकिन्छ।

१०.३) सामाजिक- आर्थिक तथा सांस्कृतिक वातावरण

सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणमा निजी जग्गा तथा सम्पत्तिको क्षति, कृषि उत्पादनमा कमी, स्थानीय आवागमनमा अवरोध, सार्वजनिक सेवा-सुविधामा दबाब, पेशागत स्वास्थ्य

तथा सुरक्षा जोखिम, लैङ्गिक असमानता तथा बालश्रम जोखिमजस्ता प्रभावहरू देखिन सक्छन्। आयोजनाबाट प्रभावित घरधुरीको जीविकोपार्जन, आयस्रोत, सामाजिक सुरक्षा अनुभूति र मनोवैज्ञानिक अवस्थामा असर पर्न सक्ने भएकाले उचित क्षतिपूर्ति, पुनर्स्थापना तथा जीविकोपार्जन सहायता आवश्यक हुनेछ। निर्माण चरणमा बाह्य कामदारको उपस्थितिले स्थानीय संस्कृति, परम्परा र सामाजिक संरचनामा प्रभाव पार्न सक्छ भने सञ्चालन चरणमा नहरले समुदाय तथा चौपायाको वारपार पहुँचमा अवरोध, दुर्घटना जोखिम, जलजमाव तथा पानीजन्य र वाहकजन्य रोगको सम्भावना बढाउन सक्छ।

११) नकारात्मक प्रभाव न्यूनीकरणका उपायहरु

यस आयोजनालाई वातावरण मैत्री बनाउनका लागि सकारात्मक प्रभावहरुलाई बढावा गर्ने तथा नकारात्मक प्रभावहरुलाई नियन्त्रण वा न्यूनीकरण गर्ने उपायहरु यस प्रतिवेदनमा उल्लेख गरिएको छ ।

११.१ भौतिक वातावरण

भौतिक वातावरणमा पर्ने नकारात्मक प्रभाव न्यूनीकरणका लागि आयोजना निर्माण कार्यलाई स्वीकृत कार्यक्षेत्रभित्र मात्र सीमित गरिनेछ। भू-उपयोग परिवर्तन कम गर्न स्थायी तथा अस्थायी रूपमा प्रयोग हुने जमिन न्यूनतम गरिने, निर्माण शिविर, स्टोर, क्रसर प्लान्ट, स्पोइल व्यवस्थापन तथा सामग्री भण्डारण स्थल तोकिएको स्थानभन्दा बाहिर विस्तार गर्न नदिने र निर्माण सम्पन्न भएपछि अस्थायी क्षेत्रहरू पुनःस्थापना गरिनेछ। उत्खनित माटोको सुरक्षित भण्डारण, पुनःप्रयोग, ढलान स्थिरीकरण, कम्प्याक्सन, घाँस रोपण र ड्रेनेज व्यवस्थापन गरिनेछ। धुलो नियन्त्रणका लागि पानी छर्किने, ढुवानी सामग्री त्रिपालले छोप्ने, सवारी गति नियन्त्रण गर्ने, तेल-इन्धन चुहावट रोक्ने, निर्माण फोहोर सुरक्षित व्यवस्थापन गर्ने तथा बढी आवाज हुने उपकरणहरू दिनको समयमा मात्र सञ्चालन गर्ने व्यवस्था गरिनेछ। साथै प्राकृतिक खोल्सा, नाला तथा सतही बहाव अवरुद्ध नहुने गरी अस्थायी निकास, कल्भर्ट, बाइपास नाली र नियमित सफाइको व्यवस्था गरिनेछ।

११.२ जैविक वातावरण

जैविक वातावरणमा पर्ने नकारात्मक प्रभाव न्यूनीकरणका लागि वन क्षेत्र, झाडी, घाँसे मैदान तथा वन्यजन्तुको सम्भावित आवागमन मार्गमा अनावश्यक हस्तक्षेप गरिने छैन। निर्माण सुरु गर्नुअघि कटान गर्नुपर्ने रुख, पोल तथा वनस्पतिको स्पष्ट मार्किङ, नम्बरिङ र अभिलेखीकरण गरिनेछ र स्वीकृत संख्याभन्दा बढी कटान गर्न दिइने छैन। सम्भव भएसम्म रेखाङ्कनमा सूक्ष्म सुधार गरी रुख कटान घटाइनेछ। कटान हुने वनस्पतिको क्षतिपूर्तिस्वरूप कानुनी व्यवस्था अनुसार देशी तथा स्थानीय प्रजातिको क्षतिपूरक वृक्षारोपण गरिनेछ र रोपिएका बिरुवाको संरक्षण, गोडमेल,

बारबन्दी, डढेलो नियन्त्रण तथा पुनःरोपण गरिनेछ। वन्यजन्तुको आवागमन सहज बनाउन आवश्यक स्थानमा कल्भर्ट, अन्डरपास, र्याम्प, सहज ढलान तथा सुरक्षित पारमार्ग राखिनेछ। कामदारलाई वन्यजन्तु नमार्ने, नलखेट्ने, चोरी-सिकारी नगर्ने, वन स्रोत अवैध रूपमा संकलन नगर्ने र वन डढेलो रोकथामसम्बन्धी अनिवार्य अभिमुखीकरण दिइनेछ।

११.३ सामाजिक- आर्थिक तथा सांस्कृतिक वातावरण

सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्ने नकारात्मक प्रभाव न्यूनीकरणका लागि प्रभावित घरधुरी, निजी जग्गा तथा सम्पत्तिको विस्तृत अभिलेख तयार गरी प्रचलित कानुन र स्वीकृत मापदण्डअनुसार समयमै उचित क्षतिपूर्ति तथा पुनर्स्थापना सहायता उपलब्ध गराइनेछ। सीमित जग्गामा निर्भर कृषक, महिला नेतृत्व भएका घरपरिवार, गरिब, दलित, मुस्लिम, आदिवासी/जनजाति तथा सीमान्तकृत समुदायलाई रोजगारीमा प्राथमिकता, सीप विकास तालिम, जीविकोपार्जन पुनःस्थापना र आयआर्जन कार्यक्रमसँग जोडिनेछ। निर्माणका क्रममा स्थानीय आवागमन अवरुद्ध नहोस् भन्नका लागि वैकल्पिक बाटो, अस्थायी पुल, संकेत बोर्ड, सुरक्षा बार र गुनासो सुनुवाइ संयन्त्र सञ्चालन गरिनेछ। पेशागत स्वास्थ्य तथा सुरक्षाका लागि PPE, प्राथमिक उपचार, टुलबक्स मिटिङ, चेतावनी संकेत, उपकरण मर्मत र आपतकालीन व्यवस्था लागू गरिनेछ। बालश्रम निषेध, समान कामका लागि समान पारिश्रमिक, लैङ्गिकमैत्री कार्यस्थल, स्थानीय संस्कृति तथा धार्मिक परम्पराप्रति सम्मान र समुदाय स्वास्थ्य-सुरक्षा सचेतना कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

१२) वातावरणीय व्यवस्थापन योजना तथा परीक्षण

यस प्रतिवेदनमा वातावरणीय व्यवस्थापन योजना अन्तर्गत आयोजनाबाट पर्ने सम्भावित प्रभावहरुको न्यूनीकरण विधि, अनुगमन विधि र कार्यतालिका प्रस्तावित गरिएको छ । अनुगमनका लागि आवश्यक भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणीय सूचकहरु पनि पहिचान गरिएका छन् । यसका साथै न्यूनीकरणको उपायहरु तथा अनुगमन कार्यको कार्यान्वयन गर्ने जिम्मेवार निकायहरुको पनि पहिचान गरिएको छ ।

वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ बमोजिम प्रस्ताव स्वीकृत भई आयोजना कार्यान्वयन तथा सेवा/वस्तु उत्पादन वा वितरण सुरु भएको तोकिएको अवधिभित्र वातावरणीय परीक्षण गरिनेछ। प्रस्तावित सिक्टा सिँचाइ आयोजनाको वातावरणीय परीक्षणमा परीक्षक पक्षका रूपमा वन तथा वातावरण मन्त्रालय/वातावरण विभाग र परीक्षित पक्षका रूपमा सिक्टा सिँचाइ आयोजना रहनेछ। परीक्षणका क्रममा वायु, पानी, ध्वनि, भू-उपयोग, जलस्रोत, वनजंगल, वनस्पति, कृषि, रोजगारी, बसाइँसराइ, स्वास्थ्य तथा सरसफाइ, लैङ्गिक सवाल र सामाजिक अवस्थासम्बन्धी सूचकहरूको स्थलगत सर्वेक्षण, अवलोकन, मापन, अन्तर्वार्ता, सामूहिक

छलफल तथा प्रयोगशाला प्रतिवेदनका आधारमा मूल्याङ्कन गरिनेछ। परीक्षण प्रतिवेदनमा कार्यकारी सारांश, परीक्षण प्रशासनिक विवरण, परीक्षण विधि, वातावरणीय अनुगमन, तथ्याङ्क, पूर्ण परीक्षण विवरण, सुधारात्मक कार्य तथा सुझाव समावेश गरिनेछ। परीक्षण टोलीमा वातावरण विज्ञ, सम्बन्धित प्राविधिक विज्ञ, सामाजिक-आर्थिक तथा सांस्कृतिक विज्ञ, कृषि बिज्ञ र आवश्यकताअनुसार अन्य विशेषज्ञहरू रहनेछन्।

१३) निष्कर्ष

प्रस्तावित सिक्टा सिँचाइ आयोजना बाँके जिल्लाको नरैनापुर गाउँपालिका क्षेत्रमा सिंचाइ सुविधा विस्तार गर्ने महत्वपूर्ण आयोजना हो। नयाँ एलाइनमेन्टअनुसार मूल नहर चेनेज ४४+८०० देखि ५४+६८० सम्म ९.८८ कि.मि. लम्बाइमा विस्तार हुने छ, जसबाट नरैनापुर क्षेत्रका कृषियोग्य जमिनमा नियमित सिंचाइ सुविधा उपलब्ध भई कृषि उत्पादन, उत्पादकत्व, स्थानीय रोजगारी र ग्रामीण अर्थतन्त्रमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ। यद्यपि, नयाँ एलाइनमेन्ट वन क्षेत्र, निजी जग्गा तथा ऐलानी/अन्य जमिन हुँदै जाने भएकाले सामुदायिक वन क्षेत्रको क्षति, वनस्पति कटान, जग्गा अधिग्रहण, मुआब्जा, निर्माण चरणमा धुलो, ध्वनि, माटो कटान, श्रमिक व्यवस्थापन तथा स्थानीय आवागमनमा अस्थायी अवरोधजस्ता प्रभावहरू देखिन सक्नेछन्। यी प्रभाव न्यूनीकरणका लागि आवश्यक स्वीकृति, क्षतिपूरक वृक्षरोपण, मुआब्जा तथा क्षतिपूर्ति, पुनःसर्भेक्षण, स्थानीय सरोकारवालासँग समन्वय, धुलो तथा ध्वनि नियन्त्रण, सुरक्षित निर्माण व्यवस्थापन र नियमित वातावरणीय अनुगमन गरिनेछ। प्रस्तावित न्यूनीकरण उपायहरू र वातावरणीय व्यवस्थापन योजना प्रभावकारी रूपमा कार्यान्वयन भएमा आयोजना वातावरणीय तथा सामाजिक दृष्टिले कार्यान्वयन योग्य देखिन्छ।

बिषयसुची

कार्यकारी सारांश ..... क

बिषयसुची ..... ढ

तालिका सुची ..... ध

चित्र सुची ..... प

अध्याय १ प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना १

१.१ प्रस्तावकको नाम र ठेगाना १

१.२ परामर्शदाताको नाम र ठेगाना १

१.३ पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको कानुनी औचित्य २

१.४ पूरक वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्य ३

१.५ अध्ययनको सीमा ४

अध्याय २ प्रस्तावको परिचय ७

२.१ आयोजनाको पृष्टभूमि ७

२.२ अवस्थिति र पहुँच ७

२.२.१ आयोजना स्थल ७

२.२.२ आयोजनाको पहुँच ८

२.३ प्रस्तावको विवरण ९

२.३.२ आयोजनाको अवयवहरु १४

२.३.२.१ मुख्य नहर १४

२.३.२.४ सुपर पासेज १८

२.३.२.५ स्केप च्यानल १९

२.३.२.६ भर्टिकल ड्रप २०

२.३ नौमुरे बहुउदेश्यीय आयोजनाको प्रभाब २४

२.४ आयोजनाको आवश्यकता २५

२.४.१ आयोजनाका लागि आवश्यक जग्गा २५

२.४.२ आवश्यक जनशक्ति ३३
२.४.३ निर्माण ऊर्जा ३४
२.४.४ निर्माण सामग्रीहरू ३५
२.५ आयोजनाको सहायक सुविधाहरू ३६
२.५.१ निर्माण शिविरहरू तथा भण्डारण क्षेत्र ३६
२.५.२ क्रसर साइट ३७
२.५.३ उत्खनन क्षेत्र ३८
२.५.४ मक डिस्पोजल क्षेत्र ३९
२.६ निर्माण तालिका ४०
२.७ आयोजना प्रभाव क्षेत्रको चित्रण ४१
२.७.१ प्रत्यक्ष प्रभाव क्षेत्र ४१
२.७.२ अप्रत्यक्ष प्रभाव क्षेत्र ४२
अध्याय ३ प्रतिवेदन तयार गर्दा अपनाइएको विधि ४५
३.१ साहित्यिक पुनरावलोकन ४५
3.2 वातावरणीय अनुगमन ५१
३.३ नमुना संकलन तथा परिक्षण विधि ५३
३.३.१ परिवेशीय वायु परिक्षण विधि ५३
३.३.२ ध्वनि स्तर परिक्षण विधि ५३
३.३.५ नमुना संकलन स्थल ५६
३.४ प्रभावको पहिचान, आँकलन तथा उल्लेखनीय प्रभावको मूल्याङ्कन गर्दा अपनाइएको विधि ५७
३.५ प्रभाव क्षेत्र निर्धारण ५८
३.६ सार्वजनिक सुनुवाई तथा अन्तरक्रिया ५९
३.६ सार्वजनिक सूचना ६३
३.८ सिफारिस पत्र संकलन ६४
३.९ आयोजना प्रभावित क्षेत्रमा प्रत्यक्ष घरधुरी सर्वेक्षण ६५

३.१० प्रतिवेदन तयारी..... ६७
अध्याय ४ प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति ऐन, नियम, निर्देशिका, मापदण्ड, सन्धि, सम्झौता..... ६९
४..१ नेपालको संबिधान..... ६९
४.२ योजना, नीतिहरू तथा रणनीति..... ६९
४.३ ऐन तथा नियमावली..... ७६
४.४ निर्देशिका, कार्यविधि..... ८७
४.५ राष्ट्रिय वातावरणीय मापदण्ड..... ९०
४.६ अन्तर्राष्ट्रिय सन्धि/सम्झौता..... ९१
अध्याय ५ विद्यमान वातावरणीय अवस्था..... ९४
५.१ भौतिक वातावरण..... ९४
५.१.१ प्रस्तावको मौजुदा भू-उपयोग..... ९४
५.१.२ जलवायु..... ९५
५.१.३ हाइड्रोलोजी तथा मेट्रोलोजी..... ९९
५.१.३.१ राप्ती नदीमा पानीको उपलब्धता..... १००
५.१.३.२ पुर्बी नहरमा पानीको उपलब्धता..... १०१
५.१.३.३ पानीको आवश्यकता..... १०२
५.१.३.४ तापक्रम तथा सापेक्षिक आद्रता..... १०२
५.१.७ माटोको प्रकार..... १०८
५.१.८ मौजुदा अवस्थाको प्रयोगशाला परिक्षण..... १०९
५.२ जैविक वातावरण..... ११४
५.२.२ प्रस्ताव क्षेत्र वर पर पाइने जडीबुटी..... १२०
५.२.३ संरक्षण महत्त्वका तथा संकटापन्न वनस्पतिहरू..... १२६
५.२.४ वन व्यवस्थापन..... १२७
५.२.५ बन्यजन्तुको विवरण..... १२८
५.३ सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण..... १३१

५.३.१ घरधुरी संख्या, लिङ्ग अनुसार जनसंख्या, औसत घरपरिवार आकार र लिङ्ग अनुपात १३१
प्रस्तावित आयोजनाको निर्माण तथा सञ्चालन कार्य प्रभावकारी रूपमा सम्पन्न गर्न विभिन्न तहका प्राविधिक, प्रशासनिक तथा श्रमिक जनशक्तिको आवश्यकता पर्दछ। निर्माण चरणमा आयोजनाको व्यवस्थापन, सुपरिवेक्षण तथा प्राविधिक कार्यका लागि १ जना प्रबन्ध निर्देशक (Managing Director), १ जना परियोजना प्रबन्धक (Project Manager), ३ जना रेसिडेन्ट इन्जिनियर तथा ५ जना सब-इन्जिनियर गरी कुल १० जना दक्ष प्राविधिक जनशक्ति परिचालन गरिनेछ। यी जनशक्तिहरू ३६ महिनासम्म कार्यरत रहने हुँदा कुल ३६० Man-Month दक्ष जनशक्ति आवश्यक पर्ने देखिन्छ। यसका अतिरिक्त निर्माण कार्यमा २५ जना अर्धदक्ष (Semi-skilled) तथा ५० जना अदक्ष (Unskilled) श्रमिकहरू करिब २५ महिनासम्म संलग्न रहने अनुमान गरिएको छ, जसबाट क्रमशः ६२५ Man-Month र १,२५० Man-Month श्रम योगदान प्राप्त हुनेछ।

त्यसैगरी सञ्चालन चरणमा आयोजनाको नियमित सञ्चालन, मर्मतसम्भार तथा व्यवस्थापनका लागि १ जना प्रबन्ध निर्देशक, १ जना परियोजना प्रबन्धक, १ जना रेसिडेन्ट इन्जिनियर, १ जना कृषि बिज्ञ तथा २ जना सब-इन्जिनियर गरी ६ जना दक्ष जनशक्ति आवश्यक पर्नेछ। यी जनशक्तिहरू १२ महिनासम्म कार्यरत रहने हुँदा कुल ७२ Man-Month दक्ष जनशक्ति आवश्यक पर्नेछ। साथै सञ्चालन चरणमा १० जना अर्धदक्ष तथा २० जना अदक्ष श्रमिकहरू १२ महिनासम्म कार्यरत रहने अनुमान गरिएको छ, जसबाट क्रमशः १२० Man-Month र २४० Man-Month श्रम योगदान प्राप्त हुनेछ। यसरी आयोजना निर्माण तथा सञ्चालनका क्रममा स्थानीय स्तरमा समेत रोजगारीका अवसर सिर्जना भई स्थानीय आर्थिक गतिविधिमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ।

तालिका १४ जनशक्तिको विवरण

चरण	जनशक्ति प्रकार	पद/विवरण	संख्या (Man)	अवधि (Month)	Man-Month
निर्माण चरण	दक्ष जनशक्ति	Managing Director	1	36	36
	दक्ष जनशक्ति	Project Manager	1	36	36
	दक्ष जनशक्ति	Resident Engineer	3	36	108
	दक्ष जनशक्ति	Sub-Engineer	5	36	180
	अर्धदक्ष जनशक्ति	Semi-skilled	25	25	625
	जनशक्ति	Unskilled	50	25	1250
सञ्चालन चरण	दक्ष जनशक्ति	Managing Director	1	12	12

	दक्ष जनशक्ति	Project Manager	1	12	12
	दक्ष जनशक्ति	Resident Engineer	1	12	12
	दक्ष जनशक्ति	Agriculture Expert	1	12	12
	दक्ष जनशक्ति	Sub-Engineer	2	12	24
	अर्धदक्ष जनशक्ति	Semi-skilled	10	12	120
	जनशक्ति	Unskilled	20	12	240

(स्रोतः विस्तृत परियोजना प्रतिवेदन, २०२३)

२.४.३ निर्माण ऊर्जा

तालिका १५ आवश्यक डिजेलको परिमाण

क्र.सं.	उपकरण/कार्य	अनुमानित डिजेल
१	Crusher Plant	26,064 लि.
२	Concrete Mixer/Batching Plant	45,604 लि.
३	Excavator/Backhoe	35,000 लि.
४	Loader	18,000 लि.
५	Tipper/Truck	45,000 लि.
६	Tractor/Water Tanker	12,000 लि.
७	Vibrator/Generator/Pump	10,000 लि.
८	Asphalt Plant/road access works	15,000 लि.
९	Miscellaneous site vehicles	8,000 लि.
	कुल अनुमानित डिजेल	**214,668 लि.**
(स्रोतः विस्तृत परियोजना प्रतिवेदन,२०२३)		

तालिका १६ निर्माण ऊर्जा तथा कार्बन उत्सर्जन

सि.नं.	ईन्धनको किसिम	प्रयोग हुने मात्रा	कार्बन उत्सर्जन प्रति लिटर (के.जी.)	अनुमानित CO२ उत्सर्जन (के.जी.)	अनुमानित कार्बन उत्सर्जन (के.जी.)=CO2 उत्सर्जन *(१२/44)	अनुमानित कार्बन उत्सर्जन (मे.ट.)
१	डिजेल	२१४६६८.	२.६९	५७७४५६.९	१५७४८८.२५	१५७.४८
२	पेट्रोल		२.३	0	0	0
३	मट्टीतेल		१९.८६	0	0	0
४	खाना पकाउने ग्यास		१.५	0	0	0
नोटः १ सिलिन्डर खाना पकाउने ग्यास=१४.२ के.जी. खान पकाउने ग्यास						

वन क्षेत्र प्रयोगबाट हुने कार्बन उत्सर्जन तथा कार्बन सञ्चिति ह्रास

प्रस्तावित नहरको परिवर्तित एलाइनमेन्टका कारण सामुदायिक वन क्षेत्रमा भू-उपयोग परिवर्तन हुने अवस्था रहेको छ। प्रतिवेदनअनुसार आयोजनाका लागि **३१.१४ हेक्टर वन क्षेत्र प्रयोग** हुने तथा **४,६४५ वटा रुख/पोल कटान** हुने अनुमान गरिएको छ। वन क्षेत्र तथा रुख कटानका कारण वनस्पतिमा सञ्चित कार्बनको केही हिस्सा हट्ने तथा कटानपछि जैविक पदार्थको विघटनबाट समेत क्रमशः CO_2 उत्सर्जन हुन सक्ने भएकाले यसलाई आयोजनाको कार्बन प्रभावको अर्को स्रोतका रूपमा लिइएको छ।

वन क्षेत्रबाट हुने कार्बन प्रभाव निर्धारण गर्दा कटान हुने रुखहरूको प्रजाति, DBH, उचाइ तथा संख्या र वन क्षेत्रफलका आधारमा भूमिगत तथा माथिल्लो जैविक भार (biomass) मा सञ्चित कार्बन अनुमान गरिनेछ। यसबाट प्राप्त कार्बन सञ्चिति ह्रासलाई वन क्षेत्र प्रयोगबाट हुने कार्बन प्रभावका रूपमा अभिलेखीकरण गरिनेछ। यद्यपि, निर्माणजन्य इन्धन उत्सर्जन र वन क्षेत्रको कार्बन सञ्चिति ह्रासलाई एउटै शीर्षकमा दोहोरो गणना नगरी छुट्टाछुट्टै प्रस्तुत गरिनेछ।
वन क्षेत्रको कार्बन प्रभाव न्यूनीकरणका लागि स्वीकृत कार्यक्षेत्रभन्दा बाहिर वन क्षेत्र प्रयोग नगर्ने, सम्भव भएसम्म रुख कटान न्यून गर्ने, कटान गर्नुपर्ने रुखको स्पष्ट मार्किङ तथा अभिलेखीकरण गर्ने र प्रचलित वन ऐन २०७६ दफा ४२ उपदफा ६ बमोजिम क्षतिपूरक वृक्षारोपण तथा वन पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ। प्रतिवेदनमा प्रस्तावित ४,६४५ वटा रुख/पोल कटानको क्षतिपूर्तिस्वरूप १:१० अनुपातमा ४६४५० वटा बिरुवा रोप्ने व्यवस्था उल्लेख गरिएको छ।

यसरी निर्माण ऊर्जाबाट हुने प्रत्यक्ष उत्सर्जन तथा वन क्षेत्र प्रयोगका कारण हुने कार्बन सञ्चिति ह्रासलाई छुट्टाछुट्टै अभिलेख तथा मूल्याङ्कन गरी वातावरणीय व्यवस्थापन योजनामा कार्बन उत्सर्जन न्यूनीकरण तथा वन पुनर्स्थापनाका उपायहरू समावेश गरिनेछ। राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ ले समेत न्यून कार्बन उत्सर्जन विकास तथा हरित अर्थतन्त्र प्रवर्द्धनलाई जोड दिएको छ।

२.४.४ निर्माण सामग्रीहरू

प्रस्तावित सिक्टा सिँचाइ आयोजनाको निर्माण कार्यका लागि विभिन्न प्रकारका निर्माण सामग्रीहरूको आवश्यकता पर्नेछ। आयोजनाको मुख्य संरचनाहरू, नहर प्रणाली, नियमन संरचना तथा सहायक पूर्वाधार निर्माणका लागि करिब ३२२,०५२ बोरा सिमेन्ट, ३१,८७१.४६ घनमिटर M20 ग्रेड कंक्रिट तथा ६,१३१.८१ घनमिटर M10 ग्रेड कंक्रिट आवश्यक पर्ने अनुमान गरिएको छ। त्यस्तै निर्माण कार्यका लागि करिब १८,६७९ घनमिटर बालुवा र १७,३७६ घनमिटर ढुंगा प्रयोग गरिनेछ।

आयोजनाका विभिन्न संरचनाहरूको मजबुतीकरणका लागि करिब ३,३२७.२९ मेट्रिक टन Reinforcement Bars (स्टिल रड) आवश्यक पर्नेछ भने ढलान तथा संरचना निर्माणका क्रममा १,२५,६१०.६२ वर्गमिटर फर्मवर्क सामग्री प्रयोग गरिनेछ। साथै नहर तथा संरचनाहरूमा विस्तार जोइन्ट व्यवस्थापनका लागि ९,८८८.२५ रनिङ मिटर रबर सिल एक्स्पान्सन जोइन्ट प्रयोग गरिनेछ। विभिन्न हेड रेगुलेटर तथा क्रस रेगुलेटर निर्माणमा करिब १७,९५४.९९ के.जी. फलाम प्रयोग गरिनेछ। निर्माण उपकरण तथा सवारी साधन सञ्चालनका लागि आवश्यक डिजेल, मोबिल तथा ग्रीजको परिमाण निर्माण अवधिभरको कार्यगत आवश्यकताअनुसार निर्धारण गरिनेछ। यी सामग्रीहरू स्थानीय तथा राष्ट्रिय बजारबाट उपलब्ध गराइने व्यवस्था गरिनेछ।

तालिका १७ आवश्यक निर्माण सामाग्री

क्र.सं.	निर्माण सामग्री	इकाई	आवश्यक परिमाण
१	सिमेन्ट	बोरा	322,052
२	M20 ग्रेड कंक्रिट	घन मिटर (m³)	31,871.46
३	M10 ग्रेड कंक्रिट	घन मिटर (m³)	6,131.81
४	बालुवा	घन मिटर (m³)	18,679
५	ढुंगा	घन मिटर (m³)	17,376
६	Reinforcement Bars (स्टिल रड)	मेट्रिक टन (MT)	3,327.29
७	फर्मवर्क सामग्री	वर्ग मिटर (m²)	125610.62
८	रबर सिल एक्स्पान्सन जोइन्ट (23 से.मी. चौडाइ)	रनिङ मिटर (rm)	9,888.25
९	डिजेल	लिटर	आवश्यकतानुसार
१०	मोबिल तथा ग्रीज	लिटर	आवश्यकतानुसार
११	विभिन्न हेड रेगुलेटर तथा क्रस रेगुलेटरमा प्रयोग हुने फलाम	के.जी.	17,954.99

(स्रोतः विस्तृत परियोजना प्रतिवेदन, २०२३)

२.५ आयोजनाको सहायक सुविधाहरू

२.५.१ निर्माण शिविरहरू तथा भण्डारण क्षेत्र

निर्माण चरणमा कामदारहरूको बसोबास, दैनिक आवश्यक सामग्री राख्ने व्यवस्था तथा निर्माण सामग्रीको सुरक्षित भण्डारणका लागि श्रमिक शिविर र स्टोर/भण्डारण स्थल प्रस्ताव गरिएको छ। उक्त सुविधा नरैनापुर गाउँपालिका वडा नं. ४ प्रस्तावित नहर नजिकैको निजि जमिन प्रस्ताव गरिएको छ। श्रमिक शिविरका लागि २०० वर्ग मिटर र स्टोर/भण्डारण स्थलका लागि २०० वर्ग मिटर गरी जम्मा ४०० वर्ग मिटर निजि जमिन आवश्यक पर्ने देखिन्छ। यी संरचनाहरू

अस्थायी प्रकृतिका भएकाले निर्माण कार्य सम्पन्न भएपछि हटाई क्षेत्रलाई सरसफाइ तथा पुनर्स्थापना गरिनेछ।

तालिका १८: आवश्यक जनशक्तिको विवरण

क्र.सं.	सुविधाको नाम	वर्ग	प्रस्तावित स्थान	निर्देशाङ्क	आवश्यक निजि जग्गा (वर्ग मि.)	जम्मा क्षेत्रफल (वर्ग मि.)
१	श्रमिक शिविर	अस्थायी सुविधा	नरैनापुर गाउँपालिका वडा नं. ४ प्रस्तावित नहर नजिकैको निजि जमिन (नौसरा)	27°55'13.98"N, 81°51'34.02" E	२००	२००
२	स्टोर/भण्डारण स्थल	अस्थायी सुविधा	नरैनापुर गाउँपालिका वडा नं. ४ प्रस्तावित नहर नजिकैको निजि जमिन (नौसरा)	27°55'13.98"N, 81°51'34.02" E	२००	२००
जम्मा					४००	४००

(स्रोतः विस्तृत परियोजना प्रतिवेदन,२०२३)

२.५.२ क्रसर साइट

निर्माण कार्यका लागि आवश्यक ढुंगा, गिट्टी तथा अन्य निर्माण सामग्री प्रशोधन गर्न क्रसर प्लान्ट प्रस्ताव गरिएको छ। क्रसर प्लान्ट निजि जमिनको क्षेत्रमा ५००० वर्ग मिटर क्षेत्रफलमा अस्थायी रूपमा सञ्चालन गरिनेछ। क्रसर सञ्चालन गर्दा धुलो, आवाज, कम्पन तथा यातायातजन्य असर हुन सक्ने भएकाले पानी छर्कने, धुलो नियन्त्रण, उपकरणको नियमित मर्मत, सुरक्षात्मक घेराबार तथा PPE प्रयोग जस्ता उपाय अपनाइनेछ। निर्माण कार्य सम्पन्न भएपछि प्लान्ट हटाई क्षेत्रको पुनर्स्थापना तथा सरसफाइ गरिनेछ।

तालिका १९: क्रसर प्लान्टको स्थानको विवरण

क्र.सं.	सुविधाको नाम	वर्ग	प्रस्तावित स्थान	निर्देशाङ्क	आवश्यक निजि जग्गा (वर्ग मि.)	जम्मा क्षेत्रफल (वर्ग मि.)
१	क्रसर प्लान्ट	अस्थायी सुविधा	नरैनापुर गाउँपालिका वडा नं. ४ प्रस्तावित	27°55'13.98" N, 81°51'34.02" E	५०००	५०००

			नहर नजिकैको निजि जमिन (नौसरा)			

(स्रोतः विस्तृत परियोजना प्रतिवेदन, २०२३)

२.५.३ उत्खनन क्षेत्र

निर्माण कार्यका लागि आवश्यक नदीजन्य पदार्थ तथा निर्माण सामग्री उपलब्ध गराउन मुगुवा खोलामा खानी/उत्खनन स्थल प्रस्ताव गरिएको छ।

तालिका २०: नदिजन्य पदार्थ उत्खनन् क्षेत्रको विवरण

क्र.सं.	सुविधाको नाम	वर्ग	प्रस्तावित स्थान	निर्देशाङ्क	टिप्पणी
१	खानी / उत्खनन स्थल	अस्थायी सुविधा	मुगुवा खोला	28°4'52.18" N, 81°50'56.33" E	निर्माण कार्यका लागि आवश्यक ढुंगा, गिट्टी तथा बालुवा उत्खनन गरिने

(स्रोतः विस्तृत परियोजना प्रतिवेदन, २०२३)

यस स्थलबाट ढुंगा, गिट्टी, बालुवा तथा ग्राभेल जस्ता सामग्री आवश्यकता अनुसार संकलन गरिनेछ। आयोजना संचालन गर्दा आवस्यक नदिजन्य पदार्थ यसै मुगुवा खोला बाट उत्खनन गरिनेछ। मुगुवा खोलामा २,००,०००.०० घ. मि. भन्दा बढी नदिजन्य पदार्थ मौजदात रहेको छ । मुगुवा खोला आयोजनाका लागि आवश्यक पर्ने १,२९,५६३.८७ घ. मि. जदिजन्य पदार्थ उपलब्ध गराउन सक्दछ ।

तालिका २१: आयोजनाको लागि आवश्यक नदिजन्य पदार्थको परिणाम

क्र.सं.	बस्तुको नाम	परिणाम (घ. मि.)	कैफियत
१	ढुंगा	१७,३९०.००	
२	वालुवा	१५,७९५.००	(M10 र M20 Concrete)
३	कंक्रिटका लागि आवश्यक गिट्टी	३१,५९४.६२	(M10 र M20 Concrete)
४	**जम्मा आवश्यक परिणाम**	**६४,७८१.९३**	
५	उत्खनन गर्नुपर्ने परिणाम (आवश्यक परिणामको दुई गुणा)	१,२९,५६३.८७	

(स्रोतः विस्तृत परियोजना प्रतिवेदन, २०२३)

मुगुवा खोला तराई क्षेत्रमा भएको हुनाले यसमा सिल्ट, माटो तथा अन्य जैविक पदार्थ मिसिएको हुन्छ। त्यस कारण उत्खनन भएको परिणाम लाई प्रसोधन गरि ५०% मात्र निर्माणका लागि योग्य रहन्छ। उत्खननका लागि २६,०००.०० वर्ग. मि. क्षेत्रफलको मुगुवा खोला किनारमा रहेको जग्गा प्रयोगमा ल्याईन्छ।

२.५.४ मक डिस्पोजल क्षेत्र

यस आयोजनाको ३६+१२५ चेनेज देखि ४४+८०० चेनेज सम्म जमिन उत्खनन भैसकेको तथा सम्पूर्ण माटो व्यवस्थापन भैसकेको अवस्था छ भने बाँकि ४४+८०० देखि ५४+६८० चेनेज सम्म नहर तथा अन्य संरचना निर्माणका क्रममा निस्कने अतिरिक्त माटो व्यवस्थापनका नहरको दायाँ किनारमा निर्माण गरिएको पहुँच मार्गमा माटो भरान (Earth Backfilling) गरी तटबन्ध, नहरको किनारा, गाइड बन्ड तथा संरचनाहरू निर्माण गर्न प्रयोग/व्यवस्थापन गरिनेछ । उत्खनित मक स्थानीयले सुझाय बमोजिम सडक छेउ, सार्वजनिक छनोट क्षेत्र तथा संरचना नजिक भरान आवश्यक पर्ने स्थानहरूमा प्रयोग गरिनेछ। यसरी व्यवस्थापन गर्दा अनावश्यक माटो थुपारिने समस्या घट्ने, सडक तथा संरचना वरपरको भू-सतह सुधार हुने र निर्माण क्षेत्र व्यवस्थित रहने अपेक्षा गरिएको छ। माटो व्यवस्थापन गर्दा खेतीयोग्य जमिन, पानीको बहाव, निजी सम्पत्ति तथा वातावरणीय संवेदनशील क्षेत्रमा असर नपर्ने गरी कार्य गरिनेछ।

तालिका २२: माटो व्यवस्थापन/डिस्पोजल क्षेत्र

क्र.सं.	सुविधाको नाम	वर्ग	प्रस्तावित स्थान	क्षेत्रफल	टिप्पणी
१	माटो व्यवस्थापन / डिस्पोजल क्षेत्र	अस्थायी सुविधा	सिँचाइ नहर निर्माणका क्रममा उत्खनन गरिएका सामग्रीहरू नहरको दायाँ किनारमा निर्माण गरिएको पहुँच मार्गमा व्यवस्थापन गरिनेछ।	आवश्यकता अनुसार	नहरको दायाँ किनारमा निर्माण गरिएको पहुँच मार्गमा माटो भरान (Earth Backfilling) गरी तटबन्ध, नहरको किनारा, गाइड बन्ड तथा संरचनाहरू निर्माण गर्न प्रयोग/व्यवस्थापन गरिनेछ।

(स्रोतः विस्तृत परियोजना प्रतिवेदन,२०२३)

तालिका २३: माटो कटानको परिमाण

Components of project	**Quantity of soil excavation in cubic meter**
Excavation in all type of soil in Main canal, Secondary Canal associated structure	1,341,383.29
Earthwork Excavation in foundation	267,061.41
Hauling Excavated Material	1,660,415.31
Earthwok in Back filling of Structure with all type of excavated soil	84,376.69
Earthback filling for making embankment, canal bank, guide bund etc. with all type of excavated soil	101,617.34

(स्रोतः विस्तृत परियोजना प्रतिवेदन, २०२३)

२.६ निर्माण तालिका

प्रस्तावित आयोजना कार्यतालिका अनुसार आयोजना कार्यान्वयन कुल ५४ महिनाको अवधिमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। आयोजना कार्यको प्रारम्भिक चरणमा ३ महिना (२० मार्च २०२७ देखि २० जुन २०२७ सम्म) पूर्वनिर्माण (Pre-construction) सम्बन्धी गतिविधिहरू, जस्तै विस्तृत डिजाइन, जग्गा व्यवस्थापन, अनुमति प्राप्ति तथा आवश्यक तयारीका कार्यहरू गरिनेछन्। त्यसपछि ३६ महिना (२० जुन २०२७ देखि २० जुन २०३० सम्म) निर्माण चरण सञ्चालन हुनेछ, जसअन्तर्गत मुख्य संरचना तथा सहायक पूर्वाधारहरूको निर्माण गरिनेछ। निर्माण सम्पन्न भएपछि १२ महिना (२० जुन २०३० देखि २० जुन २०३१ सम्म) परीक्षण तथा सञ्चालन तयारी (Testing and Commissioning) गरिनेछ। अन्तिम ३ महिनामा (२० जुन २०३१ देखि १८ सेप्टेम्बर २०३१ सम्म) आयोजना पूर्ण रूपमा सञ्चालन (Operation) चरणमा प्रवेश गर्नेछ। यसरी आयोजना कुल ५४ महिनामा कार्यान्वयन तथा सञ्चालनमा आउने योजना रहेको छ।

तालिका २४: निर्माण तालिका

SN	**Activities**	**Start**	**End**	**Duration(month)**
1	Preconstruction	20/03/2027	20/06/2027	3
2	Construction	20/06/2027	20/06/2030	36
3	Testing and commissioning	20/06/2030	20/06/2031	12
4	operation	20/06/2031	18/09/2031	3
	Total			54

(स्रोतः विस्तृत परियोजना प्रतिवेदन, २०२३)

२.७ आयोजना प्रभाव क्षेत्रको चित्रण

२.७.१ प्रत्यक्ष प्रभाव क्षेत्र

स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा उल्लेख भएबमोजिम प्रस्तावित नहरको क्षेत्राधिकार (ROW) क्षेत्रलाई प्रत्यक्ष प्रभाव क्षेत्र (Direct Impact Zone) को रूपमा निर्धारण गरिएको छ। यस क्षेत्रभित्र आयोजना निर्माण तथा सञ्चालनका गतिविधिबाट प्रत्यक्ष रूपमा वातावरणीय, सामाजिक तथा आर्थिक प्रभावहरू पर्न सक्ने सम्भावना रहेको छ। नहर निर्माणका क्रममा हुने उत्खनन, निर्माण सामग्री ढुवानी, अस्थायी संरचनाको स्थापना, धुलो, ध्वनि तथा यातायातको चापजस्ता गतिविधिहरूका कारण यस क्षेत्रभित्रका भूमि, वनस्पति, कृषि प्रणाली तथा स्थानीय बासिन्दाहरू प्रत्यक्ष रूपमा प्रभावित हुन सक्छन्।

यसै आधारमा नहरको क्षेत्राधिकार (ROW) क्षेत्रभित्र पर्ने वन क्षेत्र ,कृषि भूमि, सार्वजनिक सम्पत्ति, जलस्रोत तथा अन्य भौतिक एवं जैविक वातावरणीय तत्वहरूलाई प्रत्यक्ष प्रभाव क्षेत्रभित्र समावेश गरिएको छ। आयोजना कार्यान्वयनका क्रममा आवश्यक पर्ने वातावरणीय न्यूनीकरण उपायहरू तथा पुनर्स्थापना कार्यक्रमहरू मुख्य रूपमा यसै क्षेत्रमा केन्द्रित रहनेछन्।

चित्र ११ प्रत्यक्ष प्रभाव क्षेत्रको नक्सा

२.७.२ अप्रत्यक्ष प्रभाव क्षेत्र

प्रस्तावित आयोजनाको अप्रत्यक्ष प्रभाव क्षेत्र (Indirect Impact Zone) अन्तर्गत रासी सोनारी गाउँपालिका वडा नं. ७ तथा नरैनापुर गाउँपालिकाका सम्पूर्ण वडा क्षेत्रहरूलाई समावेश गरिएको छ। आयोजनाबाट सिर्जना हुने सामाजिक, आर्थिक, पूर्वाधार तथा सेवा प्रवाहसँग सम्बन्धित प्रभावहरू प्रत्यक्ष निर्माण क्षेत्रभन्दा बाहिर समेत फैलिन सक्ने भएकाले यी क्षेत्रहरूलाई अप्रत्यक्ष प्रभाव क्षेत्रको रूपमा निर्धारण गरिएको हो। निर्माण सामग्रीको ढुवानी, श्रमिकहरूको आवागमन, स्थानीय बजार तथा सेवामा हुने परिवर्तन, रोजगारीका अवसरहरू तथा सामाजिक-आर्थिक गतिविधिमा आउने परिवर्तन जस्ता प्रभावहरू यस क्षेत्रमा महसुस हुन सक्ने अपेक्षा गरिएको छ। त्यसैगरी आयोजना सञ्चालनपछि सिंचाइ सुविधा विस्तार, कृषि उत्पादन वृद्धि, आयआर्जनका अवसरमा सुधार, स्थानीय पूर्वाधार विकास तथा क्षेत्रीय आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पर्न सक्ने सम्भावना रहेको छ। यद्यपि जनसंख्याको चाप, प्राकृतिक स्रोतको उपयोग, यातायातको वृद्धि तथा अन्य सामाजिक परिवर्तनका कारण केही अप्रत्यक्ष वातावरणीय तथा सामाजिक प्रभावहरू पनि देखिन सक्नेछन्। यस कारण आयोजना क्षेत्र वरपरका व्यापक भौगोलिक तथा प्रशासनिक क्षेत्रलाई समेट्दै रासी सोनारी गाउँपालिका वडा नं. ७ तथा नरैनापुर गाउँपालिकाका सम्पूर्ण वडाहरूलाई अप्रत्यक्ष प्रभाव क्षेत्रका रूपमा निर्धारण गरिएको छ।

२.८ सिंचाइ नीति, नियमावली तथा सम्बन्धित कानुनी व्यवस्था

प्रस्तावित आयोजना नेपाल सरकारद्वारा जारी **सिंचाइ नीति, २०७०**, **जलस्रोत ऐन, २०४९**, **जलस्रोत नियमावली, २०५०**, **राष्ट्रिय जलस्रोत नीति, २०७७**, **सिंचाई नियमावली, २०५६**, **वातावरण संरक्षण ऐन, २०७६**, **वातावरण संरक्षण नियमावली, २०७७**, **वन ऐन, २०७६**, **वन नियमावली, २०७९**, **भूमि सम्बन्धी ऐन, २०२१**, **श्रम ऐन, २०७४** तथा **श्रम नियमावली, २०७५** लगायत प्रचलित कानुन तथा नीतिहरूको पूर्ण पालना गरी कार्यान्वयन गरिनेछ।

सिंचाइ नीति, २०७० ले जलस्रोतको समुचित, दिगो तथा न्यायोचित उपयोग गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, सिंचाइ सेवाको प्रभावकारी व्यवस्थापन गर्ने तथा जल उपभोक्ताको सहभागिता सुनिश्चित गर्ने व्यवस्था गरेको छ। **जलस्रोत ऐन, २०४९** तथा **जलस्रोत नियमावली, २०५०** बमोजिम जलस्रोतको उपयोग गर्दा अन्य जल प्रयोगकर्ताको अधिकारमा प्रतिकूल असर नपर्ने, जलस्रोतको संरक्षण हुने तथा आवश्यक स्वीकृति प्राप्त गरी मात्र आयोजना सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ। **राष्ट्रिय जलस्रोत नीति, २०७७** ले एकीकृत जलस्रोत व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा जलस्रोतको दिगो उपयोगलाई प्राथमिकता दिएको छ।

सिंचाई नियमावली २०५६ को नियम ४२ को उप नियम (१) मा नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणाली र भूमिगत जल सिंचाइ प्रणाली बाहेकका अन्य मझौला सिंचाइ आयोजना तथा साना सिंचाइ आयोजनाको नयाँ निर्माण तथा सुदृढीकरणको लागि उपभोक्ताको लगानीको अंक आयोजनाको लागतको पन्ध्र प्रतिशतभन्दा बढी र तीन प्रतिशतभन्दा कम नहुने कुरा उल्लेख छ तर खडेरी, बाढी, पहिरो, अनिकाल जस्ता अप्रत्यासित प्राकृतिक प्रकोपहरुको प्रभाव कम गर्न त्यस्ता क्षेत्रहरुमा सरकारको तर्फबाट सम्पूर्ण लगानी गरी तत्काल सिंचाइका विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ। यसै नियमावलीको नियम ४२ को उप नियम (२) मा| नेपाल सरकारले विकास निर्माण गर्ने कुनै सिंचाइ आयोजनाको नहर, शाखा नहर वा प्र-शाखा नहरबाट उपभोक्ताको जमिनमा पानी पु-याउने प्रयोजनको लागि निर्माण गरिने कुलो कुलेसोको लागि आवश्यक पर्ने जमिन सम्बन्धित उपभोक्ताले उपभोक्ता संस्थालाई हस्तान्तरण गर्नु पर्ने कुराको बारेमा उल्लेख गरिएको छ।

त्यसैगरी, आयोजना कार्यान्वयनका क्रममा वन क्षेत्र प्रयोग, रुख कटान तथा वन पैदावारको व्यवस्थापन **वन ऐन, २०७६** तथा **वन नियमावली, २०७९** बमोजिम सम्बन्धित निकायबाट स्वीकृति प्राप्त गरी मात्र गरिनेछ। वन क्षेत्र प्रयोग गर्दा तोकिएबमोजिम वन क्षेत्र प्रयोग शुल्क, रुख कटान, क्षतिपूर्ति वृक्षारोपण तथा वन क्षेत्र पुनर्स्थापना कार्यक्रम कार्यान्वयन गरिनेछ। साथै, **वातावरण संरक्षण ऐन, २०७६** तथा **वातावरण संरक्षण नियमावली, २०७७** बमोजिम स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) तथा पूरक वातावरणीय अध्ययन (SEIA) मा उल्लेखित

वातावरणीय व्यवस्थापन योजना (EMP), वातावरणीय अनुगमन योजना तथा न्यूनीकरणका उपायहरूको पूर्ण रूपमा कार्यान्वयन गरिनेछ। आयोजना निर्माणका क्रममा श्रमिकहरूको सेवा, सुविधा, पारिश्रमिक तथा पेशागत स्वास्थ्य र सुरक्षासम्बन्धी व्यवस्था **श्रम ऐन, २०७४** तथा **श्रम नियमावली, २०७५** बमोजिम सुनिश्चित गरिनेछ। यसरी आयोजना कार्यान्वयनका सम्पूर्ण गतिविधिहरू सम्बन्धित नीति, ऐन, नियमावली तथा प्रचलित कानुनी व्यवस्थाअनुसार सञ्चालन गरिने भएकाले आयोजना कानुनी, प्राविधिक, सामाजिक तथा वातावरणीय दृष्टिले स्वीकार्य र दिगो रहने अपेक्षा गरिएको छ।

अध्याय ३ प्रतिवेदन तयार गर्दा अपनाइएको विधि

३.१ साहित्यिक पुनरावलोकन

सिक्टा सिंचाइ आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीका क्रममा आयोजनासँग सम्बन्धित उपलब्ध तथा आधिकारिक दस्तावेजहरूको विस्तृत समीक्षा गरिएको छ। यस क्रममा मिति २०७४/०८/१२ मा स्वीकृत भएको सिक्टा सिंचाइ आयोजनाको स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनलाई प्रमुख आधार दस्तावेजको रूपमा अध्ययन तथा समीक्षा गरिएको हो। हाल प्रस्तावित परिमार्जनअनुसार आयोजनाको अन्तिम खण्ड चेनेज ४४+८०० देखि ५४+६८० खण्ड मात्र बस्ती क्षेत्रबाट टाढा सारेर वन क्षेत्रतर्फ स्थानान्तरण गरिएको हुँदा सो खण्डमा पर्न सक्ने वातावरणीय, जैविक तथा सामाजिक आर्थिक अवस्थाको अद्यावधिक मूल्याङ्कनलाई विशेष प्राथमिकता दिइएको छ। उक्त ९.८८ किलोमिटर परिवर्तित खण्डबाहेक आयोजनाका अन्य खण्डहरूको भौतिक, जैविक, सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरणसम्बन्धी आधारभूत विवरणहरू पूर्व स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनबाट साभार तथा सन्दर्भ गरिएको छ।

पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनलाई तथ्यपरक र अद्यावधिक बनाउन अन्य सान्दर्भिक द्वितीयक स्रोतहरूको समेत समीक्षा गरिएको छ। वन्यजन्तु तथा जैविक विविधतासम्बन्धी विवरण तयार गर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागद्वारा प्रकाशित वन्यजन्तु तथ्याङ्क तथा सान्दर्भिक प्रकाशनहरू अध्ययन गरिएको छ। त्यसैगरी, आयोजना प्रभावित क्षेत्रको जनसंख्या, घरधुरी, सामाजिक-आर्थिक अवस्था, सेवा सुविधा, भूमि प्रयोग तथा स्थानीय विकाससम्बन्धी जानकारीका लागि सम्बन्धित स्थानीय तहबाट उपलब्ध अप्रकाशित प्रोफाइल, राष्ट्रिय जनगणना २०७८ का तथ्याङ्क तथा अन्य सान्दर्भिक प्रतिवेदनहरूको समीक्षा गरिएको छ। यसरी पूर्व स्वीकृत EIA प्रतिवेदन, अद्यावधिक सरकारी तथ्याङ्क, स्थानीय तहका विवरण र सान्दर्भिक साहित्यहरूको समन्वित अध्ययनबाट पूरक EIA प्रतिवेदनका लागि आवश्यक आधारभूत तथा अद्यावधिक तथ्याङ्क तयार गरिएको छ।

तालिका २५: विस्तृत अध्ययन विधि

क्र.सं.	अध्ययनको विषय	प्रयोग गरिएका स्रोत/तथ्याङ्क	अध्ययन विधि
१	स्थलाकृति /टोपोग्राफी अध्ययन	टोपोग्राफिक शीट नं. 2781 04A, 2781 04B र 2781 04D, आयोजनाको DPR	आयोजनाको स्थलाकृति अध्ययनका लागि सम्बन्धित टोपोग्राफिक शीट नं. 2781 04A, 2781 04B र 2781 04D लाई आधार नक्साका रूपमा प्रयोग गरिएको छ। उक्त शीटहरूलाई ArcGIS

		प्रतिवेदन, स्वीकृत पुरानो EIA प्रतिवेदन र स्थलगत अवलोकन	10.8 सफ्टवेयरमा जियो-रेफरेन्स/ओभरले गरी आयोजना क्षेत्र, प्रस्तावित नहर खण्ड, वरपरको भू-आकृति, उचाइ, खोला/खहरे, बस्ती, वन क्षेत्र, कृषि क्षेत्र तथा अन्य भौगोलिक विशेषताहरू पहिचान गरिएको छ। यसका साथै DPR प्रतिवेदनमा उल्लेखित आयोजना वरपरको टोपोग्राफिक विवरणलाई पनि आधार मानी आवश्यक सूचना साभार गरिएको छ। स्थलगत भ्रमणका क्रममा नक्सामा देखिएका विशेषताहरूलाई प्रत्यक्ष अवलोकन गरी पुष्टि गरिएको तथा नहर सारिएको/परिवर्तित खण्डको वास्तविक भौगोलिक अवस्था थप स्पष्ट गरिएको छ।
२	भूगर्भ तथा माटोको अभिभावक पदार्थ अध्ययन	DPR प्रतिवेदन, Department of Mines and Geology द्वारा प्रकाशित Geological Map of Nepal को shapefile, ArcGIS 10.8 विश्लेषण र स्थलगत अवलोकन	आयोजना क्षेत्रको भूगर्भीय अवस्था तथा माटोको अभिभावक पदार्थ पहिचान गर्न सर्वप्रथम आयोजनाको DPR प्रतिवेदन पुनरावलोकन गरिएको छ। त्यसपछि खानी तथा भूगर्भ विभागद्वारा प्रकाशित Geological Map of Nepal को shapefile ArcGIS 10.8 मा आयात गरी आयोजना क्षेत्र तथा प्रस्तावित नहर alignment सँग overlay गरिएको छ। यस विधिबाट आयोजना क्षेत्र कुन प्रकारको भूगर्भीय संरचना, चट्टान समूह तथा parent material अन्तर्गत पर्दछ भन्ने पहिचान गरिएको छ। प्राप्त भूगर्भीय नक्सा विवरणलाई DPR मा उल्लेखित भौगर्भिक सूचनासँग तुलना गरी विश्लेषण गरिएको छ। स्थलगत भ्रमणका क्रममा सतहमा देखिने माटोको बनावट, निक्षेप, नदीजन्य सामग्री, ढुंगा, ग्राभेल तथा माटोको सामान्य अवस्थालाई अवलोकन गरी नक्सागत जानकारीलाई थप पुष्टि गरिएको छ।
३	जलवायु अध्ययन	भगवानपुर वर्षा स्टेशनको वर्षा तथ्याङ्क सन् 2000-2025, सिक्टा	जलवायु सम्बन्धी अध्ययनका लागि आयोजना क्षेत्र नजिक उपलब्ध मौसम स्टेशनहरूको दीर्घकालीन तथ्याङ्क प्रयोग गरिएको छ। वर्षा विश्लेषणका लागि भगवानपुर स्टेशनबाट प्राप्त सन् 2000 देखि 2025

		स्टेशनको अधिकतम तथा न्यूनतम तापक्रम तथ्याङ्क सन् 1999-2025, DPR र स्वीकृत EIA प्रतिवेदन	सम्मको वार्षिक तथा मासिक वर्षा तथ्याङ्क प्रयोग गरिएको छ। त्यसैगरी, तापक्रमको अवस्था विश्लेषण गर्न सिक्टा स्टेशनबाट प्राप्त सन् 1999 देखि 2025 सम्मको अधिकतम तथा न्यूनतम तापक्रम तथ्याङ्क प्रयोग गरिएको छ। प्राप्त तथ्याङ्कलाई मासिक औसत, वार्षिक प्रवृत्ति तथा मौसमी भिन्नताको आधारमा विश्लेषण गरिएको छ। DPR तथा स्वीकृत पुरानो EIA प्रतिवेदनमा उपलब्ध जलवायु विवरणहरूलाई सन्दर्भका रूपमा पुनरावलोकन गरी वर्तमान विश्लेषणसँग मिलान गरिएको छ। यसबाट आयोजना क्षेत्रमा वर्षा, तापक्रम तथा जलवायुको विद्यमान अवस्था स्पष्ट गर्न सहयोग पुगेको छ।
४	भू-उपयोग/भूमि आवरण अध्ययन	ICIMOD, 2020 द्वारा प्रकाशित Land Cover Map of Nepal को shapefile, ArcGIS 10.8, DPR प्रतिवेदन, स्वीकृत पुरानो EIA प्रतिवेदन र स्थलगत अवलोकन	आयोजना क्षेत्रको विद्यमान भू-उपयोग तथा भूमि आवरण पहिचान गर्न ICIMOD, 2020 द्वारा प्रकाशित Land Cover Map of Nepal को shapefile प्रयोग गरिएको छ। उक्त shapefile लाई ArcGIS 10.8 मा आयोजना क्षेत्र तथा नहर alignment सँग overlay गरी वन क्षेत्र, कृषि भूमि, बस्ती क्षेत्र, जलक्षेत्र, खुला क्षेत्र तथा अन्य भूमि आवरण वर्गहरू पहिचान गरिएको छ। भू-उपयोगसम्बन्धी विवरण तयार गर्दा DPR प्रतिवेदन र पूर्व स्वीकृत EIA प्रतिवेदनमा उल्लेखित भूमि प्रयोग सम्बन्धी जानकारी पनि पुनरावलोकन गरिएको छ। GIS बाट प्राप्त नतिजालाई स्थलगत भ्रमणबाट देखिएको वास्तविक अवस्थासँग तुलना गरी आवश्यक सुधार तथा पुष्टि गरिएको छ। विशेषगरी नहरको अन्तिम करिब १० किलोमिटर परिवर्तित खण्ड वरपरको वन क्षेत्र, बस्तीबाट दूरी र भूमि प्रयोगको अवस्थालाई विशेष ध्यान दिइएको छ।
५	द्वितीयक तथ्याङ्क तथा पूर्व	आयोजनाको DPR प्रतिवेदन, मिति २०७४/०८/१२	पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्दा आयोजनाको DPR प्रतिवेदन तथा मिति २०७४/०८/१२ मा स्वीकृत पुरानो EIA

	प्रतिवेदन पुनरावलोकन	मा स्वीकृत पुरानो EIA प्रतिवेदन, स्थानीय तहका विवरण, जनगणना २०७८ र सम्बन्धित साहित्य	प्रतिवेदनलाई प्रमुख आधार दस्तावेजका रूपमा लिइएको छ। हाल प्रस्तावित परिवर्तन मुख्यतः अन्तिम करिब १० किलोमिटर नहर खण्ड बस्ती क्षेत्रबाट टाढा वन क्षेत्रतर्फ सारिएको विषयसँग सम्बन्धित भएकाले सो परिवर्तित खण्डमा अद्यावधिक अध्ययनलाई प्राथमिकता दिइएको छ। बाँकी खण्डहरूको भौतिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणसम्बन्धी जानकारी पुरानो स्वीकृत EIA प्रतिवेदन तथा DPR बाट साभार गरिएको छ। साथै, जनगणना २०७८, स्थानीय तहबाट उपलब्ध प्रोफाइल तथा अन्य सान्दर्भिक प्रतिवेदनहरू समीक्षा गरी SEIA प्रतिवेदनका लागि आवश्यक आधारभूत तथ्याङ्क तयार गरिएको छ।
६	GIS Overlay तथा स्थलगत प्रमाणीकरण	ArcGIS 10.8, टोपोशीट, Geological Map shapefile, ICIMOD Land Cover shapefile, DPR alignment तथा स्थलगत भ्रमण	अध्ययनका विभिन्न पक्षहरूलाई एकीकृत रूपमा विश्लेषण गर्न ArcGIS 10.8 सफ्टवेयर प्रयोग गरिएको छ। आयोजना alignment, टोपोग्राफिक शीट, भूगर्भीय नक्सा, भूमि आवरण नक्सा तथा अन्य उपलब्ध spatial data लाई एउटै GIS वातावरणमा overlay गरी आयोजना क्षेत्रको भौगोलिक, भूगर्भीय र भू-उपयोगसम्बन्धी अवस्था पहिचान गरिएको छ। GIS विश्लेषणबाट प्राप्त नक्सागत नतिजालाई DPR प्रतिवेदन र स्वीकृत EIA प्रतिवेदनमा उपलब्ध विवरणसँग तुलना गरिएको छ। त्यसपछि स्थलगत भ्रमणका क्रममा नहर खण्ड, वरपरको वन क्षेत्र, बस्ती, कृषि क्षेत्र, जलस्रोत, भू-आकृति तथा पहुँच अवस्थाको प्रत्यक्ष अवलोकन गरी नक्सागत तथ्यलाई थप स्पष्ट र प्रमाणित गरिएको छ। यसरी GIS आधारित विश्लेषण र field verification दुवैलाई समायोजन गरी प्रतिवेदनको आधारभूत तथ्याङ्क तयार गरिएको छ।
७	वन्यजन्तु अध्ययन	स्वीकृत पुरानो EIA प्रतिवेदन, बाँके राष्ट्रिय निकुञ्ज तथा	प्रस्तावित सिक्टा सिंचाइ आयोजनाको पूरक EIA तयारीका क्रममा वन्यजन्तु सम्बन्धी अध्ययनका लागि सर्वप्रथम स्वीकृत EIA प्रतिवेदनमा उल्लेखित

		सम्बन्धित निकायबाट प्रकाशित प्रतिवेदनहरू, स्थानीय जानकारी र स्थलगत अवलोकन	वन्यजन्तु विवरणहरू पुनरावलोकन गरिएको छ। आयोजना क्षेत्र नजिकै बाँके राष्ट्रिय निकुञ्ज रहेको सन्दर्भमा निकुञ्ज तथा सम्बन्धित संरक्षण निकायद्वारा प्रकाशित प्रतिवेदनहरू, जैविक विविधता सम्बन्धी प्रकाशन तथा उपलब्ध वन्यजन्तु तथ्याङ्कहरू अध्ययन गरी समष्टिगत रूपमा विश्लेषण गरिएको छ। विशेषगरी आयोजना क्षेत्र वरपर पाइने सम्भावित स्तनधारी, चरा, सरीसृप तथा अन्य वन्यजन्तुहरूको उपस्थिति, बासस्थान, आवतजावत मार्ग तथा संरक्षण संवेदनशीलतालाई ध्यानमा राखिएको छ। स्थलगत अध्ययनका क्रममा स्थानीय बासिन्दा तथा सरोकारवालासँग छलफल गरी उपलब्ध द्वितीयक तथ्याङ्कलाई पुष्टि गर्ने प्रयास गरिएको छ।
८	वनस्पति तथा एथ्नोबोटनी अध्ययन	स्वीकृत पुरानो EIA प्रतिवेदन, स्थानीय समुदायसँगको छलफल, स्थलगत अवलोकन र आयोजना क्षेत्रको वन/कृषि भू-उपयोग विवरण	वनस्पति तथा एथ्नोबोटनी सम्बन्धी आधारभूत तथ्याङ्क मुख्य रूपमा स्वीकृत EIA प्रतिवेदनबाट साभार गरिएको छ। प्रतिवेदनमा उल्लेखित स्थानीय वनस्पति, रुख, झाडी, घाँस, औषधीय तथा उपयोगी वनस्पति प्रजातिहरूको विवरण पुनरावलोकन गरी पूरक EIA का लागि आवश्यक विवरण तयार गरिएको छ। स्थलगत अध्ययनका क्रममा आयोजना क्षेत्र तथा वरपरका स्थानीय समुदायसँग छलफल गरी प्रतिवेदनमा उल्लेखित प्रजातिहरूको स्थानीय उपस्थिति, प्रयोग तथा महत्वबारे थप पुष्टि गरिएको छ। विशेषगरी वन क्षेत्रमा पाइने प्रमुख प्रजाति, स्थानीय रूपमा दाउरा, घाँस, काठ, औषधीय तथा अन्य घरेलु प्रयोजनमा प्रयोग हुने वनस्पतिहरूको जानकारी संकलन गरिएको छ। यसरी द्वितीयक तथ्याङ्क र स्थानीय पुष्टि दुवैको आधारमा वनस्पति सम्बन्धी विवरण समावेश गरिएको छ। रुखको कुल आयतन, काण्ड को आयतनको सुत्र तल प्रस्तुत गरिएको छ ।

			काण्डको आयतन (घन मिटर) = [Exp(a+b*Ln(d)+c*Ln(h)]/१००० Ln = logarithm, v=volume in m3, d=diameter at breast height in cm, h=tree height in meter and a, b, and c are parameters. R- value (हाँगाहरुको अनुपात) १० से.मि भन्दा सानो = सानो (s) R- value (हाँगाहरुको अनुपात) १० से.मि देखि ४० से.मि सम्म =[(d-१०)*m+(४०-d)*s]/३० R- value (हाँगाहरुको अनुपात) ४० से.मि देखि ७० से.मि सम्म =[(d-४०)*m+(७०-d)*m]/३० R- value (हाँगाहरुको अनुपात) ७० से.मि भन्दा माथि = ठुलो (b), d= diameter at breast height (cm) h= रुखको उचाई (मि), हाँगाहरुको आयतन = R- value (हाँगाहरुको अनुपात)* काण्डको आयतन रुखको कुल आयतन (घन मिटर) = काण्डको आयतन+ हाँगाको आयतन, प्रत्येक रुखको प्रजातिको आधारमा a,b,c,m,s को value वन नियमावली,२०७९मा दिएको छ। (श्रोतः वन नियमावली, २०७९)
९	सामाजिक-आर्थिक अध्ययन	राष्ट्रिय जनगणना २०७८, स्वीकृत पुरानो EIA प्रतिवेदन, DPR प्रतिवेदन, स्थानीय तहका उपलब्ध विवरण र स्थलगत अवलोकन	सामाजिक-आर्थिक अवस्थाको अध्ययनका लागि राष्ट्रिय जनगणना २०७८ लाई मुख्य आधार तथ्याङ्कका रूपमा प्रयोग गरिएको छ। प्रस्तावित सिंचाइ आयोजनाको अन्तिम करिब २३०० मिटर खण्ड खेतीयोग्य जमिनमा पर्ने भए तापनि आयोजनाको १०० मिटर दायाँ-बायाँ प्रभाव क्षेत्रमा घरधुरी नपर्ने देखिएकोले घरधुरीस्तरको नयाँ विस्तृत सामाजिक सर्वेक्षण आवश्यक नदेखिएको र जनगणना २०७८ को तथ्याङ्कलाई आधार मानिएको छ। यस क्रममा जनसंख्या, घरधुरी, लैङ्गिक संरचना, सामाजिक अवस्था, पेशा, सेवा

			सुविधा तथा स्थानीय आर्थिक गतिविधिसम्बन्धी विवरणहरू जनगणना, स्थानीय तहका उपलब्ध विवरण, DPR तथा स्वीकृत पुरानो EIA प्रतिवेदनबाट साभार गरिएको छ। स्थलगत अवलोकनबाट बस्तीको दूरी, खेतीयोग्य जमिनको अवस्था र सम्भावित सामाजिक प्रभावहरूलाई थप पुष्टि गरिएको छ।
१०	परिवर्तित अन्तिम खण्डको स्थलगत प्रमाणीकरण	प्रस्तावित alignment, DPR, पुरानो EIA प्रतिवेदन, GIS/नक्सा अध्ययन र स्थलगत भ्रमण	प्रस्तावित आयोजनाको पूरक EIA मा विशेष ध्यान अन्तिम परिवर्तित खण्डमा केन्द्रित गरिएको छ। हालको प्रस्तावअनुसार अन्तिम करिब २३०० मिटर भाग खेतीयोग्य जमिन हुँदै जाने भए पनि १०० मिटर दायाँ-बायाँको प्रत्यक्ष प्रभाव क्षेत्रमा घरधुरी नपर्ने अवस्था स्थलगत अध्ययनबाट पुष्टि गरिएको छ। यस खण्डको भू-उपयोग, बस्तीबाट दूरी, कृषि जमिन, वन क्षेत्रसँगको सम्बन्ध, पहुँच मार्ग तथा सम्भावित वातावरणीय संवेदनशीलता DPR, पुरानो EIA प्रतिवेदन, GIS नक्सा तथा स्थलगत अवलोकनको आधारमा विश्लेषण गरिएको छ। यसरी आयोजनाको परिवर्तित खण्डले पूर्व स्वीकृत EIA को तुलनामा पार्न सक्ने थप वा फरक प्रभावहरू पहिचान गर्न उपलब्ध द्वितीयक तथ्याङ्क र प्रत्यक्ष अवलोकन दुवै विधि प्रयोग गरिएको छ।

३.२ वातावरणीय अनुगमन

३.२.१ MOEWRI & DWRI को भूमिका र दायित्व

तालिका २६ : वातावरणीय अनुगमनमा निकायहरुको भूमिका

निकाय	भूमिका तथा जिम्मेवारी
जलस्रोत, ऊर्जा तथा सिंचाइ मन्त्रालय (MOEWRI)	• आयोजनाको समग्र नीति तथा प्रशासनिक अनुगमन गर्ने। • स्वीकृत वातावरणीय व्यवस्थापन योजना (EMP) तथा वातावरणीय प्रतिबद्धताको कार्यान्वयन अवस्थाको उच्च तहबाट समीक्षा गर्ने। • आयोजनाको वातावरणीय तथा सामाजिक व्यवस्थापनसम्बन्धी प्रगतिको समीक्षा गरी आवश्यक निर्देशन दिने।

	• सम्बन्धित निकायबीच समन्वय तथा आवश्यक सुधारका लागि निर्देशन गर्ने।
जलस्रोत तथा सिंचाई बिभाग (DWRI)	• आयोजनाको वातावरणीय व्यवस्थापन तथा अनुगमन कार्यको प्राविधिक समन्वय/सहजीकरण गर्ने। • निर्माण तथा सञ्चालन अवधिमा वातावरणीय व्यवस्थापनका उपायहरूको कार्यान्वयन अवस्थाको प्राविधिक अनुगमन गर्ने। • अनुगमनबाट प्राप्त वातावरणीय तथ्यांक तथा प्रगति विवरणको समीक्षा गरी आवश्यक सुधारात्मक उपाय सिफारिस गर्ने। • वातावरणीय अनुगमनसम्बन्धी प्रतिवेदन तयार/अभिलेखीकरण तथा सम्बन्धित निकायमा पेश गर्ने।

३.२.२ अनुगमन गर्ने जनशक्ति र दायित्व

तालिका २७ : वातावरणीय अनुगमन गर्ने जनशक्ति र दायित्व

वातावरणीय पक्ष	अनुगमन सूचक	स्थान	आवृत्ति	आवश्यक जनशक्ति	जिम्मेवार निकाय
वायु गुणस्तर	PM_{10}, $PM_{2.5}$, SO_2, NO_2, TSP	निर्माण क्षेत्र	मासिक	वातावरण विज्ञ, प्रयोगशाला प्राविधिक	प्रस्तावक /परामर्शदाता
ध्वनि स्तर	Leq Day, Leq Night	संवेदनशील क्षेत्र	मासिक	वातावरण विज्ञ, ध्वनि मापन प्राविधिक	निर्माण व्यवसायी
पानीको गुणस्तर	NDWQS ले तोकेको parameters	नदी/खोला	त्रैमासिक	वातावरण विज्ञ, प्रयोगशाला प्राविधिक	निर्माण व्यवसायी
वन तथा जैविक विविधता	रुख कटान, वृक्षारोपण, वन्यजन्तु	वन क्षेत्र	त्रैमासिक	वन विज्ञ/जैविक विविधता विज्ञ	आयोजना/डिभिजन वन कार्यालय
सामाजिक प्रभाव	स्थानीय रोजगारी, गुनासो	प्रभावित बस्ती	त्रैमासिक	सामाजिक विकास विज्ञ	आयोजना कार्यालय
पेशागत स्वास्थ्य तथा सुरक्षा	PPE प्रयोग, दुर्घटना	निर्माण स्थल	मासिक	OHS अधिकृत (Safety Officer)	निर्माण व्यवसायी

फोहोर व्यवस्थापन	ठोस/तरल फोहोर	कामदार शिविर	मासिक	वातावरण अधिकृत/साइट इन्जिनियर	निर्माण व्यवसायी

३.३ नमुना संकलन तथा परिक्षण विधि

३.३.१ परिवेशीय वायु परिक्षण विधि

परिवेशीय वायु परिक्षण Medium Volume Air Sampler प्रयोग गरी गरिएको थियो। नमुना संकलन तत्कालिन वन तथा वातावरण मन्त्रालयद्वारा तोकिएको राष्ट्रिय वायु गुणस्तर मापदण्डअनुसार गरिएको थियो। संकलित वायु नमुनाहरू प्रयोगशालामा लगेर PM_{10}, $PM_{2.5}$, SOx, NOx को परीक्षण गरिएको थियो। वायु गुणस्तरका parameter हरूको विश्लेषणका लागि मान्यता प्राप्त विधिहरू प्रयोग गरिएको थियो। Sulphur dioxide परीक्षणका लागि Modified West and Gaeke Method र Nitrogen dioxide परीक्षणका लागि Modified Jacobs and Hochheiser Method प्रयोग गरिएको थियो। PM_{10} र $PM_{2.5}$ जस्ता particulate matter हरू gravimetric principle का आधारमा निर्धारण गरिएको थियो। स्थलगत मापन र प्रयोगशाला विश्लेषणबाट प्राप्त नतिजाहरूलाई लागू हुने राष्ट्रिय मापदण्ड तथा guideline सँग तुलना गरिएको छ।

चित्र १२: वायु परिक्षणको क्रममा खिचिएको तस्बिर

३.३.२ ध्वनि स्तर परिक्षण विधि

ध्वनि स्तर परिक्षण ग्रामीण आवासीय क्षेत्र तथा सडक छेउका स्थानहरूमा गरिएको थियो। यसका लागि calibrated Sound Level Meter प्रयोग गरी दिन र रातको समयमा ध्वनि स्तर मापन गरिएको थियो। मापन गर्दा उपकरणलाई उपयुक्त उचाइमा राखी पर्खाल, ठूला सवारीसाधन तथा अन्य प्रतिबिम्बित सतहहरूबाट टाढा राखिएको थियो, ताकि मापनमा त्रुटि वा bias नआओस्। प्राप्त ध्वनि स्तरलाई Leq का रूपमा मूल्याङ्कन गरी सम्बन्धित मापदण्डसँग तुलना गरिएको छ।

चित्र १३: ध्वनि मापन

३.३.३ पानीको गुणस्तर परीक्षण विधि

सतही पानीका नमुनाहरू छनोट मौजुदा सिंचाई नहरबाट संकलन गरिएको थियो। प्रत्येक स्थानमा नहरको बायाँ किनार, मध्य भाग र दायाँ किनारबाट पानी संकलन गरी composite sample तयार गरिएको थियो। नमुना संकलनका लागि acid-washed PET बोतल प्रयोग गरिएको थियो। प्रत्येक नमुनामा स्थान, मिति र समय उल्लेख गरी आवश्यक संरक्षणसहित प्रयोगशालामा पठाइएको थियो। गुणस्तर परीक्षणका लागि pH, temperature, dissolved oxygen, turbidity, TSS, TDS, hardness, ammonia, BOD, COD, total coliform र E. coli लगायतका parameter हरू विश्लेषण गरिएको छ।

भूमिगत पानीको नमुना संकलन गर्ने acid-washed PET बोतल प्रयोग गरिएको थियो भने ह्याण्ड पम्पको पानी संकलन गर्दा सुरुमा ५ मिनेट सम्म ह्यान्डपम्प चलाइएको थियो । गुणस्तर परीक्षणका लागि pH, temperature, Iron Arsenic, turbidity, TDS, hardness, ammonia, total coliform र E. coli लगायतका parameter हरू विश्लेषण गरिएको छ।

चित्र १४: पानीको नमुना संकलन

३.३.४ माटोको गुणस्तर परिक्षण विधि

आयोजना क्षेत्रको माटोको विद्यमान गुणस्तर मूल्याङ्कन गर्ने उद्देश्यले सतही माटो नमुना संकलन गरिएको थियो। नमुना संकलनका लागि आयोजना क्षेत्रभित्र प्रतिनिधिमूलक दुई स्थान छनोट गरिएको थियो। प्रत्येक स्थानमा माटोको माथिल्लो सतहमा रहेका झारपात, ढुंगा, जराहरू तथा अन्य अनावश्यक पदार्थ हटाई करिब ०-१५ से.मि. गहिराइबाट माटो संकलन गरिएको थियो। प्रत्येक नमुनाबाट करिब १ के.जी. माटो सफा उपकरण प्रयोग गरी संकलन गरी छुट्टाछुट्टै सफा पोलिथिन झोला वा नमुना कन्टेनरमा राखिएको थियो।

नमुना संकलन गर्दा cross-contamination हुन नदिन उपकरण सफा गरिएको तथा आवश्यक सावधानी अपनाइएको थियो। प्रत्येक नमुनामा स्थान, मिति, नमुना कोड र संकलन समय उल्लेख गरी लेबल गरिएको थियो। संकलित दुईवटा माटो नमुना प्रयोगशालामा पठाई Nitrogen (N), Phosphorus (P), Potassium (K), Soil Organic Matter (SOM) र pH परीक्षण गरिएको थियो। प्राप्त नतिजाका आधारमा आयोजना क्षेत्रको माटोको आधारभूत गुणस्तर मूल्याङ्कन गरिएको थियो।

चित्र १५: माटोको नमुना संकलन

चित्र १६: वायुको गुणस्तर मापन गर्न प्रयोग गरिएको उपकरण

चित्र १७: ध्वनिको तह मापन गर्न प्रयोग गरिएको उपकरण

३.३.५ नमुना संकलन स्थल

तालिका २८: नमुना संकलन स्थल

Latitude	Longitude	Components	Nearest chainage	Distance from canal(m)
27.896507	81.849374	Ambient Air, Noise	Ch. 10+011	2834
27.920053	81.835928	Ambient Air, Noise, Ground Water	Ch. 11+446	359
27.909732	81.870311	Ambient Air, Noise, Ground Water	Ch. 06+910	105
27.910297	81.87069	Surface soil	Ch. 06+366	25
27.902171	81.88887	Surface soil	Ch. 04+153	68
27.923082	81.837151	Surface water (Canal water)	Ch. 10+283	0
28.037147	81.946251	Surface water (Canal water)	Ch. 53+848	0

वायु गुणस्तर तथा ध्वनि स्तरको मापनका लागि Air Sampler तिन स्थानमा सञ्चालन गरिएको थियो। पहिलो स्थानमा बैशाख १४ गते बिहान ८:५७ बजे, दोस्रो स्थानमा बिहान ९:३० बजे र तेस्रो स्थानमा बिहान ११:४६ बजे Air Sampler सञ्चालन गरी प्रत्येक स्थानमा २४ घण्टा निरन्तर राखी मापन गरिएको थियो। यसरी विभिन्न समय तथा स्थानबाट वायु गुणस्तरसम्बन्धी प्रतिनिधिमूलक तथ्याङ्क संकलन गरिएको थियो।



चित्र १८: नमुना संकलन बिन्दुको GIS नक्शा

३.४ प्रभावको पहिचान, आँकलन तथा उल्लेखनीय प्रभावको मूल्याङ्कन गर्दा अपनाइएको विधि

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत अनुगमन र सन्दर्भ सामग्रीहरुको पुनरावलोकनबाट प्राप्त जानकारीका आधारमा प्रस्ताव कार्यान्वयन गर्दा फिल्डमा भौतिक, जैविक तथा सामाजिक, आर्थिक र साँस्कृतिक वातावरणमा पर्न सक्ने अनुकुल तथा प्रतिकुल असरहरुको पहिचान गरी बिश्लेषण गर्न मेट्रिक्स प्रणाली अपनाईएको छ । राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका,

२०५० को निर्देशन बमोजिम वातावरणीय प्रभाव मुल्यांकन गरिएको छ जसअनुसार वातावरणीय प्रभावको आकार, क्षेत्र र समय अवधिलाई ध्यान दिई अध्ययन गरिएको छ। वातावरणीय प्रभाव ३ वर्षसम्म रहनेलाई छोटो अवधिको प्रभाव, २० वर्षसम्म रहने प्रभावलाई मध्यम स्तरीय प्रभाव र २० बर्ष भन्दा माथि रहने प्रभावलाई लामो प्रभाव भनि वर्गीकरण गरिएको छ। सवाललाई दिईने अंकका आधारमा यिनको पहिचान तथा प्राथमिकीकरण गरिएको छ।

तालिका २९: प्रभाव विश्लेषणको आधार

आकार	अंक	क्षेत्र	अंक	समय अवधि	अंक
उच्च	६०	क्षेत्रिय	६०	दीर्घकालीन	२०
मध्यम	२०	स्थानीय	२०	मध्यकालीन	१०
मन्द प्रभाव	१०	स्थलगत	१०	अल्पकालीन	५
प्रभावको महत्व					
कुल प्राप्तांक		**महत्व**			
> ७५		अति महत्वपूर्ण			
५० - ७५		महत्वपूर्ण			
< ५०		कम महत्वपूर्ण			

(श्रोतः राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका, २०५०)

३.५ प्रभाव क्षेत्र निर्धारण

आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनका लागि प्रभाव क्षेत्रलाई प्रत्यक्ष प्रभाव क्षेत्र (Direct Impact Zone - DIZ) र अप्रत्यक्ष प्रभाव क्षेत्र (Indirect Impact Zone - IIZ) गरी वर्गीकरण गरिएको छ।

प्रत्यक्ष प्रभाव क्षेत्र : प्रत्यक्ष प्रभाव क्षेत्रअन्तर्गत प्रस्तावित नहरको क्षेत्राधिकार (ROW भित्र पर्ने क्षेत्रलाई समावेश गरिएको छ। यस क्षेत्रमा नहर निर्माण तथा सञ्चालनबाट प्रत्यक्ष रूपमा प्रभाव पर्न सक्ने भूमि, वन क्षेत्र, कृषि जमिन, पहुँच मार्ग, पानीका स्रोत, स्थानीय संरचना तथा अन्य संवेदनशील क्षेत्रहरू समेटिएका छन्। साथै, आयोजनासँग सम्बन्धित अस्थायी तथा सहायक संरचनाहरू जस्तै crusher plant, construction camp site, material storage area, उपकरण सञ्चालन क्षेत्र तथा निर्माण गतिविधि हुने स्थानहरू पनि DIZ भित्र समावेश गरिएको छ। यी क्षेत्रहरूमा धुलो, आवाज, कामदारको गतिविधि, सवारी आवागमन, माटो कटान, फोहोर व्यवस्थापन तथा स्थानीय वातावरणमा प्रत्यक्ष असर पर्न सक्ने भएकाले विशेष अध्ययन र मूल्याङ्कन गरिएको छ।

अप्रत्यक्ष प्रभाव क्षेत्र : अप्रत्यक्ष प्रभाव क्षेत्रअन्तर्गत आयोजना निर्माण तथा सञ्चालनबाट प्रत्यक्ष नभए पनि सामाजिक, आर्थिक, जैविक तथा वातावरणीय रूपमा प्रभाव पर्न सक्ने विस्तृत क्षेत्र समावेश गरिएको छ। यस अध्ययनमा IIZ का रूपमा राप्ती सोनारी गाउँपालिकाको वडा नं. ७ तथा नरैनापुर गाउँपालिकाका सम्पूर्ण वडाहरूलाई समावेश गरिएको छ। यी क्षेत्रहरूमा आयोजना कार्यान्वयनका कारण स्थानीय आवागमन, रोजगारी, स्रोत साधनको प्रयोग, बजार गतिविधि, सामाजिक सेवा सुविधा, कृषि उत्पादन तथा स्थानीय वातावरणीय अवस्थाहरूमा अप्रत्यक्ष प्रभाव पर्न सक्ने सम्भावना रहन्छ। त्यसैले DIZ मा प्रत्यक्ष तथा स्थलविशेष प्रभावहरूको विश्लेषण गरिएको छ भने IIZ मा सामाजिक आर्थिक, वातावरणीय तथा स्थानीयस्तरका अप्रत्यक्ष प्रभावहरूको अध्ययन गरिएको छ।

३.६ सार्वजनिक सुनुवाई तथा अन्तरक्रिया

SEIA अध्ययनको क्रममा सार्वजनिक सहभागिता सुनिश्चित गर्ने उद्देश्यले सार्वजनिक सुनुवाइ सम्बन्धी सूचना **मिति २०८३/०१/२६ गते प्रकाशित भएको राष्ट्रिय दैनिक पत्रिका "बुटवल टुडे"** मा प्रकाशन तथा रेडियो भूवर भवानी ९८.८ मेगाहर्ज बाट सो सूचना प्रसारण गरिएको थियो । मिति २०८३/१/३१ गते नरैनापुर गाउँपालिकाको सभाहलमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको थियो **(माईनुटको प्रतिलिपि अनुसूचीमा समावेश गरिएको छ)**। उक्त सूचनामार्फत आयोजना, सार्वजनिक सुनुवाइको मिति, समय, स्थान तथा सरोकारवालाहरूको सहभागितासम्बन्धी जानकारी सार्वजनिक गरिएको थियो। साथै, सूचना सबै सरोकारवाला पक्षसम्म पुग्ने सुनिश्चितताका लागि प्रभावित क्षेत्र तथा सम्बन्धित निकायहरूमा समेत टाँस गरिएको थियो।

चित्र १९ सार्वजनिक सुनुवाईको झलक

तालिका ३० प्राप्त राय सुझावको सुची

राय/सुझाव दिने कार्यालय/संस्था	राय/सुझाव (संक्षेपमा)	कैफियत
डिभिजन वन कार्यालय, बाँके	वातावरणीय कानुनको पालना गर्नु पर्ने	प्रचलित कानुन अनुसार गरिने
	वन्यजन्तुको लागि पानी खान मिल्ने अनुसारको प्रयाप्त संरचनागत व्यवस्था तथा जनावरको नहरमा फस्न सक्ने जोखिम क्षेत्रमा मेसवायर फेंसिंग व्यवस्था गर्नु पर्ने।	वन्यजन्तुको लागि खानेपानीको लागि अध्याय ८ अन्तर्गत ८.१ मा समावेश गरिएको छ तथा जनावर नहरमा फस्ने जोखिम न्यूनीकरणको लागि ८.२.३ अन्तर्गत नहर संचालनका चरण मा हुने प्रभाब न्यूनीकरणमा राखिएको छ
नरैनापुर गाउँपालिका	निर्माण कार्य स्थानीय सरोकारवालासंग समन्वय र सहकार्य गर्नु पर्ने।	अध्याय ८.१.१ निर्माण अवधि अन्तर्गत स्थानीय रोजगारीका अवसरमा पर्ने प्रभाव समाबेश गरिएको
नरैनापुर गाउँपालिका वडा नं १	रोजगारी सिर्जना गर्नु पर्ने।	अध्याय ८.१.१ निर्माण अवधि अन्तर्गत स्थानीय रोजगारीका अवसरमा पर्ने प्रभाव समाबेश गरिएको
	वडा नं १ मा वन क्षेत्र बाट नहर निर्माण गर्नु पर्ने, पहाडीपानी र बाढीको पानी निकासका लागी कलभट बनाउन पर्ने।	अध्याय २.३.२ आयोजनाको अवयवहरु तथा निर्माण हुने संरचनामा कलभटहरु समाबेश गरिएको
नरैनापुर गाउँपालिका वडा नं. २	वातावरणीय मापदण्ड पालना, स्थानीय रोजगारी प्रवर्द्धन तथा SEIA कार्यान्वयन गर्नुपर्ने।	अध्याय ४ मा समाबेश गरि प्रचलित कानुन अनुसार गरिने
नरैनापुर गाउँपालिका वडा नं. ३	नहरको बेड स्लोप पानी नजन्मे गरी हुनु पर्ने।	आयोजनाको अवयवहरु तथा निर्माण हुने संरचनामा समाबेश गरिएको
नरैनापुर गाउँपालिका वडा नं. ४	नहरको बेड स्लोप पानी नजन्मे गरी हुनु पर्ने।	आयोजनाको अवयवहरु तथा निर्माण हुने संरचनामा समाबेश गरिएको
नरैनापुर गाउँपालिका वडा नं. ५	निर्माण चरणमा सरसफाई कायम गर्नु पर्ने	अध्याय ८.१.१ निर्माण अवधि अन्तर्गत पर्ने प्रभावमा समाबेश गरिएको

नरैनापुर गाउँपालिका वडा नं. ६ (गंगापुर)	रोजगारीमा स्थानीयलाई प्राथमिकता दिनु पर्ने	अध्याय ८.१.१ निर्माण अवधि अन्तर्गत स्थानीय रोजगारीका अवसरमा पर्ने प्रभाव समाबेश गरिएको
राप्ती सोनारी गाउँपालिका वडा नं. ७	निर्माण सामग्रीको उचित व्यवस्थापन गर्नु पर्ने	अध्याय ७.३.१ निर्माण चरण भौतिक वातावरण भू-उपयोग परिवर्तनका कारण पर्ने प्रभावमा समाबेश गरिएको
	पानी निकासको उचित प्रबन्ध मिलाउन पर्ने	सञ्चालन चरण अन्तर्गत निकास प्रणालीमा अवरोध तथा सतही बहाव प्रणालीमा परिवर्तन
	आवश्यकता अनुसार शाखा थप गर्नु पर्ने	अध्याय २.३.२ आयोजनाको अवयवहरु अन्तर्गत आवश्यक नहरहरु समाबेश गरिएको
	नदिजन्य पदार्थ उत्खनन् गर्दा कम प्रभाव हुने विधि अपनाउने पर्ने	अध्याय ८.२.१ प्रतिकूल प्रभावहरु अन्तर्गत ८.२.२ भौतिक वातावरणमा निर्माण चरण निर्माण खानी उत्खननका कारण हुने वातावरणमा प्रभाव न्यूनीकरणमा समाबेश गरिएको
सब-डिभिजन वन कार्यालय, नरैनापुर	वातावरणीय कानुनको पालना, स्थानीय रोजगारी तथा SEIA कार्यान्वयन सुनिश्चित गर्नुपर्ने।	अध्याय ८.१.१ निर्माण अवधि अन्तर्गत स्थानीय रोजगारीका अवसरमा पर्ने प्रभाव समाबेश गरिएको
बारसीबाबा सामुदायिक वन उपभोक्ता समूह	वन तथा खेतीयोग्य जमिनमा पर्ने प्रभाव न्यूनीकरण, वृक्ष कटानको अभिलेख र क्षतिपूर्ति वृक्षारोपण गर्नुपर्ने।	वन नियमावली २०७९ (दोस्रो संसोधन समेत) अनुसार गरिने
सदावहार सामुदायिक वन उपभोक्ता समूह	सकारात्मक प्रभाव अभिवृद्धि र नकारात्मक प्रभाव न्यूनीकरणका उपायहरू कार्यान्वयन गर्नुपर्ने।	वातावरणीय व्यवस्थापन योजनामा समाबेश गरिएको
रानी सामुदायिक वन उपभोक्ता समूह	वन्यजन्तु संरक्षण, वन क्षेत्रमा हुने असर न्यूनीकरण तथा वातावरणीय मापदण्ड पालना गर्नुपर्ने।	अध्याय २.३.२ आयोजनाको अवयवहरु तथा निर्माण हुने संरचनामाहरुमा समाबेश गरिएको
सबनम हरियाली वन उपभोक्ता समूह	वनस्पति तथा वन्यजन्तुको संरक्षणमा विशेष ध्यान दिनुपर्ने।	वन नियमावली २०७९ (दोस्रो संसोधन समेत) अनुसार गरिने

शान्ति सामुदायिक वन उपभोक्ता समूह	निर्माण सामग्री व्यवस्थित व्यवस्थापन तथा प्रभावित क्षेत्रमा वृक्षारोपण गर्नुपर्ने।	निर्माण चरणमा समाबेश गरिने वन नियमावली २०७९ (दोस्रो संसोधन समेत) अनुसार गरिने
माँ दुर्गा सामुदायिक वन उपभोक्ता समूह	स्थानीय रोजगारी प्रवर्द्धन तथा वन र जलस्रोत संरक्षणमा ध्यान दिनुपर्ने।	अध्याय ८.१.१ निर्माण अवधि अन्तर्गत स्थानीय रोजगारीका अवसरमा पर्ने प्रभाव समाबेश गरिएको साथै वन नियमावली २०७९ (दोस्रो संसोधन समेत) अनुसार गरिने
उत्तमपुर गौशाला निर्माण तथा संरक्षण समिति/बाबा बर्फानी	स्थानीय आवागमन, पानी निकास, चरन क्षेत्र तथा गौशालामा न्यून असर पर्ने गरी आयोजना सञ्चालन गर्नुपर्ने।	वातावरणीय व्यवस्थापन योजनामा समाबेश गरिएको
राहत सामुदायिक वन उपभोक्ता समूह	लोपोन्मुख वनस्पति तथा वन्यजन्तुको संरक्षण र स्थानीय रोजगारीमा प्राथमिकता दिनुपर्ने।	अध्याय ८.१.१ निर्माण अवधि अन्तर्गत स्थानीय रोजगारीका अवसरमा पर्ने प्रभाव समाबेश गरिएको
दुर्गामाता सामुदायिक वन उपभोक्ता समूह	निर्माण सामग्रीको उचित व्यवस्थापन, वृक्षारोपण तथा वन्यजन्तु संरक्षणमा ध्यान दिनुपर्ने।	अध्याय ८.२.१ प्रतिकूल प्रभावहरु अन्तर्गत ८.२.२ भौतिक वातावरणमा निर्माण चरण निर्माण खानी उत्खननका कारण हुने वातावरणमा प्रभाव न्यूनीकरणमा समाबेश गरिएको साथै वन नियमावली २०७९ (दोस्रो संसोधन समेत) अनुसार गरिने
पोखरामाता सामुदायिक वन उपभोक्ता समूह	हाल प्रस्ताब गरिएको क्षेत्रबाट नभई दुर्गामाता सामुदायिक वन र पोखरामाता सामुदायिक वन उपभोक्ता सामुदायिक वनको बीच भाग बाट लग्नु पर्ने	हाल प्रस्ताब गरिएको नहर S5 को शाखा नहर हो जसमा लम्बाई ७०० मि. र चौडाई ५ मि. मात्र रहेको छ उपभोक्ता समितिले अपेक्षा गरे अनुरुपको ठुलो क्षेति हुनेछैन तथापी यस पोखरामाता सा. व. उ. स. को मूल नहर तर्फको रुख कटान भइसकेको छ । उक्त कटान गर्नु पूर्व आयोजनाले सा. व. उ. स. संग सहमति लिई सकेको थियो । अब यसको समाधान

		आयोजनाले सा. व. उ. स. समन्वय गरि गर्नेछ ।

३.६ सार्वजनिक सूचना

अध्ययनको क्रममा स्थानीय सरोकारवालाहरुसंग राय सुझाव लिन सार्वजनिक सूचना मिति २०८३/०२/०४ प्रस्तावकले प्रमाणित गरि विभिन्न सरकारी निकाय, स्थानीय तह, संघसंस्था, सा.व. मा सूचना टाँस गरि मुचुल्का संकलन गरिएको थियो भने लिखित रायसुझावको लागि मिति २०८३/०२/०७ गते प्रकाशित भएको **राष्ट्रिय दैनिक पत्रिका "बुटवल टुडे"** मा ७ दिने सूचना प्रकाशन गरिएको थियो। सो सूचना देहायको स्थानमा टाँस गरी प्रमाण समेत संकलन गरिएको थियो ।

तालिका ३१ सूचना टाँस गरिएको स्थानको सुची

क्र.सं.	कार्यालय/संस्थाको नाम	स्थान
१	नरैनापुर गाउँपालिका	नरैनापुर
२	नरैनापुर गाउँपालिका वडा नं. १	कठकुइयाँ
३	नरैनापुर गाउँपालिका वडा नं. २	लक्ष्मणपुर
४	नरैनापुर गाउँपालिका वडा नं. ३	कलाफाँटा
५	नरैनापुर गाउँपालिका वडा नं. ४	नरैनापुर
६	नरैनापुर गाउँपालिका वडा नं. ५	मटेहिया
७	नरैनापुर गाउँपालिका वडा नं. ६	गंगापुर
८	रास्ती सोनारी गाउँपालिका	अगैया, बाँके
९	रास्ती सोनारी गाउँपालिका वडा नं. ७	ललपुर
१०	डिभिजन वन कार्यालय, बाँके	नेपालगञ्ज
११	रास्ती सब-डिभिजन वन कार्यालय	मेहमानपुर
१२	नरैनापुर सब-डिभिजन वन कार्यालय	नरैनापुर
१३	वार्सिबाबा सामुदायिक वन	नरैनापुर वडा नं. ४, नौसहरा
१४	समिर सामुदायिक वन	नरैनापुर
१५	राहत सामुदायिक वन	नरैनापुर वडा नं. ३, रतहिया
१६	सबनाम हरियाली सामुदायिक वन	नरैनापुर वडा नं. ३, कलाफाँटा
१७	माँ दुर्गा सामुदायिक वन	नरैनापुर वडा नं. ३, कलाफाँटा
१८	रामजानकी-२ सामुदायिक वन	नरैनापुर वडा नं. २, लक्ष्मणपुर
१९	रानी सामुदायिक वन	नरैनापुर वडा नं. २
२०	शान्ति सामुदायिक वन	नरैनापुर वडा नं. २

२१	दुर्गामाता सामुदायिक वन	नरैनापुर वडा नं. ६, गंगापुर
२२	पोखरामाता सामुदायिक वन	राप्ती सोनारी वडा नं. ७, ललपुर

३.८ सिफारिस पत्र संकलन

पुरक वातावरणीय प्रभाव मुल्यांकन अध्ययनको क्रममा स्थानीय सरोकारवालाहरु संग राय सुझाव लिन **प्रस्तावकले प्रमाणित गरेको सूचना** टाँस गरिएको सूचनाको अधारमा देहायको स्थानबाट राय सुझाव संकलन गरिएको छ ।

तालिका ३२ सिफारिश प्राप्त कार्यालयको सूची

क्र.सं.	**कार्यालय/संस्थाको नाम**	**स्थान**
१	नरैनापुर गाउँपालिका	नरैनापुर
२	नरैनापुर गाउँपालिका वडा नं. १	कठकुइयाँ
३	नरैनापुर गाउँपालिका वडा नं. २	लक्ष्मणपुर
४	नरैनापुर गाउँपालिका वडा नं. ३	कलाफाँटा
५	नरैनापुर गाउँपालिका वडा नं. ४	नरैनापुर
६	नरैनापुर गाउँपालिका वडा नं. ५	मटेहिया
७	नरैनापुर गाउँपालिका वडा नं. ६	गंगापुर
८	राप्ती सोनारी गाउँपालिका वडा नं. ७	ललपुर
९	डिभिजन वन कार्यालय, बाँके	नेपालगञ्ज
१०	नरैनापुर सब-डिभिजन वन कार्यालय	नरैनापुर
११	वार्सिबाबा सामुदायिक वन	नरैनापुर वडा नं. ४, नौसहरा
१२	समिर सामुदायिक वन	नरैनापुर वडा नं. ४, नरैनापुर
१३	राहत सामुदायिक वन	नरैनापुर वडा नं. ३, रतहिया
१४	सबनाम हरियाली सामुदायिक वन	नरैनापुर वडा नं. ३, कलाफाँटा
१५	माँ दुर्गा सामुदायिक वन	नरैनापुर वडा नं. ३, कलाफाँटा
१६	रानी सामुदायिक वन	नरैनापुर वडा नं. २, लक्ष्मणपुर
१७	शान्ति सामुदायिक वन	नरैनापुर वडा नं. २, लक्ष्मणपुर
१८	दुर्गामाता सामुदायिक वन	नरैनापुर वडा नं. ६, गंगापुर
१९	पोखरामाता सामुदायिक वन	राप्ती सोनारी वडा नं. ७, ललपुर
२०	सदाबहार सामुदायिक वन	नरैनापुर वडा नं. ४, खोडवा

३.९ आयोजना प्रभावित क्षेत्रमा प्रत्यक्ष घरधुरी सर्वेक्षण

आयोजनाको प्रत्यक्ष प्रभाव क्षेत्र (Direct Impact Zone) अन्तर्गत नरैनापुर गाउँपालिका-४ का नौसरा र नरैनापुर गाउँपालिका-२ को गंगापुर बस्तीमा नमुना घरधुरी सर्वेक्षण गरिएको थियो। सर्वेक्षणमा कुल २१ घरधुरी समेटिएका छन्, जसमध्ये नाइसहराबाट १४ र गंगापुरबाट ७ घरधुरी छनोट गरिएको थियो। घरधुरी सर्वेक्षणका लागि प्रयोग गरिएको Check List अनुसूचीमा समावेश गरिएको छ। प्रभावित स्थानको अन्य घरधुरी बासिन्दा रोजगारीका लागि भारत गएको र केहि धार्मिक बिशेषताका कारण पहिचान खुलाउन नचाहेका कारणले गर्दा केहि कम हुन गएको थियो। नमुना घरधुरीमा कुल ३०७ जना सदस्य रहेका छन् र औसत घरधुरी आकार करिब १४.६ जना रहेको छ। सर्वेक्षण गरिएका सबै घरधुरीसँग आफ्नै कृषि जग्गा रहेको र सबै २१ घरधुरीको जग्गा आयोजना निर्माणबाट प्रभावित हुने देखिएको छ। नमुना घरधुरीको कुल प्रभावित जग्गा करिब ६०.२२ कठ्ठा रहेको छ। मुख्य बाली धान तथा गहुँ रहेको छ भने सबै घरधुरीमा सिँचाइ सुविधाको अभाव देखिएको छ। खानेपानीको प्रमुख स्रोत नल्का/भूमिगत पानी रहेकोमा करिब ७६ प्रतिशत घरधुरीले पानीको गुणस्तर कमजोर रहेको बताएका छन्। घर/संरचनामा प्रत्यक्ष क्षति नदेखिए पनि जग्गा, सामुदायिक वन तथा स्थानीय प्राकृतिक स्रोतमा आयोजनाको प्रभाव पर्ने देखिन्छ।

चित्र २० प्रभावित क्षेत्रको घरधुरी सर्वेक्षण

तालिका ३३ : आयोजनाले प्रभावित गर्ने घर धुरीको विवरण

नरैनापुर ९ क						
क्र. स.	जग्गाधनीको नाम	वार्ड नं.	सिट नं.	कित्ता नं.	नहरमा परेको क्षे. फ.	कैफियत
१	वसिर खाँ	२	९क	६	७८१.८२	
२	रपिपका पठानीन	२	९क	३०	११०.८४	
३	फेला नपरेको	२	९क	४०	१७७०.१	
४	फेला नपरेको	२	९क	६६	१०२६.३	
५	अकबाल खाँ	२	९क	६९	८.३९	
६	बाउर अहिर	२	९क	७७	१४५१.७२	
७	अब्दुल गनी हलवाई	२	९क	८४	१२३८.१	
८	फेला नपरेको	२	९क	८७	२.१९	
९	फेला नपरेको	२	९क	१६१	३५६.२६	
१०	फेला नपरेको	२	९क	१७२	१२७.५५	
११	अग्गीराम यादव	२	९क	१७३	५२५.४५	
१२	लिलावती यादव	२	९क	१७४	३७८.७७	
१३	फेला नपरेको	२	९क	१८५	२०६.१७	
१४	रफिक भाँड	२	९क	१९२	४३२.७७	
१५	रपिपका भाँड	२	९क	१९३	१०५१.५	
१६	अब्दुल हक खाँ	२	९क	१९४	२२९.५३	
१७	जाकरुन बेगम पठानीन	२	९क	१९६	१०४७.८	
१८	घोरही खाँ	२	९क	२०१	२०९.१४	
१९	मतिन खाँ	२	९क	२०२	८३४.२६	
२०	मुस्ताफ खाँ	२	९क	२०७	३३६.०३	
२१	नसिम खाँ	२	९क	२०८	३२१.८५	
२२	हारुन अहमद खाँ	२	९क	२२३	५३३.७१	
२३	मोहम्मद खाँ	२	९क	२५५	४१२.४२	
२४	गजमर खाँ	२	९क	२५६	७९४.४४	
२५	केशरा पठानीन	२	९क	२८५	२१९.२३	
२६	जलिल खाँ	२	९क	३०३	५१३.३२	
२७	छेडन खाँ	२	९क	३०४	३७३.७	
२८	छेडन खाँ	२	९क	३०९	७८५.१	
२९	जलिल खाँ	२	९क	३१०	२५५.४३	
३०	छेडन खाँ	२	९क	३१२	२९६.१३	
३१	जलिल खाँ	२	९क	३१३	१६९.६७	

३२	ननमुत खाँ	२	९क	३१४	१७६.२३	
नरैनापुर १घ						
क्र. स.	जग्गाधनीको नाम	वार्ड नं.	सिट नं.	कित्ता नं.	नहरमा परेको क्षे. फ.	कैफियत
३३	वेन्हु खाँ	४	१घ	२०	१२०९.९	
३४	राजेश, राकेश र सन्तोष श्रीवास्तव	४	१घ	२४	११८५.८	
३५	राकेश श्रीवास्तव	४	१घ	२५	११९०.३	
३६	इमाइल खाँ	४	१घ	२६	९४७.७६	
३७	नबी खाँ	४	१घ	५९	१०५३.२	
३८	जाबिर खाँ, वारिस खाँ	४	१घ	६१	१०९३.९६	
३९	फेला नपरेको	४	१घ	८९	११८३.३६	
४०	फौज्दार खाँ	४	१घ	९०	३८२.८३	
४१	फेला नपरेको	४	१घ	९३	६३३.२७	
४२	सोनपता धोवी	४	१घ	९४	५९४.८९	
४३	इद्रिस खाँ	४	१घ	१२१	४९७४.७७	
४४	युसुफ खाँ	४	१घ	१२२	१९१.४९	
४५	फेला नपरेको	४	१घ	१४१	१२९७.८	
४६	इजराइल खाँ	४	१घ	१६६	२४.७३	
४७	हजारी खाँ	४	१घ	१६९	२१०९.१२	
४८	मिकाइल खाँ	४	१घ	१७०	६९.१४	
४९	चेतराम धोवी	४	१घ	१७३	५.४	
५०	राम चन्द्र धोवी	४	१घ	१७४	६०.५	
५१	चेतराम धोवी	४	१घ	१७५	२७६.१९	
५२	राम चन्द्र धोवी	४	१घ	१७६	१९५.५	
५३	चेतराम धोवी	४	१घ	१८१	४०६.८६	
५४	राम चन्द्र	४	१घ	१८२	४५४.२४	

(स्रोत : स्थलगत अध्ययन २०८३)

३.१० प्रतिवेदन तयारी

स्थलगत अध्ययन र अन्य स्रोतबाट प्राप्त तथ्याङ्कको विश्लेषणबाट प्रस्तावित आयोजनाको वातावरणीय तथा सामाजिक प्रभावहरूको पहिचान, मूल्याङ्कन तथा विश्लेषण गरी प्रचलित कानुनी व्यवस्था, स्वीकृत कार्यसूची तथा अध्ययन प्रतिवेदनको ढाँचाका आधारमा प्रतिवेदन तयार गरिएको छ। अध्ययनका क्रममा पहिचान भएका सकारात्मक तथा नकारात्मक प्रभावहरूको विश्लेषण गरी तिनको न्यूनीकरण, रोकथाम तथा व्यवस्थापनका लागि आवश्यक उपायहरू प्रस्ताव गरिएको

छ। साथै वातावरणीय व्यवस्थापन योजना, अनुगमन योजना, कार्यान्वयन समयतालिका तथा जिम्मेवार निकायहरू समेत समावेश गरी प्रतिवेदन तयार गरिएको छ।

अध्याय ४ प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति ऐन, नियम, निर्देशिका, मापदण्ड, सन्धि, सम्झौता

४.१ नेपालको संबिधान

दस्तावेज	खण्ड	सम्बन्धित बुँदा
संविधान	भाग-३ मौलिक हक र कर्तव्य	**धारा ३०. स्वच्छ वातावरणको हक** १) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ। २) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिवापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। **धारा ३५. स्वास्थ्य सम्बन्धी हक** ३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ।
संविधान	भाग-४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व	**५१. राज्यका नीतिहरूः (च) विकास सम्बन्धी नीति** (२) विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिँदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा भौतिक पूर्वाधारको विकास गर्ने। (३) विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने। **(छ) प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीतिः** (१) राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन र वातावरण अनुकूल रूपमा दिगो उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्ने। प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने।

४.२ योजना, नीतिहरू तथा रणनीति

क्र. सं.	नीति	खण्ड	सम्बन्धित बुँदा

१	**सोह्रौ योजना (२०८१/८२ - २०८५/८६)**	-	१६ औं पञ्चवर्षिय आवधिक योजनाले आर्थिक वर्ष २०८५-८६ मा आर्थिक वृद्धिदर अहिले (२०८०-८१) कोभन्दा लगभग दोब्बर हुने लक्ष्य राखेको छ। १६ औं योजनाको अन्तिम वर्ष अर्थात् आव २०८५/८६ मा आर्थिक वृद्धि ७.३ प्रतिशत पुग्नेछ भने प्रतिव्यक्ति आय २४१३ डलर पुऱ्याउने सरकारको योजना छ। यस्तै निरपेक्ष गरिबी हालको २०.३ प्रतिशतलाई घटाएर १२ प्रतिशतमा झारिनेछ। १६ औं योजना कार्यान्वयन गर्दा योजना अवधिभरको औसत आर्थिक वृद्धिदर ७.१ प्रतिशत कायम गरिने योजना छ। जसअनुसार आव २०८१/८२ मा ६ प्रतिशत, २०८२/८३ मा ६.६ प्रतिशत, २०८३/८४ मा ७.२ प्रतिशत, २०८४/८५ मा ८.१ प्रतिशत र २०८५/८६ मा ७.३ प्रतिशतको आर्थिक वृद्धि हासिल हुनेछ। यसरी नेपालको अर्थतन्त्रको आकार १०५ खर्ब १२ अर्ब ५४ करोड रुपैयाँ पुग्नेछ। यो उपलब्धि अबका आवमा क्रमशः ६६ खर्ब, ७४ खर्ब, ८३ खर्ब र ८४ खर्ब हुँदै हासिल हुने सरकारको योजना छ।
२	**फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९**		**उद्देश्यः** १. घरेलु, औद्योगिक र सेवा क्षेत्रबाट उत्पादन हुने फोहोरमैलाको व्यवस्थापनसम्बन्धी कानून तथा मापदण्डलाई मार्गदर्शन गर्नु। २. फोहोरमैलाबाट हुने वातावरणीय प्रदूषण र जनस्वास्थ्यमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्नु। ३. फोहोरमैला व्यवस्थापनमा सङ्घीय एकाइहरूको भूमिका स्पष्ट गर्नु। ४. फोहोरमैला व्यवस्थापनमा नवीनतम प्रविधिको उपयोग र लगानी प्रवर्द्धनलाई प्रोत्साहन गर्दै फोहोरलाई स्रोतको रूपमा परिचालन गरी अर्थतन्त्रमा योगदान गर्नु।
३	**राष्ट्रिय जलस्रोत नीति, २०७७**		नेपालको संविधानमा व्यवस्था भएअनुरूप प्राकृतिक स्रोत साधनको संरक्षण, सम्बर्द्धन तथा

			बहुउपयोगी विकास र दिगो रूपमा उपयोग गर्नका निमित्त दिशानिर्देश गर्ने, जलस्रोतको क्षेत्रमा रहेका वर्तमान समस्याहरूलाई सम्बोधन गर्न तथा भविष्यमा उत्पन्न हुन सक्ने समस्याहरूलाई न्यूनीकरण गर्दै उपलब्ध जलस्रोतको अधिकतम एवं दिगो उपयोग गरी देशलाई समृद्ध बनाउने उद्देश्यले यो नीति तर्जुमा गरिएको हो। यस नीतिले नदी बेसिनहरूलाई जलविद्युत, सिंचाइ, पर्यटन, मत्स्यपालन, जलयातायात जस्ता जलस्रोत उपयोगका लागि निर्माण भइसकेका र भविष्यमा निर्माण हुने योजनाहरू नदी बेसिन योजना तथा जलस्रोतसम्बन्धी क्षेत्रगत गुरुयोजनाअनुसार सम्बन्धित क्षेत्रका निकायहरू मार्फत निर्माण र व्यवस्थापन गरिने व्यवस्था गरेको छ। नदी बेसिनहरूको समष्टिगत प्रभाव मूल्याङ्कन, रणनीतिक वातावरणीय मूल्याङ्कन, आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण जस्ता अध्ययन तथा विश्लेषणको आधारमा जलस्रोतको उपयोग र व्यवस्थापन गरिनेछ।
	पेशाजन्य स्वास्थ्य र व्यक्तिगत सुरक्षा नीति, २०७७	**६. रणनीति तथा कार्य नीतिहरू**	खास गरी निर्माण स्थल/काम स्थलमा OHS (Occupational Health and Safety) को कुरा गर्दा निर्माण व्यवसायी मार्फत गराउनुपर्ने हुन्छ र त्यसैले सम्झौतामा उपयुक्त प्रावधानहरू राखी टेन्डरका कागजपत्र तयार गरिँदा निम्न कुराहरूमा अनिवार्य रूपमा समावेश गराउनुपर्नेछः • पर्याप्त बजेटको व्यवस्था • Health and Safety Management Plan • सम्बन्धित आवश्यक बीमाको प्रावधान र चाहिने रकमको प्रावधान • Motivation को लागि Training / Awareness को व्यवस्था आदि
५	**राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६**	**७. उद्देश्य**	**ग.** न्यून कार्बन उत्सर्जन विकासको अवधारणा अवलम्बन गर्दै हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने ।
		८. नीति	**झ.** REDD+ तथा Clean Development Mechanism मार्फत कार्बन सञ्चितिबाट प्राप्त

			आर्थिक लाभको न्यायोचित वितरण गरिनेछ । **८.५ उद्योग, यातायात तथा भौतिक पूर्वाधार घ.** भौतिक पूर्वाधारहरूको डिजाइन र निर्माण गर्दा जलवायुजन्य जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ ।
६	**राष्ट्रिय वातावरण नीति, २०७६**	**६. लक्ष्य**	प्रदूषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चितता गर्ने ।
		७. उद्देश्य	**१.** जल, वायु, माटो, ध्वनि, विद्युत-चुम्बकीय तरङ्ग, रासायनिक तथा रेडियोधर्मी लगायत सबै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण र न्यूनीकरण गर्ने ।
		८. नीति	**८.२ वातावरणीय मूलप्रवाहीकरण १.** वातावरणीय प्रभावको सीमा, परिमाण र अवधिका आधारमा प्रस्ताव कार्यान्वयन गर्नु पूर्व नै प्रस्तावको स्वीकृति प्रक्रियालाई पारदर्शी र सरलीकरण गरिनेछ । **२.** वातावरण र विकासबीच सन्तुलन हुने गरी उपयुक्त विकल्पको छनोट गरी आयोजना सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । **३.** वातावरणीय प्रभावबाट उत्पन्न प्रतिकूल प्रभाव न्यूनीकरण र अनुकूलन प्रभाव अभिवृद्धिका लागि प्रस्तावकले आवश्यक रकम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नै छुट्याउने व्यवस्था गरिनेछ । **८.५ दिगो विकास** भौतिक पूर्वाधारको निर्माण गर्दा वातावरणमैत्री संरचना निर्माण गरिनेछ ।
७	**राष्ट्रिय वन नीति, २०७५**	**६.१ लक्ष्य**	वन, संरक्षित क्षेत्र, जलाधार, जैविक विविधता, वन्यजन्तु र वनस्पतिको दिगो र सहभागितामूलक व्यवस्थापनबाट वन्यजन्तु तथा वनस्पतिको दिगो र सहभागितामूलक व्यवस्थापनद्वारा वनजन्य वस्तु तथा सेवाको उत्पादन एवं मूल्य अभिवृद्धि र तिनको वितरण गर्नु रहेको छ ।

		६.२ उद्देश्य	४. वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण, पुनर्स्थापना र दिगो उपयोग गर्ने । ११. वन क्षेत्रको अध्ययन, अनुसन्धान, प्राविधिक गुणस्तर तथा क्षमता अभिवृद्धि गर्ने ।
		८. नीति	८.२ वन स्रोतको दिगो, सहभागितामूलक र उत्तरदायी व्यवस्थापन । ८.३ हरित उद्यम विकास र राष्ट्रिय समृद्धिमा योगदान । ८.४ जैविक विविधता संरक्षण । ८.७ अनुसन्धान र क्षमता विकास ।
८	**राष्ट्रिय भूमि नीति, २०७५**	**६.३ उद्देश्य**	३. वातावरणीय सन्तुलन, खाद्य सुरक्षा, व्यवस्थित पूर्वाधार विकास तथा सुरक्षित बसोबासका लागि भूमिको महत्तम उपयोग र व्यवस्थापन सुनिश्चित गर्ने। ५. विकास निर्माणका लागि भूमि प्राप्तिलाई सहज वातावरण सिर्जना गर्ने र विकास आयोजनाको लागत जग्गा प्राप्तिका कारण बढ्न नदिने व्यवस्था सुनिश्चित गर्ने।
		७. नीति	१.२ भू-स्वामित्वलाई सुरक्षित, द्विविधारहित र व्यवस्थित गरिनेछ। १.८ समुदायले परम्परादेखि सामूहिक रूपमा उपयोग गरिरहेको जग्गाको संरक्षण गरिनेछ।
९	**विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५**	**सम्बन्धित नीतिहरू**	• प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवं सामाजिक पूर्वाधार, सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिलाई उल्लेख्य रूपमा कम गर्नु यस नीतिको प्रमुख उद्देश्य रहेको छ। • विकासका भौतिक पूर्वाधारहरूको डिजाइन तथा निर्माणका क्रममा जोखिम सुरक्षित पूर्वाधार नीति अवलम्बन गरिनेछ। साथै जलवायु परिवर्तन अनुकूलित पूर्वाधार निर्माणलाई समेत प्रोत्साहित गरिनेछ।

१०	**वन क्षेत्र रणनीति, २०७३**	**५. उद्देश्य**	**क)** वन सम्बन्धी अध्ययन/अनुसन्धान तथा सर्वेक्षण गरी नेपालको वनस्रोतको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोगबारे वैज्ञानिक पद्धतिहरूको विकास गर्ने।
		६. रणनीति	**१.** वन अनुसन्धान अनुकूल नीतिगत सुदृढीकरण गर्ने। **३.** वन अनुसन्धान/सर्वेक्षणको क्षेत्रमा योग्य, सक्षम र सबल जनशक्ति निर्माण गर्ने। **८.** अनुसन्धान नतिजाहरूको प्रभावकारी प्रचार-प्रसार तथा सूचना प्रवाह गर्ने।
११	**भू-उपयोग नीति, २०७२**	**५. दीर्घकालीन दृष्टिकोण**	उपलब्ध भूमि र भूमिस्रोतको समुचित (optimum) उपयोग गरी दीगो रूपमा सामाजिक, आर्थिक तथा वातावरणीय विकास र समृद्धि हासिल गर्ने।
		८. नीति तथा रणनीति	**नीति २ : रणनीति ३ (ग)** भौतिक पूर्वाधार विकास र वातावरण बीच सन्तुलन कायम गर्ने। **(ङ)** भौगोलिक एवं भूगर्भिक अध्ययनका आधारमा सबै प्रकारका जोखिमयुक्त क्षेत्र पहिचान गर्ने। **(छ)** जैविक विविधताको संरक्षण तथा सम्बर्द्धन सुनिश्चित गर्ने।
१२	**जल उत्पन्न प्रकोप व्यवस्थापन नीति**	**नीति : १.६.७**	जोखिम रहित बगर तथा उकास जग्गा प्रयोगका लागि निजी क्षेत्रले चाहेमा सोको उपयोग गर्नु पूर्व नेपाल सरकारको अनुमति अनिवार्य रूपमा लिनुपर्ने व्यवस्था गरिएको।
१२	**जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२**	**नीति : १.६.९**	जल उत्पन्न प्रकोप नियन्त्रण तथा व्यवस्थापनमा निजी क्षेत्र, सहकारी तथा समुदायमा आधारित प्रकोप प्रभावित उपभोक्ता समूहलाई समेत सहभागी गराइने।
१३	**राष्ट्रिय रोजगार नीति, २०७१**	**नीति : १०.४९ जलस्रोत/ऊर्जा क्षेत्र**	देशमा आवश्यकता, सम्भाव्यता र क्षमताका आधारमा ठूला, मझौला र साना जलविद्युत आयोजनाको निर्माण गरी प्रत्यक्ष रोजगार सृजनामा जोड दिइनेछ।

१४	**पूर्वाधार विकास आयोजनाका लागि जग्गा प्राप्ति, पुनर्वास तथा पुनर्स्थापना सम्बन्धी नीति, २०७१**	**६.४ उद्देश्य**	**६.४.१** आयोजनाको कार्यान्वयनबाट स्थानीय व्यक्ति, परिवार वा समुदाय विस्थापन नै नहुने वा सकेसम्म न्यून विस्थापन हुने अवस्था सिर्जना गर्ने। **६.४.२** आयोजनाबाट विस्थापनको अवस्था आइपरेमा प्रभावित व्यक्ति, परिवार वा समुदायलाई आयोजनाबाट पर्ने प्रतिकूल प्रभावहरूलाई न्यूनीकरण गर्दै प्रभावित परिवारहरूलाई क्षतिपूर्ति तथा आर्थिक-सामाजिक लाभका अवसरहरू उपलब्ध गराउने।
		७. नीति	**७.१.२** आयोजना छनोट गर्दा सोबाट हुन सक्ने भौतिक र आर्थिक-सामाजिक विस्थापनलाई न्यूनीकरण गर्ने गरी तयार गरिएको विकल्पलाई प्राथमिकता दिने। **७.२.२** आयोजनाबाट प्रभावित व्यक्ति/परिवारहरूको जीवनस्तर आयोजना लागू हुनुभन्दा पहिलेकै अवस्था सुनिश्चित गर्न पुनर्वास तथा पुनर्स्थापना योजना तयार गर्ने।
१५	**विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०)**	**प्राथमिकता प्राप्त क्षेत्र ३**	विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत् जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्द्धन गर्ने।
१६	**राष्ट्रिय सिमसार नीति, २०६९**	**३.३ उद्देश्य**	**३.३.१** सिमसार क्षेत्रको संरक्षण, पुनर्स्थापना र प्रभावकारी व्यवस्थापन गरी जैविक विविधता र वातावरण संरक्षण गर्ने।
		४. नीति	**४.१** स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका सिमसार क्षेत्रहरूको पहिचान गर्दै पर्यावरणीय, सामाजिक र आर्थिक महत्वका आधारमा प्राथमिकीकरण गरी त्यस्ता क्षेत्रहरूको संरक्षण, पुनर्स्थापना तथा व्यवस्थापन गरिनेछ। **४.४** विकास आयोजना सञ्चालन गर्दा विद्यमान सिमसार क्षेत्रहरूको गुणस्तरमा ह्रास तथा क्षेत्रफलमा कमी नआउने गरी मात्र सञ्चालन गरिनेछ।

४.३ ऐन तथा नियमावली

	ऐन	खण्ड/दफा	सम्बन्धित बुँदा
१.	वातावरण संरक्षण ऐन, २०७६	दफा ३: वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने	१. प्रस्तावकले तोकिए बमोजिमको प्रस्तावको तोकिए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्नेछ। ५. वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ।
		दफा ४: विकल्पको विस्तृत विश्लेषण गर्नुपर्ने	१. प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदनमा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणका लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्पमध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नुपर्नेछ। २. वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावकले आयोजना कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रारम्भिक, मध्यकालीन एवं दीर्घकालीन प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणका लागि अवलम्बन गर्नुपर्ने विधि तथा प्रक्रिया समेत उल्लेख गर्नुपर्नेछ।
		दफा ८: प्रस्ताव कार्यान्वयन गर्न नहुने	कसैले पनि वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई कुनै पनि प्रस्ताव कार्यान्वयन गर्न वा गराउन हुँदैन।
		दफा १२: सेवा सुरु भएपछि वातावरणीय परीक्षण गर्ने	प्रस्तावले आफ्नो सेवा सुरु गरेको मितिले २ वर्ष पूरा भएपछि ६ महिना भित्र वातावरण मन्त्रालय वा तोकेको निकायले वातावरणीय परीक्षण गरी वातावरणीय परीक्षण अद्यावधिक रूपमा राख्नुपर्नेछ।
२.	वातावरण संरक्षण ऐन, २०७६	दफा १३: रोक लगाउन सक्ने	कसैले पनि वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन भन्दा विपरीत हुने गरी आयोजना कार्यान्वयन गरे त्यस्तो आयोजनामा रोक लगाउन सक्ने।

	लुम्बिनी प्रदेश वातावरण संरक्षण ऐन, २०७७	**दफा ३: वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने**	१. प्रस्तावकले तोकिए बमोजिमको प्रस्तावको तोकिए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्नेछ। ५. वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ।
३.	**भू-उपयोग ऐन, २०७६**	**दफा ८ को (७) (ख)**	राष्ट्रिय गौरवका वा प्राथमिकता प्राप्त विकास आयोजनाहरू, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र लगायतका आयोजना स्थापना गर्नुपर्ने स्थानमा नेपाल सरकारले विद्यमान भू-उपयोग परिवर्तन गर्न सक्ने।
४.	**वन ऐन, २०७६**	**दफा ३**	राष्ट्रिय वनको भू-स्वामित्व।
		दफा ५	जग्गा प्राप्त गर्न सक्ने व्यवस्था।
		दफा ७	जग्गा दर्ता गर्न नहुने सम्बन्धमा।
		दफा १२	वन क्षेत्र भित्र बसोबास वा पुनर्वास नगरिने।
		दफा ४१	वन क्षेत्रको भू-उपयोग परिवर्तन सम्बन्धी व्यवस्था।
		दफा ४५	वन क्षेत्रको प्रयोग।
५.	**जन स्वास्थ्य सेवा ऐन, २०७५**	**दफा ४०**	ध्वनि र वायु प्रदूषणसम्बन्धी व्यवस्था।
		दफा ४१	सरसफाइ तथा फोहोरमैला व्यवस्थापन।
		दफा ४४	जोखिमयुक्त क्षेत्रमा काम गर्ने कामदारको स्वास्थ्य सुरक्षा सम्बन्धी।
६.	**श्रम ऐन, २०७४**	**दफा ५**	बालबालिकालाई काममा लगाउन नहुने।
		दफा ६	भेदभाव गर्न नहुने।
		दफा ७	समान कामको लागि पारिश्रमिकमा भेदभाव गर्न नहुने।
		दफा ११	रोजगार सम्झौता नगरी काममा लगाउन नहुने।
		दफा २३	विदेशीलाई नेपालमा काम गर्न श्रम स्वीकृति लिनुपर्ने।
		दफा २८	काम गर्ने समय।
		परिच्छेद ९ (दफा ४० देखि ४५, ४८)	बिदासम्बन्धी व्यवस्था।

		दफा ८०	सङ्क्रामक रोग नियन्त्रणको व्यवस्था मिलाउनुपर्ने।
		दफा ८५	निर्माण श्रमिक सम्बन्धी विशेष व्यवस्था।
७.	**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४**	**दफा २०**	सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व अन्तर्गत सो संस्था तथा प्रतिष्ठानहरूले आफ्नो क्षेत्रभित्र विपद्का घटना हुन नदिन विशेष व्यवस्था गर्नुपर्ने र आफ्ना कर्मचारी तथा कामदारहरूलाई विपद् व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्नुपर्ने।
८.	**मुलुकी देवानी संहिता ऐन, २०७४**	-	**कानूनको अज्ञानता क्षम्य हुने छैनः** कानून सबैले जानेको अनुमान गरिनेछ। **सार्वजनिक हित विपरीत हुने गरी काम गर्न नपाउनेः** कसैले पनि सार्वजनिक हित विपरीत हुने गरी कुनै काम कारबाही गर्न पाउने छैन। **कानून विपरीतको काम अमान्य हुनेः** कानून विपरीतको काम अमान्य हुनेछ। **विदेशीको हकमा पनि लागू हुनेः** विषय, प्रसङ्ग वा प्रकृतिले कुनै कानूनी व्यवस्था नेपाली नागरिकलाई मात्र लागू हुने अवस्थामा बाहेक यो संहिता वा देवानी कानून सम्बन्धी अन्य प्रावधान विदेशीको हकमा पनि समान रूपमा लागू हुनेछ।
९.	**मुलुकी फौजदारी संहिता, २०७४**	**परिच्छेद-२, दफा ३**	**कसूरको सूचना तथा अनुसन्धान सम्बन्धी व्यवस्था** १) अनुसूची-१ मा उल्लिखित कुनै कसूर भएको, भइरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले त्यस्तो कसूरका सम्बन्धमा आफूसँग भएको वा आफूले देखे जानेसम्मको सबुद प्रमाण खुलाई त्यस्तो कुराको लिखित जाहेरी दरखास्त वा मौखिक सूचना वा विद्युतीय माध्यमको सूचना अनुसूची-५ बमोजिमको ढाँचामा नजिकको प्रहरी कार्यालयमा यथाशीघ्र दिनुपर्नेछ।
११.	**राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त**	**दफा १४**	प्राकृतिक स्रोतको परिचालन गर्दा लिइने आधारका सम्बन्धमा। राजस्वको बाँडफाँट गर्दा लिइने आधार सम्बन्धमा।

	आयोग ऐन, २०७४		
१२.	**सङ्कटापन्न वन्यजन्तु तथा वनस्पति अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३**	**दफा ३**	दुर्लभ वा लोपोन्मुख वन्यजन्तु वा वनस्पति वा सोको नमूनाको कारोबार वा व्यापार गर्न वा गराउन नहुने।
		दफा ८ (१)	संरक्षित वन्यजन्तुको पालनपोषण गर्न वा संरक्षित वनस्पति रोप्न, हुर्काउन वा त्यस्तो वन्यजन्तु वा वनस्पतिको नमूना आफूसँग राख्न, प्रयोग गर्न, उत्पादन गर्न, बिउको रूपमा व्यापार गर्न, ओसारपसार गर्न वा निकासी वा पैठारी गर्न चाहने व्यक्ति, संस्था वा निकायले अनुमति पत्र लिनुपर्नेछ।
१४.	**स्थानीय सरकार सञ्चालन ऐन, २०७४**	**दफा ११; गाउँपालिका तथा नगरपालिकाको अधिकार**	**उपदफा २ (छ)** ८. सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा आयोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग। **उपदफा २ (झ)** ५. स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन। ६. सरसफाइ सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन। **उपदफा २ (ञ)** १२. वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन। **उपदफा २ (ढ)** ४. सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण। **उपदफा २ (ण)** १. कृषि वातावरण संरक्षण तथा जैविक विविधता संरक्षण र प्रवर्द्धन। **उपदफा ४ (ङ)** १. वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन र नियमन।
१५.	**फोहोरमैला व्यवस्थापन**	**दफा ४ (३,२)**	फोहोरमैला व्यवस्थापन गर्ने दायित्व।
		दफा ५ (२)	फोहोरमैलाको उत्पादन कम गर्ने।

	ऐन, २०६८	दफा ६ (२)	फोहोरमैला पृथकीकरण।
		दफा ७ (२)	फोहोरमैला निष्काशन।
१६.	बिरुवा संरक्षण ऐन, २०६४	दफा ६ (ग-१)	सङ्क्रमण क्षेत्रको पहिचान गरी क्वारेन्टाइन प्रक्रियाबाट सो क्षेत्रमा बिरुवा तथा बिरुवाजन्य उपजको संरक्षण गर्ने गराउने।
		दफा १८	क्वारेन्टाइन शत्रुजीवको सूचना दिन सक्ने।
१७.	बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६	दफा ३: बालकलाई काममा लगाउन नहुने	१. कसैले पनि चौध वर्ष पूरा नगरेका बालकलाई श्रमिकको रूपमा काममा लगाउन हुँदैन।
		दफा ६: स्वीकृति लिनुपर्ने	१. कुनै प्रतिष्ठानले बालकलाई काममा लगाउनुपरेमा सम्बन्धित श्रम कार्यालयमा वा सो कार्यालयले तोकेको अन्य कुनै निकाय वा अधिकारी र बालकको बाबु, आमा वा संरक्षकको स्वीकृति लिनुपर्नेछ।
		दफा ९: काममा लगाउने समय	१. बालकलाई बेलुका ६ बजेदेखि बिहान ६ बजेसम्मको अवधिभर काममा लगाउनु हुँदैन।
		दफा ९: काममा लगाउने समय	२. बालकलाई काममा लगाउँदा दिनमा ६ घण्टा र एक सातामा छत्तीस घण्टा भन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउनु हुँदैन। ३. बालकलाई प्रत्येक दिन लगातार तीन घण्टा काम गरेपछि आधा घण्टा आराम गर्ने समय र प्रत्येक सातामा एक दिनको बिदा दिनु पर्नेछ।
		दफा १०: पारिश्रमिक र सुविधा	२. प्रतिष्ठानले श्रमिकको रूपमा काम गर्ने बालकलाई लिङ्ग, वर्ण, धर्म वा जातजातिको आधारमा कुनै भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनु पर्नेछ।
१८.	जलस्रोत ऐन, २०४९	दफा ४	अनुमति प्राप्त नगरी ऐनको दफा ४ को उपदफा २ बाहेकका कार्य बाहेक अन्य कार्यका लागि जलस्रोत उपयोग गर्न नपाइने।
		दफा ७	जलस्रोतको प्राथमिकता क्रम सम्बन्धी व्यवस्था।
		दफा ८	अनुमति पत्रको व्यवस्था।

		दफा १०	नेपाल सरकारले आफैंले कुनै जलस्रोतको उपयोग वा विकास गर्नेमा यो ऐन बाधकको रूपमा नरहने।
		दफा १६	अरूको घर जग्गा उपयोग वा प्राप्त गर्न सक्ने सम्बन्धी व्यवस्था।
		दफा १९	जलस्रोतलाई प्रदूषित गर्न नहुने।
		दफा २०	वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुने।
१९.	**भू तथा जलाधार संरक्षण ऐन, २०३९**	**दफा १०**	प्राकृतिक प्रकोप हुने वा हुन सक्ने जग्गामा निषेधित कार्य गर्ने कानुनी व्यवस्था (क, ख, ग, घ, ङ, च बुँदाहरू)।
		दफा २४	नेपाल सरकारले कुनै जलस्रोतको विकास आफैंले गर्न यस ऐनमा लेखिएका कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।
२०.	**जग्गा प्राप्ति ऐन, २०३४**	**दफा ३**	सार्वजनिक कामको लागि जग्गा प्राप्त गर्ने नेपाल सरकारको अधिकार।
		दफा ४	संस्थाको लागि जग्गा प्राप्त गराई दिन सक्ने सम्बन्धी व्यवस्था।
		दफा ७	नोक्सानी बापत क्षतिपूर्ति दिइने।
२१.	**भूमि सम्बन्धी ऐन, २०२१**	**दफा ५१ (छ)**	एउटा प्रयोजनको लागि वर्गीकरण गरिएको जग्गा तोकिएको समितिले दिएको प्राविधिक प्रतिवेदन र भू-उपयोग परिषद्को सिफारिस समेतको आधारमा नेपाल सरकारको स्वीकृतिबिना अर्को प्रयोजनको लागि उपयोगमा लगाउन पाइने छैन।
२२.	**२३. क्षतिपूर्ति ऐन, २०१९**	**दफा ३ (१)**	सार्वजनिक हितको लागि कुनै सम्पत्ति प्राप्त गर्न आवश्यक सम्झेमा नेपाल सरकारले सो सम्पत्ति प्राप्त गर्न सक्नेछ।
२३.	**जलचर संरक्षण ऐन, २०१७**	**दफा ३ : जलचर समाउने तथा मार्ने तरिकाहरूमा प्रतिबन्ध**	कुनै व्यक्तिले पनि कुनै जलमा रहेको कुनै जलचरलाई समाउने तथा मार्ने अभिप्रायले जानी-जानी त्यस्तो जलमा वा त्यसको आसपासमा कुनै किसिमको विद्युतीय धार (करेन्ट), विष्फोटक पदार्थ वा विषालु पदार्थको प्रयोग गर्न हुँदैन।

		दफा ३ (क): फिस ल्याडर तथा संरचनाका ढोका थुन्न वा भत्काउन नहुने	अधिकार प्राप्त व्यक्ति बाहेक अरू कसैले पनि जलचरको संरक्षणका लागि जलमा रहेको फिस ल्याडर, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोका थुन्न वा भत्काउन हुँदैन।
		दफा ४	केही खास प्रकारका जलचरहरूलाई समाप्त, मार्न तथा चोट पुऱ्याउन मनाही गर्ने।
		दफा ५	केही खास जलमा जलचरहरूलाई समाप्त, मार्न तथा चोट पुऱ्याउन मनाही गर्ने नेपाल सरकारको अधिकार।
		दफा ५ (ख): जलचर सम्बन्धी अन्य व्यवस्था	१. विद्युत, खानेपानी, सिंचाइ वा अन्य कुनै प्रयोजनको लागि बाँध निर्माण गर्ने निकायले जलचरको आवागमनमा बाधा पर्न नदिनको लागि सम्भव भएसम्म फिस ल्याडर निर्माण गर्नुपर्नेछ। फिस ल्याडर निर्माण गर्न सम्भव नहुने भएमा त्यस्तो ठाउँमा वा आसपासको क्षेत्रमा जलचरको कृत्रिम प्रजनन गराउनको निमित्त जलचर ह्याचरी तथा जलचर नर्सरीको व्यवस्था गर्नुपर्नेछ।
नियमावली			
१	**भू-उपयोग नियमावली, २०७९**	**परिच्छेद-५, दफा १४**	**भू-उपयोग योजनाको अनुकूल हुने गरी गर्नुपर्ने:** विकास निर्माणका कार्य गर्दा वा भौतिक संरचना निर्माण गर्दा भू-उपयोग योजना अनुकूल हुने गरी गर्नुपर्नेछ।
२	**वन नियमावली, २०७९**	**नियम ४**	नियम ४ को उपनियम १ मा नेपाल सरकारले भू-उपयोग परिवर्तन गर्न स्वीकृति दिएको राष्ट्रिय वनक्षेत्रको भोगाधिकार सम्बन्धित निकायलाई उपलब्ध गराउन सक्नेछ। उपनियम २ मा भोगाधिकार प्राप्त गर्ने निकायले विभाग वा डिभिजन वन कार्यालयले तोकेको जग्गामा वृक्षारोपण गर्न र पाँच वर्षसम्म सोको संरक्षण गर्न लाग्ने गरी विभागले लागत अनुमान गरे बमोजिमको रकम कोषमा जम्मा गर्नुपर्नेछ।
		नियम ८७	नियम ८७ को उपनियम २ मा राष्ट्रिय वन क्षेत्रको प्रयोग गर्नुको विकल्प नभएमा न्यूनतम वनक्षेत्र

			मात्र प्रयोग गर्ने र न्यूनतम रुख बिरुवा मात्र हटाउनुपर्ने विकल्पको अध्ययन गर्नुपर्ने। उपनियम ३ मा सम्भाव्यता अध्ययन तथा वातावरणीय अध्ययन गर्दा सम्बन्धित डिभिजन वन कार्यालयसँग समन्वय गर्नुपर्ने।
		नियम ९३	नियम ९३ को उपनियम १ मा जग्गा प्राप्ति सहजीकरण समितिले जग्गा प्राप्त नभएको व्यहोरा सिफारिस गरेमा विभागले विकास आयोजनालाई जग्गा खरिद बापतको रकम जम्मा गर्न स्वीकृति दिनुपर्नेछ र विकास आयोजनाले अनुसूची-५१ बमोजिमको रकम कोषमा जम्मा गर्नुपर्नेछ।
३	**वातावरण संरक्षण नियमावली, २०७७**	**परिच्छेद २**	वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था।
		नियम १४	प्रदूषण नियन्त्रण सम्बन्धी व्यवस्था।
		नियम १६	जोखिमपूर्ण पदार्थको व्यवस्थापन सम्बन्धी व्यवस्था।
		नियम ३३	राष्ट्रिय सम्पदाको संरक्षण तथा वातावरण संरक्षण क्षेत्रमा हानि नोक्सानी गर्न नहुने।
		नियम ३४	वातावरण संरक्षण क्षेत्र, खुला वा हरियाली क्षेत्रमा निषेधित कार्य।
४	**वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६**	**नियम ३, ६**	नियम ३ बमोजिम दुर्लभ वा लोपोन्मुख वन्यजन्तु वा वनस्पति वा सोको नमूना राख्ने, प्रयोग गर्ने, रोप्ने, हुर्काउने, पालनपोषण गर्ने, उत्पादन गर्ने, नियन्त्रित प्रजनन, खरिद बिक्री गर्ने, ओसारपसार गर्ने, निकासी, पैठारी वा पुनः निकासी गर्ने, वा अध्ययन, अनुसन्धान, परीक्षण, तालिम, प्रदर्शनी, संरक्षण शिक्षा, जैविक स्रोत संरक्षण वा अन्य शैक्षिक प्रयोजनमा उपयोग गर्ने अनुमतिका लागि पेश भएको निवेदन उपर व्यवस्थापन निकायले आवश्यक जाँचबुझ गरी सिफारिस सहितको परामर्शका लागि वैज्ञानिक निकाय समक्ष पठाउनुपर्नेछ। वैज्ञानिक निकायले नियम ६ बमोजिम व्यवस्थापन निकायले परामर्श माग गरेको विषयमा एक्काइस दिनभित्र अनुसूची-६ बमोजिमको ढाँचामा सिफारिस सहितको परामर्श उपलब्ध

			गराउनुपर्नेछ। दुर्लभ वा लोपोन्मुख वन्यजन्तु वा वनस्पति वा सोको नमूना खरिद बिक्री गर्न, अध्ययन, अनुसन्धान, परीक्षण, तालिम, प्रदर्शनी, संरक्षण शिक्षा, जैविक स्रोत संरक्षण वा अन्य शैक्षिक प्रयोजनमा उपयोग गर्नका लागि अनुसूची-४ बमोजिमको ढाँचामा अनुमति पत्रका लागि निवेदन दिनुपर्नेछ।
५	**संकटापन्न वन्यजन्तु तथा वनस्पति अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६**	**नियम ३**	**अनुमतिपत्रका लागि निवेदन दिनुपर्ने** क) संकटापन्न वन्यजन्तु पालनपोषण गर्न वा सोको नमूना राख्न, प्रयोग गर्न, उत्पादन गर्न वा ओसारपसार गर्न। ख) संकटापन्न वनस्पति रोप्न, हुर्काउन वा सोको नमूना राख्न, प्रयोग गर्न, उत्पादन गर्न वा ओसारपसार गर्न। ग) दुर्लभ वा लोपोन्मुख वन्यजन्तु वा वनस्पतिको नियन्त्रित प्रजनन गर्न।
६	**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६**	**नियम ९**	**सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व** १. सार्वजनिक संस्था वा व्यावसायिक प्रतिष्ठानले विपद्का घटना हुन नदिन आफ्नो दायित्व निर्वाह गर्नुपर्ने। २. सार्वजनिक संस्था वा व्यावसायिक प्रतिष्ठानले विपद्पूर्व, विपद्को समयमा र विपद्पश्चात पनि आफ्नो व्यवसायलाई सुचारु गर्न व्यवसाय निरन्तरता योजना बनाई लागू गर्नुपर्ने। ३. सार्वजनिक संस्था वा व्यावसायिक प्रतिष्ठानले अग्नि नियन्त्रण लगायतका विपद् न्यूनीकरणजन्य उपकरण जडान गर्नुपर्ने।
७	**राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६**	**नियम ३**	**आयोगको काम कारबाही** क) प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्न, गराउनका लागि आवश्यक अध्ययन, अनुसन्धान गर्ने, गराउने र सोको वस्तुगत आधार एवं मापदण्ड निर्धारण गर्ने, गराउने।
९		**नियम १६**	काम गर्ने समयको निर्धारण सम्बन्धी व्यवस्था।

	श्रम नियमावली, २०७५	**नियम १७**	विश्रामको लागि थप समय दिनुपर्ने सम्बन्धी व्यवस्था।
		नियम ३४	व्यवसायजन्य सुरक्षा तथा सम्बन्धी व्यवस्था।
		नियम ३५	रोजगारदाताको कर्तव्य सम्बन्धी व्यवस्था।
		नियम ३९	व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी विशेष व्यवस्था।
		नियम ४१	सुरक्षात्मक उपाय अपनाउने सम्बन्धी व्यवस्था।
		नियम ४२	गह्रौं भारी उठाउन नलगाउने सम्बन्धी व्यवस्था। **३)** रोजगारदाताले श्रमिकलाई साधारणतया देहाय बमोजिमको वजन (तौल) भन्दा बढी गह्रौं भारी उठाउन, ओसारपसार गर्न वा बोकाउन लगाउन हुँदैन। (क) वयस्क पुरुषः ५५ के.जी. (ख) वयस्क महिलाः ४५ के.जी.
		नियम ४४	व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी अन्य व्यवस्था।
११	**फोहोरमैला व्यवस्थापन नियमावली, २०७०**	**नियम ३**	फोहोरमैला पृथकीकरण तथा व्यवस्थापन। **२)** पृथकीकरण गरिएको रासायनिक वा हानिकारक फोहोरमैला व्यवस्थापन गर्ने दायित्व सम्बन्धित उत्पादकको हुनेछ।
		नियम ५	हानिकारक वा रासायनिक फोहोरमैलाको निष्कासन तथा व्यवस्थापन। **१)** हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहोरमैला अन्य फोहोरमैलासँग मिसाई निष्कासन गर्न हुँदैन।
		नियम ७	फोहोरमैला दहनसम्बन्धी व्यवस्था।
१२	**बाल श्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२**	**नियम ४**	बालकलाई काममा लगाउँदा उमेरको प्रमाणपत्र पेश गर्नुपर्ने।
		नियम ५	बालकलाई काममा लगाउँदा काम लगाउनेले बालकको विवरण खुलाइएको कागज श्रम कार्यालयमा पेश गरी अनुमति लिनुपर्ने।
		नियम २५	बालकको स्वास्थ्य र सुरक्षा सम्बन्धमा अपनाउनुपर्ने व्यवस्था।
१३	**खानी तथा खनिज पदार्थ**	**नियम १९**	उत्खनन कार्य गर्दा पालना गर्नुपर्ने सर्तहरूः **ख)** उत्खनन कार्य गर्दा वातावरणमा सकेसम्म न्यूनतम प्रतिकूल प्रभाव पर्ने उपाय अपनाई वातावरण

	नियमावली, २०५६		संरक्षण सम्बन्धी व्यवस्था गर्नु पर्ने। **ग)** राष्ट्रिय तथा सार्वजनिक हित र सुरक्षाको निमित्त उत्खनन हुने स्थानमा र प्राचीन स्मारक, शहर, बस्ती, मसानघाट, सार्वजनिक बाटो, घाट, बाँध, पैनी, पाइप लाइन, किल्ला, गढी, छाउनी, मन्दिर, मस्जिद, गिरिजाघर, कारखाना इत्यादिबाट कम्तीमा पाँच सय मिटर भित्र उत्खनन कार्य नगर्ने र त्यस्तो क्षेत्रमा घर, कारखाना वा गोदाम नबनाउने। **घ)** उत्खनन कार्य गर्दा खोलिएको टोप, टेलिङ, खाल्डा इत्यादिबाट कुनै दुर्घटना हुन नपाओस् भनी सुरक्षाको व्यवस्था गर्ने।
		परिच्छेद-६	खनिज सम्पदा तथा वातावरण संरक्षण सम्बन्धी व्यवस्था।
		अनुसूची-२	खनिज पदार्थ सम्बन्धी खनिज करको स्तर सम्बन्धी व्यवस्था।
१४	**जलस्रोत नियमावली, २०५०**	**नियम १२**	जलस्रोतको उपयोगको सर्वेक्षण अनुमतिपत्रका लागि दरखास्त दिनुपर्ने।
		नियम १७	जलस्रोत उपयोगको अनुमतिपत्र सम्बन्धी व्यवस्था।
		परिच्छेद-६	घर जग्गा प्राप्ति तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था।
१६	**भू तथा जलाधार संरक्षण नियमावली, २०४२**	**नियम ११**	१) प्राकृतिक प्रकोप हुने वा सक्ने भनी तोकिएको जग्गामा कुनै कार्य गर्नुपर्दा सो कार्यले गर्नुपर्ने कारणवश ढल्ती जलाधार संरक्षण अधिकारीबाट अनुमति लिनुपर्ने।
१७	**भूमि सम्बन्धी नियमहरू, २०२१**	**नियम ३९ (ट)**	भू-उपयोग समितिको स्वीकृति नलिई एक उपयोगका लागि निर्दिष्ट जग्गा अर्को उपयोगमा लगाउन पाइने छैन।
१८.	**जलचर (संरक्षण) नियम, २०१९**	**नियम ५**	**ख)** तालपोखरी वा कुनै जलाशयमा पनि जाल मात्र प्रयोग गर्न पाइनेछ। साना, मझौला र ठूला माछालाई १ इन्चदेखि नौ इन्चसम्मको जालले मात्र मार्न पाइनेछ। त्यस्ता माछा जालमा परे पनि

			छोडिदिनु पर्नेछ। **ग)** माछा मार्ने वा समाल्ने पर्दा जाली वा जालको मात्र प्रयोग गर्नुपर्नेछ।
१९.	**सिंचाई नियमावली, २०५६**	नियम ४२ को उप नियम (१)	नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणाली र भूमिगत जल सिंचाइ प्रणाली बाहेकका अन्य मझौला सिंचाइ आयोजना तथा साना सिंचाइ आयोजनाको नयाँ निर्माण तथा सुदृढीकरणको लागि उपभोक्ताको लगानीको अंक आयोजनाको लागतको पन्ध्र प्रतिशतभन्दा बढी र तीन प्रतिशतभन्दा कम नहुने कुरा उल्लेख छ तर खडेरी, बाढी, पहिरो, अनिकाल जस्ता अप्रत्यासित प्राकृतिक प्रकोपहरुको प्रभाव कम गर्न त्यस्ता क्षेत्रहरुमा सरकारको तर्फबाट सम्पूर्ण लगानी गरी तत्काल सिंचाइका विशेष कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था गरिएको छ।
		नियम ४२ को उप नियम (२)	नेपाल सरकारले विकास निर्माण गर्ने कुनै सिंचाइ आयोजनाको नहर, शाखा नहर वा प्र-शाखा नहरबाट उपभोक्ताको जमिनमा पानी पु-याउने प्रयोजनको लागि निर्माण गरिने कुलो कुलेसोको लागि आवश्यक पर्ने जमिन सम्बन्धित उपभोक्ताले उपभोक्ता संस्थालाई हस्तान्तरण गर्नु पर्ने कुराको बारेमा उल्लेख गरिएको छ।
२०	**वन (तेस्रो संशोधन) नियमावली, २०८२**	नियम ८७ को उप नियम (५)	यस नियम बमोजिम वन क्षेत्र आवश्यक पर्ने गई प्रचलित कानूनबमोजिम वातावरणीय अध्ययन गर्दा सम्बन्धित डिभिजन वन कार्यालयसँग समन्वय गरी अध्ययन गर्नुपर्नेछ। त्यसरी तयार हुने वातावरणीय अध्ययन प्रतिवेदनमा डिभिजन वन कार्यालयबाट प्रमाणित भएको वनको क्षेत्रफल तथा रुख र पोलको लगत समावेश गर्नुपर्नेछ।

४.४ निर्देशिका, कार्यविधि

क्र. सं.	निर्देशिका	खण्ड/सम्बन्धित बुँदा
१	**वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका, २०७८**	यस निर्देशिकाको दफा ६ को उपदफा १ मा अति संवेदनशील क्षेत्र, संवेदनशील क्षेत्र र तराई तथा भित्री मधेशमा पर्ने अन्य वनक्षेत्रमा पूर्वाधार तथा वन्यजन्तुमैत्री संरचना निर्माण सम्बन्धी विस्तृत आयोजना प्रतिवेदन तयार गर्दा अघि सम्बन्धित निकाय

		वा प्रस्तावकले प्राविधिक टोलीबाट अध्ययन गराई प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरिएको छ। साथै विस्तृत आयोजना प्रतिवेदन तथा लागत अनुमान तयार गर्दा पनि उल्लेख गरिएको छ। दफा ८ मा वन्यजन्तुमैत्री संरचना निर्माण गर्नुपर्ने तथा दफा ९ मा वन क्षेत्र प्रयोग सम्बन्धी व्यवस्था उल्लेख गरिएको छ।
३	**जग्गा खरीद बिक्री छुट दिने सम्बन्धी आदेश, २०७५**	कुनै उद्योग वा प्रतिष्ठानले हदभन्दा बढी जग्गा खरीद गर्न स्वीकृतिका लागि दफा ३ बमोजिम निवेदन दिएमा दर्ता गर्ने निकायले त्यस्तो उद्योग वा प्रतिष्ठानको स्थलगत निरीक्षण गरी हदभन्दा बढी जग्गा खरीद गर्न स्वीकृति दिन उपयुक्त भएको वा नभएको प्रतिवेदन दिनुपर्नेछ। सम्बन्धित क्षेत्रका आदिवासी जनजाति र स्थानीय समुदायको संस्कृति, परम्परा र उपभोगसित सम्बन्धित जग्गाको हकमा उनीहरूको स्वतन्त्र, सहमति र सूचनाको हकको सुनिश्चितता गर्नुपर्नेछ।
४	**वन पैदावार संकलन तथा बिक्री/वितरण निर्देशिका, २०७३**	निर्देशिकामा बोटबिरुवा तथा वनस्पति हटाउनका लागि अनुमतिपत्र प्राप्त गर्ने प्रक्रिया, वन क्षेत्रको जोखिम, कटान मापदण्ड आदि का लागि निर्देशिका तयार गरिएको छ। साथै वन पैदावार बिक्री/वितरण गर्न अनुमति प्रदान गर्ने जिम्मेवार सरकारी कार्यविधिहरू र जिम्मेवार अधिकारीहरू निर्दिष्ट गरिएको छ। यी व्यवस्थाहरू आयोजनाको विकाससँग प्रत्यक्ष सम्बन्धित छन् र ती प्रावधानहरूको पालना आवश्यक हुन्छ।
५	**सामुदायिक वन इन्भेन्टरी निर्देशिका, २०७१**	सामुदायिक वन इन्भेन्टरी दिशानिर्देश २०७१ वन तथा भू-संरक्षण मन्त्रालयले वन उपभोक्ताको उचित लागत जस्तै वन पैदावारको उत्पादन, वन पैदावारको उपयोग, योजनाको विकास, काठको व्यवस्थापन र वन पैदावारको बोडिङ्ग सम्बन्धी निर्देशन निर्माण गरी जारी गरेको हो। यो निर्देशिका स्टकको साइज वर्गीकरण र घ.मा.घ. अध्ययनका क्रममा स्टक गणनाका लागि अनुसरण गरिएको छ।

६	**वातावरणीय व्यवस्थापन योजनाको म्यानुअल, २०५९**	प्रसारण लाइन आयोजनाका लागि छुट्टै म्यानुअल नभएको हुँदा उल्लिखित आयोजनाको म्यानुअललाई आधार मानिएको छ। यस म्यानुअलले baseline, impact र compliance monitoring का लागि monitoring plans सिर्जना गर्न र साथै निर्माण पछि वातावरणीय लेखा परीक्षण योजना (Environmental Audit Plan) बनाउन लागू गरिएको हो।
७	**सामुदायिक वन निर्देशिका, २०६५**	देशमा वनको व्यवस्थापन, संरक्षण र विकासमा समुदायिक वन उपभोक्ता समूहले गरेको योगदानलाई महसुस गर्दै वन तथा भू-संरक्षण मन्त्रालयले सामुदायिक वन निर्देशिका २०६५ जारी गरेको हो। यसको उद्देश्य सामुदायिक वन उपभोक्ता समूहको व्यवस्थापन क्षमतालाई सुदृढ बनाउनु हो।
८	**वन क्षेत्रको लागि वातावरणीय प्रभाव न्यूनीकरण निर्देशिका, २०७५**	नेपाल सरकारले वन क्षेत्रको लागि छुट्टै निर्देशिका कार्यान्वयन गरेको छ। यस निर्देशिकामा सामुदायिक अधिकारका लागि छुट्टै निर्देशिका र अध्ययनको आवश्यकता बारे सामुदायिक सहभागिताको बारेमा भनिएको छ। यस निर्देशिकाले आयोजनाबाट हुन सक्ने प्रभावहरूको पहिचान, न्यूनीकरणका उपाय तथा अनुगमनका बारेमा प्रस्तावकलाई सचेत गराएको छ।
९	**राष्ट्रिय वातावरण प्रभाव मूल्याङ्कनको निर्देशिका, २०५०**	**परिच्छेद ३** - प्रस्ताव तयारीका लागि यो निर्देशिका महत्वपूर्ण रहेको छ। वातावरणीय मूल्याङ्कनको प्रक्रियालाई र यस आयोजनाको व्यवस्थापनलाई निर्देशित गर्दछ। विकासका आयोजनामा प्रारम्भिक वातावरण परीक्षणका लागि आवश्यक प्रक्रिया प्रदान गर्दछ। वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा यस निर्देशिकाको पालना गर्न अनिवार्य हुन्छ। प्रस्तावित आयोजनाको वातावरणीय प्रभावको भविष्यवाणी, मूल्याङ्कन र आयोजनाले भौतिक तथा रासायनिक, जैविक, सामाजिक-आर्थिक र सांस्कृतिक वातावरणमा पार्ने प्रभावहरूको विश्लेषणका लागि यो निर्देशिकाको पालना गरिनेछ।

४.५ राष्ट्रिय वातावरणीय मापदण्ड

क्र. सं.	मापदण्ड	खण्ड	सम्बन्धित बुँदा
१	**खानेपानी गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०७९**	**सम्पूर्ण मापदण्ड**	आयोजना क्षेत्रमा निर्माण चरणमा पानीमा ह्रास आउने कुनै क्रियाकलाप नहुने भएता पनि यस मापदण्ड अनुरूप निर्माण शिविरमा खानेपानी आपूर्तिको व्यवस्था मिलाइनेछ।
२	**ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (पहिलो संशोधन, २०७८)**	**मापदण्ड ४ को १५ नं. बुँदा**	नदीजन्य पदार्थ उत्खनन कार्य गर्दा नदीको बहाव परिवर्तन नहुने साथै सिंचाइ प्रणाली लगायत संरचनालाई समेत असर नपर्ने गरी गर्नुपर्ने हुन्छ।
		मापदण्ड ५ को १ नं. बुँदा	खानीबाट ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन तथा संकलन गर्नुपूर्व प्रचलित कानून बमोजिम तोकिएको निकायबाट अनुमति लिनुपर्ने हुन्छ।
३	**वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९**	**२०६९ मा नेपाल सरकारले लागू गरेको राष्ट्रिय वायुको गुणस्तर मापदण्ड**	यस मापदण्डले TSP, PM10, SO_2, NO_2, Carbon Monoxide, Lead, Benzene, PM2.5, Ozone जस्ता सूचकहरू समावेश गर्दछ। निर्माण तथा सञ्चालन चरणमा आयोजना क्षेत्रमा वायुको गुणस्तर मापन मापदण्डअनुसारका लागि पर्यावरण विभागले तोके बमोजिम गरिनेछ।
४	**ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ (क्षेत्रगत र समय उपयोग सहित)**	-	यस आयोजनाले निर्माण तथा सञ्चालन चरणमा क्षेत्रअनुसारका ध्वनि गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्डहरूको पालना गर्नुपर्नेछ। निर्माण चरणमा आयोजना क्षेत्र वरिपरि रहेका समुदायलाई असर नपर्ने गरी कार्य गर्नुपर्नेछ।

			निर्माण कार्य गर्दा आवश्यक ध्वनि आउने कामदारले इयरप्लग अपनाउनुपर्नेछ।
५	**नेपाल सवारी साधन प्रदूषण मापदण्ड, २०६९**	-	पेट्रोल, ग्यास र डिजेलबाट सञ्चालन हुने सवारी साधनहरूको लागि यो मापदण्ड लागू हुन्छ। निर्माण चरणमा आयोजना क्षेत्रमा चल्ने सवारी साधनबाट उत्सर्जन हुने र त्यसबाट उत्पन्न हुने Carbon Monoxide, Hydrocarbon, Nitrogen, Particulate Matter र धुवाँ अत्यधिक हुने भएमा नेपाल सवारी साधन प्रदूषण मापदण्ड अनुरूप काम गरिनेछ।
६	**डिजेल जेनेरेटरबाट निकाश हुने हावामा जाने धुवाँका लागि उत्सर्जन सिमा**	-	यस आयोजनामा डिजेल जेनेरेटरको प्रयोग निर्माण चरणमा हुने हुँदा, डिजेल जेनेरेटरबाट निस्कासन हुने हावामा जाने धुवाँ व्यवस्थापन गरिनेछ। धुवाँ उत्सर्जनको सीमा तय गरे अनुसार कायम गरिनेछ। निर्माणका क्रममा प्रयोग गरिने जेनेरेटरहरूले पनि मापदण्डहरूको अनुशरण गर्नेछन्।

४.६ अन्तर्राष्ट्रिय सन्धि/सम्झौता

क्र. सं.	महासन्धि	नेपालको सहभागिता	प्रस्तावित आयोजनामा सान्दर्भिकता
१	**क्रमिक रूपमा वृद्धि भइरहने स्थायी प्रकृतिका प्रदूषकहरू सम्बन्धी स्टकहोम महासन्धि, २००१**	नेपालले स्टकहोम महासन्धि, ५ अप्रिल २००६ मा हस्ताक्षर गरी यसको सदस्य भएको हो।	मानव स्वास्थ्य एवं वातावरणलाई क्रमिक रूपमा वृद्धि हुँदै जाने स्थायी प्रकृतिका प्रदूषकबाट मानव र यसको स्वास्थ्य संरक्षण गर्नु यस महासन्धिको उद्देश्य रहेको छ। **धारा ३** -नियोजित उत्पादन तथा प्रयोगबाट निकासमा घटाउने वा नियन्त्रण गर्ने। **धारा ५** -अनियोजित उत्पादनबाट सूचित निकासमा घटाउने वा अन्य गर्ने उपायहरू। यस आयोजनाले स्टकहोम महासन्धिका उद्देश्यसँग सरोकार राखेर निर्माण कार्य गर्नेछ।

२	**जैविक विविधता सम्बन्धी महासन्धि, १९९२**	यो महासन्धि २९ डिसेम्बर १९९३ देखि कार्यान्वयनमा आएको थियो भने नेपालले २१ नोभेम्बर १९९३ मा अनुमोदन गरेको थियो।	यस महासन्धिका ३ वटा उद्देश्य रहेका छन्: • जैविक विविधता संरक्षण। • आनुवंशिक स्रोतहरूमा पहुँच र त्यसको समुचित उपयोग। • तिनबाट प्राप्त हुने लाभको पारदर्शी र समन्यायिक बाँडफाँड। सरकारले संरक्षण सूचीमा ११८ प्रजातिका वनस्पति र २१ प्रजातिका जडीबुटी जनावरहरू समावेश गरेको छ। आयोजना क्षेत्रमा यी प्रजातिहरूलाई असर नपर्ने व्यवस्थापन तथा निर्माण गतिविधिबाट उनीहरूलाई पर्ने प्रतिकूल प्रभाव कम गर्नका लागि उपायहरू लागू गरिनेछ।
३	**जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि, १९९२**	नेपालले १२ जुन १९९२ अर्थात् जेठ ३० गते २०४९ मा हस्ताक्षर गरेको थियो।	जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरण गर्दै जलवायु अनुकूलित हुँदै न्यून कार्बन-उन्मुख सामाजिक-आर्थिक विकास पद्धति अवलम्बन गर्दै, जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संरचनामा भएको प्रतिबद्धता अनुरूप संरक्षण तथा व्यवस्थापन गर्दै गरी जीवनस्तरमा सुधार ल्याउनु यस नीतिको प्रमुख लक्ष्य रहेको छ।
४	**आदिवासी तथा जनजाति सम्बन्धी महासन्धि, १९८९**	नेपालले सेप्टेम्बर १४, २००७ मा ILO महासन्धिको बुँदा नं. १६९ लाई अनुमोदन गरेको थियो।	**धारा-७** ले आदिवासी र जनजाति बासिन्दाको परामर्श प्रदान गरेको छ। **धारा-६** ले सम्बन्धित व्यक्तिसँग परामर्श लिने उचित प्रक्रिया र विशेषगरी यदि विधायिक वा प्रशासनिक कारणले उनीहरूलाई प्रत्यक्ष प्रभाव पार्ने भएमा उनीहरूको प्रतिनिधित्व गर्ने संस्थाको माध्यमबाट परामर्श लिनुपर्ने विषयमा प्रकाश पारेको छ।
४.	**आदिवासी तथा जनजाति सम्बन्धी महासन्धि, १९८९**	नेपालले सेप्टेम्बर १४, २००७ मा ILO महासन्धिको बुँदा नं. १६९ लाई अनुमोदन गरेको थियो।	आयोजना प्रभावित क्षेत्रमा आदिवासी/जनजाति परिवार रहेका छन्। आयोजनाले ती परिवारहरूको स्वामित्वमा रहेका प्राकृतिक साधन स्रोतको अधिकतम उपयोग गर्नेछैन। यस महासन्धिअनुसार आयोजना कार्यान्वयन गर्दा आदिवासी जनजातिहरूसँग परामर्श गरी सहमति लिई कार्य गरिनेछ।

५	**बासेल महासन्धि, १९८९**	नेपालले १५ जनवरी १९९६ मा अनुमोदन गरेको थियो।	यस महासन्धिको प्रमुख उद्देश्य तल उल्लेख गरिएको छः • हानिकारक फोहोर उत्पादन घटाउने र वातावरणीय व्यवस्थापन प्रवर्द्धन गर्ने। • वातावरणीय व्यवस्थापनको सिद्धान्तसँग आबद्ध भएर हानिकारक फोहोरको उत्पादनमा प्रतिबन्ध लगाउने। निर्माण चरणको बेला फोहोर व्यवस्थापनमा कामदारलाई प्रेरित गरिनेछ र यस आयोजनाले यस महासन्धि अनुरूप नै कार्य गर्नेछ।
६	**संकटापन्न वन्यजन्तु तथा वनस्पति अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण सम्बन्धी महासन्धि (CITES), १९७३**	नेपालले साइटिस महासन्धि १२ जुन १९७५ मा हस्ताक्षर गरी यसको सदस्य भएको हो।	यो महासन्धिले जङ्गली वनस्पति एवं वन्यजन्तुको कारोबार गर्दा वन्यजन्तुको संरक्षणमा असर नपुगोस् भन्ने उद्देश्य राख्दछ। जङ्गली वनस्पति एवं वन्यजन्तुहरूको अन्तर्राष्ट्रिय व्यापार, निकासी-पैठारीलाई नियमित गरिएको र सरकारहरूद्वारा नियन्त्रण गरिने व्यवस्था गरिएको छ। वन्यजन्तुहरूको गैरकानुनी व्यापारबाट लोप हुनबाट बचाउनु नै यसको मुख्य उद्देश्य हो। यस आयोजनाले वनस्पति र वन्यजन्तु तथा तिनको वासस्थानको संरक्षण गर्ने उद्देश्यले आयोजना कार्यान्वयनका क्रममा हुने क्षतिलाई वातावरण व्यवस्थापन योजनाले ध्यानमा राखी कार्य गर्नेछ।

अध्याय ५ विद्यमान वातावरणीय अवस्था

५.१ भौतिक वातावरण

५.१.१ प्रस्तावको मौजुदा भू-उपयोग

प्रस्तावित आयोजना निर्माण तथा सञ्चालनका लागि अस्थायी र स्थायी दुवै प्रकारका संरचनाहरू आवश्यक पर्ने देखिन्छ। अस्थायी सुविधाअन्तर्गत श्रमिक शिविर, स्टोर, खानी/उत्खनन स्थल, माटो व्यवस्थापन क्षेत्र र क्रसर प्लान्ट समावेश छन्। श्रमिक शिविर र स्टोर नरैनापुर वडा नं. ४ स्थित नहर नजिकैको निजि जग्गामा प्रस्ताव गरिएको छ, जसका लागि प्रत्येक संरचनामा २०० वर्ग मिटर निजि आवश्यक पर्ने देखिन्छ। मुगुवा खोलालाई खानी/उत्खनन स्थलका रूपमा प्रस्ताव गरिएको छ, जहाँबाट निर्माण सामग्री संकलन गरिने सम्भावना छ। उत्खनित माटो सेवा सडक छेउ, सार्वजनिक छनोट क्षेत्र तथा संरचना नजिक भरानका लागि व्यवस्थापन गरिने उल्लेख छ। क्रसर प्लान्ट नरैनापुर वडा नं. ४ स्थित नहर नजिकैको निजि जग्गामा प्रस्ताव गरिएको छ, जसका लागि ५००० वर्ग मिटर निजि जग्गा आवश्यक पर्नेछ। स्थायी संरचनाका रूपमा मुख्य नहर रास्ती सोनारी गाउँपालिका - ७ तथा नरैनापुर गाउँपालिका वडा नं. १ देखि ६ सम्म फैलिनेछ। यसका लागि १७७९४.३९ वर्ग मिटर ऐलानी/निजी जग्गा, ४०१६८.४६ वर्ग मिटर निजि जग्गमा र २,६९,३७३.९० वर्ग मिटर सामुदायिक वन क्षेत्र आवश्यक पर्ने देखिन्छ। समग्रमा, आयोजनाले विशेष गरी सामुदायिक वन, सार्वजनिक क्षेत्र र केही निजी/ऐलानी जग्गामा भू-उपयोग परिवर्तन ल्याउनेछ।

तालिका ३४: भूउपयोगको स्थाई र अस्थाई वर्गीकरण

क्र.सं.	सुविधा / संरचनाको प्रकार	वर्ग	प्रस्तावित वडा नं. / टोल / स्थान	निर्देशाङ्क	आवश्यक क्षेत्रफल निजी जग्गा (वर्ग मि.)	आवश्यक क्षेत्रफल सरकारी जग्गा (वर्ग मि.)	जम्मा आवश्यक क्षेत्रफल (वर्ग मि.)
१	श्रमिक शिविर	अस्थायी सुविधा	नरैनापुर वडा नं. ४, स्थित नहर नजिकै रहेको निजि जमिनमा	27°55'13.23" N, 81°51'1.43" E	२००	-	२००
२	स्टोर/भण्डारण स्थल	अस्थायी सुविधा	नरैनापुर वडा नं. ४, स्थित नहर नजिकै	27°55'13.23" N, 81°51'1.43" E	२००	-	२००

			रहेको निजि जमिनमा				
३	खानी- / उत्खनन स्थल	अस्थायी सुविधा	मुगुवा खोला	28°4'52.18" N, 81°50'56.33" E	—	२६०००.००	२६०००.००
४	माटो व्यवस्थापन / डिस्पोजल क्षेत्र	अस्थायी सुविधा	नहरको दायाँ किनारमा निर्माण गरिएको पहुँच मार्गमा व्यवस्थापन गरिनेछ।	—	—	—	—
५	क्रसर प्लान्ट	अस्थायी सुविधा	नरैनापुर वडा नं. ४, स्थित नहर नजिकै रहेको निजि जमिनमा	27°55'18.30" N, 81°50'17.79" E	५०००.००		५०००.००
६	मुख्य नहर	स्थायी संरचना	रास्ती सोनारी गाउँपालिका -७ तथा नरैनापुर गाउँपालिका वडा नं. १, २, ३, ४, ५ र ६	सुरुवातः 27°58'47.73" N, 81°47'17.66" E; अन्त्यः 27°52'33.55" N, 81°55'7.38" E	५७,९६२.८५ (ऐलानी/निजी)	२,६९,३७३.९० (सामुदायिक वन)	३,२७,३३६.७५

५.१.२ जलवायु

५.१.२.१ वर्षा

भगवानपुर स्टेशनको सन् २००० देखि २०२५ सम्मको मासिक औसत वर्षाको तथ्याङ्क अनुसार वर्षा मनसुन अवधिमा अत्यधिक केन्द्रित देखिन्छ। जनवरी, फेब्रुअरी, मार्च र अप्रिल महिनामा वर्षा कम रहेको छ, जहाँ औसत वर्षा क्रमशः करिब २१.३ मि.मि., १५.३ मि.मि., ९.३ मि.मि. र २१.९ मि.मि. मात्र देखिन्छ। यसले जाडो तथा पूर्व-मनसुन अवधिमा वर्षा न्यून हुने संकेत गर्दछ। मे महिनाबाट वर्षा क्रमशः बढ्न सुरु भई जुन महिनामा तीव्र रूपमा वृद्धि भएको देखिन्छ। जुनमा औसत वर्षा करिब १७५.६ मि.मि. पुगेको छ। सबैभन्दा बढी वर्षा जुलाई महिनामा देखिएको छ, जहाँ औसत वर्षा करिब ३०४.८ मि.मि. रहेको छ। त्यसपछि अगस्ट

महिनामा पनि उच्च वर्षा करिब २९७.३ मि.मि. रहेको छ। सेप्टेम्बरदेखि वर्षा घट्दै गई अक्टोबरमा मध्यम र नोभेम्बर-डिसेम्बरमा पुनः न्यून अवस्थामा पुगेको देखिन्छ। समग्रमा, भगवानपुर क्षेत्रमा वर्षाको मुख्य स्रोत मनसुन भएको स्पष्ट देखिन्छ। जुलाई र अगस्ट प्रमुख वर्षायामका महिना हुन् भने मार्च र नोभेम्बर सबैभन्दा सुक्खा महिनाका रूपमा देखिन्छन्। यो विश्लेषण कृषि योजना, सिंचाइ व्यवस्थापन र जलस्रोत उपयोगका लागि उपयोगी हुन्छ।

तालिका ३५: औषत वर्षाको अवस्था

Month Name	Average_rainfall (mm)	Number of years_used
Jan	21.3	26
Feb	15.3	26
Mar	9.3	26
Apr	21.9	26
May	48.4	25
Jun	175.6	26
Jul	304.8	26
Aug	297.3	26
Sep	128	25
Oct	54.7	25
Nov	2.2	25
Dec	12.8	24

(स्रोत : जल तथा मौसम विभाग, २०२६)



चित्र २१: औषत वर्षाको अवस्थाको ग्राफ

(स्रोतः जल तथा मौसम विभाग, २०२६)

अधिकतम तापक्रमको विश्लेषण:

सिक्टा स्टेशन, बाँके जिल्लाको सन् १९९९ देखि २०२५ सम्मको दैनिक अधिकतम तापक्रम तथ्याङ्कलाई मासिक औसतमा विश्लेषण गर्दा स्पष्ट मौसमी उतार-चढाव देखिन्छ। जनवरी महिनामा औसत अधिकतम तापक्रम करिब २०.५९°C रहेको छ, जुन वर्षभरिमै सबैभन्दा कम अवस्था हो। त्यसपछि फेब्रुअरीमा २५.४२°C र मार्चमा ३१.४५°C पुग्दै तापक्रम क्रमशः बढेको देखिन्छ। अप्रिलदेखि गर्मी तीव्र रूपमा बढेर औसत अधिकतम तापक्रम ३७.०५°C पुगेको छ भने मे महिनामा सबैभन्दा उच्च ३७.५८°C रेकर्ड भएको छ। जुन महिनामा पनि तापक्रम ३६.७४°C रहेकोले प्रि-मनसुन तथा प्रारम्भिक मनसुन अवधिमा गर्मी उच्च रहने देखिन्छ। जुलाईदेखि सेप्टेम्बरसम्म तापक्रम केही घटेर करिब ३३-३४°C वरिपरि स्थिर हुन्छ, जसमा मनसुनको प्रभाव देखिन्छ। अक्टोबरपछि तापक्रम क्रमशः घट्दै नोभेम्बरमा २८.०७°C र डिसेम्बरमा २३.४१°C पुगेको छ। यसले सिक्टा क्षेत्रमा गर्मीयाम अत्यधिक तातो र हिउँद तुलनात्मक रूपमा चिसो हुने प्रवृत्ति देखाउँछ।

तालिका ३६: अधिकतम तापक्रमको विवरण

Month_No	Month	Avg_Max_Temp °C	Avg_Min_Temp °C
1	Jan	20.59	7.42
2	Feb	25.42	9.34
3	Mar	31.45	12.59
4	Apr	37.05	17.57
5	May	37.58	22.38
6	Jun	36.74	24.74
7	Jul	33.9	25.09
8	Aug	33.98	24.82
9	Sep	33.5	23.87
10	Oct	32.05	18.81
11	Nov	28.07	12.27
12	Dec	23.41	8.57

(स्रोतः जल तथा मौसम विभाग, २०२६)



चित्र २२: अधिकतम तापक्रमको ग्राफ

(स्रोतः जल तथा मौसम विभाग, २०२६)

न्यूनतम तापक्रमको विश्लेषण:

सन् १९९९ देखि २०२५ सम्मको दैनिक न्यूनतम तापक्रम तथ्याङ्कबाट निकालिएको मासिक औसत विश्लेषणले सिक्टा स्टेशनमा रातको तापक्रमको मौसमी परिवर्तन स्पष्ट देखाउँछ। जनवरी महिनामा औसत न्यूनतम तापक्रम करिब ७.४२°C रहेको छ, जसले हिउँदमा रातहरू तुलनात्मक रूपमा चिसो हुने अवस्था देखाउँछ। फेब्रुअरीमा यो ९.३४°C र मार्चमा १२.५९°C पुगेको छ। अप्रिलदेखि न्यूनतम तापक्रम तीव्र रूपमा बढेर १७.५७°C पुगेको छ भने मे महिनामा २२.३८°C देखिन्छ। जुन, जुलाई र अगस्टमा रातको तापक्रम उच्च रहन्छ, जहाँ जुलाईमा सबैभन्दा बढी औसत न्यूनतम तापक्रम २५.०९°C पुगेको छ। यसले मनसुन अवधिमा राति पनि गर्मी र आर्द्रता बढी हुने संकेत गर्दछ। सेप्टेम्बरमा न्यूनतम तापक्रम २३.८७°C रहन्छ। अक्टोबरदेखि भने तापक्रम क्रमशः घट्दै नोभेम्बरमा १२.२७°C र डिसेम्बरमा ८.५७°C पुगेको देखिन्छ। समग्रमा, सिक्टा क्षेत्रमा न्यूनतम तापक्रम हिउँदमा कम र मनसुन महिनामा उच्च रहने प्रवृत्ति देखिन्छ।



चित्र २३: न्यूनतम तापक्रमको ग्राफ

स्रोतः जल तथा मौसम विभाग, २०२६

५.१.३ हाइड्रोलोजी तथा मेट्रोलोजी

राप्ती नदी मध्यम आकारको नदी हो, जसको उद्गम मध्य पहाडी क्षेत्रको महाभारत पर्वत शृंखलाबाट भएको हो। यस नदीको मूल प्रवाहमा दुईवटा जलमापन (गौजिङ) केन्द्रहरू रहेका छन्, जसमा स्टेशन नं. ३५० (बगासोती) र स्टेशन नं. ३६० (जलकुण्डी) पर्दछन्। जलकुण्डी स्थित स्टेशन नं. ३६०, बगासोती स्थित स्टेशन नं. ३५० भन्दा करिब ६८ किलोमिटर तल तर्फ अवस्थित छ भने प्रस्तावित हेडवर्क्स (Headworks) स्थलभन्दा करिब ४२ किलोमिटर माथि तर्फ अवस्थित रहेको छ। राप्ती नदीको जलाधार (बेसिन) नेपालको मध्य-पश्चिम क्षेत्रमा अवस्थित रहेको छ। यसले प्युठान जिल्लाको सम्पूर्ण भाग तथा रोल्पा, अर्घाखाँची, दाङ, रुकुम, गुल्मी र सल्यान जिल्लाका केही भागहरू समेटेको छ। यो क्षेत्र लुम्बिनी तथा तत्कालीन राप्ती अञ्चलभित्र पर्दछ। १:१२५,००० मापन अनुपातको नक्साका आधारमा यस नदीको जलाधार क्षेत्रफल ५,०८६ वर्ग किलोमिटर रहेको छ। जलाधार क्षेत्र उत्तर अक्षांश २७°४३' देखि २८°३४' सम्म तथा पूर्वी देशान्तर ८२°१४' देखि ८३°१०' सम्म फैलिएको छ। यस जलाधारको सन्दर्भीय (Reference) जलविज्ञान नेपाल सरकारको जल तथा मौसम विज्ञान विभाग (DHM) अन्तर्गतको जलकुण्डीस्थित गौजिङ स्टेशन नं. ३६० लाई आधार मानी निर्धारण गरिएको छ।



चित्र २४: राप्ती नदीको Longitudinal Profile

५.१.३.१ राप्ती नदीमा पानीको उपलब्धता

अगैयाँस्थित इन्टेक (Intake) स्थलमा राप्ती नदीको जलाधार क्षेत्रफल करिब ५,४५९ वर्ग किलोमिटर रहेको छ। इन्टेक स्थलको सबैभन्दा नजिकको जलमापन (गौजिङ) केन्द्र जलकुण्डी मा रहेको छ, जुन इन्टेक स्थलबाट करिब ४२ किलोमिटर माथितर्फ (उपस्ट्रीम) अवस्थित छ। यस केन्द्रले करिब ५,०८६ वर्ग किलोमिटर जलाधार क्षेत्र समेटेको छ। जलकुण्डीस्थित गौजिङ स्टेशनमा सन् १९६४ देखि जलविज्ञान सम्बन्धी तथ्याङ्क उपलब्ध छन्। राप्ती नदीमा उपलब्ध जलको परिमाण निर्धारण गर्न जलकुण्डी स्थित स्टेशन नं. ३६० मा मापन गरिएको नदी प्रवाह (Discharge) को तथ्याङ्क प्रयोग गरिएको छ। परियोजना स्थलमा उपलब्ध पानीलाई नदीको बायाँ र दायाँ तटीय सिंचाइ क्षेत्रहरू बीच बाँडफाँट गर्नुपर्दछ, साथै नदीमा आवश्यक न्यूनतम आधारभूत प्रवाह (Base Flow) कायम राख्नुपर्ने हुन्छ। यसपछिका गणनाहरूमा उपलब्ध पानीलाई दुवै तटीय सिंचित क्षेत्रहरूको क्षेत्रफलको अनुपातमा बाँडफाँट गरिने मान्यता लिइएको छ।

राप्ती नदीको औसत मासिक प्रवाह (Mean Monthly Flow) का आधारमा २०%, ५०% र ८०% विश्वसनीय (Reliable) प्रवाह निर्धारण गरिएको छ, जसलाई तालिकामा प्रस्तुत गरिएको छ। परियोजनाको जल सन्तुलन (Water Balance) गणनाका लागि ८० प्रतिशत अतिक्रमण सम्भाव्यता (Probability of Exceedance) भएको नदी प्रवाहलाई आधार मानिएको छ।

तालिका ३७: राप्ती नदीमा पानीको प्रबाहा

Months Parameters	Jan	Feb	Mar	Apr	May	Jun	Jul	Aug	Sep	Oct	Nov	Dec	Annual

Min	16.80	6.54	11.0	2.67	1.05	1.32	8.27	38.90	70.00	34.50	25.00	21.50	1.05
Max	326.0	104	201	286	357	2950.0	4210	3820.0	5110.0	1350.0	417.0	355.0	5110.0
Mean	28.90	24.4	19.5	15.0	15.4	108.10	325.8	441.19	368.24	143.64	57.99	36.60	132.08
20%	34.00	29.2	25.0	17.9	20.0	171.00	495.0	550.00	472.00	198.00	76.20	44.00	166.38
50%	28.20	22.9	18.7	13.5	14.7	97.10	301.0	408.00	337.00	116.00	54.20	35.60	125.98
80%	22.70	19.1	15.0	11.3	6.49	43.40	206.0	328.00	209.00	77.90	39.50	27.40	104.80

जलकुण्डी स्टेशन स्थित राप्ती नदीको औसत मासिक प्रवाहका आधारमा तयार गरिएको Flow Duration Curve तलको चित्रमा देखाइएको छ।



चित्र २५: राप्ति नदीको Flow Duration Curve

५.१.३.२ पुर्बी नहरमा पानीको उपलब्धता

इन्टेक (Intake) स्थलमा पश्चिम राप्ती नदीको ८० प्रतिशत अतिक्रमण सम्भाव्यता (Probability of Exceedance) भएको नदी प्रवाहलाई दुवै तर्फका इन्टेकहरूमा सम्बन्धित सिंचित कमाण्ड क्षेत्र (Command Area) को अनुपातमा बाँडफाँट गरिएको छ। उपलब्ध शुद्ध (Net Available) नदी प्रवाहको निर्धारण गर्दा नदीको तल्लो तटीय भागका लागि अनिवार्य रूपमा छोड्नुपर्ने न्यूनतम प्रवाह (Minimum Downstream Mandatory Release) लाई समेत विचार गरिएको छ। विशेष गरी मनसुन बाहेकको अवधिमा (Non-monsoon Period) छोड्नुपर्ने न्यूनतम प्रवाह, प्रचलित अन्तर्राष्ट्रिय अभ्यासअनुसार, गैर-मनसुन अवधिको औसत मासिक नदी प्रवाहको १० प्रतिशत बराबर कायम गरिएको छ। पूर्वी कमाण्ड क्षेत्रका लागि इन्टेक स्थलमा उपलब्ध शुद्ध नदी प्रवाह (Net Available Flow) को विवरण तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३८ : पुर्बी नहरको Net Available Flow

Months	Jan		Feb		Mar		Apr		May		Jun	
	1	2	1	2	1	2	1	2	1	2	1	2
Flows	4.68	4.27	3.93	3.52	3.04	2.60	2.21	1.77	1.26	2.95	6.83	17.33

Months	Jul		Aug		Sept		Oct		Nov		Dec	
	1	2	1	2	1	2	1	2	1	2	1	2
Flows	34.44	49.41	62.25	62.41	49.88	36.73	22.93	14.01	9.97	7.32	6.04	5.16

(स्रोतः बिस्तृत आध्ययन प्रतिबेदन, २०२३)

५.१.३.३ पानीको आवश्यकता

अधिकतम पानीको आवश्यकता जुन महिनामा ६५ घनमिटर प्रति सेकेन्ड (m^3/s) रहेको छ भने न्यूनतम आवश्यकता नोभेम्बर महिनामा ६.९० घनमिटर प्रति सेकेन्ड (m^3/s) रहेको छ। दायाँतर्फको मुख्य नहर ५० घनमिटर प्रति सेकेन्ड (m^3/s) वहन क्षमता हुने गरी डिजाइन गरिएको छ भने बायाँतर्फको मुख्य नहर १४.७ घनमिटर प्रति सेकेन्ड (m^3/s) वहन क्षमता हुने गरी डिजाइन गरिएको छ।

५.१.३.४ तापक्रम तथा सापेक्षिक आद्रता

मौसमसम्बन्धी तथ्याङ्क खजुरा स्टेशन (४०९) बाट संकलन गरिएको हो। औसत अधिकतम तथा न्यूनतम तापक्रम क्रमशः ३०.८°से. र १७.८°से. रहेको छ। त्यसैगरी, औसत सापेक्षिक आर्द्रता ७७.४% तथा औसत दैनिक घाम लाग्ने अवधि ७.६ घण्टा रहेको छ।

५.१.४ भूगर्भीय तथा भू-प्राविधिक अवस्था

५.१.४.१ भूगर्भीय अवस्था

सिक्टा सिँचाइ आयोजनाको पूर्वी मूल नहरको चेनेज ३६+१२५ देखि चेनेज ५४+६८० सम्मको क्षेत्र बाँके जिल्लाको तराई भू-भागमा अवस्थित रहेको छ। उक्त नहर खण्ड चुरे/शिवालिक क्षेत्रमा अवस्थित नभई तराईको समथर जलोढ मैदानमा पर्ने भएकाले यहाँको भूगर्भीय अवस्था मुख्यतः चतुर्थकल्पीय (Quaternary) नदीजन्य तथा जलोढ निक्षेपहरूबाट प्रभावित रहेको देखिन्छ।



चित्र २६ : आयोजना क्षेत्रको Geology

क्षेत्रीय रूपमा आयोजना क्षेत्र नेपालको दक्षिणी तराई भू-भागमा पर्दछ। तराई क्षेत्रको निर्माण मुख्यतः हिमालय तथा चुरे क्षेत्रबाट विभिन्न नदी तथा खोलाहरूले ल्याएर जम्मा गरेका बालुवा, सिल्ट, गिट्टी, ग्राभेल तथा माटोजन्य जलोढ निक्षेपहरूबाट भएको हो। राप्ती नदी तथा यसका सहायक खोलानालाबाट लामो समयदेखि बगाएर ल्याइएका नदीजन्य पदार्थहरू यस क्षेत्रको सतही तथा उपसतही भूगर्भीय संरचनाका प्रमुख अवयव हुन् ।

सिक्टा आयोजनाको माथिल्लो क्षेत्रमा गरिएको भूगर्भीय अध्ययनले आयोजनाको मुख्य नहर प्रणाली जलोढ निक्षेपबाट बनेको ठूलो alluvial fan तथा fluvial depositional system सँग सम्बन्धित रहेको देखाएको छ। चेनेज ३६+१२५ देखि चेनेज ५४+६८० सम्मको स्थानीय भूगर्भ मुख्यतः नदीजन्य तथा जलोढ निक्षेपबाट बनेको मानिन्छ। यस क्षेत्रमा सतह तथा उपसतहमा विभिन्न अनुपातमा ।जस्ता सामग्रीहरू पाइने सम्भावना हुन्छ। यी निक्षेपहरूको तह, मोटाइ तथा कणको आकार स्थानअनुसार परिवर्तन हुन सक्छ।

५.१.४.२ भूकम्पीय अवस्था

नेपाल विश्वका सबैभन्दा बढी भूकम्पीय रूपमा सक्रिय क्षेत्रहरूमध्ये एकमा अवस्थित भएकाले यहाँ भूकम्पको लामो इतिहास रहेको छ। देशको उच्च भूकम्पीय सक्रियता हिमालय क्षेत्रमा

रहेका टेक्टोनिक प्लेटहरूको निरन्तर गतिसँग सम्बन्धित छ, जसका कारण धेरै सक्रिय भ्रंश (Active Faults) हरूको विकास भएको छ। नेपालभरि कुल ९२ वटा सक्रिय भ्रंशहरूको नक्साङ्कन (Mapping) सन् १९९२-१९९४ को भवन संहिता विकास परियोजना (Building Code Development Project) अन्तर्गत सञ्चालन गरिएको नेपालका लागि भूकम्पीय जोखिम नक्साङ्कन तथा जोखिम मूल्याङ्कन (Seismic Hazard Mapping and Risk Assessment for Nepal) कार्यक्रममार्फत गरिएको थियो (MHEP, 1994)।



(स्रोतः Thapa et al. 2017)

चित्र २७: नेपाल तथा आसपासका क्षेत्रमा रहेका प्रमुख भ्रंशहरू तथा भूकम्पहरू

47	Rupi	Common Myna	*Acridotheres tristis*
48	Suga	Slaty-headed Parakeet	*Psittacula himalayana*
49	Sun Dhukur	Oriental Turtle Dove	*Streptopelia orientalis*
50	Tame Dhukur	Red Collared Dove	*Streptopelia tranquebarica*
51	Theuwa	Indian Roller	*Coracias benghalensis*
52	Titra	Black Francolin	*Francolinus francolinus*
53	Raj Chibe	King Crow	*Dicrurus adsimilis*

(स्रोतः स्थलगत अध्ययन, २०८३)

५.२.४.३ सरीसृप

तालिका ५१: सरीसृप प्रजातिको सुची

S.N.	Local Name	Common Name	Scientific Name
1	Gohoro	Yellow Monitor Lizard	*Varanus bengalensis*
2	Bhale Mungro	Hill Skink	*Mabuya carinata*
3	Chheparo	Garden Lizard	*Calotes versicolor*
4	Dhaman Sarpa	Rat Snake	*Ptyas mucosus*
5	Hareu Sarpa	Green Pit Viper	*Trimeresurus albolabris*
6	Sun Gohoro	Golden Monitor Lizard	*Varanus flavescens*
7	Sirise Sarpa	Paradise Flying Snake	*Chrysopelea paradisi*

8	Pani Sarpa	Water Snake	*Xenochrophis piscator*

(स्रोतः स्थलगत अध्ययन, २०८३)

५.२.४.४ वन्यजन्तुको समग्र विवरण

तालिका ५२: प्रजातिको सुची

समुह	प्रजाति संख्या
स्तनधारी	२१
पंक्षी	५३
सरीसृप	८
कुल	८२

५.३ सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण

५.३.१ घरधुरी संख्या,लिङ्ग अनुसार जनसंख्या,औसत घरपरिवार आकार र लिङ्ग अनुपात

राष्ट्रिय जनगणना २०७८ अनुसार बाँके जिल्लाको नरैनापुर गाउँपालिकामा कुल ८,४८८ घरधुरी रहेका छन्। गाउँपालिकाको कुल जनसंख्या ४३,२०६ रहेको छ, जसमध्ये २१,७३२ पुरुष र २१,४७४ महिला छन्। औसत घरपरिवार आकार ५.०९ व्यक्ति प्रति घरधुरी रहेको छ, जसले यहाँ तुलनात्मक रूपमा ठूला परिवार रहेको संकेत गर्दछ। समग्र लिङ्ग अनुपात १०१.२० रहेकोले प्रति १०० महिलामा करिब १०१ पुरुष छन्। वडा नं. ५ मा सबैभन्दा बढी घरधुरी र जनसंख्या रहेको छ, जसले कुल घरधुरीको २१.२७% र कुल जनसंख्याको २१.५०% हिस्सा ओगटेको छ। वडा नं. ३ मा औसत घरपरिवार आकार सबैभन्दा बढी ५.५४ रहेको छ। वडा नं. २ र ६ मा लिङ्ग अनुपात १०० भन्दा कम रहेकोले महिलाको संख्या पुरुषभन्दा बढी देखिन्छ।

तालिका ५३: घरधुरी संख्या, लिङ्ग अनुसार जनसंख्या, औसत घरपरिवार आकार र लिङ्ग अनुपात

वडा	घरधुरी संख्या	कुल जनसंख्या	पुरुष	पुरुष %	महिला	महिला %	औसत घरपरिवार आकार	लिङ्ग अनुपात
सबै वडा	८,४८८	४३,२०६	२१,७३२	५०.३	२१,४७४	४९.७	५.०९	१०१.२
१	१,३६९	७,१११	३,६३०	५१.०५	३,४८१	४८.९५	५.१९	१०४.२८
२	१,३९०	७,०३३	३,४२४	४८.६८	३,६०९	५१.३२	५.०६	९४.८७
३	१,०२८	५,६९७	२,९२७	५१.३८	२,७७०	४८.६२	५.५४	१०५.६७
४	१,२५५	६,३२७	३,२१९	५०.८८	३,१०८	४९.१२	५.०४	१०३.५७
५	१,८०५	९,२८९	४,६७९	५०.३७	४,६१०	४९.६३	५.१५	१०१.५
६	१,६४१	७,७४९	३,८५३	४९.७२	३,८९६	५०.२८	४.७२	९८.९

(स्रोतः राष्ट्रिय जनगणना, २०७८)

५.३.२ ५ वर्ष र सोभन्दा माथिका जनसंख्याको साक्षरता अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार नरैनापुर गाउँपालिकामा ५ वर्ष र सोभन्दा माथिका ३७,७४४ जनसंख्या छन्। तीमध्ये १८,०७५ जना पढ्न र लेख्न सक्ने, १७७ जना पढ्न मात्र सक्ने र १९,४८९ जना पढ्न र लेख्न नसक्ने देखिन्छन्। पुरुषतर्फ पढ्न र लेख्न सक्ने संख्या १०,३५५ छ भने महिलातर्फ ७,७२० मात्र रहेकोले महिला साक्षरतामा अझै सुधार आवश्यक देखिन्छ। वडागत रूपमा वडा नं. ५ मा पढ्न र लेख्न सक्ने जनसंख्या सबैभन्दा बढी ४,५५३ रहेको छ। वडा नं. ६ मा पनि ४,२९० जना पढ्न र लेख्न सक्ने छन्। वडा नं. ३ मा पढ्न र लेख्न नसक्ने संख्या ३, २०६ रहेकोले शिक्षा पहुँच कमजोर देखिन्छ।

तालिका ५४: वर्ष र सोभन्दा माथिका जनसंख्याको साक्षरता अवस्था

वडा	५ वर्ष र माथिको जनसंख्या	पढ्न र लेख्न सक्ने	पढ्न मात्र सक्ने	पढ्न/लेख्न नसक्ने	उल्लेख नभएको
सबै वडा	३७,७४४	१८,०७५	१७७	१९,४८९	३
१	६,३०४	२,३०६	३१	३,९६६	१
२	५,९७०	३,०९६	७	२,८६६	१
३	४,९००	१,६१५	७९	३,२०६	०
४	५,५४४	२,२१५	१३	३,३१५	१
५	८,१३८	४,५५३	३०	३,५५५	०
६	६,८८८	४,२९०	१७	२,५८१	०

(स्रोतः राष्ट्रिय जनगणना, २०७८)

५.३.३ १० वर्ष र सोभन्दा माथिका जनसंख्याको आर्थिक सक्रियता अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार नरैनापुर गाउँपालिकामा १० वर्ष र सोभन्दा माथिको कुल जनसंख्या ३१,६३९ रहेको छ। तीमध्ये ११,५३० जना रोजगारीमा संलग्न र १,८०७ जना बेरोजगार रहेका छन्। यसले स्थानीय क्षेत्रमा रोजगारीका अवसर, सीप विकास र आयआर्जन कार्यक्रमको आवश्यकता रहेको देखाउँछ। ७,९६४ जना सामान्यतया आर्थिक रूपमा सक्रिय नभए पनि केही गतिविधिमा संलग्न देखिन्छन् भने १०,३०२ जना आर्थिक रूपमा सक्रिय छैनन्। लैङ्गिक दृष्टिले पुरुषको रोजगारी संख्या ७,८३१ छ भने महिलाको ३,६९९ मात्र रहेकोले महिलाको आर्थिक सहभागिता न्यून देखिन्छ। वडागत रूपमा वडा नं. ५ मा रोजगारीमा संलग्न जनसंख्या सबैभन्दा बढी २,९०५ रहेको छ। वडा नं. ६ मा सामान्यतया सक्रिय नभएका तर आर्थिक गतिविधिमा संलग्न जनसंख्या बढी देखिन्छ।

तालिका ५५: १० वर्ष र सोभन्दा माथिका जनसंख्याको आर्थिक सक्रियता अवस्था

वडा	१० वर्ष र माथिको कुल जनसंख्या	रोजगारीमा संलग्न	बेरोजगार	सामान्यतया सक्रिय नभएको	आर्थिक रूपमा सक्रिय नभएको	उल्लेख नभएको
सबै वडा	३१,६३९	११,५३०	१,८०७	७,९६४	१०,३०२	३६
१	५,२८४	१,७३५	८१	१,००९	२,४५०	९
२	४,८७२	१,४६५	७२	१,३७४	१,९५२	९
३	४,१०३	१,६७८	६२४	७४१	१,०५७	३
४	४,६३९	१,६६८	४४६	१,५३२	९९२	१
५	६,८०७	२,९०५	२४५	१,३२९	२,३२२	६
६	५,९३४	२,०७९	३३९	१,९७९	१,५२९	८

(स्रोतः राष्ट्रिय जनगणना, २०७८)

५.३.४ १० वर्ष र सोभन्दा माथिका जनसंख्या रोजगारी क्षेत्र र लिङ्ग अनुसार

राष्ट्रिय जनगणना २०७८ अनुसार नरैनापुर गाउँपालिकामा १० वर्ष र सोभन्दा माथिको जनसंख्या ३१,६३९ रहेको छ। यसमध्ये ३,७४३ जना गैर - घरपरिवारिक काममा१६,००० जना घरपरिवारिक काममा र ११,८८१ जना कुनै काममा संलग्न नभएको देखिन्छ। गाउँपालिकामा घरपरिवारभित्र हुने काम प्रमुख रोजगारी तथा श्रम योगदानको रूपमा देखिन्छ। पुरुषहरू घरपरिवारिक काममा ९,४२९ जना संलग्न छन् भने महिलाहरू ६,५७१ जना छन्। गैर-घरपरिवारिक काममा महिलाको संख्या २,१३७ र पुरुषको संख्या १,६०६ रहेको छ। काम नगर्ने जनसंख्यामा महिलाको संख्या ७,१८१ रहेकोले महिलाको आर्थिक अवसर र रोजगारी पहुँचमा सुधार आवश्यक देखिन्छ। वडागत रूपमा वडा नं ५ मा १० वर्षमाथिको जनसंख्या सबैभन्दा . बढी छ।

तालिका ५६: १० वर्ष र सोभन्दा माथिका जनसंख्या रोजगारी क्षेत्र र लिङ्ग अनुसार

वडा	१० वर्ष र माथिको जनसंख्या	गैर घरपरिवारिक काम	घरपरिवारिक काम	काम नगरेको
सबै वडा	३१,६३९	३,७४३	१६,०००	११,८८१
१	५,२८४	६७९	२,०५८	२,५३८
२	४,८७२	६९२	१,९२०	२,२५९
३	४,१०३	४८९	१,९५६	१,६५७
४	४,६३९	४५७	३,०८२	१,१००
५	६,८०७	८०६	३,४७९	२,५१८

६	५,९३४	६२०	३,५०५	१,८०९

(स्रोतः राष्ट्रिय जनगणना, २०७८)

५.३.५ अपाङ्गता भएका रोजगारीमा संलग्न व्यक्तिको कृषि तथा गैर-कृषि रोजगारी अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार नरैनापुर गाउँपालिकामा रोजगारीमा संलग्न अपाङ्गता भएका व्यक्तिको कुल संख्या २३१ रहेको छ। यसमध्ये १६४ पुरुष र ६७ महिला छन्। रोजगारीको प्रकृति हेर्दा १५५ जना कृषि क्षेत्रमा र ७५ जना गैरकृषि क्षेत्रमा संलग्न छन्। यसले अपाङ्गता भएका व्यक्तिहरूको जीविकोपार्जनमा कृषि क्षेत्रको महत्वपूर्ण भूमिका रहेको देखाउँछ। वडागत रूपमा वडा न५ मा रोजगारीमा संलग्न अपाङ्गता भएका व्यक्तिको संख्या सबैभन्दा बढी .५७ रहेको छ भने वडा नं . ४ मा सबैभन्दा कम २८ रहेको छ। वडा नं .-५ र ६ मा गैरकृषि रोजगारीमा संलग्न संख्या तुलनात्मक रूपमा बढी देखिन्छ।

तालिका ५७: अपाङ्गता भएका रोजगारीमा संलग्न व्यक्तिको कृषि तथा गैरकृषि रोजगारी अवस्था

वडा	रोजगारीमा संलग्न अपाङ्गता भएका व्यक्ति	पुरुष	महिला	कृषि रोजगारी	गैर-कृषि रोजगारी
सबै वडा	२३१	१६४	६७	१५५	७५
१	३१	२०	११	२५	५
२	३४	२५	९	२६	८
३	३५	२६	९	२४	११
४	२८	२०	८	२२	६
५	५७	४८	९	३३	२४
६	४६	२५	२१	२५	२१

(स्रोतः राष्ट्रिय जनगणना, २०७८)

५.३.६ लिङ्गअनुसार विवाहको औसत उमेर

राष्ट्रिय जनगणना २०७८ अनुसार नरैनापुर गाउँपालिकामा विवाहको औसत उमेर १८.६ वर्ष रहेको छ। लिङ्गअनुसार हेर्दा पुरुषको विवाहको औसत उमेर १९.६ बर्ष र महिलाको १७.८ वर्ष रहेको देखिन्छ। यसले महिलाको विवाह उमेर पुरुषको तुलनामा कम रहेको संकेत गर्दछ। वडागत रूपमा वडा नं .२ मा विवाहको औसत उमेर सबैभन्दा बढी १९.६ वर्ष रहेको छ, जहाँ पुरुषको औसत विवाह उमेर २०५ वर्ष. र महिलाको १९ वर्ष छ। वडा नं . ६ मा विवाहको औसत उमेर सबै भन्दा कम १७.८ वर्ष रहेको छ। विशेषगरी वडा नं . ६ मा महिलाको औसत विवाह उमेर १६.८ बर्ष मात्र देखिन्छ, जसले बालविवाह तथा किशोरी स्वास्थ्यसम्बन्धी जोखिमको संकेत गर्न सक्छ।

तालिका ५८: लिङ्गअनुसार विवाहको औसत उमेर

वडा	विवाहको औसत उमेर	पुरुष	महिला
सबै वडा	१८.६	१९.६	१७.८
१	१८.६	१९.५	१७.८
२	१९.६	२०.५	१९.
३	१८.४	१९.	१७.९
४	१८.४	१९.५	१७.३
५	१९.	१९.९	१८.२
६	१७.८	१९.	१६.८

(स्रोतः राष्ट्रिय जनगणना, २०७८)

५.३.७ घरधुरी संख्या घरको भुइँको प्रकारअनुसार

राष्ट्रिय जनगणना २०७८ अनुसार नरैनापुर गाउँपालिकामा कुल ८,४८८ घरधुरी रहेका छन्। घरको भुइँको प्रकार हेर्दा सबैभन्दा धेरै घरधुरीमा माटोको भुइँ प्रयोग भएको देखिन्छ, जसको संख्या ७,०६१ रहेको छ। यसले गाउँपालिकामा परम्परागत तथा कम लागतका आवासीय संरचना धेरै रहेको संकेत गर्दछ। सिमेन्टेड भुइँ भएका घरधुरी ८२९ छन्, जुन तुलनात्मक रूपमा सुधारिएको आवासीय अवस्थालाई जनाउँछ। काठको फल्याक वा बाँसको भुइँ भएका घरधुरी ३२२, इँटा वा ढुंगाको भुइँ भएका १८६, सिरेमिक टायल भएका ६५ र अन्य प्रकारका भुइँ भएका २५ घरधुरी रहेका छन्।

तालिका ५९: घरधुरी संख्या घरको भुइँको प्रकारअनुसार

क्षेत्र	कुल घरधुरी	माटो	काठको फल्याक/बाँस	इँटा/ढुंगा	सिरेमिक टायल	सिमेन्टेड	अन्य
नरैनापुर गाउँपालिका	८,४८८	७,०६१	३२२	१८६	६५	८२९	२५

(स्रोतः राष्ट्रिय जनगणना, २०७८)

५.३.८ खानेपानीको मुख्य स्रोतअनुसार घरधुरी संख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार नरैनापुर गाउँपालिकामा कुल ८,४८८ घरधुरी रहेका छन्। खानेपानीको मुख्य स्रोत हेर्दा सबैभन्दा धेरै घरधुरीले घरभित्रको धारा/पाइप पानी प्रयोग गरेका छन्, जसको संख्या ३,९११ रहेको छ। त्यसपछि ट्युबवेल/ह्यान्डपम्प प्रयोग गर्ने घरधुरी २,८९९ छन्। घरबाहिरको धारा/पाइप पानी प्रयोग गर्ने घरधुरी १,२२६ रहेका छन्। यसले गाउँपालिकामा पाइप पानी र भूमिगत पानी दुवै प्रमुख खानेपानी स्रोतका रूपमा प्रयोग भइरहेको

देखाउँछ। केही घरधुरीले मूल/धारा पानी, ढाकिएको कुवा, नढाकिएको कुवा, नदी/खोला, जार/बोतल पानी तथा अन्य स्रोत पनि प्रयोग गरेका छन्।

तालिका ६०: खानेपानीको मुख्य स्रोतअनुसार घरधुरी संख्या

क्षेत्र	कुल घरधुरी	घरभित्र धारा/पाइप पानी	घरबाहिर धारा/पाइप पानी	ट्युबवेल/ह्यान्डपम्प	ढाकिएको कुवा	नढाकिएको कुवा	मूल/धारा पानी	नदी/खोला	जार/बोतल	अन्य
नरैनापुर गाउँपालिका	८,४८८	३,९११	१,२२६	२,८९९	१३	४४	३५३	२	४	३६

(स्रोतः राष्ट्रिय जनगणना, २०७८)

५.३.९ खाना पकाउन प्रयोग गरिने इन्धनको प्रकारअनुसार घरधुरी संख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार नरैनापुर गाउँपालिकामा कुल ८,४८८ घरधुरी रहेका छन्। खाना पकाउन प्रयोग गरिने इन्धनको अवस्था हेर्दा अधिकांश घरधुरीले दाउरा प्रयोग गर्ने गरेको देखिन्छ, जसको संख्या ७,९९३ रहेको छ। यसले गाउँपालिकामा परम्परागत इन्धनमा उच्च निर्भरता रहेको संकेत गर्दछ। दाउराको अत्यधिक प्रयोगले वन स्रोतमा दबाब, घरभित्रको धुवाँ, श्वासप्रश्वाससम्बन्धी स्वास्थ्य समस्या तथा महिला र बालबालिकामा बढी असर पार्न सक्छ। एल.पी. ग्यास प्रयोग गर्ने घरधुरी ४४९ मात्र रहेका छन् भने विद्युत् प्रयोग गर्ने घरधुरी १९ छन्। गाईवस्तुको गोबर, बायोग्यास, मट्टीतेल तथा अन्य इन्धनको प्रयोग न्यून देखिन्छ।

तालिका ६१: खाना पकाउन प्रयोग गरिने इन्धनको प्रकारअनुसार घरधुरी संख्या

क्षेत्र	कुल घरधुरी	दाउरा	एल.पी. ग्यास	विद्युत्	गोबर	बायोग्यास	मट्टीतेल	अन्य
नरैनापुर गाउँपालिका	८,४८८	७,९९३	४४९	१९	१४	५	५	३

(स्रोतः राष्ट्रिय जनगणना, २०७८)

५.३.१० बत्ती बाल्ने घरधुरी संख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार नरैनापुर गाउँपालिकामा कुल ८,४८८ घरधुरी रहेका छन्। घरधुरीको बत्ती बाल्ने सामान्य स्रोत हेर्दा सबैभन्दा धेरै घरधुरीले सौर्य ऊर्जा प्रयोग गर्ने गरेको देखिन्छ, जसको संख्या ७,१०९ रहेको छ। यसले गाउँपालिकामा राष्ट्रिय विद्युत् प्रसारण वा नियमित विद्युत् पहुँच सीमित रहेको संकेत गर्दछ। विद्युत् प्रयोग गर्ने घरधुरी ९१८ मात्र रहेका

छन्। त्यस्तै मट्टीतेल प्रयोग गर्ने घरधुरी २३२, बायोग्यास प्रयोग गर्ने ७ र अन्य स्रोत प्रयोग गर्ने २२२ घरधुरी रहेका छन्। सौर्य ऊर्जाको उच्च प्रयोगले वैकल्पिक तथा नवीकरणीय ऊर्जामा स्थानीय निर्भरता देखाउँछ। तर विद्युत् पहुँच सीमित हुँदा शिक्षा, स्वास्थ्य सेवा, सञ्चार, साना व्यवसाय र घरेलु सुविधा प्रभावित हुन सक्छन्।

तालिका ६२: बत्ती बाल्ने सामान्य स्रोतअनुसार घरधुरी संख्या

क्षेत्र	कुल घरधुरी	विद्युत्	सौर्य ऊर्जा	मट्टीतेल	बायोग्यास	अन्य
नरैनापुर गाउँपालिका	८,४८८	९१८	७,१०९	२३२	७	२२२

(स्रोत: राष्ट्रिय जनगणना, २०७८)

५.३.११ शौचालय सुविधाको प्रकारअनुसार घरधुरी संख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार नरैनापुर गाउँपालिकामा कुल ८,४८८ घरधुरी रहेका छन्। शौचालय सुविधाको अवस्था हेर्दा सबैभन्दा धेरै घरधुरीले खाल्डे शौचालय प्रयोग गर्ने गरेको देखिन्छ, जसको संख्या ६,००७ रहेको छ। सेप्टिक ट्यांकीसहितको फ्लस शौचालय प्रयोग गर्ने घरधुरी ७०६ छन् भने सार्वजनिक ढलसँग जोडिएको फ्लस शौचालय प्रयोग गर्ने घरधुरी १२६ मात्र रहेका छन्। सार्वजनिक शौचालय प्रयोग गर्ने घरधुरी ४१ छन्। गाउँपालिकामा अझै १,६०८ घरधुरीमा शौचालय सुविधा छैन, जुन सरसफाइ, स्वास्थ्य तथा वातावरणीय दृष्टिले महत्वपूर्ण विषय हो। शौचालय अभावले खुला दिसा, पानी प्रदूषण, सरुवा रोग तथा सामाजिक असुरक्षाको जोखिम बढाउन सक्छ।

तालिका ६३: शौचालय सुविधाको प्रकारअनुसार घरधुरी संख्या

क्षेत्र	कुल घरधुरी	सार्वजनिक ढलसँग जोडिएको फ्लस शौचालय	सेप्टिक ट्यांकी सहितको फ्लस शौचालय	खाल्डे शौचालय	सार्वजनिक शौचालय	शौचालय सुविधा नभएको
नरैनापुर गाउँपालिका	८,४८८	१२६	७०६	६,००७	४१	१,६०८

(स्रोत: राष्ट्रिय जनगणना, २०७८)

५.३.१२ महिलाको स्थिर सम्पत्ति स्वामित्वअनुसार घरधुरी संख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार नरैनापुर गाउँपालिकामा कुल ८,४८८ घरधुरी रहेका छन्। महिलाको स्थिर सम्पत्तिमा स्वामित्वको अवस्था हेर्दा घर मात्र स्वामित्व भएका घरधुरी ८०,

जग्गा मात्र स्वामित्व भएका ३३४ र घर तथा जग्गा दुवैमा महिलाको स्वामित्व भएका ३१८ घरधुरी रहेका छन्। तर ७,२८७ घरधुरीमा महिलाको नाममा घर वा जग्गा कुनै पनि स्वामित्व नभएको देखिन्छ। यसले गाउँपालिकामा महिलाको सम्पत्ति अधिकार तथा आर्थिक सशक्तीकरण कमजोर रहेको संकेत गर्दछ। ४६९ घरधुरीको विवरण उल्लेख नभएको छ। महिलाको नाममा सम्पत्ति स्वामित्व कम हुँदा उनीहरूको निर्णय गर्ने क्षमता, ऋण तथा वित्तीय सेवामा पहुँच, सामाजिक सुरक्षा र आर्थिक आत्मनिर्भरता प्रभावित हुन सक्छ।

तालिका ६४: महिलाको स्थिर सम्पत्ति स्वामित्वअनुसार घरधुरी संख्या

क्षेत्र	कुल घरधुरी	घर मात्र	जग्गा मात्र	घर र जग्गा दुवै	घर वा जग्गा कुनै पनि छैन	उल्लेख नभएको
नरैनापुर गाउँपालिका	८,४८८	८०	३३४	३१८	७,२८७	४६९

(स्रोतः राष्ट्रिय जनगणना, २०७८)

५.३.१३ कृषि उत्पादन तथा उत्पादकत्व

नरैनापुर गाउँपालिकाको कुल क्षेत्रफल १७,२१८ हेक्टर रहेकोमा खेती योग्य क्षेत्रफल ५,८२७ हेक्टर देखिन्छ। यसमध्ये हाल खेती भइरहेको क्षेत्रफल ४,९४८ हेक्टर रहेको छ। खेती योग्य जमिनको स्वरूप हेर्दा खेत क्षेत्रफल ५,६९५ हेक्टर र पाखो क्षेत्रफल १३२ हेक्टर रहेको छ, जसले गाउँपालिकामा समथर तथा खेतियोग्य जमिनको हिस्सा धेरै रहेको देखाउँछ। सिंचाइको अवस्थालाई हेर्दा ५,६२७ हेक्टर क्षेत्रफल सिंचाइ योग्य भए पनि पूर्ण रूपमा सिञ्चित क्षेत्रफल ७५३ हेक्टर मात्र रहेको छ। आंशिक रूपमा सिञ्चित क्षेत्रफल १,३१२ हेक्टर र जम्मा सिञ्चित क्षेत्रफल २,०६५ हेक्टर रहेको छ भने ३,७६२ हेक्टर क्षेत्रफल अझै असिञ्चित अवस्थामा रहेको देखिन्छ। तालिका ५१ मा नरैनापुर गा.पा. को कृषि योग्य क्षेत्रफल सम्बन्धि विस्तृत विवरण प्रस्तुत गरिएको छ ।

तालिका ६५: नरैनापुर गाउँपालिकाको कृषि योग्य क्षेत्रफल सम्बन्धि विवरण

क्र.सं.	विवरण	क्षेत्रफल (हे.)
१	गाउँपालिकाको कुल क्षेत्रफल	१७,२१८
२	खेती योग्य क्षेत्रफल	५,८२७
३	खेती भइरहेको क्षेत्रफल	४९४८
४	खेत क्षेत्रफल	५,६९५
५	पाखो क्षेत्रफल	१३२
६	सिंचाइ योग्य क्षेत्रफल	५,६२७
७	पूर्ण सिञ्चित क्षेत्रफल	७५३
८	आंशिक सिञ्चित क्षेत्रफल	१,३१२

९	जम्मा सिञ्चित क्षेत्रफल	२,०६५
१०	असिञ्चित क्षेत्रफल	३,७६२

(स्रोतः कृषि विकास शाखा, नरैनापुर गाउँपालिका, २०८३)

बालीगत रूपमा वर्षे धानको क्षेत्रफल ३,४०२ हेक्टर रहेको छ र ४.२ मे.टन प्रति हेक्टर उत्पादकत्वका आधारमा यसको अनुमानित उत्पादन १४,२८८.४ मे.टन हुन्छ। गहुँको क्षेत्रफल २,६४१ हेक्टर र उत्पादकत्व ३.४ मे.टन प्रति हेक्टर रहेकोले यसको उत्पादन ८,९७९.४ मे.टन अनुमान गरिएको छ। मकै बालीतर्फ हिउँदे मकै, बसन्ते मकै र वर्षे मकै गरी जम्मा करिब ५५ हेक्टर क्षेत्रफलमा खेती भएको देखिन्छ, जसबाट करिब २०८.२५ मे.टन उत्पादन हुने अनुमान छ। समग्र खाद्यान्न बालीको क्षेत्रफल ६,०९६ हेक्टर रहेकोमा औसत उत्पादकत्व ३.९८ मे.टन प्रति हेक्टरका आधारमा कुल खाद्यान्न उत्पादन करिब २४,२६२.०८ मे.टन हुने देखिन्छ। यस तथ्यांकले नरैनापुर गाउँपालिकामा धान र गहुँ प्रमुख खाद्यान्न बालीका रूपमा रहेको तथा उत्पादन वृद्धिका लागि सिंचाइ विस्तार, बाली विविधीकरण र आधुनिक कृषि प्रविधिको प्रयोग आवश्यक रहेको देखाउँछ। तालिका ५२ मा नरैनापुर गा.पा. मा खेती हुने मुख्य बालीहरुको क्षेत्रफल, उत्पादन र उत्पादकत्व सम्बन्धि विस्तृत विवरण प्रस्तुत गरिएको छ ।

तालिका ६६: नरैनापुर गाउँपालिकामा मुख्य बालीहरुको उत्पादन सम्बन्धि विवरण

क्र.सं.	बाली	क्षेत्रफल (हे.)	उत्पादकत्व (मे.टन/हे.)	उत्पादन (मे.टन)
१	वर्षे धान	३,४०२	४.२	१४२८८.४
२	हिउँदे मकै	१५	३.२९	४९.४
३	बसन्ते मकै	१०	६.५	६५.
४	वर्षे मकै	३०	३.१३	९३.९
५	गहुँ	२,६४१	३.४	८९७९.४
६	जम्मा खाद्यान्न बाली	६,०९६	३.९८	२४२६२.१
७	हिउँदे आलु	८.४	१४.९	१२५.२

(स्रोतः कृषि विकास शाखा, नरैनापुर गाउँपालिका, २०८३)

अध्याय ६ प्रस्तावको विकल्प विश्लेषण

६.१ आयोजना स्थल

स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा पूर्वी मूल नहरको अन्तिम खण्डको एलाइनमेन्ट मुख्यतः कृषि योग्य जमिन हुँदै प्रस्ताव गरिएको थियो। आयोजना कार्यान्वयनको चरणमा विस्तृत स्थलगत सर्वेक्षण, प्राविधिक अध्ययन तथा स्थानीय सरोकारवालाहरूसँगको परामर्शका क्रममा उक्त एलाइनमेन्टबाट ठूलो परिमाणमा कृषि योग्य जमिन स्थायी रूपमा प्रभावित हुने, खेतीयोग्य क्षेत्र खण्डीकरण हुने तथा स्थानीय बासिन्दाको जीविकोपार्जनमा प्रतिकूल असर पर्ने देखिएको थियो। साथै स्थानीय समुदायले नहरलाई सकेसम्म वन क्षेत्रको किनारा वा कम उत्पादनशील क्षेत्र हुँदै लैजानुपर्ने माग राखेका थिए।

यस सन्दर्भमा वैकल्पिक एलाइनमेन्टहरूको प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय आधारमा तुलनात्मक विश्लेषण गरिएको थियो। विश्लेषणबाट हाल प्रस्तावित नयाँ एलाइनमेन्टले कृषि योग्य जमिनको अधिग्रहण तथा क्षति न्यून गर्ने, स्थानीय बस्ती र निजी संरचनाहरूमा पर्ने प्रभाव घटाउने तथा स्थानीय समुदायको मागलाई समेत सम्बोधन गर्ने देखिएको छ। यद्यपि नयाँ एलाइनमेन्टको केही भाग वन क्षेत्रसँग जोडिएको भए तापनि यसले समग्र रूपमा कम वातावरणीय तथा सामाजिक प्रभाव सिर्जना गर्ने निष्कर्ष प्राप्त भएको छ। वन क्षेत्रबाट नहरको मार्ग निर्धारण गर्दा वन विनाशलाई न्यूनतम बनाउने, आवश्यक मात्र वन क्षेत्र प्रयोग गर्ने तथा क्षतिपूर्ति वृक्षारोपण लगायतका न्यूनीकरण उपायहरू अवलम्बन गर्ने व्यवस्था गरिएको छ।

तसर्थ, वातावरणीय प्रभाव, सामाजिक स्वीकार्यता, कृषि उत्पादनमा पर्ने असर, प्राविधिक सम्भाव्यता तथा दीर्घकालीन सञ्चालन पक्षलाई समग्र रूपमा मूल्याङ्कन गर्दा हाल प्रस्तावित नयाँ एलाइनमेन्ट नै सबैभन्दा उपयुक्त, व्यवहारिक तथा वातावरणीय दृष्टिले उत्तम विकल्प रहेको निष्कर्ष निकालिएको छ। साथै यस विकल्पले स्थानीय समुदायको दीर्घकालीन हित संरक्षण गर्दै आयोजनाको उद्देश्य प्रभावकारी रूपमा प्राप्त गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।



चित्र ३२ आयोजनाको पुरानो तथा नयाँ नक्शा

६.२ आयोजना डिजाइन

प्रस्तावित सिक्टा सिँचाइ आयोजनाको नहर प्रणालीको डिजाइन छनौट गर्दा भौगोलिक अवस्था, वन क्षेत्रको संवेदनशीलता, कृषि जमिनमा पर्ने प्रभाव, निर्माण सम्भाव्यता, दीर्घकालीन सञ्चालन तथा मर्मत सम्भारको सहजता र वातावरणीय प्रभावलाई मुख्य आधार बनाइएको छ। प्रस्तावित डिजाइनअनुसार नहरमा आवश्यक स्थानहरूमा VRB, Box Culvert, Box Barrel, Aqueduct, Vertical Drop, Vertical Lining, Cover Slab, Escape Channel, Drain Inlet, River Protection, Causeway तथा Canal Service Road जस्ता संरचनाहरू समावेश गरिएको छ। यी संरचनाहरूले नहरको प्रवाह व्यवस्थापन, ढल निकास, खोल्सा तथा नाला क्रसिङ, नदी कटान नियन्त्रण र सञ्चालन-मर्मत कार्यलाई सहज बनाउन सहयोग पुऱ्याउनेछन्।

प्रस्तावित डिजाइनअनुसार अन्तिम खण्डका केही भागहरू कृषि जमिन हुँदै लैजानु व्यावहारिक र वातावरणीय दृष्टिले तुलनात्मक रूपमा उपयुक्त देखिन्छ। कृषि जमिनमा पर्ने प्रभावलाई न्यूनतम गर्न आवश्यक चौडाइ मात्र प्रयोग गर्ने, संरचनात्मक संरक्षण गर्ने, क्षतिपूर्ति तथा पुनर्स्थापना व्यवस्था गर्ने र निर्माणपछि सिँचाइ सुविधाबाट स्थानीय कृषि उत्पादनमा दीर्घकालीन लाभ हुने व्यवस्था मिलाइनेछ।

६.३ आयोजनाको निर्माण विधि र अवधि

प्रस्तावित सिक्टा सिँचाइ आयोजनाको निर्माण कार्यका लागि विभिन्न निर्माण विधिहरूको तुलना गर्दा खुला कटान तथा Trapezoidal lined canal निर्माण विधि प्राविधिक, आर्थिक तथा वातावरणीय दृष्टिले बढी उपयुक्त देखिन्छ। नहर, नियमन संरचना, क्रस-ड्रेनेज संरचना, विस्तार जोइन्ट, फर्मवर्क तथा स्टिल रिइन्फोर्समेन्टसहितको कंक्रिट संरचना निर्माण गर्न आवश्यक सामग्रीहरू स्थानीय तथा राष्ट्रिय बजारबाट उपलब्ध हुन सक्ने भएकाले परम्परागत कंक्रिट लाइनिङ विधि व्यवहारिक मानिएको छ। वैकल्पिक रूपमा पूर्ण रूपमा प्रि-कास्ट संरचना, लामो पाइपलाइन प्रणाली वा भूमिगत नहर प्रणाली अपनाउन सकिने भए पनि ती विकल्पहरू लागत, मर्मतसम्भार, ढुवानी कठिनाइ तथा निर्माण प्रविधिको हिसाबले यस आयोजनाका लागि कम व्यवहारिक देखिन्छन्। निर्माण अवधिको दृष्टिले आयोजनालाई पूर्व-निर्माण, निर्माण, परीक्षण तथा कमिसनिङ र सञ्चालन गरी चार चरणमा विभाजन गरिएको छ। पूर्व-निर्माण चरण ३ महिना, मुख्य निर्माण चरण ३६ महिना, परीक्षण तथा कमिसनिङ १२ महिना र प्रारम्भिक सञ्चालन चरण ३ महिना गरी कुल अवधि ५४ महिना प्रस्ताव गरिएको छ। निर्माण कार्यलाई चरणबद्ध रूपमा अघि बढाउँदा सामग्री व्यवस्थापन, जनशक्ति परिचालन, उपकरण सञ्चालन, वातावरणीय न्यूनीकरण उपाय कार्यान्वयन तथा गुणस्तर नियन्त्रण सहज हुने देखिन्छ। छोटो अवधिमा निर्माण सम्पन्न गर्ने विकल्पले धुलो, ध्वनि, यातायात चाप, श्रमिक चाप तथा निर्माण सामग्रीको अत्यधिक एकैपटक प्रयोगका कारण वातावरणीय दबाब बढाउन सक्छ। त्यसैले ५४ महिनाको चरणबद्ध निर्माण तालिका प्राविधिक रूपमा सुरक्षित, व्यवस्थापनमैत्री र वातावरणीय दृष्टिले तुलनात्मक रूपमा उपयुक्त विकल्प मानिएको छ।

६.४ वैकल्पिक निर्माण सामग्रीका विकल्पहरू

प्रस्तावित सिक्टा सिँचाइ आयोजनाको निर्माणका लागि आवश्यक सिमेन्ट, एग्रिगेट, बालुवा, ढुंगा, रिइन्फोर्समेन्ट बार, फर्मवर्क सामग्री, रबर सिल एक्स्पान्सन जोइन्ट तथा अन्य निर्माण सामग्रीहरूको विकल्प विश्लेषण गरिएको छ। निर्माण सामग्री छनोट गर्दा उपलब्धता, लागत, गुणस्तर, संरचनागत स्थायित्व, निर्माण सहजता तथा वातावरणीय प्रभावलाई आधार मानिएको छ।

नहर तथा नियमन संरचनाको निर्माणका लागि कंक्रिट लाइनिङको सट्टा माटोको नहर (Earthen Canal) वा इट्टा चिनाईको विकल्प विचार गर्न सकिने भए पनि दीर्घकालीन मर्मतसम्भार लागत, चुहावट नियन्त्रण तथा संरचनागत स्थायित्वका दृष्टिले सिमेन्ट कंक्रिट लाइनिङ बढी उपयुक्त देखिएको छ। त्यसैगरी Reinforcement Bars को विकल्पका रूपमा फाइबर वा अन्य मिश्रित

सामग्री प्रयोग गर्न सकिने भए तापनि तिनको उपलब्धता, प्राविधिक अनुभव तथा लागतका कारण स्टिल रिइन्फोर्समेन्ट नै उपयुक्त विकल्प मानिएको छ।

बालुवा तथा ढुंगाका लागि टाढाका स्रोतको सट्टा स्वीकृत स्थानीय उत्खनन क्षेत्र तथा प्रचलित कानुनबमोजिम सञ्चालन भएका नदीजन्य पदार्थ संकलन क्षेत्रबाट सामग्री प्राप्त गर्ने विकल्पलाई प्राथमिकता दिइएको छ, जसले ढुवानी दूरी तथा इन्धन खपत कम गरी वातावरणीय प्रभाव घटाउन सहयोग पुऱ्याउँछ। फर्मवर्कका लागि स्टिल तथा काठ दुवै विकल्प विचार गरिए तापनि पुनःप्रयोग गर्न सकिने स्टिल फर्मवर्क दीर्घकालीन रूपमा बढी प्रभावकारी र वातावरणमैत्री देखिएको छ।

निर्माण उपकरण सञ्चालनका लागि डिजेल मुख्य इन्धनका रूपमा प्रयोग गरिनेछ। विद्युतीय उपकरण प्रयोग गर्न सकिने स्थानमा विद्युत् ऊर्जालाई प्राथमिकता दिने व्यवस्था गरिनेछ, जसले वायु प्रदूषण तथा हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणमा सहयोग पुऱ्याउनेछ। समग्रमा उपलब्धता, प्राविधिक उपयुक्तता, आर्थिक व्यवहार्यता तथा वातावरणीय पक्षलाई मध्यनजर गरी प्रस्तावित निर्माण सामग्रीहरू नै आयोजनाका लागि सबैभन्दा उपयुक्त विकल्पका रूपमा छनोट गरिएको छ।

६.५ कृषियोग्य क्षेत्र प्रयोग गर्ने वा नगर्ने विकल्प

प्रस्तावित सिक्टा सिँचाइ आयोजनाको नहर alignment सम्बन्धमा कृषियोग्य क्षेत्र प्रयोग गर्ने वा नगर्ने विकल्पको विश्लेषण गर्दा सामाजिक, प्राविधिक तथा वातावरणीय पक्षहरूलाई आधार मानिएको छ। स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा नहरको करिब ४४+१०० देखि ५३+४०० कि.मि. alignment मुख्यतः निजी तथा कृषियोग्य जग्गाबाट प्रस्ताव गरिएको थियो। तर नरैनापुर गाउँपालिकाका स्थानीय बासिन्दाबाट कृषियोग्य जमिनमा नहर निर्माण नगर्न माग तथा विरोध व्यक्त भएपछि हालको प्रस्तावित alignment पुनरावलोकन गरी अधिकांश भाग वन क्षेत्रतर्फ सारिएको छ । यसले निजी तथा कृषियोग्य जग्गामा पर्ने प्रभाव उल्लेखनीय रूपमा घटाएको छ ।

यद्यपि, सम्पूर्ण alignment लाई पूर्ण रूपमा वन क्षेत्रभित्र मात्र राख्ने विकल्प प्राविधिक रूपमा उपयुक्त देखिएन। वन क्षेत्रमा केही स्थानमा उच्च ढलान, भू-आकृतिक जटिलता तथा नहरको सुरक्षित प्रवाह कायम गर्नुपर्ने प्राविधिक बाध्यताका कारण चेनेज ५२+७०० पछि नहर निजी/कृषियोग्य जमिन हुँदै लैजानुपर्ने अवस्था रहेको छ। यस्तो क्षेत्रमा आयोजनाले प्रभाव न्यूनीकरणका लागि नहरको चौडाइ घटाउने, आवश्यक न्यूनतम भूमि मात्र प्रयोग गर्ने, डिजाइनलाई संकुचित बनाउने तथा संरचनात्मक सुरक्षालाई कायम राख्ने विकल्प अपनाएको छ।

यसरी कृषियोग्य क्षेत्र पूर्ण रूपमा प्रयोग नगर्ने विकल्प सामाजिक दृष्टिले उपयुक्त भए पनि प्राविधिक रूपमा सबै स्थानमा सम्भव नभएको देखिन्छ। त्यसैले प्रस्तावित विकल्पले वन क्षेत्रको प्रयोगलाई प्राथमिकता दिँदै प्राविधिक बाध्यता भएका सीमित निजी/कृषियोग्य क्षेत्रमा मात्र न्यूनतम भूमि प्रयोग गर्ने व्यवस्था गरेको छ। यस विकल्पलाई सामाजिक स्वीकार्यता, प्राविधिक सम्भाव्यता र वातावरणीय प्रभाव न्यूनीकरणका दृष्टिले तुलनात्मक रूपमा उपयुक्त विकल्प मानिएको छ।

नरैनापुर गाउँपालिका वडा नं. २ अन्तर्गत खेतीयोग्य क्षेत्रमा नहर निर्माण नगर्नुपर्ने सम्बन्धी सुझाव प्राप्त भएको थियो। तथापि, प्रस्तावित नहर निर्माण कार्य स्वीकृत डिजाइन, ड्रइङ्ग, एलाइनमेन्ट तथा सम्बन्धित प्राविधिक मापदण्डहरूको पूर्ण पालना गर्दै मात्र कार्यान्वयन गरिनेछ। निर्माण चरणमा स्वीकृत डिजाइनभन्दा बाहिर गई थप खेतीयोग्य जग्गामा अनावश्यक अतिक्रमण वा क्षति नहुने सुनिश्चित गरिनेछ। साथै, स्थानीय समुदायसँग आवश्यक समन्वय गरी जग्गा क्षति न्यूनीकरण, निर्माणजन्य अवरोध व्यवस्थापन तथा वातावरणीय-सामाजिक प्रभाव न्यूनीकरणका उपयुक्त उपायहरू अवलम्बन गरिनेछ।

६.६ नहर Alignment विकल्पको विश्लेषण

प्रस्तावित नहर एलाइनमेन्ट छनोट गर्दा प्राविधिक, आर्थिक, हाइड्रोलिक, कृषि तथा वातावरणीय पक्षलाई आधार मानिएको छ। कृषि क्षेत्र नजिकको तुलनात्मक रूपमा सीधा एलाइनमेन्ट र वन क्षेत्र हुँदै जाने वैकल्पिक एलाइनमेन्टको तुलना गर्दा निम्न पक्षहरू विचार गरिएको छ।

आधार	कृषि क्षेत्र नजिकको सीधा एलाइनमेन्ट	वन क्षेत्र हुँदै जाने एलाइनमेन्ट
सिँचाइ पहुँच	कृषि जमिन नजिक भएकाले पानी वितरण सहज र प्रभावकारी	खेतसम्म पानी पुऱ्याउन थप शाखा/वितरण संरचना आवश्यक हुन सक्छ
वन तथा रुख कटान	वन क्षेत्र तथा रुख कटान न्यून गर्न सकिने	ठूलो वन क्षेत्र तथा रुख कटान हुने सम्भावना
भू-आकृति	तुलनात्मक रूपमा अनुकूल भू-भागमा निर्माण गर्न सकिने	भिरालो भू-भागका कारण cutting, filling तथा retaining structure बढी आवश्यक हुन सक्छ
हाइड्रोलिक पक्ष	छोटो तथा सीधा एलाइनमेन्टबाट hydraulic loss कम हुन्छ	लामो/घुमाउरो एलाइनमेन्टबाट hydraulic loss बढ्न सक्छ

निर्माण तथा सञ्चालन लागत	कम संरचना तथा छोटो लम्बाइका कारण लागत तुलनात्मक रूपमा कम	थप संरचना तथा कठिन भू-भागका कारण लागत बढी हुन सक्छ
सञ्चालन/मर्मत	कृषि क्षेत्र नजिक भएकाले निरीक्षण तथा मर्मत सहज	वन्यजन्तु, रुख ढल्ने तथा पहिरो आदिका कारण सञ्चालन चुनौतीपूर्ण हुन सक्छ

यस तुलनाका आधारमा कृषि क्षेत्र नजिकको तुलनात्मक रूपमा सीधा एलाइनमेन्ट प्राविधिक, हाइड्रोलिक तथा आर्थिक दृष्टिले बढी उपयुक्त देखिएको छ। अन्तिम खण्डमा नहर, berm तथा service road सहितको चौडाइ करिब १८ मिटर मात्र हुने भएकाले कृषि जमिनको प्रयोगलाई सीमित राख्न सकिने र आवश्यक जग्गाको क्षतिलाई प्रचलित व्यवस्थाअनुसार क्षतिपूर्तिमार्फत सम्बोधन गर्न सकिनेछ।

अर्कोतर्फ, वन क्षेत्र हुँदै एलाइनमेन्ट लैजाँदा वन क्षेत्र प्रयोग, रुख कटान तथा जैविक वातावरणमा पर्ने दीर्घकालीन प्रभाव बढ्नुका साथै थप संरचना र निर्माण लागत आवश्यक पर्न सक्छ। त्यसैले सम्भव भएसम्म वन तथा रुख कटान न्यून हुने गरी कृषि क्षेत्र नजिकको एलाइनमेन्टलाई प्राथमिकता दिइएको हो।

अध्याय ७ प्रस्ताव कार्यन्वयन गर्दा वातावरणमा पर्ने प्रभाव

७.१ प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव तथा संरक्षणका उपायहरु

यस खण्डमा विद्यमान वातावरणीय अवस्थामा प्रस्ताव कार्यान्वयनबाट पर्न सक्ने प्रभावहरुको पहिचान गरिएको छ । वातावरणीय प्रभावहरुलाई अनुकूल र प्रतिकूल प्रभावमा वर्गीकरण गरिएको छ । अनुकूल प्रभावबाट भौतिक, जैविक र सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्ने सकारात्मक प्रभाव र त्यसको बढोत्तरीको उपायहरु पहिचान गरिएको छ र प्रतिकूल प्रभावबाट भौतिक, जैविक र सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्ने नकारात्मक प्रभावको पहिचान गरी न्यूनीकरणका उपायहरु अपनाइएको छ । यस्ता प्रभावलाई परिणाम, सीमा र समयावधिको आधारमा वर्गीकरण गरिएको छ । प्रस्तावित सिंचाई नहर निर्माण गर्दा पर्ने अनुकूल र प्रतिकूल प्रभावहरु निम्न उप-खण्डहरुमा प्रस्तुत गरिएको छ ।

७.२ अनुकूल प्रभावहरु

प्रस्तावित नहर निर्माणसँगै आयोजना क्षेत्रको वातावरणमा पर्ने सक्ने अनुकूल प्रभावहरु यस प्रकारका छन ।

७.२.१ निर्माण चरण

स्थानीय रोजगारी तथा आर्थिक अवसर

निर्माण चरणमा आयोजनाका विभिन्न कार्यहरू सम्पन्न गर्न दक्ष, अर्धदक्ष तथा अदक्ष जनशक्तिको आवश्यकता पर्नेछ। निर्माण चरणमा व्यवस्थापन, सुपरिवेक्षण तथा प्राविधिक कार्यका लागि १ जना प्रबन्ध निर्देशक, १ जना परियोजना प्रबन्धक, ३ जना रेसिडेन्ट इन्जिनियर तथा ५ जना सब-इन्जिनियर गरी कुल १० जना दक्ष जनशक्ति ३६ महिनासम्म परिचालन गरिनेछ, जसबाट ३६० Man-Month दक्ष जनशक्ति आवश्यक पर्नेछ। यसका अतिरिक्त २५ जना अर्धदक्ष तथा ५० जना अदक्ष श्रमिक करिब २५ महिनासम्म संलग्न रहने हुँदा क्रमशः ६२५ Man-Month र १,२५० Man-Month रोजगारी सिर्जना हुनेछ।

निर्माण कार्यमा आवश्यक पर्ने अर्धदक्ष तथा अदक्ष जनशक्तिमध्ये सम्भव भएसम्म स्थानीय समुदायका योग्य तथा इच्छुक व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ। स्थानीय जनशक्तिलाई निर्माण सामग्री ढुवानी, साइट व्यवस्थापन, उत्खनन तथा भराइ, सरसफाइ, सामान्य निर्माण कार्य, सुरक्षा तथा अन्य सहायक कार्यमा रोजगारीका अवसर उपलब्ध गराइनेछ। आवश्यक दक्ष तथा प्राविधिक जनशक्ति स्थानीय स्तरमा उपलब्ध नभएको अवस्थामा बाह्य जनशक्ति परिचालन गरिनेछ।

स्थानीय रोजगारीमा प्राथमिकता दिँदा स्थानीय बासिन्दाले आफ्नै क्षेत्रमा प्रत्यक्ष आयआर्जनको अवसर प्राप्त गर्नेछन्। साथै, स्थानीय श्रमिक तथा सेवा प्रदायकको संलग्नताले स्थानीय बजारमा वस्तु तथा सेवाको माग वृद्धि भई स्थानीय व्यापार, होटल/खाजा तथा अन्य सेवा व्यवसायमा अप्रत्यक्ष आर्थिक अवसर समेत सिर्जना हुने अपेक्षा गरिएको छ। यसले रोजगारीको खोजीमा हुने बाह्य बसाइँसराइ तथा अस्थायी पलायनलाई केही हदसम्म न्यूनीकरण गर्न सहयोग पुऱ्याउनेछ। यस प्रभावको प्रकृति प्रत्यक्ष तथा सकारात्मक, परिमाण मध्यम, प्रभाव क्षेत्र स्थानीय र अवधि अल्पकालीन (निर्माण अवधिसम्म) रहनेछ। स्थानीय रोजगारी तथा आर्थिक अवसरको प्रभावलाई अधिकतम बनाउन निर्माण व्यवसायीले स्थानीय तह तथा सम्बन्धित समुदायसँग समन्वय गरी स्थानीय जनशक्तिको आवश्यकता, उपलब्धता र सीपअनुसार रोजगारीमा प्राथमिकता दिने व्यवस्था मिलाउनेछ।

प्रदूषण नियन्त्रण तथा व्यवस्थापनसम्बन्धी सचेतनामा पर्ने प्रभाव

प्रस्तावित निर्माण कार्यहरू असल निर्माण अभ्यास तथा कार्यस्थल व्यवस्थापनका सिद्धान्तहरू अपनाई सञ्चालन गरिने अवधारणामा आधारित छन्। यस प्रयोजनका लागि ठेक्का कागजातमा निर्माण व्यवस्थापनका उत्कृष्ट अभ्यासहरू सुनिश्चित गर्ने विभिन्न गुणस्तरीय प्रावधानहरू समावेश गरिएका छन्। यस सन्दर्भमा स्थानीय समुदायले निर्माण कार्यको व्यवस्थापन, प्रदूषण नियन्त्रण, फोहोर व्यवस्थापन, कार्यस्थल सरसफाइ तथा समग्र निर्माण व्यवस्थापन सम्बन्धी व्यवहारिक ज्ञान र अनुभव प्राप्त गर्नेछन्। यसले स्थानीयस्तरमा वातावरणीय सचेतना अभिवृद्धि गर्न सहयोग पुऱ्याउनेछ। यस प्रभाव अप्रत्यक्ष प्रकृतिको, मध्यम परिमाणको, स्थानीय सीमाको र अल्पकालीन अवधिको भई महत्वपूर्ण रहनेछ।

वन व्यवस्थापन तथा प्राकृतिक स्रोत संरक्षणसम्बन्धी सचेतनामा पर्ने प्रभाव

आयोजनाको डिजाइन तथा कार्यान्वयन योजनाले निर्माण चरणमा वन व्यवस्थापन तथा प्राकृतिक स्रोत संरक्षणसम्बन्धी पहलहरू प्रवर्द्धन गर्ने व्यवस्था गरेको छ। निर्माण व्यवसायीका कार्यहरूको कडा सुपरिवेक्षण तथा अनुगमनमार्फत वन क्षेत्र र प्राकृतिक स्रोतमा हुने असर न्यून गर्ने प्रयास गरिनेछ। साथै निर्माण व्यवसायी, कामदार तथा आयोजनाको सुपरिवेक्षण टोलीलाई वन व्यवस्थापन, जैविक स्रोत संरक्षण तथा प्राकृतिक स्रोतको दिगो उपयोगसम्बन्धी लक्षित तालिम प्रदान गर्ने व्यवस्था गरिनेछ। यी कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भएमा आयोजनामा संलग्न स्थानीय समुदायलाई वन व्यवस्थापन तथा प्राकृतिक स्रोत संरक्षणसम्बन्धी व्यवहारिक ज्ञान प्राप्त हुनेछ। यस प्रभाव प्रत्यक्ष प्रकृतिको, मध्यम परिमाणको, स्थानीय सीमाको र अल्पकालीन अवधिको भई महत्वपूर्ण रहनेछ।

स्थानीय उत्पादनको बजारीकरण तथा व्यवसायिक अवसरमा पर्ने प्रभाव

निर्माण आयोजनाहरूले स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष नगद प्रवाह गराउँछन्। बाहिरबाट आएका कामदार तथा स्थानीय कामदारहरूको आय बढेपछि उनीहरूको खरिद क्षमता पनि वृद्धि हुन्छ। यसबाट स्थानीय रूपमा उत्पादित वस्तु तथा सेवाको माग बढ्नेछ। तरकारी, अन्नबाली, दूध, घ्यू, मासु आदि उत्पादन गर्ने कृषकहरू यसबाट प्रत्यक्ष लाभान्वित हुनेछन्।

त्यसैगरी चिया पसल, खाना पसल, किराना पसल, होटल तथा अन्य साना व्यवसायहरू सञ्चालन गर्ने स्थानीय व्यवसायीहरूलाई पनि आयोजना निर्माण अवधिमा व्यवसाय विस्तारको अवसर प्राप्त हुनेछ। यसरी निर्माण चरणमा आयोजना क्षेत्रको स्थानीय उत्पादन, सेवा तथा व्यवसायिक गतिविधि प्रवर्द्धन भई स्थानीय अर्थतन्त्र चलायमान हुनेछ। यसको प्रभाव अप्रत्क्षय, मध्यम परिमाण, स्थानीय र अल्पकालीन हुन सक्नेछ । यस प्रभाव अप्रत्यक्ष प्रकृतिको, मध्यम परिमाणको, स्थानीय सीमाको र दीर्घकालीन अवधिको भई मध्यम महत्वपूर्ण रहनेछ।

स्थानीयहरूको प्राविधिक सीप वृद्धि

सिक्टा सिंचाइ आयोजना निर्माण चरणमा स्थानीय बासिन्दाहरूले निर्माण कार्यमा संलग्न हुने अवसर प्राप्त गर्नेछन्। नहर निर्माण, कंक्रिट कार्य, ढलान, ग्याबियन/संरचना निर्माण, उपकरण सञ्चालन सहयोग, मर्मत-सम्भार तथा सुरक्षा अभ्यासजस्ता कार्यमा राप्ति सोनारी गाउँपालिका वडा नं. ७ र नरैनापुर गाउँपालिकाका सम्पूर्ण वडाहरुका श्रमिकहरु सहभागी हुँदा स्थानीय श्रमिकहरूको प्राविधिक सीप तथा व्यवहारिक ज्ञानमा वृद्धि हुनेछ। यसबाट आयोजनाको निर्माण अवधिमा रोजगारी सिर्जना हुनुका साथै भविष्यमा अन्य निर्माण तथा सिंचाइसम्बन्धी कार्यमा संलग्न हुन सक्ने दक्षता विकास हुनेछ। यस प्रकारको प्रभाव प्रत्यक्ष, मध्यम परिमाण, स्थानीय र दीर्घकालीन प्रकृतिको हुन सक्नेछ । यस प्रभाव प्रत्यक्ष प्रकृतिको, मध्यम परिमाणको, स्थानीय सीमाको र दीर्घकालीन अवधिको भई मध्यम महत्वपूर्ण रहनेछ।

७.२.२ संचालन चरण

स्थानीय रोजगारीका अवसरमा पर्ने प्रभाव

सञ्चालन चरणमा आयोजनाको नियमित सञ्चालन, मर्मतसम्भार तथा व्यवस्थापनका लागि १ जना प्रबन्ध निर्देशक, १ जना परियोजना प्रबन्धक, १ जना रेसिडेन्ट इन्जिनियर, १ जना कृषि बिज्ञ तथा २ जना सब-इन्जिनियर गरी ६ जना दक्ष जनशक्ति आवश्यक पर्नेछ। यी जनशक्तिहरू १२ महिनासम्म कार्यरत रहने हुँदा कुल ७२ Man-Month दक्ष जनशक्ति आवश्यक पर्नेछ। साथै सञ्चालन चरणमा १० जना अर्धदक्ष तथा २० जना अदक्ष श्रमिकहरू १२ महिनासम्म कार्यरत रहने अनुमान गरिएको छ, जसबाट क्रमशः १२० Man-Month र २४० Man-Month श्रम योगदान प्राप्त हुनेछ। आयोजनाको नीति अनुसार स्थानीय समुदायका व्यक्तिहरूलाई रोजगारीमा अधिकतम प्राथमिकता दिइनेछ। यसबाट स्थानीय समुदायले आफ्नै क्षेत्रमा

रोजगारीको अवसर प्राप्त गर्नेछन्, जसले प्रत्यक्ष आर्थिक लाभ पुऱ्याउनेछ। साथै, स्थानीयस्तरमै रोजगारी उपलब्ध हुँदा रोजगारीको खोजीमा हुने बाह्य बसाइँसराइ तथा अस्थायी पलायनलाई समेत कम गर्न सहयोग पुग्नेछ। तसर्थ, यस प्रभाव प्रत्यक्ष प्रकृतिको, मध्यम परिमाणको, स्थानीय सीमाको र मध्यमकालीन अवधिको भई महत्वपूर्ण रहनेछ।

विद्यमान नहर सञ्जालको पुनःस्थापना तथा सुधारबाट पर्ने प्रभाव

आयोजनाले मुख्य, द्वितीयक तथा तृतीयक नहरहरूको निर्माण मात्र गर्ने नभई विद्यमान नहर सञ्जालहरूको पुनःस्थापना, मर्मत-सम्भार तथा स्तरोन्नतिमा समेत सहयोग पुऱ्याउनेछ। यसबाट कृषकहरूले सिंचाइ सुविधामा वृद्धि हुनेछ, कृषि उत्पादकत्व वृद्धि हुनेछ र वर्षामा आधारित खेती प्रणालीमाथिको निर्भरता कम हुँदै जानेछ। यस प्रभाव प्रत्यक्ष प्रकृतिको, उच्च परिमाणको, क्षेत्रीय सीमाको र दीर्घकालीन अवधिको भई उच्च महत्वपूर्ण रहनेछ।

जल उपभोक्ता समूह/संस्था गठनबाट पर्ने प्रभाव

नहर निर्माणपछि सिंचाइ प्रणालीको प्रभावकारी व्यवस्थापन, सञ्चालन तथा मर्मत-सम्भारका लागि संस्थागत संरचनाको आवश्यकता पर्दछ। यसका लागि कृषकहरूको सक्रिय सहभागितामा जल उपभोक्ता संस्था गठन गरिनु आवश्यक हुन्छ, जसको माध्यमबाट सिंचाइसम्बन्धी गतिविधिहरू व्यवस्थित रूपमा सञ्चालन गर्न सकिन्छ। सिंचाइ नीति, २०७० ले पनि सहभागितामूलक व्यवस्थापनलाई जोड दिएको छ र सिंचाइ प्रणालीको दिगोपन सुनिश्चित गर्न जल उपभोक्ता संस्थालाई महत्वपूर्ण संस्थाका रूपमा लिएको छ। यस प्रभाव प्रत्यक्ष प्रकृतिको, मध्यम परिमाणको, क्षेत्रीय सीमाको र दीर्घकालीन अवधिको भई उच्च महत्वपूर्ण रहनेछ।

सुधारिएको सिंचाइ सुविधाका कारण कृषि उत्पादकत्वमा पर्ने प्रभाव

वर्तमान अवस्थामा आयोजना क्षेत्रमा वर्षाको पानी र व्यक्तिगत भूमिगत तर्फको पानी सिंचाईको लागि प्रयोग हुदै आएको छ। विद्यमान प्रणालीले मुख्यतया वर्षे बाली र केही हदसम्म हिउँदे बालीलाई मात्र सहयोग पुऱ्याउँदै आएको छ। आयोजनाको कमाण्ड क्षेत्र ४,६९५ हेक्टर रहेको छ । विस्तार क्षेत्रको करिब ९० प्रतिशत भू-भाग हाल असिंचित अवस्थामा रहेको छ।

विश्वसनीय तथा नियमित सिंचाइ सुविधा उपलब्ध भएपछि कृषि उत्पादकत्वमा वृद्धि हुनेछ। यसले स्थानीय बासिन्दा तथा आदिवासी/जनजाति समुदायको जीविकोपार्जनमा सुधार ल्याउनेछ। सिंचाइ सुविधाको विस्तारले बाली उत्पादन, बाली विविधीकरण तथा कृषकको आम्दानी वृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। यस प्रभाव प्रत्यक्ष प्रकृतिको, उच्च परिमाणको, क्षेत्रीय सीमाको र दीर्घकालीन अवधिको भई उच्च महत्वपूर्ण रहनेछ।

आयोजना क्षेत्रमा बाली प्रणाली तथा बाली सघनतामा पर्ने प्रभाव

आयोजना क्षेत्रमा मुख्य रूपमा धान, मकै, हिउँदे मकै, गहुँ, तेलहन बाली, दलहन, आलु तथा तरकारी बाली उत्पादन गरिन्छ। आयोजना क्षेत्रमा सिंचित अवस्थाको वर्तमान अनुमानित बाली सघनता १८५ प्रतिशत रहेको छ, जुन असिंचित अवस्थाको बाली सघनता १३९.९ प्रतिशतभन्दा करिब ४५ प्रतिशत बढी हो। आयोजना क्षेत्रको समग्र बाली सघनता १५१.७ प्रतिशत रहेको छ। उप-आयोजनागत रूपमा हेर्दा राजकुलो क्षेत्रमा बाली सघनता १६१.७ प्रतिशत, फत्तेपुर सिंचाइ प्रणाली क्षेत्रमा १६९.० प्रतिशत र विस्तार क्षेत्रमा १४१.५ प्रतिशत रहेको छ। औसत रूपमा असिंचित अवस्थामा बालीको उत्पादन सिंचित अवस्थाको तुलनामा बालीको प्रकार अनुसार करिब ३.१ प्रतिशत देखि ६० प्रतिशत सम्म कम रहेको पाइन्छ।

सुधारिएको तथा नियमित सिंचाइ प्रणाली सञ्चालनमा आएपछि आयोजना क्षेत्रमा उपयुक्त नयाँ बाली प्रणाली तथा बाली पात्रो अपनाउन सकिनेछ। यसबाट कृषकहरूले अधिकतम उत्पादन प्राप्त गर्न सक्नेछन् र कृषि उत्पादन प्रणाली थप दिगो, व्यवस्थित तथा लाभदायक बन्ने अपेक्षा गरिएको छ। यस प्रभाव प्रत्यक्ष प्रकृतिको, उच्च परिमाणको, क्षेत्रीय सीमाको र दीर्घकालीन अवधिको भई उच्च महत्वपूर्ण रहनेछ।

सिंचाइ नहरले प्राकृतिक अग्नि रेखाको रूपमा गर्ने कार्य

सिंचाइ नहरले वन डढेलो फैलिन नदिन प्राकृतिक अग्नि रेखा अर्थात् fire line को रूपमा काम गर्न सक्छ। वन क्षेत्रमा डढेलो लागेमा नहरले आगोको फैलावटलाई केही हदसम्म रोक्ने वा ढिलो पार्ने भूमिका निर्वाह गर्न सक्छ। साथै नहरमा बग्ने पानीलाई स्थानीय क्षेत्रमा आगलागी वा वन डढेलोको आपतकालीन अवस्थामा आगो नियन्त्रणका लागि प्रयोग गर्न सकिन्छ। यसरी सिंचाइ नहरले कृषि प्रयोजनका अतिरिक्त वन डढेलो जोखिम न्यूनीकरणमा समेत सहयोग पुऱ्याउनेछ। यस प्रभाव प्रत्यक्ष प्रकृतिको, उच्च परिमाणको, क्षेत्रीय सीमाको र दीर्घकालीन अवधिको भई उच्च महत्वपूर्ण रहनेछ।

बन्यजन्तु तथा जीव जनावरलाई खानेपानीको उपलब्धता

आयोजना सञ्चालनका क्रममा सिंचाइका लागि नहरमा आवश्यक मात्रामा पानी प्रवाह हुनेछ जसबाट वन्यजन्तु तथा घरपालुवा जीवजनावरका लागि आवश्यक खानेपानीको उपलब्धता सुनिश्चित हुनेछ। जंगलको अन्तिम भाग हुदै नहर जाने भएको हुनाले बन्यजन्तुको आगवन एकदमै न्युन रहन्छ तर स्थानीय घर पालुवा जनावरको लागि एकदमै प्रभाबकारी रहन्छ। यसको लागि जंगली जनावर तथा घरपालुवा जनावर लाई नहर सम्म जानको लागि पहुच मार्ग निर्माणका लागि जोड दिइन्छ । यस प्रभाव प्रत्यक्ष प्रकृतिको, उच्च परिमाणको, क्षेत्रीय सीमाको र दीर्घकालीन अवधिको भई उच्च महत्वपूर्ण रहनेछ।

७.३ प्रतिकूल प्रभावहरु

सिंचाई आयोजनाको विभिन्न निर्माण चरण र संचालन चरणमा आयोजना क्रियाकलापहरुले स्थानीय वातावरणमा धेरै प्रतिकूल प्रभावहरु सिर्जना गर्न सक्दछ । यो निम्न उप-खण्डहरुमा संक्षिप्तमा छलफल गरिएको छ ।

७.३.१ निर्माण चरण

भौतिक वातावरण

भू-उपयोग परिवर्तनका कारण पर्ने प्रभाव

मुख्य नहरको औसत चौडाइ ३५ मिटर र शाखा नहरको औसत चौडाइ ११ मिटर हुने भएकाले मुख्य नहर संरचना निर्माणका लागि करिब ३२.७२ हेक्टर जमिन आवश्यक पर्ने देखिन्छ। यस स्थायी जग्गा आवश्यकता बाहेक निर्माण शिविर, निर्माण व्यवसायी तथा कामदारका लागि अस्थायी बसोबास क्षेत्र, निर्माण सामग्री भण्डारण स्थल तथा अन्य सहायक कार्यका लागि पनि अस्थायी रूपमा जमिन आवश्यक पर्नेछ। चेनेज ४४+९०० देखि ५४+६८० सम्मको मुख्य नहर मार्गमा निर्माण कार्यको प्रभावकारी व्यवस्थापनका लागि ५ वटा अस्थायी स्थलहरूको आवश्यकता पर्छ।

माथिका पक्षहरूलाई ध्यानमा राख्दा आयोजनाका लागि आवश्यक कुल जग्गा तालिकामा प्रस्तुत गरिए अनुसार अनुमान गरिएको छ। कुल ४३.१ हेक्टर आवश्यक जमिनमध्ये मुख्य नहर निर्माणका लागि ३२.७३ हेक्टर स्थायी रूपमा जग्गा अधिग्रहण गरिनेछ भने करिब ०.५४ हेक्टर जमिन क्रसर प्लान्ट, स्पोइल व्यवस्थापन, निर्माण शिविर तथा सामग्री भण्डारण स्थलका लागि अस्थायी प्रयोजनमा प्रयोग गरिनेछ। यस्ता अस्थायी स्थलहरू चार स्थानमा प्रस्ताव गरिएको छ, जसको विवरण तालिकामा प्रस्तुत गरिएको छ। यस प्रभाव प्रत्यक्ष प्रकृतिको, उच्च परिमाणको, स्थान विशेष सीमाको र दीर्घकालीन अवधिको भई उच्च महत्वपूर्ण रहनेछ।

तालिका ६७: आयोजनाका लागि आवश्यक जग्गा अधिग्रहण विवरण (हेक्टरमा)

क्र.सं.	सुविधा / संरचनाको प्रकार	वर्ग	प्रस्तावित वडा नं. / टोल / स्थान	निर्देशाङ्क	आवश्यक क्षेत्रफल- निजी जग्गा (वर्ग मि.)	आवश्यक क्षेत्रफल - सरकारी जग्गा (वर्ग मि.)	जम्मा आवश्यक क्षेत्रफल (वर्ग मि.)
१	श्रमिक शिविर	अस्थायी सुविधा	नरैनापुर वडा नं. ४, प्रस्तावित नहर नजिकै रहेको निजि जमिन	27°55'13.98" N, 81°51'34.02" E	२००	–	२००
२	स्टोर / भण्डारण स्थल	अस्थायी सुविधा	नरैनापुर वडा नं. ४, प्रस्तावित नहर नजिकै रहेको निजि जमिन	27°55'13.98" N, 81°51'34.02" E	२००	–	२००
३	खानी / उत्खनन स्थल	अस्थायी सुविधा	मुगुवा खोला	28°4'52.18" N, 81°50'56.33" E	–	२६,०००.००	२६,०००.००
४	माटो व्यवस्थापन / डिस्पोजल क्षेत्र	अस्थायी सुविधा	नहरको दायाँ किनारमा निर्माण गरिएको पहुँच मार्गमा व्यवस्थापन गरिनेछ।	–	–	–	–
५	क्रसर प्लान्ट	अस्थायी सुविधा	नरैनापुर वडा नं. ४, प्रस्तावित नहर नजिकै रहेको निजि जमिन नौसरामा	27°55'13.98" N, 81°51'34.02" E	५०००	–	५०००
६	मुख्य नहर	स्थायी संरचना	रासी सोनारी गाउँपालिका-७ तथा नरैनापुर गाउँपालिका वडा नं. १, २, ३, ४, ५ र ६	सुरुवातः 27°58'47.73" N, 81°47'17.66" E; अन्त्यः 27°52'33.55" N, 81°55'7.38" E	५७,९६२.८५ (ऐलानी/निजी)	२,६९,३७३.९० (सामुदायिक वन)	३,२७,३३६.७५

(स्रोतः विस्तृत परियोजना प्रतिवेदन, वर्ष)

भू-क्षय तथा भू-ह्रासका कारण पर्ने प्रभाव

आयोजना अन्तर्गत मुख्य नहर, सेकेन्डरी नहर तथा सम्बन्धित संरचनाहरूमा सबै प्रकारको माटो उत्खनन कार्य करिब १३,४१,३८३.२९ घनमिटर हुने देखिन्छ। यसैगरी संरचनाको फाउन्डेसन उत्खनन २,६७,०६१.४१ घनमिटर रहनेछ। उत्खनन गरिएको माटो ढुवानी गर्ने कार्यको परिमाण १६,६०,४१५.३१ घनमिटर अनुमान गरिएको छ। उत्खननबाट प्राप्त माटोमध्ये संरचनाको ब्याकफिलिङका लागि ८४,३७६.६९ घनमिटर तथा तटबन्ध, नहर किनारा आदि निर्माणका लागि १,०१,६१७.३४ घनमिटर माटो प्रयोग गरिनेछ भने अन्य माटो नहरको दायाँ किनारमा निर्माण गरिएको पहुँच मार्गमा व्यवस्थापन गरिनेछ। यसरी आयोजनामा उत्खनन, ढुवानी तथा पुनःप्रयोग हुने माटोको मात्रा उल्लेख्य रहेकोले निर्माण अवधिमा माटो व्यवस्थापन, ढुवानी मार्गको धुलो नियन्त्रण र सुरक्षित भण्डारणमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।

यसका साथै निर्माण सामग्रीका लागि ढुङ्गा, गिट्टी, बालुवा आदि उत्खनन/सङ्कलन गर्नुपर्ने हुन्छ। निर्माण कार्यका लागि आवश्यक नदीजन्य पदार्थ तथा निर्माण सामग्री उपलब्ध गराउन मुगुवा खोलामा खानी/उत्खनन स्थल प्रस्ताव गरिएको छ। यस्ता उत्खनन कार्यले खानी तथा उत्खनन स्थलमा भू-आकृतिमा परिवर्तन, माटोको गुणस्तरमा ह्रास, भू-क्षय, भौगर्भिक अस्थिरता, भूमिगत पानीको सतह तथा गुणस्तरमा परिवर्तन, जैविक विविधतामा असर तथा सामाजिक-आर्थिक र सांस्कृतिक पक्षमा प्रतिकूल प्रभाव पार्न सक्छ। यस प्रभाव अप्रत्यक्ष प्रकृतिको, न्यून परिमाणको, स्थानीय सीमाको र अल्पकालीन अवधिको भई न्यून महत्वपूर्ण रहनेछ।

पानी, वायु, जमिन तथा ध्वनि प्रदूषण सम्बन्धी प्रभाव

निर्माण चरणमा पानी, वायु, जमिन तथा ध्वनि प्रदूषणका मुख्य स्रोतहरू निर्माण कामदारका गतिविधि, कच्ची वा ग्राभेल सडकमा निर्माण सवारी साधनको आवागमन, नहर क्षेत्रमा उत्खनन कार्य, भरान सामग्री सङ्कलन स्थल, निर्माण सामग्रीको भण्डारण तथा ह्यान्डलिङ, निर्माण शिविर तथा निर्माण स्थलबाट निस्कने फोहोर र निकासहरू हुन्।

उल्लेखित निर्माण गतिविधिहरू नियन्त्रण बिना सञ्चालन भएमा निर्माण अवधिभर निर्माण स्थल आसपासको क्षेत्रमा स्थानीय रूपमा पानी, वायु, जमिन तथा ध्वनि प्रदूषण हुन सक्छ। साथै, प्राकृतिक खोल्सा तथा निकास मार्गहरूमा नहर साइफन वा ड्रेनेज साइफन निर्माण गर्दा, यान्त्रिक वर्कशपबाट निस्कने फोहोर तथा उत्खनित माटोको अनुचित व्यवस्थापन हुँदा पानी प्रदूषणको सम्भावना रहन्छ। यी सम्भावित प्रभावहरू मध्यम महत्वका प्रतिकूल प्रभावका रूपमा मूल्याङ्कन गर्न सकिन्छ। यस प्रभाव प्रत्यक्ष प्रकृतिको, उच्च परिमाणको, स्थानीय सीमाको र मध्यमकालीन अवधिको भई उच्च महत्वपूर्ण रहनेछ।

निकास प्रणालीमा अवरोध तथा सतही बहाव प्रणालीमा परिवर्तनका कारण पर्ने प्रभाव

प्रस्तावित नहर आयोजना क्षेत्रका विभिन्न स्थानमा विद्यमान प्राकृतिक निकास रेखा, पानीका साना खोल्सा तथा नदीहरूलाई काट्दै जानेछ। निर्माण गतिविधिका कारण यस्ता खोल्सा, नाला तथा साना नदीहरूको प्राकृतिक बहावमा अस्थायी अवरोध सिर्जना हुन सक्छ। आयोजना क्षेत्र वर्षायाममा डुबान तथा बाढीको उच्च सम्भावना भएको क्षेत्र भएकाले निर्माण कार्यको कमजोर योजना तथा व्यवस्थापनले सतही बहाव प्रणालीमा असर पार्न सक्छ।

यद्यपि, निर्माण कार्य उचित रूपमा योजना बनाई, अस्थायी निकासको व्यवस्था गरी तथा प्राकृतिक बहावलाई अवरुद्ध नहुने गरी सञ्चालन गरिएमा यस्तो जोखिम न्यून गर्न सकिन्छ। सम्भावित प्रभावको सम्भावना रहेको भए पनि उचित व्यवस्थापन अपनाइएमा यसको महत्व न्यून रहने अनुमान गरिएको छ। यस प्रभाव प्रत्यक्ष प्रकृतिको, मध्यम परिमाणको, स्थानीय सीमाको र दीर्घकालीन अवधिको भई मध्यम महत्वपूर्ण रहनेछ।

सर्वेक्षण तथा स्थल अनुसन्धान सम्बन्धी प्रभाव

प्रस्तावित आयोजनाका लागि सर्वेक्षण, स्थल जाँच तथा सीमित साइट क्लियरिङ कार्य आवश्यक पर्नेछ। यस्ता गतिविधिहरूले आयोजना क्षेत्रका भौतिक अवस्थाहरूमा केही मात्रामा हस्तक्षेप गर्न सक्छन्। तथापि, यी कार्यहरू सामान्यतया न्यूनतम माटो उत्खनन, झाडी तथा अग्ला वनस्पति हटाउने कार्यमा मात्र सीमित रहनेछन्।

सीमित वनस्पति सफाइ तथा न्यून मात्राको उत्खननले भू-क्षय, निकास मार्ग परिवर्तन, वायु गुणस्तर, पानीको गुणस्तर तथा ध्वनि स्तरमा उल्लेखनीय परिवर्तन ल्याउने सम्भावना न्यून छ। यस प्रभाव अप्रत्यक्ष प्रकृतिको, न्यून परिमाणको, स्थानीय सीमाको र अल्पकालीन अवधिको भई न्यून महत्वपूर्ण रहनेछ।

अन्य निर्माणजन्य अवरोधसम्बन्धी प्रभाव

निर्माण चरणमा निर्माण सामग्रीको ढुवानी, उपकरण सञ्चालन, कामदारको आवतजावत, अस्थायी पहुँच मार्गको प्रयोग तथा निर्माण स्थलको व्यवस्थापनका कारण स्थानीय स्तरमा केही अवरोधहरू सिर्जना हुन सक्छन्। यसमा स्थानीय आवागमनमा अस्थायी कठिनाइ, धुलो तथा आवाजको वृद्धि, निर्माण सामग्री राखिने स्थानमा असुविधा र आसपासका बस्ती तथा कृषि क्षेत्रमा अस्थायी व्यवधान पर्न सक्छ। यस्ता प्रभावहरू सामान्यतया निर्माण अवधिमा सीमित रहनेछन् र उचित व्यवस्थापन तथा पूर्वसूचना प्रणाली अपनाइएमा न्यूनीकरण गर्न सकिनेछन्। यस प्रभाव प्रत्यक्ष प्रकृतिको, उच्च परिमाणको, स्थान विशेष सीमाको र अल्पकालीन अवधिको भई मध्यम महत्वपूर्ण रहनेछ।

खानी उत्खननका कारण हुने वातावरणीय प्रभाव

खानी तथा खनिज पदार्थको उत्खननका क्रममा जमिनको प्राकृतिक स्वरूपमा परिवर्तन आउने भएकाले विभिन्न वातावरणीय समस्या उत्पन्न हुन सक्छन्। खानी उत्खननका क्रममा निस्कने धुलो, धुवाँ तथा अन्य वायू प्रदूषकका कारण स्थानीय वायुको गुणस्तरमा कमी आउन सक्छ। उत्खनन तथा ढुवानीका लागि प्रयोग हुने एक्स्काभेटर, लोडर, टिपर लगायतका उपकरणबाट ध्वनि तथा कम्पन उत्पन्न हुने भएकाले आसपासका बस्ती, श्रमिक तथा वन्यजन्तुमा असर पर्न सक्छ। विशेषगरी बस्ती नजिक उत्खनन तथा ढुवानी सञ्चालन गर्दा धुलो र ध्वनि प्रदूषणको प्रभाव बढी देखिन सक्छ। यस प्रभाव प्रत्यक्ष प्रकृतिको, मध्यम परिमाणको, स्थान विशेष सीमाको र अल्पकालीन अवधिको भई मध्यम महत्वपूर्ण रहनेछ।

क्रसर संचालनका कारण हुने वातावरणीय प्रभाब

क्रसर उद्योग सञ्चालनका क्रममा ढुंगा, गिट्टी तथा बालुवा प्रशोधन गर्दा वातावरणमा विभिन्न प्रकारका प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पर्न सक्छन्। क्रसरबाट निस्कने धुलो तथा सूक्ष्म कणका कारण वायु प्रदूषण हुने, आसपासको बस्ती तथा कृषि क्षेत्रमा धुलो जम्ने र मानव स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने सम्भावना हुन्छ। त्यस्तै, क्रसर मेसिन, जेनेरेटर तथा ढुवानीका सवारीसाधनबाट उत्पन्न हुने आवाज तथा कम्पनले आसपासको बस्ती, श्रमिक तथा वन्यजन्तुमा असर पार्न सक्छ। कच्चा पदार्थको उत्खनन, प्रशोधन तथा भण्डारणका क्रममा जमिनको सतहमा परिवर्तन आउने, वनस्पति तथा माटोको क्षति हुने र भू—क्षयको सम्भावना बढ्न सक्छ।
क्रसर सञ्चालनबाट निस्कने फोहोर तथा प्रशोधनबाट उत्पन्न हुने सूक्ष्म पदार्थ उचित व्यवस्थापन नगर्दा नजिकका खोला, खोल्सा तथा अन्य जलस्रोतमा पुगेर पानीको गुणस्तरमा असर पर्न सक्छ। वर्षाको समयमा क्रसर क्षेत्रबाट बग्ने धमिलो पानीले जलचरको बासस्थान तथा जलीय पारिस्थितिक प्रणालीमा समेत प्रभाव पार्न सक्छ। साथै, कच्चा पदार्थ तथा निर्माण सामग्री ढुवानी गर्ने सवारीसाधनको आवतजावत बढ्दा सडकमा धुलो, ट्राफिक चाप, सडक क्षति तथा दुर्घटनाको जोखिम बढ्न सक्छ। यस प्रभाव प्रत्यक्ष प्रकृतिको, मध्यम परिमाणको, स्थान विशेष सीमाको र अल्पकालीन अवधिको भई मध्यम महत्वपूर्ण रहनेछ।

सञ्चालन चरण

निकास प्रणालीमा अवरोध तथा सतही बहाव प्रणालीमा परिवर्तन

प्रस्तावित डिजाइनमा नहरले प्राकृतिक निकास मार्गहरू काट्ने स्थानहरूमा सुपर पास तथा अन्डर पास संरचनाहरू प्रस्ताव गरिएको छ। यस्ता संरचनाहरू खोल्सा, नाला तथा साना नदीहरूको प्राकृतिक बहाव सुरक्षित रूपमा पार गराउने उद्देश्यले डिजाइन गरिएका हुन्। त्यसैले यी संरचनाहरू प्रभावकारी रूपमा निर्माण तथा सञ्चालन भएमा निकास प्रणाली तथा सतही बहाव

प्रणालीमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने अपेक्षा गरिएको छैन। यस प्रभाव प्रत्यक्ष प्रकृतिको, मध्यम परिमाणको, स्थानीय सीमाको र दीर्घकालीन अवधिको भई मध्यम महत्वपूर्ण रहनेछ।

नहर तथा कृषि जमिनमा सिल्ट तथा सेडीमेन्ट जम्मा हुने प्रभाव

प्रस्तावित सिंचाइ नहरका लागि पानीको स्रोत राप्ती नदी हो, जुन विशेष गरी वर्षायाममा सेडीमेन्टयुक्त नदीका रूपमा चिनिन्छ। वर्षायाममा नदीको पानीसँगै सिल्ट, बालुवा तथा अन्य सेडीमेन्ट बहने सम्भावना रहन्छ। तथापि, मुख्य नहरमा पानी प्रवेश गर्ने स्थानभन्दा अगाडि नै सेडीमेन्ट नियन्त्रणका लागि sediment trap संरचना तथा Setling Basin निर्माण गरिएको छ।

यस कारण पुनःस्थापित नहर प्रणाली तथा यसबाट सिंचित हुने कृषि जमिनमा अत्यधिक सिल्ट तथा सेडीमेन्ट जम्मा हुने सम्भावना न्यून रहने अपेक्षा गरिएको छ। यद्यपि, सञ्चालन चरणमा नियमित निरीक्षण, सिल्ट हटाउने कार्य तथा सेडीमेन्ट व्यवस्थापन प्रणालीको प्रभावकारी सञ्चालन आवश्यक हुनेछ। यस प्रभाव अप्रत्यक्ष प्रकृतिको, उच्च परिमाणको, स्थान विशेष सीमाको र दीर्घकालीन अवधिको भई उच्च महत्वपूर्ण रहनेछ।

भूमिगत पानीको सतह वृद्धि, जलजमाव तथा पानी प्रदूषण

आयोजनाको कमाण्ड क्षेत्रमा वर्षायाममा भूमिगत पानीको सतह जमिनको सतहबाट करिब ३ मिटर गहिराइमा रहने र सुख्खा मौसममा करिब १५ मिटर गहिराइसम्म घट्ने अवस्था रहेको उल्लेख गरिएको छ। वर्षभरि सिंचाइ सुविधा उपलब्ध हुँदा विद्यमान भूमिगत पानीको सतहमा वृद्धि हुन सक्नेछ। यसका कारण विशेष गरी होचा तथा कम निकास भएका भू-भागमा जलजमावको समस्या उत्पन्न हुन सक्छ। जलजमावसँगै पानीको गुणस्तरमा ह्रास आई पानी प्रदूषणको सम्भावना समेत रहन्छ। स्थानीय सूक्ष्म भू-आकृतिक अवस्थालाई विचार गर्दा यस प्रभाव प्रत्यक्ष प्रकृतिको, मध्यम परिमाणको, स्थान विशेष सीमाको र दीर्घकालीन अवधिको भई मध्यम महत्वपूर्ण रहनेछ।

सिंचाइ नहर तथा पानी मोड्ने मार्गहरूमा कटान

नहरको अधिकांश भाग कमजोर रूपमा जमेको alluvial deposit भएको क्षेत्रमा पर्दछ, जहाँ सिल्ट, बालुवा तथा माटोयुक्त सामग्रीहरू पाइन्छन्। यस्ता माटो तथा deposit लाई उचित रूपमा कम्प्याक्ट तथा उपचार नगरेमा नहरको किनारा कटान हुने जोखिम रहन्छ। वर्षायाममा उच्च बहाव हुँदा मुख्य नहरबाट नजिकका पानीका स्रोत वा प्राकृतिक निकास मार्गतर्फ पानी मोड्ने संरचनाहरू प्रयोग गरिन सक्छन्।

यस्ता पानी मोड्ने संरचनाहरूमा पर्याप्त कटान नियन्त्रण उपायहरू नअपनाइएमा ती स्थानहरू कटानका दृष्टिले संवेदनशील बन्न सक्छन्। डिजाइन मापदण्ड तथा स्थानीय भू-सामग्रीलाई विचार गर्दा नहर किनारा तथा पानी मोड्ने मार्गहरूमा कटानको सम्भावना रहन्छ। यस

प्रभावलाई प्रत्यक्ष प्रकृतिको, न्यून परिमाणको, स्थान विशेष सीमाको र दीर्घकालीन अवधिको भई न्यून महत्वपूर्ण प्रभावका रूपमा मूल्याङ्कन गर्न सकिन्छ।

७.२.२ जैविक वातावरण

७.२.२.१ निर्माण चरण

वन खण्डीकरण तथा वासस्थान ह्रास

प्रस्तावित आयोजना वन क्षेत्र तथा अन्य जमिन हुँदै जाने भएकाले विद्यमान वन क्षेत्र खण्डीकरण हुने सम्भावना रहन्छ। कतिपय स्थानमा पहिले नै नहर वा अन्य संरचनाका कारण खण्डित भएको वन क्षेत्र थप फराकिलो रूपमा प्रभावित हुन सक्छ। स्थानीय बासिन्दाहरूले पनि वन क्षेत्रको ह्रास तथा खण्डीकरणका कारण वनस्पति र वन्यजन्तुमा असर पर्न सक्ने चिन्ता व्यक्त गरेका छन्।

नहर निर्माणका कारण वन क्षेत्रको निरन्तरता घट्ने, वन्यजन्तुको आहार तथा आवागमन क्षेत्रमा अवरोध सिर्जना हुने र स्थलचर जीवजन्तुको वासस्थान साना-साना भागमा विभाजित हुने सम्भावना रहन्छ। यसले वनमा निर्भर जीवजन्तु, चराचुरुङ्गी तथा अन्य जैविक विविधतामा प्रतिकूल प्रभाव पार्न सक्छ। यस प्रभाव प्रत्यक्ष प्रकृतिको, उच्च परिमाणको, स्थानीय सीमाको र दीर्घकालीन अवधिको भई उच्च महत्वपूर्ण रहनेछ।

विद्यमान वनस्पतिको क्षति

सिक्टा सिंचाइ आयोजनाका कारण विभिन्न श्रेणीका करिब ३०० वनस्पति प्रजातिहरूमा प्रभाव पर्न सक्ने देखिन्छ। तीमध्ये करिब २०० प्रजातिहरूको जातीय-वनस्पतिकीय अर्थात् ethnobotanical महत्व रहेको पाइन्छ। यस्ता प्रजातिहरूमा आर्थिक मूल्य भएका बालीजन्य प्रजाति, पशु आहार, काठ, दाउरा तथा अन्य उपयोगी वनस्पतिहरू समावेश छन्। यस आयोजना क्षेत्रमा संरक्षणको विभिन्न अवस्थाका १७ प्रजातिका वनस्पति अभिलेख भएका छन्। प्रस्तावित आयोजनाको मुख्य नहर ९.८८ किलोमिटर लामो रहनेछ, जसको अधिकांश भाग वन क्षेत्र हुँदै निर्माण गरिनेछ। नहर निर्माणका क्रममा रुख, पोल, झाडी तथा अन्य वनस्पति हटाउनुपर्ने भएकाले वनस्पति आवरणमा कमी आउने, जैविक विविधतामा क्षति पुग्ने तथा स्थानीय समुदायले उपयोग गर्दै आएका वन पैदावारको उपलब्धतामा प्रतिकूल असर पर्न सक्ने सम्भावना रहेको छ।

वन सूचीकरणबाट प्राप्त तथ्याङ्कअनुसार आयोजना क्षेत्रमा कुल ३३ प्रजातिका ४,६४५ वटा वनस्पति अभिलेख भएका छन्। तीमध्ये १,५८२ वटा रुख, ३,०८२ वटा पोल तथा १ वटा अन्य/रिक्त वर्गमा परेका छन्।

प्रजातिगत वितरण हेर्दा साल (Shorea robusta) सबैभन्दा बढी प्रभावित हुने प्रजाति हो। यसको संख्या २३१८ वटा रहेको छ, जुन कुल वनस्पतिको ४९.९०% प्रतिशत हो। त्यसपछि रोहिणी (Mallotus philippensis) १,१७२ वटा (२५.२३ प्रतिशत), टिक (Tectona grandis) २८६ वटा

(६.१६ प्रतिशत), कर्मा (Adina cordifolia) २२० वटा (४.७४ प्रतिशत) तथा अन्य प्रजाति १६८ वटा (३.६२ प्रतिशत) रहेका छन्। यी प्रमुख पाच समूहले मात्र आयोजना क्षेत्रमा अभिलेख भएका कुल वनस्पतिको करिब ९० प्रतिशत हिस्सा ओगटेका छन्, जसबाट साल वनमा आयोजनाको प्रभाव अपेक्षाकृत बढी पर्ने देखिन्छ।

यसरी वनस्पति हटाइँदा वनको संरचना तथा आवरणमा प्रत्यक्ष परिवर्तन आउने, जैविक स्रोतमा क्षति पुग्ने तथा स्थानीय समुदायले निर्भर रहने वन पैदावारको उपलब्धतामा कमी आउने सम्भावना रहेको छ। त्यसैले यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, उच्च परिमाणको, स्थानविशेष सीमित (Site-specific), अल्पकालीन अवधिको तथा समग्रमा उच्च महत्वको प्रभावका रूपमा मूल्याङ्कन गरिएको छ।

तालिका ६८ हालसम्म कटान भएका रुख बिरुवाको विवरण

क्र. स.	सामुदायिक वनको नाम	चेनेज	जम्मा कटान भएका रुखको संख्या	ग्रस आयतन क्यु. फिट	कैफियत
१	दुर्गमाता सा. व. उ. स.	३७+१५५ - ३८+४५०	८८७	१३११७.१६	
२	रामजानकी सा. व. उ. स.	३८+४५० - ३९+७००	२५१	६५७७.५०	
३	गणपति सा. व. उ. स.	३९+७०० - ४२+७००	९८०	३७६०२.०९	
४	गाजी सा. व. उ. स.	४२+७०० - ४३+७५०	३३७	१९६८६.४५	
५	सदाबहार सा. व. उ. स.	४३+७५० - ४५+१००	२४३	४११९५.९८	
	हालसम्म कटान भएका		**२६९८**	**११८१७९.१८**	

तालिका ६९ कटान गर्नु पर्ने वनस्पतिको विवरण

S.N.	Local Name	Scientific Name	Total Individuals	Tree Count	Pole Count	Other/Blank Count	CF/RF Count	% of Total Individuals	Gross Volume (c.ft.)	Net Volume (c.ft.)	Fuelwood (c.ft.)
1	Sal	*Shorea robusta*	2,318	918	1,400	0	10	49.90%	83,015.26	47,572.83	62,133.16
2	Rohini	*Mallotus philippensis*	1,172	79	1,093	0	11	25.23%	4,542.23	494.41	6,571.71
3	Teak	*Tectona grandis*	286	11	275	0	1	6.16%	2,107.83	701.76	2,552.70
4	Karma	*Adina cardifolia*	220	189	31	0	9	4.74%	30,570.63	18,449.38	33,533.48
5	Anya	-	158	81	77	0	9	3.62%	6,681.48	3,258.57	7,749.05
6	Jamun	*Syzygium cumini*	90	86	4	0	10	1.97%	9,238.66	5,062.82	10,523.58
7	Khayer	*Senegalia catechu*	64	8	56	0	3	1.40%	411.19	459.14	221.65
8	Boddhairo	*Lagerstroemia parviflora*	49	22	27	0	6	1.07%	983.07	402.52	1,117.92
9	Barro	*Terminalia bellirica*	42	23	19	0	9	0.92%	4,124.58	2,554.29	4,444.45
10	Bar	*Ficus bengalensis*	38	36	2	0	9	0.83%	9,681.29	4,567.30	11,962.26
11	Tendu	*Diospyros melanoxylon*	29	25	4	0	8	0.63%	2,583.60	1,172.03	3,174.51
12	Dabdabe	*Garuga pinnata*	22	16	6	0	6	0.48%	1,404.35	861.80	1,455.89
13	Pipal	*Ficus religiosa*	21	20	1	0	4	0.46%	3,754.74	2,020.98	4,364.14
14	Aanp	*Mangifera indica*	15	8	7	0	4	0.33%	417.26	172.13	489.98
15	Kumbhi	*Careya arborea*	9	8	1	0	3	0.20%	540.63	229.16	665.74
16	Bisaidha	-	8	3	5	0	3	0.18%	243.76	134.68	271.93
17	Mauwa	*Madhuca longifolia*	8	6	2	0	4	0.18%	890.89	526.04	976.64
18	Asna	*Terminalia tomentosa*	7	2	5	0	4	0.15%	282.26	191.18	287.77
19	Gular	*Ficus racemosa*	7	4	3	0	4	0.15%	314.43	147.54	373.06
20	Bakaino	*Melia azedarach*	6	4	2	0	2	0.13%	202.16	114.36	215.46
21	Jhigane	-	6	4	2	0	4	0.13%	208.39	67.56	259.78
22	Raj Brikshya	*Cassia fistula*	5	0	5	0	3	0.11%	20.28	0.00	31.38
23	Sisso	*Dalbergia sisso*	5	2	3	0	3	0.11%	62.13	15.44	91.58
24	Bhudkul	-	2	2	0	0	1	0.04%	165.84	33.15	247.76
25	Chamraudha	-	2	0	2	0	1	0.04%	9.50	0.00	14.53
26	Ipil Ipil	*Leucaena leucocephala*	2	2	0	0	1	0.04%	36.79	11.04	44.63
27	Neem	*Azadirachta indica*	2	2	0	0	1	0.04%	160.61	96.37	160.81
28	Simal	*Bombax ceiba*	2	1	1	0	2	0.04%	492.90	390.07	451.51

S.N.	Local Name	Scientific Name	Total Individuals	Tree Count	Pole Count	Other/Blank Count	CF/RF Count	% of Total Individuals	Gross Volume (c.ft.)	Net Volume (c.ft.)	Fuelwood (c.ft.)
29	Siris	*Albizia spp.*	2	1	1	0	2	0.04%	132.58	103.98	116.43
30	Vellar	*Trewia nudiflora*	2	0	2	0	2	0.04%	2.49	0.00	4.13
31	Bamboo	*Bambusa vulgaris*	1	0	0	1	1	0.02%	0.00	0.00	0.00
32	Kusum	*Schleichera oleosa*	1	0	1	0	1	0.02%	12.25	3.68	14.89
33	Masala	*Eucalyptus spp.*	1	0	1	0	1	0.02%	17.78	10.67	16.26

कटान हुने रुख प्रजातिहरूको प्रभाव

सिक्टा सिंचाइ आयोजना क्षेत्रभित्र पर्ने सामुदायिक/धार्मिक वनमध्ये वार्षिबाबा सामुदायिक वनमा सबैभन्दा बढी कुल ११०४ वटा वनस्पति अभिलेख गरिएको छ, जसमा २३७ रुख र ८६७ पोल रहेका छन्। त्यसपछि राहत सामुदायिक वनमा ९६३, रामजानकी-२ सामुदायिक वनमा ५७५, सबनम हरियाली सामुदायिक वनमा ५४० र माँ दुर्गा सामुदायिक वनमा ४८२ वटा वनस्पति अभिलेख भएका छन्। खुद आयतनका आधारमा वार्षिबाबा सामुदायिक वनमा १४,७८६.२६ घन फिट, माँ दुर्गा सामुदायिक वनमा १३,६१३.८० घन फिट र सबनम हरियाली सामुदायिक वनमा १२,९०७.२० घन फिट काठको आयतन देखिन्छ। समग्रमा यी ११ वटा वन क्षेत्रहरूमा कुल ४,६४५ वनस्पति, १,५८२ रुख, ३,०५२ पोल तथा ९०,३६६.८२ घन फिट खुद काठ आयतन अभिलेख गरिएको छ। यस प्रभाव प्रत्यक्ष प्रकृतिको, उच्च परिमाणको, स्थान विशेष सीमाको र दीर्घकालीन अवधिको भई उच्च महत्वपूर्ण रहनेछ।

तालिका ७०: कटान हुने रुख प्रजातिहरूको प्रभाव

क्र.सं.	सामुदायिक/धार्मिक वनको नाम	कुल वनस्पति व्यक्ति संख्या	रुख संख्या	पोल संख्या	अन्य/रिक्त	खुद आयतन (घन फिट)
१	वार्षिबाबा सामुदायिक वन	११०४	२३७	८६७	०	१४७८६.२६
२	राहत सामुदायिक वन	९६३	३१८	६४५	०	१२४६९.७६
३	रामजानकी-२ सामुदायिक वन	५७५	१५४	४२१	०	७९५९.२२
४	सबनम हरियाली सामुदायिक वन	५४०	२९६	२४४	०	१२९०७.१९
५	माँ दुर्गा सामुदायिक वन	४८२	१५५	३२७	०	१३६१३.७९
६	समिर सामुदायिक वन	४२६	१३७	२८९	०	११७५२.३९
७	रानी सामुदायिक वन	२२९	७९	१५०	०	४,२६५.९३
८	दुर्गामाता सामुदायिक वन	९९	७३	२६	०	२,१५७.१८
९	बाबा बर्फानी धार्मिक वन	७२	४७	२४	१	२,७०२.३३
१०	सदाबहार सामुदायिक वन	७०	५९	११	०	६,७३६.४०
११	शान्ति सामुदायिक वन	८	७	१	०	४५३.२५
१२	गणपति सामुदायिक वन	७७	२०	५७	०	५६३.०९
जम्मा		**४६४५**	**१,५८२**	**३,०६२**	**१**	**९०३६६.८२**

संरक्षण महत्वका वनस्पति प्रजातिको क्षति

अध्ययन क्षेत्रभित्र गरिएको वनस्पति सर्वेक्षणका क्रममा कुल १७ प्रजातिका संरक्षण महत्त्वका तथा संकटापन्न वनस्पतिहरू अभिलेख गरिएको छ। त्यसैगरी Bombax ceiba (सिमल), Shorea robusta (साल), Bauhinia variegata (कोइरालो) र Acacia catechu (खयर) जस्ता प्रजातिहरू IUCN को Near Threatened (NT) श्रेणीमा सूचीकृत रहेका छन्। आयोजना निर्माणका क्रममा यस्ता प्रजातिहरू कटान हुन सक्ने भएकाले संरक्षण महत्वका वनस्पतिमा प्रतिकूल प्रभाव पर्न सक्ने देखिन्छ। अध्ययन क्षेत्रमा संरक्षण महत्वका तथा संकटापन्न वनस्पतिहरुको सुची उप-शिर्षक ५.२.३ मा प्रस्तुत गरिएको छ । यस प्रभाव प्रत्यक्ष प्रकृतिको, उच्च परिमाणको, स्थान विशेष सीमाको र दिर्घकालिन अवधिको भई उच्च महत्वपूर्ण रहनेछ।

वन डढेलो

वन क्षेत्रमा निर्माण कामदारहरूको गतिविधि तथा काटिएका रुख, हाँगा, पात र अन्य सुख्खा जैविक पदार्थको थुप्रो वन डढेलो लाग्ने प्रमुख कारण बन्न सक्छ। नेपालमा विशेष गरी सुख्खा मौसम अर्थात् चैतदेखि जेठ महिनासम्म वन डढेलो नियमित रूपमा देखिने समस्या हो। आयोजना क्षेत्रको अप्रत्यक्ष प्रभाव क्षेत्रभित्र पनि सुख्खा मौसममा वन डढेलोको सम्भावना रहन्छ।

निर्माण कामदारहरूको असावधानीपूर्ण गतिविधि र काटिएका जैविक पदार्थहरूको अव्यवस्थित थुप्रोले वन डढेलोको जोखिम बढाउन सक्छ। यद्यपि, जोखिमको सम्भावना रहे पनि उचित व्यवस्थापन, निगरानी तथा सचेतना अपनाइएमा यसको प्रभाव न्यून रहने अपेक्षा गरिएको छ। त्यसैले यस प्रभावलाई अप्रत्यक्ष प्रकृतिको, न्यून परिमाणको, स्थानीय सीमाको र अल्पकालीन अवधिको भई न्यून महत्वपूर्ण प्रभावका रूपमा मूल्याङ्कन गर्न सकिन्छ।

स्थलचर वन्यजन्तुमा पर्ने अवरोध

प्रत्यक्ष प्रभाव क्षेत्रको वन अवस्था केही ह्रासोन्मुख र खण्डित प्रकृतिको भए पनि यो क्षेत्र वन्यजन्तुको स्थायी वासस्थानभन्दा बढी कहिलेकाहीं आहार खोज्ने क्षेत्रका रूपमा प्रयोग हुने सम्भावना रहन्छ। निर्माण चरणमा उत्खनन यन्त्र, लोडर, डम्पर तथा अन्य भारी उपकरणबाट उत्पन्न हुने ध्वनिले प्रत्यक्ष प्रभाव क्षेत्र तथा त्यससँग जोडिएका अप्रत्यक्ष प्रभाव क्षेत्रका वन्यजन्तुमा अवरोध सिर्जना गर्न सक्छ।

वन्यजन्तु ध्वनिप्रति संवेदनशील हुने भएकाले उच्च ध्वनि हुने निर्माण गतिविधिका समयमा तिनीहरू उक्त क्षेत्र छोडेर अन्यत्र सर्न सक्छन्। यस कारण निर्माण चरणमा स्थलचर वन्यजन्तुमा पर्ने प्रभावलाई प्रत्यक्ष प्रकृतिको, उच्च परिमाणको, स्थान विशेष सीमाको र दीर्घकालीन अवधिको भई उच्च महत्वपूर्ण प्रभावका रूपमा लिन सकिन्छ।

संरक्षण महत्वका प्रजातिसहित वन्यजन्तुको क्षति

आयोजनाका कारण वन्यजन्तुको प्रत्यक्ष क्षति हुने अपेक्षा गरिएको छैन। तथापि, नहर उत्खनन तथा भरान कार्यका क्रममा सरीसृप तथा उभयचर प्रजातिहरूमा अप्रत्यक्ष असर पर्न सक्ने सम्भावना रहन्छ। प्रतिवेदनमा उल्लेखित herpetofauna प्रजातिहरू संरक्षण दृष्टिले विशेष महत्वका नभएकाले संरक्षण महत्वका प्रजातिहरूको प्रत्यक्ष क्षति हुने सम्भावना न्यून छ।

यससँग सम्बन्धित अर्को महत्वपूर्ण विषय निर्माण कामदारहरूको गतिविधि हो। यदि कामदारहरूको गतिविधि नियन्त्रण तथा निगरानीविना सञ्चालन भएमा वन्यजन्तुमा अवरोध, अवैध शिकार वा वासस्थानमा थप disturbance हुन सक्ने सम्भावना रहन्छ। त्यसैले निर्माण चरणमा कामदार आचारसंहिता, वन्यजन्तु संरक्षण सचेतना तथा नियमित अनुगमन आवश्यक हुनेछ। यस प्रभाव प्रत्यक्ष प्रकृतिको, मध्यम परिमाणको, स्थान विशेष सीमाको र अल्पकालीन अवधिको भई न्यून महत्वपूर्ण रहनेछ।

७.२.२.२ सञ्चालन चरण

सिंचाइ नहरका कारण स्थलचर वन्यजन्तुको आवागमनमा अवरोध/वन्यजन्तु आवागमन करिडोरमा प्रभाव

करिब ५० देखि ३० मिटर चौडा र ३ देखि ४ मिटर गहिरो सिंचाइ नहर वन क्षेत्रसँगै जाने भएकाले यसले वन्यजन्तुको आवागमनमा भौतिक अवरोध सिर्जना गर्न सक्छ। आयोजना प्रभावित वन क्षेत्र नहर रेखासँगै फैलिएको छ। नहरबाट प्रभावित वन क्षेत्रको बाँके राष्ट्रिय निकुञ्जसँग प्रत्यक्ष सम्बन्ध नरहेको देखिन्छ।

यद्यपि प्रस्तावित नहर वन्यजन्तुको स्थानीय आवागमनका लागि सम्भावित अवरोध बन्न सक्छ, तर यसले आयोजना क्षेत्रको प्रमुख वन्यजन्तु आवागमन करिडोरमा उल्लेखनीय प्रभाव पार्ने अपेक्षा गरिएको छैन। त्यसैले यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, उच्च परिमाणको, स्थान विशेष सीमाको र दीर्घकालीन अवधिको भई उच्च महत्वपूर्ण प्रभावका रूपमा मूल्याङ्कन गर्न सकिन्छ।

सिंचाइ नहरमा वन्यजन्तु/जनावर डुब्ने सम्भावित प्रभाव

सिँचाइ आयोजना सञ्चालनका क्रममा खुला नहरका कारण विशेष गरी बस्ती, विद्यालय, पैदल आवतजावत हुने स्थान, सडक क्रसिङ तथा गहिरो नहर खण्डमा मानिस, बालबालिका तथा पशुचौपाया नहरमा खस्ने, दुर्घटना हुने तथा जनधनको क्षति हुन सक्ने जोखिम रहन्छ। धेरै स्थानमा नहरले वन क्षेत्र र कृषि जमिनबीच सीमा रेखाको रूपमा काम गर्नेछ। यसले साना स्तनधारी वन्यजन्तु, सरीसृप तथा उभयचर प्रजातिका लागि अवरोध सिर्जना गर्न सक्छ र सञ्चालन चरणमा नहर पार गर्ने क्रममा डुब्ने जोखिम हुन सक्छ।

अर्कोतर्फ, नहरले वन क्षेत्र र कृषि क्षेत्रबीच सीमा निर्धारण गर्ने भएकाले मानिस-वन्यजन्तु द्वन्द्व केही हदसम्म कम गर्न पनि सहयोग पुऱ्याउन सक्छ तर नहर पार गर्दा वन्यजन्तु डुब्ने

जोखिमलाई बेवास्ता गर्न मिल्दैन। नहर आसपासको अलग्गिएको वन क्षेत्रमा वन्यजन्तुको संख्या कम रहेको र यो क्षेत्र प्रमुख वन्यजन्तु आवागमन करिडोर बाहिर पर्ने भएकाले यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, मध्यम परिमाणको, स्थान विशेष सीमाको र दीर्घकालीन अवधिको भई मध्यम महत्वपूर्ण प्रभावका रूपमा लिन सकिन्छ।

रासायिनिक मलको प्रयोगले जलीय स्रोतमा पर्ने प्रभाब

रासायनिक मलको अत्यधिक तथा अव्यवस्थित प्रयोग गर्दा वर्षा वा सिँचाइको पानीसँगै नाइट्रोजन, फस्फोरस तथा अन्य रासायनिक तत्त्वहरू नदी, खोला, ताल, पोखरी तथा भूमिगत जलस्रोतमा पुग्न सक्छन्। यसले पानीको गुणस्तरमा ह्रास ल्याउनुका साथै नाइट्रेट र फस्फेटको मात्रा बढाउँछ। पोषक तत्त्वको मात्रा अत्यधिक बढ्दा युट्रोफिकेसन भई शैवाल तथा जलवनस्पतिको असामान्य वृद्धि हुन सक्छ, जसका कारण पानीमा घुलित अक्सिजनको मात्रा घट्न जान्छ।

घुलित अक्सिजनको कमी तथा पानीको गुणस्तरमा आएको परिवर्तनले माछा लगायत अन्य जलीय जीव तथा वनस्पतिमा प्रतिकूल असर पार्न सक्छ र जलीय जैविक विविधता घट्न सक्छ। त्यस्तै नाइट्रेट भूमिगत पानीमा प्रवेश गर्दा खानेपानीको गुणस्तरमा समेत असर पर्न सक्छ। त्यसैले यस किसिमको प्रभावलाई अप्रत्यक्ष प्रकृतिको, मध्यम परिमाणको र अल्पकालीन अवधिको भई मध्यम महत्वपूर्ण प्रभावका रूपमा लिन सकिन्छ।

७.२.३ सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण

७.२.३.१ निर्माण चरण

निजी जग्गा तथा सम्पत्तिको क्षति, जीविकोपार्जन र मनोवैज्ञानिक प्रभाव तथा जनसंख्या विस्थापन

आयोजनाबाट मूल नहर तर्फ कुल ५४ घरधुरीका ५६७ जना मानिस प्रभावित हुने देखिन्छ। प्रभावित घरधुरी सम्पूर्ण नरैनापुर गा.पा. मा बसोबास गर्ने छन्। मुख्य नहर निर्माणका लागि करिव ४.०२ हेक्टर निजि जग्गा प्रयोग हुने देखिन्छ । स्थलगत सर्वेक्षणका क्रममा स्थानीय बासिन्दाले जग्गा तथा सम्पत्तिको क्षतिलाई सरोकारका रूपमा उठाएका थिए। जग्गा क्षतिको तथा कुल प्रभावित घरधुरीसम्बन्धी विवरण आयोजनाले थप अध्ययन गरी प्रस्तुत गर्ने प्रतिवद्धता जनाएको छ।

जग्गा तथा सम्पत्ति गुमाउँदा प्रभावित घरधुरीको जीविकोपार्जन, आयस्रोत, सामाजिक सुरक्षाको अनुभूति तथा मानसिक अवस्थामासमेत प्रतिकूल प्रभाव पर्न सक्छ। विशेष गरी सीमित जग्गामा निर्भर कृषक, महिला नेतृत्व भएका घरपरिवार, गरिब तथा सीमान्तकृत समुदाय बढी संवेदनशील हुन सक्छन्। त्यसैले उचित क्षतिपूर्ति, पुनर्स्थापना सहायता, जीविकोपार्जन पुनःस्थापना कार्यक्रम तथा सामाजिक परामर्शजस्ता उपायहरू आवश्यक हुनेछन्। यस प्रभाव प्रत्यक्ष प्रकृतिको, न्यून परिमाणको, स्थान विशेष सीमाको र अल्पकालीन अवधिको भई न्यून महत्वपूर्ण रहनेछ।

कृषि उत्पादनको क्षति

कृषि जमिन नहर तथा सम्बन्धित पूर्वाधार निर्माणमा रूपान्तरण भएपछि सो जमिनबाट हुने कृषि उत्पादन स्थायी रूपमा बन्द हुनेछ। आयोजनाका लागि कृषि जमिन अस्थायी रूपमा आवश्यक पर्ने देखिँदैन। तर स्थायी अधिग्रहण हुने कृषि जमिनका कारण बाली उत्पादनमा कमी आउने भएकाले यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, न्यून परिमाणको, स्थान विशेष सीमाको र अल्पकालीन अवधिको भई न्यून महत्वपूर्ण प्रभावका रूपमा मूल्याङ्कन गर्न सकिन्छ।

सार्वजनिक सम्पतिमा दबाब

प्रस्तावित सिंचाइ पुनःस्थापना आयोजनाका कारण केही प्रमुख तथा सहायक सडक, गोरेटो बाटो र पैदल मार्गहरूमा विद्यमान पहुँचमा अवरोध सिर्जना हुन सक्ने देखिन्छ। विशेष गरी निर्माण कार्यको प्रारम्भिक चरणमा नहर निर्माणका कारण स्थानीय बासिन्दाको जग्गा, सम्पत्ति, कृषि क्षेत्र तथा सामुदायिक स्रोतहरूमा आवतजावतमा गम्भीर असर पर्न सक्छ। निर्माण अवधिमा बाहिरबाट ठूलो संख्यामा निर्माण कामदार तथा उनीहरूका परिवारहरू आयोजना क्षेत्रमा आउन सक्ने भएकाले स्थानीय सामुदायिक पूर्वाधार तथा सेवामा दबाब पर्न सक्छ। विशेष गरी खानेपानी आपूर्ति, सरसफाइ व्यवस्थापन, विद्यालय, स्थानीय बजार र इन्धन आपूर्तिमा अतिरिक्त माग सिर्जना हुन सक्छ। यसैले यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, न्यून परिमाणको, स्थान विशेष सीमाको र मध्यमकालीन अवधिको भई न्यून महत्वपूर्ण प्रभावका रूपमा मूल्याङ्कन गर्न सकिन्छ।

पेशागत स्वास्थ्य तथा सुरक्षा जोखिम

सिंचाइ नहर पुनःस्थापना तथा निर्माण कार्यमा भारी उपकरणको प्रयोग गरी माटो उत्खनन, ठूलो परिमाणको माटो तथा निर्माण सामग्री एक स्थानबाट अर्को स्थानमा ढुवानी, संरचना निर्माणका लागि जग तयारी, फर्मवर्क तयार गर्ने, कंक्रिट ढलान गर्ने लगायतका कार्यहरू समावेश हुन्छन्। यी सबै गतिविधिहरू सक्रिय निर्माण स्थलमा सञ्चालन हुने भएकाले निर्माण कामदारहरू विभिन्न प्रकारका प्रदूषण, धुलो, ध्वनि, दुर्घटना तथा कार्यस्थलजन्य जोखिममा पर्न सक्छन्।

निर्माण स्थलमा भारी उपकरण सञ्चालन, गहिरो उत्खनन, ढुवानी सवारी साधनको आवागमन, कंक्रिट तथा स्टिल कार्य, उचाइमा काम, तथा अस्थायी संरचनाहरूमा काम गर्दा चोटपटक, दुर्घटना, श्वासप्रश्वाससम्बन्धी समस्या, श्रवण असर तथा अन्य स्वास्थ्य जोखिम उत्पन्न हुन सक्छ। माथिका सबै जोखिमहरूलाई विचार गर्दा निर्माण कामदारहरूको पेशागत स्वास्थ्य तथा सुरक्षामा पर्ने प्रभावलाई प्रत्यक्ष प्रकृतिको, उच्च परिमाणको, स्थान विशेष सीमाको र मध्यमकालीन अवधिको भई उच्च महत्वपूर्ण प्रभावका रूपमा मूल्याङ्कन गर्न सकिन्छ।

लैङ्गिक तथा बालबालिका भेदभाव/शोषण जोखिम

नेपालका ग्रामीण क्षेत्रमा गरिबीको अवस्था अझै पनि उच्च रहेको छ। स्थानीय स्तरमा रोजगारीका अवसर सीमित वा लगभग अभावपूर्ण हुने भएकाले धेरै युवा रोजगारीको खोजीमा बाहिर जाने गरेका छन्। यस्तो अवस्थामा निर्माण व्यवसायीले आयोजना कार्यमा महिला तथा बालबालिकालाई काममा लगाउने सम्भावना रहन सक्छ।

सामान्यतया समान प्रकृतिको काम गर्दा पनि महिला तथा बालबालिकालाई कम पारिश्रमिक दिने प्रवृत्ति देखिन सक्छ, जसले निर्माण कार्यमा महिला तथा उमेर नपुगेका बालबालिकाको प्रयोगलाई प्रोत्साहन गर्न सक्छ। यसले लैङ्गिक भेदभाव, बालश्रम, असमान पारिश्रमिक तथा श्रमिक अधिकार उल्लङ्घनजस्ता जोखिमहरू सिर्जना गर्न सक्छ। स्थलगत अवस्थालाई लैङ्गिक तथा बालबालिका भेदभावको दृष्टिले हेर्दा यस प्रभावलाई मध्यम महत्वको प्रतिकूल प्रभावका रूपमा मूल्याङ्कन गर्न सकिन्छ। आयोजना कार्यान्वयनका क्रममा बालश्रम निषेध, समान कामका लागि समान पारिश्रमिक, लैङ्गिकमैत्री कार्य वातावरण, श्रमिक आचारसंहिता तथा नियमित अनुगमनजस्ता उपायहरू अपनाउनु आवश्यक हुनेछ। यस प्रभाव प्रत्यक्ष प्रकृतिको, न्यून परिमाणको, स्थान विशेष सीमाको र मध्यमकालीन अवधिको भई न्यून महत्वपूर्ण रहनेछ।

स्थानीय संस्कृति तथा परम्परामा ह्रास

आयोजना क्षेत्रमा बाहिरबाट आउने निर्माण कामदारहरूको उपस्थितिका कारण स्थानीय संस्कृति तथा परम्परामा प्रभाव पर्न सक्ने सम्भावना रहन्छ। बाह्य कामदारहरूको संस्कृति, व्यवहार, भाषा, रहनसहन तथा परम्परा स्थानीय समुदायको भन्दा फरक हुन सक्छ, जसले ग्रामीण सामाजिक संरचनामा केही नकारात्मक प्रभाव पार्न सक्छ।

आयोजनाको अप्रत्यक्ष प्रभाव क्षेत्र थारु तथा मुस्लिम समुदायको बाहुल्य रहेको क्षेत्र हो, जहाँ आफ्नै विशिष्ट संस्कृति, परम्परा, सामाजिक मूल्य-मान्यता तथा धार्मिक अभ्यासहरू रहेका छन्। बाह्य कामदारहरूको असंवेदनशील व्यवहार वा अनुचित सामाजिक अन्तरक्रियाले स्थानीय संस्कृति तथा परम्परामा ह्रास ल्याउन सक्ने सम्भावना रहन्छ। त्यसैले यस प्रभावलाई अप्रत्यक्ष प्रकृतिको, न्यून परिमाणको, स्थानीय सीमाको र मध्यमकालीन अवधिको भई न्यून महत्वपूर्ण प्रभावका रूपमा मूल्याङ्कन गर्न सकिन्छ।

७.२.३.२ सञ्चालन चरण

सिंचाइ नहरका कारण समुदाय तथा चौपायाको नहर वारपार पहुँचमा अवरोध

प्रस्तावित सिंचाइ पुनःस्थापना आयोजनाका कारण केही प्रमुख तथा सहायक सडक र गोरेटो बाटोहरूमा विद्यमान पहुँच अवरुद्ध हुन सक्ने सम्भावना रहन्छ। यस्ता स्थानहरूमा नहरले बाटो

काट्ने भएकाले आयोजना डिजाइनमै विद्यमान मुख्य सडक तथा पैदल मार्गहरूमा गाउँ सडक पुल तथा पैदल पुलहरूको व्यवस्था प्रस्ताव गरिएको छ।

यी पुलहरू करिब समान दूरीमा तथा विद्यमान सडक र गोरेटो बाटो नहर पार गर्ने स्थानहरूमा राखिने भएकाले स्थानीय समुदायको जग्गा, सम्पत्ति, कृषि क्षेत्र तथा सामुदायिक स्रोतहरूमा पहुँचमा उल्लेखनीय अवरोध हुने अपेक्षा गरिएको छैन। त्यसैले यस प्रभावलाई प्रत्यक्ष प्रकृतिको, उच्च परिमाणको, स्थान विशेष सीमाको र दीर्घकालीन अवधिको भई उच्च महत्वपूर्ण प्रभावका रूपमा मूल्याङ्कन गर्न सकिन्छ ।

समुदायको स्वास्थ्य तथा सुरक्षा जोखिम

सिंचाइ नहर सञ्चालन भएपछि आयोजना क्षेत्रमा वर्षभरि पानीको उपलब्धता हुने अपेक्षा गरिएको छ। तर पानी, विशेष गरी प्रदूषित तथा जमेको पानी, लामखुट्टेजस्ता रोग सार्ने वाहकहरूको प्रजननस्थल बन्न सक्छ। बस्ती नजिक कमजोर निकास प्रणाली, जलजमाव तथा पानी प्रदूषण भएमा मलेरिया, डेङ्गु, इन्सेफलाइटिसजस्ता वाहकजन्य रोगहरूको जोखिम बढ्न सक्छ।

यसका अतिरिक्त जन्डिस, टाइफाइड, आउँ, झाडापखाला जस्ता पानीजन्य रोगहरूको सम्भावना पनि रहन्छ। यस्ता रोगहरू आयोजना क्षेत्रमा हालसम्म पनि समय-समयमा देखिने गरेको अवस्था भएकाले नहर सञ्चालनपछि पानी जम्ने र सरसफाइ कमजोर हुने अवस्था सिर्जना भएमा रोगको जोखिम थप बढ्न सक्छ। त्यसैले सञ्चालन चरणमा समुदायको स्वास्थ्य तथा सुरक्षामा पर्ने सम्भावित प्रभावलाई प्रत्यक्ष प्रकृतिको, न्यून परिमाणको, स्थान विशेष सीमाको र मध्यमकालीन अवधिको भई न्यून महत्वपूर्ण प्रभावका रूपमा मूल्याङ्कन गर्न सकिन्छ।

तालिका ७१: प्रस्तावित आयोजनाले पार्ने प्रभावको उल्लेखनियता

चरण	प्रभावहरु	प्रकृति	परिमाण	सिमावधि	समयावधि	उल्लेखनीयता	कैफियत
सकारात्मक प्रभावहरु							
निर्माण चरण	स्थानीय रोजगारीका अवसरमा पर्ने प्रभाव	D	२०	२०	५	४५	महत्वपूर्ण
	प्रदूषण नियन्त्रण तथा व्यवस्थापनसम्बन्धी सचेतनामा पर्ने प्रभाव	I	२०	२०	५	४५	महत्वपूर्ण
	वन व्यवस्थापन तथा प्राकृतिक स्रोत संरक्षणसम्बन्धी सचेतनामा पर्ने प्रभाव	D	२०	२०	५	४५	महत्वपूर्ण
	स्थानीय उत्पादनको बजारीकरण तथा व्यवसायिक अवसरमा पर्ने प्रभाव	I	२०	२०	२०	६०	मध्यम महत्वपूर्ण
	स्थानीयहरूको प्राविधिक सीप वृद्धि	D	२०	२०	२०	६०	मध्यम महत्वपूर्ण
संचालन चरण	रोजगारीको अवसर	D	२०	२०	१०	५०	महत्वपूर्ण
	सरकारी जग्गा तथा वन अतिक्रमण न्यूनीकरणमा प्रभाव	I	२०	२०	२०	६०	मध्यम महत्वपूर्ण
	विद्यमान नहर सञ्जालको पुनःस्थापना तथा सुधारबाट पर्ने प्रभाव	D	६०	६०	२०	१४०	उच्च महत्वपूर्ण
	जल उपभोक्ता समूह/संस्था गठनबाट पर्ने प्रभाव	D	२०	६०	२०	१००	उच्च महत्वपूर्ण

	सुधारिएको सिंचाइ सुविधाका कारण कृषि उत्पादकत्वमा पर्ने प्रभाव	D	६०	६०	२०	१४०	उच्च महत्वपूर्ण
	आयोजना क्षेत्रमा बाली प्रणाली तथा बाली सघनतामा पर्ने प्रभाव	D	६०	६०	२०	१४०	उच्च महत्वपूर्ण
	बाढीको पानी मोडेर बाढी नियन्त्रणमा पर्ने प्रभाव	D	२०	६०	२०	१००	उच्च महत्वपूर्ण
	स्थानीय सरकारको राजस्व सङ्कलन अवसरमा पर्ने प्रभाव	I	२०	२०	२०	६०	महत्वपूर्ण
	पानी व्यवस्थापन, सिल्ट जम्ने समस्या, सेडीमेन्ट व्यवस्थापन तथा कटान नियन्त्रण सम्बन्धी सचेतनामा पर्ने प्रभाव	I	२०	२०	२०	६०	महत्वपूर्ण
	आयोजना सम्बन्धित वृक्षारोपणबाट वनस्पति आवरणमा पर्ने प्रभाव	D	२०	२०	२०	६०	महत्वपूर्ण
	जीविकोपार्जनका अवसर विस्तार तथा शिक्षामा प्रवर्द्धन	I	२०	२०	२०	६०	महत्वपूर्ण
	सिंचाइ नहरले प्राकृतिक अग्नि रेखाको रूपमा गर्ने कार्य	D	६०	६०	२०	१४०	उच्च महत्वपूर्ण
	पर्यटन गतिविधिमा वृद्धि	I	१०	२०	२०	५०	महत्वपूर्ण

तालिका ७२: प्रस्तावित आयोजनाले पार्ने प्रभावको उल्लेखनियता

चरण	पक्ष	प्रभाव	प्रकृति	परिमाण	सिमावधि	समयावधि	उल्लेखनीयता	कैफियत
निर्माण चरण	सामाजिक, आर्थिक एवं सांस्कृतिक	निजी जग्गा तथा सम्पत्तिको क्षति, जीविकोपार्जन र मनोवैज्ञानिक प्रभाव	D	१०	१०	५	२५	न्यून महत्वपूर्ण
		सामुदायिक जग्गा तथा सामुदायिक स्रोतहरूको क्षति	D	६०	१०	२०	९०	उच्च महत्वपूर्ण
		कृषि उत्पादनको क्षति	D	१०	१०	५	२५	न्यून महत्वपूर्ण
		जग्गा, सम्पत्ति तथा सामुदायिक स्रोतहरूमा पहुँच अवरोध	D	१०	१०	१०	३०	न्यून महत्वपूर्ण
		शैक्षिक संस्था तथा सार्वजनिक बस्तीमा पर्ने अवरोध	I	१०	१०	५	२५	न्यून महत्वपूर्ण
		खानेपानी, सरसफाइ, विद्यालय, बजार तथा इन्धन आपूर्तिजस्ता सामुदायिक पूर्वाधार र सेवामा पर्ने दबाब	D	१०	२०	१०	४०	न्यून महत्वपूर्ण
		पेशागत स्वास्थ्य तथा सुरक्षा जोखिम	D	६०	१०	१०	८०	उच्च महत्वपूर्ण
		समुदायको स्वास्थ्य तथा सुरक्षा जोखिम	D	१०	१०	१०	३०	न्यून महत्वपूर्ण

		कानुन तथा शान्ति-सुरक्षाको अवस्थामा जोखिम	I	१०	२०	१०	४०	न्यून महत्वपूर्ण
		लैङ्गिक तथा बालबालिका भेदभाव/शोषण जोखिम	D	१०	१०	१०	३०	न्यून महत्वपूर्ण
		स्थानीय संस्कृति तथा परम्परामा ह्रास	I	१०	२०	१०	४०	न्यून महत्वपूर्ण
		उपभोग्य वस्तुको मूल्यवृद्धि	I	१०	२०	५	३५	न्यून महत्वपूर्ण
	जैविक	वन खण्डीकरण तथा वासस्थान ह्रास	D	६०	२०	२०	१००	उच्च महत्वपूर्ण
		विद्यमान वनस्पतिको क्षति	D	६०	१०	५	७५	उच्च महत्वपूर्ण
		कटान हुने रुख प्रजातिहरू	D	६०	१०	५	७५	उच्च महत्वपूर्ण
		संरक्षण महत्वका वनस्पति प्रजातिको क्षति	D	६०	१०	५	७५	उच्च महत्वपूर्ण
		वन डढेलो	I	१०	२०	५	३५	न्यून महत्वपूर्ण
		स्थलचर वन्यजन्तुमा पर्ने अवरोध	D	६०	१०	२०	९०	उच्च महत्वपूर्ण
		वन्यजन्तु वासस्थानको क्षति	D	६०	१०	२०	९०	उच्च महत्वपूर्ण
		संरक्षण महत्वका प्रजातिसहित वन्यजन्तुको क्षति	D	२०	१०	५	३५	न्युन महत्वपूर्ण
	भौतिक	भू-दृश्यमा अवरोध तथा भू-उपयोग परिवर्तनका कारण पर्ने प्रभाव	D	६०	१०	२०	९०	उच्च महत्वपूर्ण

		भू-क्षय तथा भू-ह्रासका कारण पर्ने प्रभाव	I	१०	२०	५	३५	न्यून महत्वपूर्ण
		पानी, वायु, जमिन तथा ध्वनि प्रदूषण सम्बन्धी प्रभाव	D	६०	२०	१०	९०	उच्च महत्वपूर्ण
		निकास प्रणालीमा अवरोध तथा सतही बहाव प्रणालीमा परिवर्तनका कारण पर्ने प्रभाव	D	२०	२०	२०	६०	मध्यम महत्वपूर्ण
		सर्वेक्षण तथा स्थल अनुसन्धान सम्बन्धी प्रभाव	I	१०	२०	५	३५	न्यून महत्वपूर्ण
		अन्य निर्माणजन्य अवरोध सम्बन्धी प्रभाव	D	६०	१०	५	७५	मध्यम महत्वपूर्ण
संचालन चरण	सामाजिक, आर्थिक एवं सांस्कृतिक	सिंचाइ नहरका कारण समुदाय तथा चौपायाको नहर वारपार पहुँचमा अवरोध	D	६०	१०	२०	९०	उच्च महत्वपूर्ण
		समुदायको स्वास्थ्य तथा सुरक्षा जोखिम	D	१०	१०	१०	३०	न्यून महत्वपूर्ण
	जैविक	सिंचाइ नहरका कारण स्थलचर वन्यजन्तुको आवागमनमा अवरोध/वन्यजन्तु आवागमन करिडोरमा प्रभाव	D	६०	१०	२०	९०	उच्च महत्वपूर्ण

		सिंचाइ नहरमा वन्यजन्तु डुब्ने सम्भावित प्रभाव	D	२०	१०	२०	५०	मध्यम महत्वपूर्ण
		जलीय जीवजन्तु फस्ने सम्भावित प्रभाव	D	२०	१०	५	३५	न्यून महत्वपूर्ण
	भौतिक	निकास प्रणालीमा अवरोध तथा सतही बहाव प्रणालीमा परिवर्तन	D	२०	२०	२०	६०	मध्यम महत्वपूर्ण
		नहर तथा कृषि जमिनमा सिल्ट तथा सेडीमेन्ट जम्मा हुने प्रभाव	I	६०	१०	२०	९०	उच्च महत्वपूर्ण
		भूमिगत पानीको सतह वृद्धि, जलजमाव तथा पानी प्रदूषण	D	२०	१०	२०	५०	मध्यम महत्वपूर्ण
		कृषि जमिनमा माटोको लवणता वृद्धि	D	२०	१०	२०	५०	मध्यम महत्वपूर्ण
		सिंचाइ नहर तथा पानी मोड्ने मार्गहरूमा कटान	D	१०	१०	२०	४०	न्युन महत्वपूर्ण

(Note: D= Direct Impact, I= Indirect Impact)

अध्याय ८ अनुकूल प्रभाव अधिकतम अभिवृद्धि गर्ने तथा प्रतिकूल प्रभाव न्यून गर्ने उपाय

८.१ अनुकूल प्रभावलाई बढोत्तरी गर्ने उपायहरु

८.१.१ निर्माण अवधि

स्थानीय रोजगारीका अवसरमा पर्ने प्रभाव

निर्माण चरणमा आवश्यक पर्ने दक्ष, अर्धदक्ष तथा अदक्ष जनशक्ति परिचालन गर्दा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दालाई प्राथमिकता दिइनेछ। आयोजनामा १० जना दक्ष प्राविधिक जनशक्ति ३६ महिनासम्म परिचालन हुँदा ३६० Man-Month, २५ जना अर्धदक्ष श्रमिक २५ महिनासम्म परिचालन हुँदा ६२५ Man-Month र ५० जना अदक्ष श्रमिक २५ महिनासम्म परिचालन हुँदा १,२५० Man-Month श्रम योगदान आवश्यक पर्ने भएकाले यी अवसरहरूमा सम्भव भएसम्म स्थानीय जनशक्तिको सहभागिता सुनिश्चित गरिनेछ।

स्थानीय रोजगारीलाई प्रभावकारी बनाउन राप्ती सोनारी गाउँपालिका वडा नं. ७ तथा नरैनापुर गाउँपालिकाका प्रभावित बस्तीहरूबाट सीप, अनुभव र आवश्यकता अनुसार श्रमिक छनोट गरिनेछ। प्रभावित परिवार, गरिब, विपन्न, महिला, दलित, मुस्लिम, आदिवासी/जनजाति तथा सीमान्तकृत समुदायका योग्य व्यक्तिहरूलाई रोजगारीमा विशेष प्राथमिकता दिइनेछ। निर्माण व्यवसायीले स्थानीय सरकार, वडा कार्यालय तथा समुदायसँग समन्वय गरी स्थानीय श्रमिकको अभिलेख तयार गर्ने, कामको प्रकृति अनुसार उनीहरूलाई दक्ष, अर्धदक्ष र अदक्ष काममा परिचालन गर्ने तथा समान कामका लागि समान पारिश्रमिक उपलब्ध गराउने व्यवस्था मिलाउनेछ।

स्थानीय युवालाई निर्माण कार्यमा संलग्न गराउँदा नहर निर्माण, माटो उत्खनन, ढुवानी, कंक्रिट कार्य, ग्याबियन/संरचना निर्माण, उपकरण सञ्चालन सहयोग, सुरक्षा अभ्यास तथा मर्मत-सम्भारसम्बन्धी व्यवहारिक ज्ञान प्राप्त हुनेछ। यसबाट निर्माण अवधिमा स्थानीय आम्दानी वृद्धि हुनुका साथै भविष्यमा अन्य पूर्वाधार तथा सिंचाइसम्बन्धी काममा संलग्न हुन सक्ने दक्षता विकास हुनेछ। यसरी स्थानीय रोजगारी, सीप विकास, आयआर्जन र बाह्य पलायन न्यूनीकरणसम्बन्धी सकारात्मक प्रभावलाई थप वृद्धि गर्न सकिनेछ।

प्रदूषण नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी सचेतनामा पर्ने प्रभाव

आयोजना निर्माण चरणमा कामदार, निर्माण व्यवसायी तथा स्थानीय समुदायलाई लक्षित गरी धुलो, ध्वनि, फोहोरमैला, निर्माणजन्य फोहोर, इन्धन तथा रसायन चुहावट, पानी प्रदूषण र सरसफाइ व्यवस्थापनसम्बन्धी नियमित सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। निर्माण स्थलमा फोहोर छुट्याएर संकलन गर्ने, पुनःप्रयोग तथा सुरक्षित विसर्जन गर्ने, धुलो नियन्त्रणका लागि पानी छर्कने,

सवारी तथा उपकरणको नियमित मर्मत गर्ने, ध्वनि प्रदूषण कम हुने समयमा मात्र बढी आवाज आउने काम गर्ने र खोलानाला तथा पानीका स्रोतमा फोहोर नफाल्ने विषयमा अभिमुखीकरण गरिनेछ। साथै, निर्माण स्थलमा सूचना बोर्ड, चेतनामूलक पोस्टर, टुलबक्स मिटिङ तथा नियमित अनुगमनमार्फत प्रदूषण नियन्त्रणका उपायहरू व्यवहारमा लागू गराइनेछ। यसबाट कामदार तथा स्थानीय समुदायमा वातावरण संरक्षण, सरसफाइ र प्रदूषण नियन्त्रणसम्बन्धी ज्ञान तथा व्यवहारमा सुधार भई यस सकारात्मक प्रभावलाई थप वृद्धि गर्न सकिनेछ।

वन व्यवस्थापन तथा प्राकृतिक स्रोत संरक्षणसम्बन्धी सचेतनामा पर्ने प्रभाव

आयोजना निर्माण तथा सञ्चालन चरणमा स्थानीय समुदाय, सामुदायिक वन उपभोक्ता समूह, कामदार तथा निर्माण व्यवसायीलाई लक्षित गरी वन व्यवस्थापन, जैविक विविधता संरक्षण, वन डढेलो नियन्त्रण, अवैध कटानी, चोरी-सिकारी तथा प्राकृतिक स्रोतको दिगो उपयोगसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। निर्माण कार्यका क्रममा अनावश्यक रूपमा रुख, बिरुवा तथा झाडी हटाउन निषेध गरिनेछ र तोकिएको क्षेत्रभित्र मात्र निर्माण गतिविधि सञ्चालन गर्न कामदारलाई अभिमुखीकरण गरिनेछ। वन क्षेत्रमा फोहोर फाल्ने, आगो बाल्ने, वन्यजन्तुलाई असर गर्ने, काठ-दाउरा तथा गैरकाष्ठ वन पैदावार संकलन गर्ने कार्य रोक्न सूचना बोर्ड, चेतनामूलक पोस्टर तथा नियमित टुलबक्स बैठकको व्यवस्था गरिनेछ। साथै, सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय गरी वृक्षारोपण, संरक्षण, निगरानी तथा डढेलो नियन्त्रणसम्बन्धी संयुक्त कार्यक्रम सञ्चालन गरिनेछ। यसबाट स्थानीय समुदाय र कामदारमा वन तथा प्राकृतिक स्रोत संरक्षणसम्बन्धी व्यवहारिक ज्ञान वृद्धि भई वन व्यवस्थापनमा सहभागिता र जिम्मेवारीबोध बढ्नेछ।

स्थानीय उत्पादनको बजारीकरण तथा व्यवसायिक अवसरमा पर्ने प्रभाव

आयोजना निर्माण तथा सञ्चालन चरणमा आवश्यक पर्ने खाद्यान्न, तरकारी, फलफूल, दुग्धजन्य पदार्थ, निर्माण सामग्री, दैनिक उपभोग्य वस्तु तथा अन्य सेवा सम्भव भएसम्म स्थानीय बजार, कृषक, सहकारी, महिला समूह तथा स्थानीय व्यवसायीबाट खरिद गर्न प्राथमिकता दिइनेछ। स्थानीय उत्पादनको नियमित आपूर्ति सहज बनाउन आयोजना, निर्माण व्यवसायी, स्थानीय सरकार, सहकारी तथा उत्पादक समूहबीच समन्वय गरिनेछ। निर्माण कार्यमा संलग्न कामदार तथा कर्मचारीका कारण स्थानीय होटल, किराना पसल, चिया-खाजा पसल, यातायात सेवा, मर्मत सेवा तथा अन्य साना व्यवसायको माग बढ्ने भएकाले स्थानीय उद्यमीलाई व्यवस्थित रूपमा व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिनेछ। साथै, स्थानीय उत्पादनको गुणस्तर सुधार, प्याकेजिङ, मूल्य निर्धारण, बजार सम्पर्क तथा आपूर्ति व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन

गरिनेछ। यसबाट स्थानीय उत्पादनको खपत र बजार विस्तार भई स्थानीय आम्दानी, रोजगारी तथा व्यवसायिक अवसरमा वृद्धि हुनेछ।

स्थानीयहरूको प्राविधिक सीप वृद्धि

सिक्टा सिंचाइ आयोजना निर्माण चरणमा स्थानीय बासिन्दा तथा श्रमिकहरूलाई निर्माण कार्यमा प्राथमिकताका आधारमा सहभागी गराइनेछ। नहर निर्माण, कंक्रिट कार्य, ढलान, ग्याबियन तथा संरचना निर्माण, उपकरण सञ्चालनमा सहयोग, मर्मत-सम्भार, कार्यस्थल सुरक्षा तथा गुणस्तर नियन्त्रणसम्बन्धी व्यवहारिक सीप सिक्ने अवसर उपलब्ध गराइनेछ। निर्माण व्यवसायीमार्फत स्थानीय श्रमिकहरूलाई काम सुरु हुनु अघि आधारभूत अभिमुखीकरण, नियमित टुलबक्स तालिम, सुरक्षा अभ्यास तथा दक्ष कामदारसँग सहकार्य गरी सीप हस्तान्तरणको व्यवस्था गरिनेछ। विशेषगरी राप्ति सोनारी गाउँपालिका वडा नं. ७ र नरैनापुर गाउँपालिकाका सम्पूर्ण वडाहरूका इच्छुक श्रमिकलाई प्राथमिकता दिई स्थानीय स्तरमै दक्ष जनशक्ति विकासमा जोड दिइनेछ। साथै, दक्षता हासिल गरेका स्थानीय श्रमिकहरूको विवरण राखी भविष्यमा मर्मत-सम्भार, सिंचाइ संरचना व्यवस्थापन तथा अन्य निर्माण कार्यमा सहभागी हुन सक्ने अवसर सिर्जना गरिनेछ। यसबाट स्थानीय श्रमिकहरूको व्यवहारिक ज्ञान, प्राविधिक दक्षता, रोजगारी क्षमता तथा दीर्घकालीन आयआर्जनका अवसरमा वृद्धि हुनेछ।

८.१.२ संचालन अवधि

स्थानीय रोजगारीका अवसरमा पर्ने प्रभाव

आयोजनाको सञ्चालन, मर्मत-सम्भार तथा व्यवस्थापन चरणमा आवश्यक पर्ने दक्ष, अर्धदक्ष तथा अदक्ष जनशक्तिको छनोट गर्दा स्थानीय समुदायका व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ। विशेषगरी राप्ति सोनारी गाउँपालिका वडा नं. ७ र नरैनापुर गाउँपालिकाका स्थानीय बासिन्दा, प्रभावित परिवार, विपन्न वर्ग, महिला, दलित, आदिवासी/जनजाति तथा सीमान्तकृत समुदायका योग्य व्यक्तिहरूलाई रोजगारीमा सहभागी गराउन विशेष जोड दिइनेछ। स्थानीय श्रमिकहरूको सीप र क्षमता अनुसार नहर सञ्चालन, सरसफाइ, सिल्ट तथा सेडीमेन्ट हटाउने कार्य, सामान्य मर्मत-सम्भार, निगरानी, सुरक्षा व्यवस्था, उपकरण सञ्चालन सहयोग तथा जल व्यवस्थापनसम्बन्धी कार्यमा सहभागी गराइनेछ। दक्ष जनशक्ति बाहिरबाट ल्याउनुपर्ने अवस्थामा समेत स्थानीय युवालाई सहायकका रूपमा संलग्न गराई सीप हस्तान्तरणको व्यवस्था गरिनेछ। साथै, जल उपभोक्ता समूह/संस्था, स्थानीय सरकार तथा आयोजना व्यवस्थापनबीच समन्वय गरी स्थानीय जनशक्तिको अभिलेख राख्ने, आवश्यकता अनुसार तालिम तथा अभिमुखीकरण प्रदान गर्ने र दीर्घकालीन रूपमा स्थानीयस्तरमै मर्मत-सम्भार तथा सञ्चालन क्षमता विकास गर्ने व्यवस्था

गरिनेछ। यसबाट स्थानीय समुदायमा नियमित रोजगारी, आयआर्जन, सीप विकास तथा बाह्य बसाइँसराइ न्यूनीकरणमा सकारात्मक प्रभाव थप वृद्धि हुनेछ।

सरकारी जग्गा तथा वन अतिक्रमण न्यूनीकरणमा प्रभाव

नहर निर्माणपछि नहरलाई वन क्षेत्र तथा सरकारी जग्गाको स्पष्ट भौतिक सीमाना कायम गर्ने माध्यमका रूपमा उपयोग गरिनेछ। यसका लागि सम्बन्धित डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता समूह, स्थानीय सरकार, आयोजना कार्यालय तथा जल उपभोक्ता समूह/संस्थाबीच समन्वय गरी नहरको दायाँ-बायाँ क्षेत्रको सीमाना पहिचान, अभिलेखीकरण तथा नियमित निगरानी गरिनेछ। वन तथा सरकारी जग्गामा थप अतिक्रमण हुन नदिन आवश्यक स्थानमा सूचना बोर्ड, सीमा चिन्ह, पिलर तथा चेतनामूलक संकेतहरू राखिनेछ। स्थानीय समुदायलाई सरकारी जग्गा, वन क्षेत्र तथा प्राकृतिक स्रोत संरक्षणको कानुनी र वातावरणीय महत्वबारे सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। साथै, अतिक्रमण जोखिम भएका स्थानमा नियमित अनुगमन, गस्ती तथा स्थानीय निगरानी प्रणाली विकास गरी अवैध बसोबास, खेती विस्तार, संरचना निर्माण तथा वन क्षेत्र अतिक्रमण नियन्त्रण गरिनेछ। यसबाट नहरले स्थायी सीमाना र निगरानी संरचनाको रूपमा काम गरी सरकारी जग्गा तथा वन अतिक्रमण न्यूनीकरणसम्बन्धी सकारात्मक प्रभावलाई थप वृद्धि गर्नेछ।

विद्यमान नहर सञ्जालको पुनःस्थापना तथा सुधारबाट पर्ने प्रभाव

आयोजनाबाट निर्माण हुने मुख्य, द्वितीयक तथा तृतीयक नहरहरूसँगै विद्यमान नहर सञ्जालहरूको पुनःस्थापना, मर्मत-सम्भार तथा स्तरोन्नतिलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। पुराना तथा क्षतिग्रस्त नहरहरू, पानी चुहावट हुने भाग, अवरुद्ध निकास, सिल्ट तथा सेडीमेन्ट जमेको क्षेत्र र कमजोर संरचनाहरूको पहिचान गरी आवश्यक सुधार गरिनेछ। नहर प्रणालीलाई दिगो र प्रभावकारी बनाउन नियमित सरसफाइ, सेडीमेन्ट व्यवस्थापन, कटान नियन्त्रण, पानी वितरण प्रणालीको सुधार तथा आवश्यक स्थानमा संरचनागत मर्मत-सम्भार गरिनेछ। जल उपभोक्ता समूह/संस्थासँग समन्वय गरी पानी वितरण तालिका, नियमित निगरानी, मर्मत-सम्भार कोष तथा स्थानीय सहभागितामा आधारित व्यवस्थापन प्रणाली विकास गरिनेछ। कृषकहरूलाई नहरको संरक्षण, पानीको समुचित उपयोग, समयमै मर्मत-सम्भार र सिंचाइ व्यवस्थापनसम्बन्धी अभिमुखीकरण प्रदान गरिनेछ। यसबाट सिंचाइ सुविधा थप प्रभावकारी भई कृषि उत्पादकत्व वृद्धि, वर्षामा आधारित खेती प्रणालीमाथिको निर्भरता न्यूनीकरण तथा दीर्घकालीन रूपमा कृषि उत्पादन प्रणाली सुदृढ हुने सकारात्मक प्रभाव अझ वृद्धि हुनेछ।

जल उपभोक्ता समूह/संस्था गठनमा पर्ने प्रभाव

नहर निर्माणपछि सिंचाइ प्रणालीको दिगो सञ्चालन, मर्मत-सम्भार तथा पानी वितरणलाई व्यवस्थित गर्न कृषकहरूको सक्रिय सहभागितामा जल उपभोक्ता समूह/संस्था गठन गरिनेछ। सर्बप्रथम आयोजनाले हाल तदर्थ समिति गठन गर्नेछ। जसले विभिन्न समिति निर्माण गर्नको लागि निर्बाचन गर्नेछ। जस अन्तर्गत पहिलो मूल समिति हुनेछ भने मूल समिति भित्र शाखा समिति, शाखा समिति भित्र उपशाखा समिति, उपशाखा समितिभित्र प्रशाखा समिति गरि चार चरणको उपभोक्ता समिति निर्माण हुनेछन। हरेक समितिमा हेरालु रहेको हुन्छ र आपसी समन्वयनमा आवश्कता अनुरुप पानीको उचित वितरण हुनेछ ।

यसरि गठन गर्ने समितिमा महिला, दलित, आदिवासी/जनजाति, सीमान्तकृत समुदाय तथा साना कृषकहरूको प्रतिनिधित्व सुनिश्चित गरिनेछ। जल उपभोक्ता संस्थालाई नहर सञ्चालन, पानी बाँडफाँड, मर्मत-सम्भार कोष व्यवस्थापन, विवाद समाधान, अभिलेख व्यवस्थापन तथा पारदर्शी निर्णय प्रक्रियासम्बन्धी तालिम तथा अभिमुखीकरण प्रदान गरिनेछ। स्थानीय सरकार, आयोजना कार्यालय तथा कृषक समूहबीच समन्वय गरी जल उपभोक्ता संस्थालाई जिम्मेवार, सक्रिय र दिगो बनाइनेछ।

सुधारिएको सिंचाइ सुविधाका कारण कृषि उत्पादकत्वमा पर्ने प्रभावः

सिंचाइ सुविधा प्रभावकारी बनाउन नहरमा नियमित पानी प्रवाह, समानुपातिक पानी वितरण, समयमै मर्मत-सम्भार तथा चुहावट नियन्त्रणको व्यवस्था गरिनेछ। कृषकहरूलाई उन्नत बीउ, मलखादको समुचित प्रयोग, कृषि प्रविधि, बाली संरक्षण, माटो परीक्षण, पानीको प्रभावकारी उपयोग तथा आधुनिक खेती प्रणालीसम्बन्धी तालिम प्रदान गरिनेछ। कृषि ज्ञान केन्द्र, स्थानीय सरकार, सहकारी तथा कृषक समूहसँग समन्वय गरी उत्पादन वृद्धि, बाली विविधीकरण र बजार पहुँच सुधारका कार्यक्रम सञ्चालन गरिनेछ। यसबाट सिंचाइ सुविधा केवल पानी उपलब्ध गराउने कार्यमा सीमित नभई कृषि उत्पादन र आम्दानी वृद्धिसँग जोडिनेछ।

आयोजना क्षेत्रमा बाली प्रणाली तथा बाली सघनतामा पर्ने प्रभाव

नियमित सिंचाइ सुविधा उपलब्ध भएपछि आयोजना क्षेत्रमा उपयुक्त बाली पात्रो, बाली चक्र, बाली विविधीकरण तथा बहुबाली प्रणालीलाई प्रोत्साहन गरिनेछ। धान, गहुँ, मकै, तेलहन, दलहन, आलु, तरकारी तथा बेमौसमी खेतीका लागि कृषकहरूलाई प्राविधिक परामर्श र व्यवहारिक तालिम दिइनेछ। माटोको उर्वराशक्ति कायम राख्न सन्तुलित मल प्रयोग, जैविक मल, माटो संरक्षण तथा पानी व्यवस्थापनका उपायहरू अपनाइनेछ। कृषक समूह तथा सहकारीमार्फत उत्पादन योजना, सामूहिक खेती, भण्डारण, प्रशोधन तथा बजार व्यवस्थापनमा सहयोग गरिनेछ। यसबाट बाली सघनता, उत्पादन र कृषकको आम्दानीमा थप वृद्धि हुनेछ।

सिंचाइ नहरले प्राकृतिक अग्नि रेखाको रूपमा गर्ने कार्यसम्बन्धी प्रभाव बढाउने उपायहरूः

वन क्षेत्र नजिक पर्ने नहर खण्डलाई वन डढेलो नियन्त्रणमा सहयोगी प्राकृतिक अग्नि रेखाको रूपमा प्रयोग गर्न आवश्यक व्यवस्थापन गरिनेछ। नहर वरपरको झाडी, सुकेका पात, घाँस तथा दहनशील पदार्थको नियमित सफाइ गरिनेछ। वन डढेलो जोखिमको समयमा नहरमा उपलब्ध पानीलाई आपतकालीन आगो नियन्त्रणका लागि प्रयोग गर्न सकिने गरी स्थानीय वन उपभोक्ता समूह, डिभिजन वन कार्यालय, स्थानीय सरकार र समुदायसँग समन्वय गरिनेछ। संवेदनशील स्थानमा सूचना बोर्ड, निगरानी व्यवस्था तथा वन डढेलो नियन्त्रणसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। यसबाट नहरले वन डढेलो फैलावट रोक्न र आगो नियन्त्रणमा आवश्यक पानीको उपलब्धता पनि गराउनेछ।

बन्यजन्तु तथा जीवजनावर लाई खानेपानीको उपलब्धता सम्बन्धी प्रभाव बढाउने उपायहरूः

नहर संचालनको चरणमा नहरमा पानीको उपलब्धता हुने भएको हुनाले बन्यजन्तु तथा जिब जनावरलाई पानीको लागि नहर खण्डमा नियमित अन्तरालमा escape ramp, ढलानदार किनारा, सुरक्षित निकास मार्ग तथा कम गहिराइ भएको निकास बिन्दु निर्माण गरिनेछ। विशेषगरी ३०-४० मिटर चौडाइ र ३-४ मिटर गहिराइ भएको नहर खण्डमा वन्यजन्तु बाहिर निस्कन नसक्ने जोखिम बढी हुने भएकाले त्यस्ता स्थानमा ढलानयुक्त र्याम्प वा step-type escape structure राखिनेछ। यस प्रकारको संरचना बाट बन्यजन्तु तथा स्थानीय घर पालुवा जनावर लाई नहरमा पानी खान र त्यस बाट बाहिर निस्कनको लागि सहज हुनेछ ।

८.२ वातावरणीय प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्ने उपायहरु

उल्लेखित वातावरणीय प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्ने उपायहरूलाई ३ भागमा बर्गीकरण गरी न्यूनीकरणका उपायहरू समावेश गरिएका छन् ।

क्षेति पूर्तिका उपायहरु अवलम्बन

प्रस्तावि आयोजनाबाट हुने प्रतिकूल प्रभावहलाइ न्यून गर्न वा पूर्ण हटाउन नसकिने प्रभावहरुलाई आयोजना कार्यान्वयन पश्चात् क्षेति पूर्ति प्रदान गरिने खालको क्रियाकलाप यसमा समावेश हुन्छन ।

सुधारात्मक उपायको अवलम्बन

आयोजनाबाट हुने प्रतिकूल प्रभावलाई कम गरेर स्वीकारयोग्य तह सम्म ल्याउनका लागि अपनाइने सुधारात्मक उपायहरु प्रयोग गरिनेछ ।

प्रतिरोधात्मक उपायको अवलम्बन

आयोजनाबाट हुने केहि प्रतिकूल प्रभावलाइ प्रतिरोधात्मक उपायको अवलम्बनद्वारा प्रभाव देखा पर्न थाल्नु अगाडी नै कम वा निर्मूल गरिनेछ ।

८.२.१ प्रतिकूल प्रभावहरु

८.२.२ भौतिक वातावरण

निर्माण चरण

भू-उपयोगमा परिवर्तन

आयोजनाका लागि कुल ४३.१२ हेक्टर जमिन आवश्यक पर्ने देखिएकोमा मुख्य नहरका लागि करिब ३२.७२ हेक्टर स्थायी रूपमा र करिब ०.५४ हेक्टर अस्थायी रूपमा प्रयोग हुने भएकाले जमिन प्रयोगलाई न्यूनतम क्षेत्रमा सीमित गरिनेछ। श्रमिक शिविर, स्टोर, क्रसर प्लान्ट, स्पोइल व्यवस्थापन तथा सामग्री भण्डारण स्थल तोकिएको स्थानभन्दा बाहिर विस्तार गर्न दिइने छैन। अस्थायी रूपमा प्रयोग गरिने क्षेत्रहरू निर्माण सम्पन्न भएपछि सफा गरी पुरानै अवस्थामा पुनःस्थापना गरिनेछ। मुख्य नहर तथा फिडर नहरको दायाँ-बायाँ अनावश्यक साइट क्लियरिङ, झाडी हटाउने तथा जमिन सम्याउने कार्य नियन्त्रण गरिनेछ। निर्माण शिविर र स्टोर क्षेत्रका लागि नरैनापुर गाउँपालिका वडा नं. ४ प्रस्तावित नहर नजिकैको निजि जमिन नौसरा भन्ने स्थानमा प्रस्तावित २००/२०० वर्ग मिटर तथा क्रसर प्लान्टका लागि नरैनापुर गाउँपालिका वडा नं. ४ प्रस्तावित नहर नजिकैको निजि जमिन नौसरा भन्ने स्थानमा प्रस्तावित ५००० वर्ग मिटर क्षेत्रभित्र मात्र कार्य सञ्चालन गरिनेछ। स्थायी भू-उपयोग परिवर्तन भएको क्षेत्रमा हरियाली व्यवस्थापन, ढलान संरक्षण, जैविक इन्जिनियरिङ तथा वृक्षारोपण गरिनेछ।

भू-क्षय तथा भू-ह्रासका कारण पर्ने प्रभाव न्यूनीकरण

मुख्य नहर, सेकेन्डरी नहर तथा सम्बन्धित संरचनामा करिब १३,४१,३८३.२९ घनमिटर माटो उत्खनन हुने र फाउन्डेसन उत्खनन २,६७,०६१.४१ घनमिटर हुने भएकाले उत्खनित माटोको सुरक्षित व्यवस्थापन गरिनेछ। ढुवानी हुने १६,६०,४१५.३१ घनमिटर माटो तोकिएको मार्ग र तोकिएको स्थानमा मात्र सारिनेछ। उत्खनित माटोमध्ये ८४,३७६.६९ घनमिटर संरचनाको ब्याकफिलिङमा र १,०१,६१७.३४ घनमिटर तटबन्ध, नहर किनारा तथा गाइड बण्ड निर्माणमा पुनःप्रयोग गरिनेछ। नहरको दायाँ किनारमा निर्माण गरिएको पहुँच मार्गमा माटो भरान (Earth Backfilling) गरी तटबन्ध, नहरको किनारा, गाइड बन्ड तथा संरचनाहरू निर्माण गर्न प्रयोग/व्यवस्थापन गरिनेछ। बाँकी माटो खुला रूपमा थुपारिने छैन; सेवा सडक छेउ, सार्वजनिक छनोट क्षेत्र तथा संरचना नजिक भरानका लागि व्यवस्थित गरिनेछ। माटो थुपार्ने स्थानमा ढलान स्थिरीकरण, कम्प्याक्सन, घाँस रोपण, ड्रेनेज नाली तथा वर्षायामअघि सुरक्षा व्यवस्था

गरिनेछ। मुगुवा खोलाबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन गर्दा खोलाको सम्पूर्ण चौडाइ प्रयोग नगरी निर्धारित क्षेत्रबाट मात्र वैज्ञानिक रूपमा उत्खनन गरिनेछ र नदी किनारा, प्रवाह मार्ग तथा कटान जोखिमयुक्त भाग सुरक्षित राखिनेछ।

पानी, वायु, जमिन तथा ध्वनि प्रदूषणसम्बन्धी प्रभाव

निर्माण स्थल, कच्ची/ग्राभेल सडक, उत्खनन क्षेत्र, सामग्री भण्डारण स्थल, क्रसर प्लान्ट, निर्माण शिविर तथा वर्कशपबाट हुन सक्ने प्रदूषण नियन्त्रणका लागि धुलो नियन्त्रण, फोहोर व्यवस्थापन, इन्धन तथा तेल चुहावट नियन्त्रण र ध्वनि नियन्त्रणका उपायहरू अपनाइनेछ। धुलो कम गर्न निर्माण सडक तथा धुलो उड्ने स्थानमा नियमित पानी छर्किने, सामग्री ढुवानी गर्दा ट्रकलाई त्रिपालले छोप्ने र सवारी साधनको गति नियन्त्रण गरिनेछ। क्रसर प्लान्टमा पानी छर्कने व्यवस्था, धुलो नियन्त्रण प्रणाली र कामदारका लागि मास्क तथा PPE अनिवार्य गरिनेछ। इन्धन, मोबिल, ग्रीस तथा रसायन भण्डारण गर्दा पक्की सतह, चुहावट रोक्ने ट्रे तथा सुरक्षित भण्डारण व्यवस्था गरिनेछ। निर्माण शिविरबाट निस्कने ठोस फोहोर छुट्याएर संकलन, पुनःप्रयोग र सुरक्षित विसर्जन गरिनेछ। खोल्सा, नाला, नदी तथा नहरमा फोहोर, तेल, सिमेन्ट स्लरी वा माटो फाल्न निषेध गरिनेछ। बढी आवाज हुने उपकरणहरू दिनको समयमा मात्र सञ्चालन गरिनेछ र उपकरणहरूको नियमित मर्मत गरिनेछ।

निकास प्रणालीमा अवरोध तथा सतही बहाव प्रणालीमा परिवर्तनका कारण पर्ने प्रभाव न्यूनीकरण

नहरले प्राकृतिक खोल्सा, नाला तथा साना नदीहरू काट्ने स्थानमा निर्माण कार्य सुरु गर्नुअघि अस्थायी निकास मार्गको व्यवस्था गरिनेछ। वर्षायाममा डुबान तथा बाढी जोखिम उच्च हुने भएकाले मुख्य निर्माण कार्य सम्भव भएसम्म सुख्खा मौसममा सञ्चालन गरिनेछ। प्राकृतिक बहाव अवरुद्ध हुने गरी माटो, निर्माण सामग्री, स्पोइल वा उपकरण राख्न निषेध गरिनेछ। मूल नहर क्रस भएर जाने खोल्सा तथा निकास मार्गमा अस्थायी कल्भर्ट, पाइप, बाइपास नाली वा डाइभर्सन नालीको व्यवस्था गरिनेछ। निर्माण कार्यपछि अवरुद्ध भएका निकास मार्गहरू तुरुन्त सफा गरिनेछ। सतही बहाव प्रणालीमा असर परेको स्थानमा ढलान मिलाउने, कटान नियन्त्रण गर्ने, तटबन्ध संरक्षण गर्ने र पानीको प्राकृतिक प्रवाहलाई सुरक्षित रूपमा निकास दिने व्यवस्था गरिनेछ।

अन्य निर्माणजन्य अवरोधसम्बन्धी प्रभाव न्यूनीकरण

निर्माण सामग्री ढुवानी, उपकरण सञ्चालन, कामदारको आवतजावत, अस्थायी पहुँच मार्ग र निर्माण स्थल व्यवस्थापनका कारण हुने स्थानीय अवरोध कम गर्न निर्माण कार्यको तालिका स्थानीय समुदायलाई पूर्व जानकारी गराइनेछ। बस्ती, विद्यालय, बजार तथा कृषि क्षेत्रमा निर्माण सामग्री अव्यवस्थित रूपमा राख्न दिइने छैन। स्थानीय आवागमनका लागि वैकल्पिक बाटो, अस्थायी पुल

मूल नहरको चेनेज ४५+८८०, ४८+८००, ५०+७४५, ५१+९४५, ५२+२००, ५३+४६५ र ५४+२०० मा स्थानीय आवश्कता अनुरुप राखिनेछ भने साइनबोर्ड, सुरक्षा संकेत र आवश्यक स्थानमा ट्राफिक व्यवस्थापन पनि गरिनेछ। निर्माण सवारी साधनको गति सीमा कायम गरिनेछ। धुलो तथा आवाज नियन्त्रणका उपायहरू अपनाइनेछ। निर्माण अवधिमा गुनासो सुनुवाइ संयन्त्र सक्रिय राखी स्थानीय समुदायबाट आएका गुनासो तत्काल सम्बोधन गरिनेछ।

निर्माण खानी उत्खननका कारण हुने वातावरणमा प्रभाव न्यूनीकरण

आयोजनाका लागि आवश्यक ढुंगा, गिट्टी, बालुवा तथा अन्य निर्माण सामग्रीको खानी उत्खननका क्रममा विभिन्न वातावरणीय समस्याहरू उत्पन्न हुन सक्नेछन्। खानी सञ्चालनका कारण स्थलाकृति तथा भू-आकृतिमा परिवर्तन भई माटोको क्षय, भू-क्षरण तथा पहिरोको जोखिम बढ्न सक्छ। उत्खनन तथा ढुवानीका क्रममा अत्यधिक धुलो र ध्वनि उत्पन्न भई वरपरको वातावरणीय गुणस्तर तथा स्थानीय बासिन्दाको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्छ। भारी उपकरण तथा सवारी साधनको सञ्चालनबाट वायु प्रदूषण, कम्पन तथा हरितगृह ग्यास उत्सर्जन समेत बढ्न सक्छ। उत्खनन क्षेत्रबाट सतही बहावसँगै माटो र तलछट नजिकका खोला, नदी वा जलस्रोतमा पुग्दा पानीको गुणस्तरमा ह्रास आउनुका साथै जलचर जीवहरूको वासस्थानमा नकारात्मक प्रभाव पर्न सक्छ।

प्रस्तावित क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खनन् कार्य गर्दा प्रचलित ऐन,कानुन र मापदण्ड अनुसार गरिनेछ । संकलन कार्य सुरु गर्नुभन्दा अगाडि हालको सतहमा पिठचिन्न राखिनु पर्दछ र सोहि चिन्नको आधारमा ०.५ मि. गहिराई भन्दा बढी उत्खनन् गरिनेछैन । खोलाको धार परिवर्तन हुने गरी श्रोत संकलन गरिनेछैन। जेठ, असार, श्रावण, भाद्र महिनामा स्रोत संकलन गरिनेछैन। खोलाको प्राकृतिक बहाव, किनारा संरक्षण, जलचर तथा वरपरको वातावरणमा असर नपर्ने गरी उत्खनन गरिनेछ। उत्खनन क्षेत्रको सिमानामा रेखांकन गर्न लगाई उक्त सिमाना भित्र कमसेकम १०*१० मिटरको ग्रिडमा (अन्तरास्ट्रिय प्रचलन अनुसार) हुने गरी गरिनेछ। तोकिएको क्षेत्र, परिमाण र मापदण्डभित्र मात्र उत्खनन गरिनेछ। उत्खनन गर्दा दिनको समयमा (१० बजे देखि ५ बजे सम्म) उत्खनन गरिनेछ। आयोजनाका लागि आवश्यक नदिजन्य पदार्थ प्रयोग गरे बपात स्थानीय सरकार मार्फत प्रति क्यु. फिट. रु. ७ का दरले निर्माण व्यावसायी ले राजश्व तिर्नेछ। उत्खननपछि खाल्डाखुल्डी सम्याउने तथा जोखिमयुक्त भाग व्यवस्थापन गरिनेछ। यस प्रभाव प्रत्यक्ष प्रकृतिको, मध्यम परिमाणको, स्थान विशेष सीमाको र अल्पकालीन अवधिको भई मध्यम महत्वपूर्ण रहनेछ।

क्रसर सञ्चालनका कारण हुने वातावरणीय प्रभाव न्यूनीकरण

आयोजनाको निर्माण कार्यका लागि आवश्यक ढुङ्गा, गिट्टी तथा एग्रीगेट उत्पादन गर्न निर्माण अवधिमा मात्र अस्थायी क्रसर प्लान्ट सञ्चालन गरिनेछ। क्रसर प्लान्टको स्थान छनोट तथा

सञ्चालन गर्दा वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७, ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ तथा प्रचलित संघीय, प्रदेश र स्थानीय तहका कानुन तथा मापदण्ड पालना गरिनेछ। प्लान्टलाई बस्ती, विद्यालय, स्वास्थ्य संस्था, धार्मिक तथा सांस्कृतिक स्थल, वन क्षेत्र, नदी—खोला, पुल, राजमार्ग तथा अन्य संवेदनशील क्षेत्रबाट प्रचलित मापदण्डअनुसार आवश्यक दूरी कायम गरी स्थापना गरिनेछ। आवश्यक कच्चा पदार्थ स्वीकृत तथा कानुनी स्रोतबाट मात्र प्राप्त गरिनेछ र कुनै पनि उत्खनन वा संकलन कार्य सम्बन्धित निकायको स्वीकृतिबिना गरिने छैन।

क्रसर प्लान्ट सञ्चालनबाट उत्पन्न हुन सक्ने धुलो, ध्वनि, कम्पन, फोहोर पानी, तेल तथा ग्रीस चुहावट र ढुवानीजन्य प्रभाव न्यूनीकरण गर्न नियमित पानी छर्कने, धुलो नियन्त्रण प्रणाली प्रयोग गर्ने, सामग्री बोकेका सवारीसाधन छोप्ने, उपकरणको नियमित मर्मत गर्ने तथा सम्भव भएसम्म रातको समयमा सञ्चालन नगर्ने व्यवस्था मिलाइनेछ। क्रसर वा एग्रीगेट धुने कार्यबाट निस्कने पानीलाई settling pond वा sedimentation tank मा जम्मा गरी पुनःप्रयोग गरिनेछ र प्रत्यक्ष रूपमा नदी, खोला वा खेतबारीमा विसर्जन गरिने छैन। इन्धन तथा लुब्रिकेन्ट सुरक्षित स्थानमा भण्डारण गरिनेछ। निर्माण कार्य सम्पन्न भएपछि क्रसर प्लान्ट हटाई प्रयोग गरिएको क्षेत्र सफा, सम्याई तथा आवश्यकतानुसार पुनःस्थापना गरिनेछ।

सञ्चालन चरण

निकास प्रणालीमा अवरोध तथा सतही बहाव प्रणालीमा परिवर्तन

नहरले प्राकृतिक निकास मार्ग काट्ने स्थानमा प्रस्तावित सुपर पास तथा अन्डर पास संरचनाहरू डिजाइन अनुसार निर्माण र नियमित रूपमा सञ्चालनयोग्य अवस्थामा राखिनेछ। वर्षायाम सुरु हुनुअघि सबै क्रस-ड्रेनेज संरचना, कल्भर्ट, निकास नाला तथा बहाव मार्गको निरीक्षण र सफाइ गरिनेछ। सिल्ट, झारपात, फोहोर वा ढुंगामाटोले निकास संरचना बन्द हुन नदिन नियमित मर्मत-सम्भार गरिनेछ। पानीको बहाव असामान्य रूपमा मोडिएको, कटान भएको वा जलजमाव देखिएको स्थानमा तत्काल सुधारात्मक कार्य गरिनेछ। जल उपभोक्ता संस्था र स्थानीय सरकारको समन्वयमा बाढी तथा निकास अनुगमन प्रणाली विकास गरिनेछ।

नहर तथा कृषि जमिनमा सिल्ट तथा सेडीमेन्ट जम्मा हुने प्रभाव

सिक्टा सिंचाई आयोजना अन्तर्गत पुर्बी नहर प्रणालीको Upstream मा Setling Basin निर्माण गरिएको छ। यस संरचनाको मुख्य उद्देश्य पश्चिम राप्ती नदीबाट आउने पानीमा रहेका बालुवा, सिल्ट तथा अन्य भारी कणहरूलाई मुख्य नहरमा प्रवेश गर्नु अघि हटाउनु हो।

पश्चिम राप्ती नदीबाट इन्टेक संरचनामार्फत पानी सेटलिङ बेसिनमा प्रवेश गर्छ। यस पानीसँगै विभिन्न आकारका Sediment कणहरू पनि प्रवेश गर्छन् । यस सेटलिङ बेसिनको क्षमता १४.७

m3/sec सम्मको रहेको छ । सेटलिङ बेसिनको क्षेत्रफल मुख्य नहरभन्दा ठूलो हुने भएकाले पानीको वेग कम हुन्छ । सामान्यतया बेसिन भित्र पानी ०.२ m/s – 0.३५ m/s को गतिमा बग्दछ । वेग कम भएपछि पानीमा रहेका भारी कणहरू (d10, d50, d90) गुरुत्वाकर्षणको प्रभावले बेसिनको तल्लो भागमा बस्न थाल्छन्। ठूला तथा भारी बालुवा र सिल्टका कणहरू बेसिनको तल्लो भागमा जम्मा हुन्छन् भने अपेक्षाकृत सफा पानी मात्र बेसिनको अन्तिम भागतर्फ प्रवाह हुन्छ । Sediment धेरै हदसम्म मुक्त भएको पानी आउटलेटमार्फत मुख्य सिँचाइ नहरमा प्रवेश गर्छ, जहाँबाट खेतहरूमा वितरण गरिन्छ। बेसिनको तल्लो भागमा समयसँगै Sediment जम्मा हुन्छ। यस सेटलिङ बेसिनमा जम्मा ४ वटा गेटहरु रहेका छन्। निश्चित अन्तरालमा वा आवश्यक परे फ्लसिङ गेट खोलिन्छ। यस समयमा उच्च वेगको पानीले जम्मा भएको बालुवा तथा सिल्टलाई फ्लसिङ च्यानलमार्फत पुनः राप्ति नदीमा वा सुरक्षित निकासतर्फ बगाएर लैजान्छ। पुर्बी नहर प्रणालीमा Setling Basin ले प्रभाबकारी रुपमा काम गरेको हुनाले बिध्यमान अबस्थामा Siltation को प्रभाब ज्यादै न्युन रहेको छ।

भूमिगत पानीको सतह वृद्धि, जलजमाव तथा पानी प्रदूषण

कमाण्ड क्षेत्रमा वर्षायाममा भूमिगत पानीको सतह करिब ३ मिटर र सुख्खा मौसममा करिब १५ मिटर गहिराइमा रहने भएकाले नियमित सिंचाइपछि भूमिगत पानीको सतह वृद्धि र जलजमावको सम्भावना भएका होचा भू-भाग पहिचान गरिनेछ। जलजमाव जोखिम भएका क्षेत्रमा सतही निकास नाली, फिल्ड ड्रेन, उपयुक्त ढलान तथा पानी निकास संरचना निर्माण गरिनेछ। अत्यधिक सिंचाइ रोक्न पानी वितरण तालिका लागू गरिनेछ। पानीको गुणस्तर अनुगमनका लागि pH, TSS, EC, TDS तथा अन्य आवश्यक सूचकहरूको आवधिक परीक्षण गरिनेछ। हाल नहर पानीको pH ७.६ र ७.३ तथा TSS १८ mg/L र ७० mg/L देखिएकोले TSS उच्च देखिने स्थानमा पानी सफा हुने संरचना, sediment trap तथा नियमित सफाइमा जोड दिइनेछ। कृषि रसायन, मल तथा कीटनाशकको अनियन्त्रित प्रयोगबाट पानी प्रदूषण हुन नदिन कृषकलाई सचेतना र तालिम दिइनेछ।

सिंचाइ नहर तथा पानी मोड्ने मार्गहरूमा कटान न्यूनीकरण

नहरको अधिकांश भाग alluvial deposit भएको क्षेत्रमा पर्ने भएकाले नहर किनारा र पानी मोड्ने मार्गहरूमा कटान नियन्त्रणका उपायहरू अपनाइनेछ। नहर किनाराको उचित कम्प्याक्सन, ढलान स्थिरीकरण, लाइनिङ, ग्याबियन, स्टोन पिचिङ, टर्फिङ, घाँस रोपण तथा जैविक इन्जिनियरिङ उपाय लागू गरिनेछ। उच्च बहाव हुने वर्षायाममा पानी मोड्ने संरचनाहरू नियमित निरीक्षण गरिनेछ। पानीको वेग बढी हुने स्थानमा ऊर्जा नष्ट गर्ने संरचना, चेक संरचना, आउटलेट संरक्षण तथा तटबन्ध मजबुतीकरण गरिनेछ। कटान सुरु भएको स्थान तत्काल मर्मत गरिनेछ। पानी

मोड्ने मार्गहरूमा अव्यवस्थित बहाव हुन नदिई डिजाइन गरिएको मार्गबाट मात्र पानी निकास गरिनेछ।

८.२.३ जैविक वातावरण

निर्माण अवधि

वन खण्डीकरण तथा वासस्थान ह्रासको प्रभाव

प्रस्तावित नहर ९.८८ किलोमिटर लामो हुने र यसको अधिकांश भाग वन क्षेत्र हुँदै जाने भएकाले वन खण्डीकरण तथा स्थलचर वन्यजन्तुको वासस्थान ह्रासको जोखिम न्यूनीकरण गर्न निर्माण कार्यलाई स्वीकृत रेखाङ्कन तथा तोकिएको कार्यक्षेत्रभित्र मात्र सीमित गरिनेछ। अनावश्यक रूपमा वन क्षेत्र, झाडी, घाँसे मैदान तथा वन्यजन्तुको सम्भावित आवागमन मार्गमा हस्तक्षेप गरिने छैन। निर्माण सुरु गर्नुअघि आयोजना क्षेत्रको वन सीमा, वन्यजन्तु आवागमन मार्ग, संवेदनशील वासस्थान तथा कटान गर्नुपर्ने वनस्पतिको स्पष्ट मार्किङ गरिनेछ। नहरले वन्यजन्तुको आवागमनमा अवरोध सिर्जना गर्न सक्ने स्थानहरूमा वन्यजन्तु पारमार्ग, सहज ढलान भएको क्रसिङ, अन्डरपास/कल्भर्ट, र्याम्प तथा नहरबाट बाहिर निस्कन सक्ने संरचना निर्माण गरिनेछ। निर्माण कार्य विशेष गरी वन्यजन्तुको उच्च आवागमन हुने बिहान, साँझ र रातिको समयमा सीमित गरिनेछ। निर्माण क्षेत्रमा श्रमिक तथा उपकरणको आवागमन नियन्त्रित गरिनेछ र वन क्षेत्रमा ध्वनि, प्रकाश तथा मानव गतिविधि न्यून राखिनेछ। वन क्षेत्रमा क्याम्प, सामग्री भण्डारण तथा पार्किङ जस्ता सहायक संरचना सम्भव भएसम्म नराखिनेछ। कामदारलाई वन्यजन्तु नमार्ने, नलखेट्ने, गुँड तथा वासस्थान नष्ट नगर्ने, चोरी-सिकारी नगर्ने र वन स्रोतको अवैध संकलन नगर्ने विषयमा अनिवार्य अभिमुखीकरण दिइनेछ। यसरी नहर निर्माणबाट वनको निरन्तरता र जैविक सम्पर्कमा पर्ने प्रभावलाई न्यून पार्न सकिनेछ।

विद्यमान वनस्पति तथा वन जग्गाको क्षति

आयोजना क्षेत्रमा कुल ३३ प्रजातिका ४,६४५ वनस्पति व्यक्ति अभिलेख भएका छन्, जसमा १,५८२ रुख, ३,०८२ पोल र १ अन्य/रिक्त वर्गका वनस्पति रहेका छन्। कटानबाट सबैभन्दा बढी प्रभावित हुने प्रजातिमा साल २,३१८ वटा अर्थात् ४९.९० प्रतिशत, रोहिणी १,१७२ वटा अर्थात् २५.२३ प्रतिशत, टिक २८६ वटा अर्थात् ६.१५ प्रतिशत, कर्मा २२० वटा अर्थात् ४.७३ प्रतिशत र अन्य प्रजाति १६८ वटा अर्थात् ३.६१ प्रतिशत रहेका छन्। यी प्रमुख पाँच प्रजातिले कुल वनस्पति संख्याको करिब ९० प्रतिशत हिस्सा ओगट्ने भएकाले कटान न्यूनीकरण, संरक्षण र क्षतिपूरक वृक्षारोपणलाई विशेष प्राथमिकता दिइनेछ। निर्माण कार्य सुरु गर्नुअघि डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता समूह र आयोजना प्रतिनिधिको संयुक्त

उपस्थितिमा कटान गर्नुपर्ने रुख, पोल तथा अन्य वनस्पतिको पुनःगणना, नम्बरिङ, मार्किङ र अभिलेखीकरण गरिनेछ। स्वीकृत संख्याभन्दा बढी वनस्पति कटान गर्न पाइने छैन। जहाँ सम्भव हुन्छ, रेखाङ्कनमा सूक्ष्म सुधार, संरचनाको चौडाइ नियन्त्रण तथा कार्यक्षेत्र सीमांकन गरी रुख कटान घटाइनेछ। संरक्षण महत्वका १७ प्रजाति तथा जातीय-वनस्पतिकीय महत्व भएका करिब २०० प्रजातिहरूको संरक्षणमा विशेष ध्यान दिइनेछ। यस्ता प्रजाति कटान हुने अवस्थामा बीउ, बिरुवा वा पुनरुत्पादन सामग्री संकलन गरी नर्सरी तथा पुनःस्थापना कार्यक्रममा प्रयोग गरिनेछ। कटान गर्नुपर्ने ४६४५ वटा रुखहरुको क्षतिपूर्ति वन ऐन २०७६ दफा ४२ उपदफा ६ बमोजिम १:१० को अनुपातमा ४६,४५० र वन क्षेत्रको ३१.१४ हे जमिन प्रयोग गरे बापत प्रति हेक्टर १,६०० का दरले ४९,८२४ गरि जम्मा ९६,२७४ रुखहरु वृक्षारोपण गरिनेछ साथै रोपिएका पोथ्रा बिरुवाहरुको ५ बर्ष सम्म हेरचाह गरिने छ । वृक्षारोपण गर्दा स्थानीय हावापानी र माटो सुहाउँदा देशी प्रजातिहरू, विशेष गरी साल, रोहिणी, कर्मा तथा स्थानीय पारिस्थितिकीय महत्व भएका प्रजातिहरूलाई प्राथमिकता दिइनेछ। वृक्षारोपण केवल बिरुवा रोप्ने कार्यमा सीमित नगरी कम्तीमा पाँच वर्षसम्म संरक्षण, गोडमेल, बारबन्दी, चरिचरन नियन्त्रण, डढेलो नियन्त्रण, मरेका बिरुवाको पुनःरोपण तथा नियमित अनुगमन गरिनेछ। बिरुवाको जीवित प्रतिशत न्यून भएमा तुरुन्त पुनःरोपण गरिनेछ। यसरी वनस्पतिको प्रत्यक्ष क्षति न्यूनीकरण गर्दै दीर्घकालमा वनस्पति आवरण पुनःस्थापना, जैविक वासस्थान सुधार र स्थानीय वन स्रोत संरक्षणमा सहयोग पुग्नेछ।

कटान हुने रुख प्रजातिहरूको प्रभाव न्यूनीकरण

सिक्टा सिंचाइ आयोजना क्षेत्रमा १२ वटा सामुदायिक/धार्मिक वनहरूमा कुल ४,६४५ वटा वनस्पति व्यक्ति अभिलेख गरिएको छ, जसमा १,५८२ रुख, ३,०८२ पोल र १ अन्य/रिक्त वर्गका वनस्पति रहेका छन्। यी वनस्पतिबाट ९०,३६६.८२ घन फिट खुद काठ आयतन प्राप्त हुने देखिन्छ। वनस्पति कटानको प्रभाव न्यूनीकरण गर्न निर्माण कार्य सुरु गर्नुअघि डिभिजन वन कार्यालय, सम्बन्धित सामुदायिक/धार्मिक वन उपभोक्ता समूह, आयोजना कार्यालय र निर्माण व्यवसायीको संयुक्त उपस्थितिमा कटान गर्नुपर्ने सबै रुख तथा पोलको पुनःगणना, नम्बरिङ, मार्किङ र अभिलेखीकरण गरिनेछ। स्वीकृत संख्याभन्दा बढी रुख वा पोल कटान गर्न पाइने छैन। जहाँ सम्भव हुन्छ, नहरको कार्यक्षेत्र सीमित गर्ने, अस्थायी पहुँच मार्ग न्यून गर्ने र रेखाङ्कनमा सूक्ष्म सुधार गरी रुख कटान संख्या घटाइनेछ।

कटान हुने वनस्पतिको क्षतिपूर्तिस्वरूप कानुनी व्यवस्था तथा स्वीकृत शर्तअनुसार क्षतिपूरक वृक्षारोपण गरिनेछ। कटान गर्नुपर्ने ४६४५ वटा रुखहरुको क्षतिपूर्ति वन ऐन २०७६ दफा ४२ उपदफा ६ बमोजिम १:१० को अनुपातमा ४६,४५० र वन क्षेत्रको ३१.१४ हे जमिन प्रयोग गरे बापत प्रति हेक्टर १,६०० का दरले ४९,८२४ गरि जम्मा ९६,२७४ रुखहरु

वृक्षारोपण गरिनेछ साथै रोपिएका पोथ्रा बिरुवाहरुको ५ बर्ष सम्म हेरचाह गरिने छ। वृक्षारोपण गर्दा स्थानीय हावापानी र माटो सुहाउँदो देशी प्रजाति, विशेषगरी साल, रोहिणी, कर्मा, खयर, सिमल तथा स्थानीय पारिस्थितिकीय महत्वका प्रजातिलाई प्राथमिकता दिइनेछ। सबैभन्दा बढी प्रभावित वार्षिबाबा सामुदायिक वनमा १,१०४ वनस्पति, राहत सामुदायिक वनमा ९६३, रामजानकी-२ सामुदायिक वनमा ५७५, सबनम हरियाली सामुदायिक वनमा ५४० र माँ दुर्गा सामुदायिक वनमा ४८२ वनस्पति अभिलेख भएकाले यी वन क्षेत्रहरूमा क्षतिपूरक वृक्षारोपण, संरक्षण र पुनःस्थापना कार्यलाई विशेष प्राथमिकता दिइनेछ। रोपिएका बिरुवाको कम्तीमा पाँच वर्षसम्म गोडमेल, बारबन्दी, चरिचरन नियन्त्रण, डढेलो नियन्त्रण, मरेका बिरुवाको पुनःरोपण तथा नियमित अनुगमन गरिनेछ।

संरक्षण महत्वका वनस्पति प्रजातिको क्षति न्यूनीकरण

अध्ययन क्षेत्रमा १७ प्रजातिका संरक्षण महत्वका तथा संकटापन्न वनस्पतिहरू अभिलेख भएका छन्। *Bombax ceiba* (सिमल), *Shorea robusta* (साल), *Bauhinia variegata* (कोइरालो) र *Acacia catechu* (खयर) जस्ता प्रजातिहरू IUCN को Near Threatened श्रेणीमा सूचीकृत रहेकाले यस्ता प्रजातिको संरक्षणमा विशेष ध्यान दिइनेछ। निर्माण सुरु गर्नुअघि संरक्षण महत्वका प्रजातिको स्थान पहिचान, GPS अभिलेखीकरण, मार्किङ तथा संरक्षण योजना तयार गरिनेछ। सम्भव भएसम्म यस्ता प्रजातिलाई कटानबाट जोगाइनेछ। कटान अनिवार्य भएको अवस्थामा बीउ, फल, कलमी, बिरुवा वा पुनरुत्पादन सामग्री संकलन गरी नर्सरी विकास तथा क्षतिपूरक वृक्षारोपणमा प्रयोग गरिनेछ। संरक्षण महत्वका प्रजातिका बिरुवालाई वृक्षारोपण कार्यक्रममा प्राथमिकता दिई प्रजातिगत पुनःस्थापना सुनिश्चित गरिनेछ। साथै, सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालयको समन्वयमा यस्ता प्रजातिको संरक्षण, अनुगमन र पुनर्जनन प्रवर्द्धन गरिनेछ।

वन डढेलोको प्रभाव न्यूनीकरण

निर्माण चरणमा काटिएका रुख, हाँगा, पात, झाडी तथा सुख्खा जैविक पदार्थ अव्यवस्थित रूपमा थुप्रिँदा वन डढेलोको जोखिम बढ्न सक्ने भएकाले यस्ता सामग्रीलाई सुरक्षित रूपमा संकलन, व्यवस्थापन र तोकिएको स्थानमा मात्र भण्डारण गरिनेछ। विशेषगरी चैतदेखि जेठ महिनासम्म वन डढेलोको जोखिम उच्च हुने भएकाले यस अवधिमा वन क्षेत्रमा आगो बाल्ने, धूम्रपान गर्ने, खाना पकाउने वा दहनशील पदार्थ खुला रूपमा राख्ने कार्यमा कडाइका साथ रोक लगाइनेछ। निर्माण शिविरमा खाना पकाउने क्षेत्र सुरक्षित र वन क्षेत्रबाट टाढा राखिनेछ। वन क्षेत्रमा काम गर्ने श्रमिकहरूलाई वन डढेलो नियन्त्रण, आगो लागेमा तत्काल सूचना दिने प्रक्रिया र आपतकालीन प्रतिक्रिया अभ्यासबारे अभिमुखीकरण गरिनेछ। संवेदनशील स्थानहरूमा सूचना बोर्ड, अग्नि नियन्त्रण सामग्री, पानीको ड्रम/ट्यांकी, बालुवा, फायर बीटर तथा प्राथमिक अग्नि

नियन्त्रण उपकरणको व्यवस्था गरिनेछ। सामुदायिक वन उपभोक्ता समूह, डिभिजन वन कार्यालय र स्थानीय सरकारसँग समन्वय गरी डढेलो जोखिम अवधिमा संयुक्त निगरानी तथा गस्ती व्यवस्था गरिनेछ।

स्थलचर वन्यजन्तुमा पर्ने अवरोध न्यूनीकरण

निर्माण चरणमा उत्खनन यन्त्र, लोडर, डम्पर तथा अन्य भारी उपकरणबाट उत्पन्न हुने ध्वनि र मानव गतिविधिका कारण स्थलचर वन्यजन्तुमा अवरोध सिर्जना हुन सक्ने भएकाले निर्माण गतिविधि तोकिएको कार्यक्षेत्रभित्र मात्र सीमित गरिनेछ। वन्यजन्तुको आवागमन बढी हुने बिहान, साँझ र रातिको समयमा उच्च ध्वनि उत्पन्न गर्ने कार्य न्यून गरिनेछ। निर्माण उपकरणको नियमित मर्मत गरी अनावश्यक ध्वनि र कम्पन घटाइनेछ। वन क्षेत्रभित्र सवारी साधनको गति सीमा कायम गरिनेछ र अनावश्यक हर्न प्रयोगमा रोक लगाइनेछ। नहरले वन्यजन्तुको आवागमनमा अवरोध पुऱ्याउन सक्ने स्थानमा वन्यजन्तु पारमार्ग, कल्भर्ट, अन्डरपास, सहज ढलान भएको र्याम्प तथा नहरबाट बाहिर निस्कन सक्ने संरचना निर्माण गरिनेछ। निर्माण श्रमिकलाई वन्यजन्तु नलखेट्ने, नमार्ने, गुँड वा वासस्थान नष्ट नगर्ने र वन्यजन्तुसँग प्रत्यक्ष सम्पर्क नगर्ने आचारसंहिता लागू गरिनेछ।

संरक्षण महत्वका प्रजातिसहित वन्यजन्तुको क्षति न्यूनीकरण

आयोजनाबाट वन्यजन्तुको प्रत्यक्ष क्षति हुने सम्भावना न्यून भए पनि नहर उत्खनन, भरान तथा भारी उपकरण सञ्चालनका क्रममा सरीसृप, उभयचर तथा साना स्थलचर जीवहरू प्रभावित हुन सक्ने भएकाले निर्माण सुरु गर्नुअघि कार्यक्षेत्रको निरीक्षण गरिनेछ। कुनै सरीसृप, उभयचर वा अन्य वन्यजन्तु भेटिएमा तिनीहरूलाई नमार्ने, नलखेट्ने र सुरक्षित रूपमा नजिकैको उपयुक्त वासस्थानमा जान दिने व्यवस्था गरिनेछ। आवश्यक परेमा डिभिजन वन कार्यालय वा सम्बन्धित निकायको समन्वयमा उद्धार तथा स्थानान्तरण गरिनेछ। श्रमिकहरूलाई चोरी-सिकारी, वन्यजन्तु समात्ने, मार्ने, मासु प्रयोग गर्ने, गुँड नष्ट गर्ने तथा वन्यजन्तुको अवैध व्यापारमा संलग्न हुन पूर्ण रूपमा निषेध गरिनेछ। निर्माण शिविरमा वन्यजन्तु संरक्षणसम्बन्धी आचारसंहिता टाँस गरिनेछ र उल्लङ्घन भएमा कारबाहीको व्यवस्था गरिनेछ। निर्माण अवधिमा नियमित जैविक अनुगमन गरी वन्यजन्तु अवरोध, मृत्यु, घाइते अवस्था वा वासस्थान क्षतिको अभिलेख राखिनेछ।

संचालन चरण

सिंचाइ नहरका कारण स्थलचर वन्यजन्तुको आवागमनमा अवरोध/वन्यजन्तु आवागमन करिडोरमा पर्ने प्रभाव न्यूनीकरण

प्रस्तावित सिंचाइ नहर करिब २० देखि ३० मिटर चौडा र ३ देखि ४ मिटर गहिरो हुने भएकाले वन क्षेत्रसँग जोडिएका स्थानमा स्थलचर वन्यजन्तुको आवागमनमा भौतिक अवरोध सिर्जना हुन सक्ने सम्भावना रहन्छ। यद्यपि आयोजना क्षेत्र बाँके राष्ट्रिय निकुञ्जसँग प्रत्यक्ष रूपमा जोडिएको प्रमुख वन्यजन्तु करिडोरमा नपर्ने देखिए पनि स्थानीय वन्यजन्तुको आवागमनलाई सहज बनाउन नहर डिजाइन तथा सञ्चालनमा वन्यजन्तुमैत्री संरचना समावेश गरिनेछ। वन क्षेत्र, खोल्सा, झाडी क्षेत्र तथा सम्भावित वन्यजन्तु हिँडडुल गर्ने स्थानहरू पहिचान गरी उपयुक्त स्थानमा वन्यजन्तु पारमार्ग (Super Passage), कल्भर्ट, सहज ढलान भएको क्रसिङ, र्याम्प तथा सुरक्षित आवागमन संरचना निर्माण गरिनेछ। नहरको दायाँ-बायाँ अत्यधिक ठाडो किनारा हुने स्थानमा वन्यजन्तु नहरमा खसेमा बाहिर निस्कन सक्ने गरी ढलानदार र्याम्प तथा सुरक्षित निकास बिन्दुहरू राखिनेछ। वन क्षेत्रसँग जोडिएका संवेदनशील स्थानमा अनावश्यक मानव गतिविधि, आवाज, प्रकाश तथा सवारी आवागमन नियन्त्रण गरिनेछ। नहर किनारामा चेतनामूलक सूचना बोर्ड, गति सीमा संकेत र वन्यजन्तु आवागमन क्षेत्रसम्बन्धी संकेत राखिनेछ। जल उपभोक्ता संस्था, सामुदायिक वन उपभोक्ता समूह तथा डिभिजन वन कार्यालयसँग समन्वय गरी वन्यजन्तु आवागमन हुने स्थानहरूको नियमित अनुगमन गरिनेछ। यसबाट नहरका कारण स्थानीय वन्यजन्तुको आवागमनमा पर्ने अवरोधलाई न्यूनीकरण गर्न सकिनेछ।

सिंचाइ नहरमा वन्यजन्तु/जीवजन्तु डुब्ने सम्भावित प्रभाव न्यूनीकरण

नहर वन क्षेत्र र कृषि जमिनबीच सीमा रेखाको रूपमा रहने भएकाले साना स्तनधारी वन्यजन्तु, सरीसृप तथा उभयचर प्रजातिहरू तथा घर पालुवा जनावर हरु नहर पार गर्ने क्रममा डुब्ने जोखिम रहन सक्छ। उक्त जोखिम न्यूनीकरणका लागि आवश्यक तथा जोखिमयुक्त स्थानहरूमा नहरको दुवै किनारमा उपयुक्त उचाइ र मजबुतीको तारजाली (wire/chain-link fencing) वा सुरक्षा बार लगाइनेछ। साथै, आवतजावत आवश्यक हुने स्थानमा सुरक्षित पुल वा क्रसिङ, चेतावनी तथा सुरक्षा संकेत राखिनेछ। तारजाली, सुरक्षा बार तथा क्रसिङ संरचनाको नियमित निरीक्षण र मर्मतसम्भार गरी क्षतिग्रस्त भाग तत्काल मर्मत वा प्रतिस्थापन गरिनेछ।

नहर सञ्चालनबाट हुन सक्ने मानव तथा पशु दुर्घटना जोखिमलाई सञ्चालन चरणको सामाजिक तथा सुरक्षा प्रभावका रूपमा समावेश गरिनेछ। यसको न्यूनीकरण उपायमा बस्ती तथा सार्वजनिक आवतजावत नजिकका संवेदनशील नहर खण्डमा तारजाली/सुरक्षा बार जडान, आवश्यक स्थानमा सुरक्षित क्रसिङ तथा चेतावनी संकेतको व्यवस्था र नियमित मर्मतसम्भार समावेश गरिनेछ। उक्त कार्यको जिम्मेवारी आयोजना व्यवस्थापन/सिँचाइ कार्यालयले वहन गर्नेछ र सञ्चालन अवधिभर तारजालीको अवस्था, दुर्घटनाका घटना तथा स्थानीय गुनासोको नियमित अनुगमन गरी आवश्यक सुधारात्मक कार्य तत्काल गरिनेछ।

रासायिनिक मलको प्रयोगले जलीय स्रोतमा पर्ने प्रभाब न्यूनीकरण

रासायनिक मलको प्रयोगबाट जलीय स्रोतमा पर्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्न माटो परीक्षणका आधारमा आवश्यक मात्रामा मात्र मल प्रयोग गर्ने र बालीको आवश्यकता तथा मौसमअनुसार मलको मात्रा निर्धारण गरिनेछ। वर्षा हुन लागेको समयमा मल प्रयोग नगर्ने, मललाई नहरको केही दूरीमा प्रयोग गर्ने र खेतबाट बग्ने पानीलाई व्यवस्थित गर्न घाँसे बफर क्षेत्र तथा निकास प्रणाली निर्माण गर्न सकिन्छ। यसका साथै नाइट्रोजन तथा फस्फोरसयुक्त मलको अत्यधिक प्रयोगलाई नियन्त्रण गरी जैविक मल तथा कम्पोस्टको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

त्यसैगरी, किसानहरूलाई सन्तुलित मल व्यवस्थापन तथा जलस्रोत संरक्षणसम्बन्धी जनचेतना प्रदान गरिनेछ। कृषि क्षेत्रबाट जलस्रोतमा जाने सतही बहावलाई नियन्त्रण गर्न घाँसे क्षेत्र, वृक्षरोपण तथा अन्य संरक्षणात्मक उपाय अपनाइनेछ। साथै, नदी, खोला तथा अन्य जलस्रोतको पानीको गुणस्तर नियमित रूपमा परीक्षण तथा अनुगमन गरी आवश्यक सुधारात्मक कदम चालिनेछ। यसरी रासायनिक मलको वैज्ञानिक तथा सन्तुलित प्रयोगबाट कृषि उत्पादन कायम राख्दै जलीय स्रोतको प्रदूषणलाई प्रभावकारी रूपमा न्यूनीकरण गर्न सकिन्छ।

८.२.४ सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्ने प्रभाव

निर्माण चरण

निजी जग्गा तथा सम्पत्तिको क्षति, जीविकोपार्जन र मनोवैज्ञानिक प्रभाव तथा जनसंख्या विस्थापन न्यूनीकरण

आयोजनाबाट कुल ५४ घरधुरीका ५६७ जना मानिस प्रभावित हुने र मुख्य नहर निर्माणका लागि करिब ४.०२ हेक्टर निजी जग्गा प्रयोग हुने भएकाले जग्गा तथा सम्पत्तिको क्षति न्यूनीकरणका लागि विस्तृत सामाजिक सर्वेक्षण, सम्पत्ति गणना, जग्गा अभिलेख प्रमाणीकरण तथा प्रभावित घरधुरीको अन्तिम सूची तयार गरिनेछ। प्रभावित व्यक्तिलाई प्रचलित कानुन, सरकारी मूल्याङ्कन तथा आयोजना स्वीकृत मापदण्डअनुसार समयमै उचित क्षतिपूर्ति उपलब्ध गराइनेछ। सीमित जग्गामा निर्भर कृषक, महिला नेतृत्व भएका घरपरिवार, गरिब, दलित, मुस्लिम, आदिवासी/जनजाति तथा सीमान्तकृत घरधुरीलाई जीविकोपार्जन पुनःस्थापना कार्यक्रम, सीप विकास तालिम, रोजगारीमा प्राथमिकता, कृषि सहयोग तथा आयआर्जन कार्यक्रमसँग जोडिनेछ। जग्गा तथा सम्पत्ति गुमाउँदा उत्पन्न हुन सक्ने मनोवैज्ञानिक असर न्यूनीकरण गर्न परामर्श, गुनासो सुनुवाइ र नियमित समुदाय परामर्श कार्यक्रम सञ्चालन गरिनेछ। क्षतिपूर्ति वितरण तथा पुनर्स्थापना कार्य निर्माण सुरु हुनुअघि पूरा गरिनेछ।

कृषि उत्पादनको क्षति न्यूनीकरण

नहर निर्माणका लागि कृषि जमिन स्थायी रूपमा प्रयोग हुने भएकाले उक्त जमिनबाट हुने कृषि उत्पादनको क्षति मूल्याङ्कन गरी प्रभावित कृषकलाई उचित क्षतिपूर्ति उपलब्ध गराइनेछ। निर्माण कार्यका क्रममा बाँकी कृषि जमिनमा अनावश्यक क्षति, माटो थुपार्ने, सामग्री भण्डारण गर्ने वा पहुँच अवरोध गर्ने कार्य रोक लगाइनेछ। यदि अस्थायी रूपमा कृषि जमिन प्रयोग गर्नुपरेमा पूर्व सहमति, भाडा/क्षतिपूर्ति र निर्माणपछि जमिन पुनःस्थापना अनिवार्य गरिनेछ। प्रभावित कृषकलाई सुधारिएको सिंचाइ सुविधा, उन्नत बीउ, मलखाद, बाली विविधीकरण, तरकारी खेती, बेमौसमी खेती तथा कृषि तालिममार्फत उत्पादन क्षतिलाई दीर्घकालमा पूर्ति गर्ने व्यवस्था गरिनेछ।

सार्वजनिक सम्पतिमा दबाब

निर्माण कार्यका कारण प्रमुख तथा सहायक सडक, गोरेटो बाटो, पैदल मार्ग, कृषि जमिन, वन क्षेत्र तथा सामुदायिक स्रोतमा पहुँच अवरोध हुन सक्ने भएकाले निर्माणपूर्व पहुँच मार्गहरूको नक्साङ्कन र वैकल्पिक मार्गको व्यवस्था गरिनेछ। स्थानीय बासिन्दाको दैनिक आवतजावत, पशु चरन, कृषि कार्य, वन पैदावार संकलन तथा सामुदायिक सेवा उपयोगमा बाधा नपर्ने गरी अस्थायी पुल, बाटो, संकेत बोर्ड र सुरक्षित पार गर्ने स्थानहरू निर्माण गरिनेछ। निर्माण अवधिमा बाह्य कामदारको आगमनका कारण स्थानीय खानेपानी, सरसफाइ, बजार, इन्धन तथा अन्य सेवामा दबाब पर्न सक्ने भएकाले निर्माण शिविरमा छुट्टै खानेपानी, शौचालय, स्नानघर, फोहोर संकलन, ढल/निकास तथा सरसफाइ व्यवस्थापन गरिनेछ। पहुँच अवरोध हुने स्थान र समयबारे स्थानीय समुदायलाई पूर्व सूचना दिइनेछ। निर्माण सामग्री, उपकरण तथा उत्खनित माटो सार्वजनिक बाटो वा पहुँच मार्गमा थुपार्न दिइने छैन। गुनासो आएमा तत्काल समाधान गर्ने गरी गुनासो सुनुवाइ संयन्त्र सक्रिय राखिनेछ।

पेशागत स्वास्थ्य तथा सुरक्षा जोखिम न्यूनीकरण

निर्माण कार्यमा भारी उपकरण, गहिरो उत्खनन, ढुवानी सवारी, कंक्रिट, स्टिल, फर्मवर्क, उचाइमा काम तथा अस्थायी संरचना समावेश हुने भएकाले कार्यस्थल स्वास्थ्य तथा सुरक्षा योजना लागू गरिनेछ। सबै कामदारलाई हेल्मेट, सेफ्टी जुत्ता, रिफ्लेक्टिभ ज्याकेट, मास्क, पञ्जा, कान सुरक्षा, सेफ्टी बेल्ट तथा कामअनुसारका PPE उपलब्ध गराई अनिवार्य प्रयोग गराइनेछ। गहिरो उत्खनन क्षेत्रमा बारबन्दी, चेतावनी संकेत, सुरक्षित प्रवेश/निस्कने बाटो र ढलान स्थिरीकरण गरिनेछ। भारी उपकरण सञ्चालन क्षेत्रमा अनधिकृत प्रवेश निषेध गरिनेछ। दैनिक टुलबक्स मिटिङ, साइट सुरक्षा अभिमुखीकरण, प्राथमिक उपचार व्यवस्था, आपतकालीन सम्पर्क नम्बर, एम्बुलेन्स समन्वय तथा दुर्घटना अभिलेख प्रणाली लागू गरिनेछ। धुलो, ध्वनि र कम्पन नियन्त्रणका लागि उपकरण मर्मत, पानी छर्काइ र कार्य समय व्यवस्थापन गरिनेछ।

लैङ्गिक तथा बालबालिका भेदभाव/शोषण जोखिम न्यूनीकरण

आयोजना निर्माणमा बालश्रम पूर्ण रूपमा निषेध गरिनेछ र श्रमिक नियुक्ति गर्दा उमेर प्रमाणीकरण गरिनेछ। महिला र पुरुषलाई समान प्रकृतिको कामका लागि समान पारिश्रमिक उपलब्ध गराइनेछ। महिला कामदारका लागि सुरक्षित कार्यस्थल, छुट्टै शौचालय, गोपनीय गुनासो प्रणाली, लैङ्गिक हिंसा तथा यौन दुर्व्यवहारविरुद्ध शून्य सहनशीलता नीति लागू गरिनेछ। निर्माण व्यवसायीले श्रमिक आचारसंहिता, श्रम ऐनको पालना, बाल संरक्षण नीति र लैङ्गिक समानता सम्बन्धी अभिमुखीकरण सञ्चालन गर्नेछ। बालबालिका, महिला, दलित, मुस्लिम, आदिवासी/जनजाति तथा सीमान्तकृत समुदायप्रति भेदभावपूर्ण व्यवहार हुन नदिन नियमित अनुगमन गरिनेछ।

स्थानीय संस्कृति तथा परम्परामा ह्रास न्यूनीकरण

आयोजना क्षेत्र थारु तथा मुस्लिम समुदायको बाहुल्य रहेको क्षेत्र भएकाले बाह्य कामदारलाई स्थानीय संस्कृति, भाषा, धर्म, सामाजिक मूल्य-मान्यता र परम्पराको सम्मान गर्न अभिमुखीकरण गरिनेछ। धार्मिक स्थल, सांस्कृतिक कार्यक्रम, चाडपर्व, सामुदायिक भेला तथा सामाजिक संरचनामा अवरोध सिर्जना हुने गतिविधि गरिने छैन। कामदारलाई स्थानीय समुदायसँग मर्यादित, संवेदनशील र सम्मानजनक व्यवहार गर्न आचारसंहिता लागू गरिनेछ। चाडपर्व वा धार्मिक गतिविधिको समयमा स्थानीय समुदायसँग समन्वय गरी निर्माण कार्यको समय व्यवस्थापन गरिनेछ। सांस्कृतिक वा धार्मिक स्थल नजिक निर्माण सामग्री थुपार्ने, ध्वनि प्रदूषण गर्ने वा असंवेदनशील गतिविधि गर्ने कार्य निषेध गरिनेछ।

संचालन चरण

सिंचाइ नहरका कारण समुदाय तथा चौपायाको नहर वारपार पहुँचमा पर्ने अवरोध न्यूनीकरण

सञ्चालन चरणमा सिंचाइ नहरका कारण स्थानीय समुदाय, चौपाया, कृषि उपकरण तथा दैनिक आवागमनमा अवरोध नहोस् भन्नका लागि आयोजना डिजाइनमा प्रस्ताव गरिएका Super Passage, VRB, BOX Culvert, HRCR with VRB नहरको बिभिन्न स्थानमा समावेश गरिएको छ जुन विद्यमान सडक, गोरेटो बाटो, पैदल मार्ग, कृषि जमिन जाने बाटो तथा सामुदायिक स्रोत प्रयोग हुने स्थानमा निर्माण गरिनेछ। यस किसिमको संरचनाहरू निर्माण गर्दा स्थानीय आवश्यकता र विद्यमान प्रयोग हुने मार्गलाई ध्यानमा राखी निर्माण गरिनेछ। चौपाया, साइकल, मोटरसाइकल, कृषि उपकरण तथा स्थानीय बासिन्दाको सुरक्षित आवागमनका लागि पुलमा पर्याप्त चौडाइ, रेलिङ, पहुँच मार्ग, संकेत बोर्ड तथा सुरक्षित ढलानको व्यवस्था गरिनेछ। बस्ती, विद्यालय, बजार, खेतबारी र वन स्रोततर्फ जाने स्थानमा स्थानीय समुदायसँग परामर्श गरी सुरक्षित crossing points कायम गरिनेछ। नहरको जोखिमयुक्त तथा गहिरो भागमा अनियन्त्रित रूपमा पार गर्ने कार्य रोक्न

चेतावनी बोर्ड, बारबन्दी, रेलिङ तथा सुरक्षित मार्गदर्शन संकेत राखिनेछ। पुल, पैदल मार्ग तथा पहुँच सडकहरूको नियमित मर्मत-सम्भार जल उपभोक्ता संस्था, स्थानीय सरकार र आयोजना व्यवस्थापनको समन्वयमा गरिनेछ। यदि कुनै स्थानमा पहुँच अवरोधसम्बन्धी गुनासो आएमा गुनासो सुनुवाइ संयन्त्रमार्फत तत्काल अध्ययन गरी आवश्यक थप पैदल पुल, कल्भर्ट वा सुरक्षित पहुँच मार्गको व्यवस्था गरिनेछ।

समुदायको स्वास्थ्य तथा सुरक्षा जोखिम न्यूनीकरण

नहर सञ्चालनपछि वर्षभरि पानी उपलब्ध हुने भएकाले जलजमाव, प्रदूषित पानी तथा लामखुट्टेजस्ता रोग सार्ने वाहकहरूको वृद्धि हुन नदिन नहर, निकास नाला र आसपासका पानी जम्ने स्थानहरूको नियमित सरसफाइ गरिनेछ। कमजोर निकास भएका बस्ती नजिकका स्थानमा सतही निकास सुधार, पानी जम्न नदिने व्यवस्था, नहर किनाराको झाडी सफाइ तथा फोहोरमैला व्यवस्थापन गरिनेछ। नहरमा घरायसी फोहोर, मलमूत्र, मरेका जनावर, प्लास्टिक, कृषि रसायन, कीटनाशक तथा अन्य प्रदूषक फाल्न निषेध गरिनेछ। मलेरिया, डेङ्गु, इन्सेफलाइटिस, जन्डिस, टाइफाइड, आउँ तथा झाडापखालाजस्ता रोगहरूको जोखिम कम गर्न स्थानीय स्वास्थ्य संस्था, वडा कार्यालय र जल उपभोक्ता संस्थासँग समन्वय गरी स्वास्थ्य सचेतना, लामखुट्टे नियन्त्रण, सुरक्षित खानेपानी, सरसफाइ तथा व्यक्तिगत स्वास्थ्य व्यवहारसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। बस्ती, विद्यालय र सार्वजनिक आवागमन नजिक पर्ने नहर खण्डमा चेतावनी संकेत, रेलिङ, सुरक्षित पारमार्ग, उद्धारका लागि र्याम्प/सिँढी तथा आवश्यक स्थानमा सुरक्षा बारको व्यवस्था गरिनेछ। बालबालिका तथा चौपाया नहरमा खस्ने जोखिम न्यूनीकरण गर्न जोखिमयुक्त स्थानमा समुदायलाई सचेत गराइनेछ। नहर सञ्चालन तथा मर्मत-सम्भार टोलीलाई प्राथमिक उपचार, आपतकालीन उद्धार, दुर्घटना सूचना प्रणाली र स्वास्थ्य जोखिम व्यवस्थापनसम्बन्धी अभिमुखीकरण दिइनेछ।

वातावरणीय व्यवस्थापन योजना

आयोजनाको सकारात्मक प्रभावहरुको बढोत्तरी र नकारत्मक प्रभावहरुको न्यूनीकरणका उपायहरु प्रस्तावको विभिन्न निर्माण तथा संचालन चरणमा लागु गरिनेछ । वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको लागि निर्माण व्यवसायी, प्रस्तावक तथा आयोजनाको वातावरणीय व्यवस्थापन इकाई नै जिम्मेवार हुनेछन । यस आयोजनाको विभिन्न प्रभावहरुको लागि वातावरणीय व्यवस्थापन योजना तालिकामा दिईएको छ।

सकारात्मक प्रभावहरुको बढोत्तरीका उपायहरु

तालिका ७३: सकारात्मक प्रभावहरुको बढोत्तरीका उपायहरु

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
निर्माण चरण									
१	स्थानीय रोजगारीका अवसरमा पर्ने प्रभाव	स्थानीयलाई रोजगारीमा प्राथमिकता दिने	आयोजना क्षेत्रका निम्न आयस्रोतलाई उच्च र आयोजनाबाट प्रभावित परिवारलाई प्राथमिकतामा राखी रोजगारी दिनेछ	आयोजना प्रभावित क्षेत्रमा	आयोजना प्रभावित गा.पा. सँग समन्वय गरी सो क्षेत्रका इच्छुक स्थानीयहरूलाई रोजगारी दिने	निर्माण चरण	निर्माण व्यवसायी	थप लागत नलाग्ने	प्रस्तावक, स्थानीय तह
२	प्रदूषण नियन्त्रण तथा	स्थानीयस्तरमा वातावरणीय	पानीका स्रोतमा फोहोर नफाल्ने विषयमा अभिमुखीकरण गरिने	आयोजना स्थल	निर्माण स्थलमा सूचना बोर्ड, चेतनामूलक पोस्टर,	निर्माण चरण	निर्माण व्यवसायी	थप लागत नलाग्ने	प्रस्तावक, स्थानीय तह

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
	व्यवस्थापन सम्बन्धी सचेतनामा पर्ने प्रभाव	सचेतना अभिवृद्धि गर्न सहयोग पुऱ्याउने			टुलबक्स मिटिङ तथा नियमित अनुगमनमार्फत प्रदूषण नियन्त्रणका उपायहरू व्यवहारमा लागू गराइने				
३	वन व्यवस्थापन तथा प्राकृतिक स्रोत संरक्षणस म्बन्धी सचेतनामा पर्ने प्रभाव	वन व्यवस्थापन तथा प्राकृतिक स्रोत संरक्षणसम्ब न्धी पहलहरू प्रवर्द्धन गर्ने व्यवस्था	सुपरिवेक्षण तथा अनुगमनमार्फत वन क्षेत्र र प्राकृतिक स्रोतमा हुने असर न्यून गर्ने प्रयास गरिने	आयोजनाले प्रभाव पार्ने वन क्षेत्रमा	सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय गरी वृक्षारोपण, संरक्षण, निगरानी तथा डढेलो नियन्त्रणसम्बन्धी संयुक्त कार्यक्रम सञ्चालन गरिनेछ।	निर्माण चरण	निर्माण व्यवसायी	थप लागत नलाग्ने	प्रस्तावक, स्थानीय तह, सा.व.उ.स .

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
४	स्थानीय उत्पादनको बजारीकरण तथा व्यवसायिक अवसरमा पर्ने प्रभाव	तरकारी, अन्नबाली, दूध, घ्यू, मासु आदि उत्पादन गर्ने कृषकहरू यसबाट प्रत्यक्ष लाभान्वित हुनेछन्।	स्थानीय उत्पादनको नियमित आपूर्ति सहज बनाउन आयोजना, निर्माण व्यवसायी, स्थानीय सरकार, सहकारी तथा उत्पादक समूहबीच समन्वय गरिनेछ	आयोजना स्थल वरपर	स्थानीय उद्यमीलाई व्यवस्थित रूपमा व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिने	निर्माण चरण	निर्माण व्यवसायी	थप लागत नलाग्ने	प्रस्तावक, स्थानीय तह
५	स्थानीयहरूको प्राविधिक सीप वृद्धि	श्रमिकहरु सहभागी हुँदा स्थानीय श्रमिकहरूको प्राविधिक	निर्माण व्यवसायीमार्फत स्थानीय श्रमिकहरूलाई काम सुरु हुनु अघि आधारभूत अभिमुखीकरण, नियमित टुलबक्स तालिम, सुरक्षा अभ्यास तथा दक्ष	आयोजना स्थल वरपर	गाउँपालिकाका सम्पूर्ण वडाहरूका इच्छुक श्रमिकलाई प्राथमिकता दिई स्थानीय स्तरमै दक्ष	निर्माण चरण	निर्माण व्यवसायी	थप लागत नलाग्ने	प्रस्तावक, स्थानीय तह

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
		सीप तथा व्यवहारिक ज्ञानमा वृद्धि हुने	कामदारसँग सहकार्य गरी सीप हस्तान्तरणको व्यवस्था गरिनेछ।		जनशक्ति विकासमा जोड दिइनेछ।				
संचालन चरण									
१	स्थानीय रोजगारीका अवसरमा पर्ने प्रभाव	सञ्चालन चरणमा १० जना अर्धदक्ष तथा २० जना अदक्ष श्रमिकहरू १२ महिनासम्म कार्यरत रहने अनुमान	आवश्यक पर्ने दक्ष, अर्धदक्ष तथा अदक्ष जनशक्तिको छनोट गर्दा स्थानीय समुदायका व्यक्तिहरूलाई प्राथमिकता दिइने	आयोजना स्थल वरपर	स्थानीय श्रमिकहरूको सीप र क्षमता अनुसार नहर सञ्चालन, सरसफाइ, सिल्ट तथा सेडीमेन्ट हटाउने कार्य, सामान्य मर्मत-सम्भार, निगरानी, सुरक्षा व्यवस्था, उपकरण सञ्चालन सहयोग तथा जल	संचालन चरण	प्रस्तावक	थप लागत नलाग्ने	प्रस्तावक, स्थानीय तह

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
		गरिएको छ, जसबाट क्रमशः १२० Man-Month र २४० Man-Month श्रम योगदान प्राप्त हुनेछ			व्यवस्थापनसम्बन्धी कार्यमा सहभागी गराइनेछ				
२	सरकारी जग्गा तथा वन अतिक्रमण न्यूनीकरण मा प्रभाव	विभिन्न स्थानमा सरकारी जग्गा तथा वन क्षेत्रको अवैध अतिक्रमण भएको र	नहरलाई वन क्षेत्र तथा सरकारी जग्गाको स्पष्ट भौतिक सीमाना कायम गर्ने	आयोजना स्थल वरपर	सम्बन्धित डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता समूह, स्थानीय सरकार, आयोजना कार्यालय तथा जल उपभोक्ता समूह/संस्थाबीच	संचालन चरण	प्रस्तावक	थप लागत नलाग्ने	प्रस्तावक, स्थानीय तह,डिभिजन वन कार्यालय, सा.व.उ.

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
		केही बस्तीहरू समेत सरकारी तथा वन जग्गा अतिक्रमण कै कारण स्थापित भएको देखिन्छ।			समन्वय गरी नहरको दायाँ-बायाँ क्षेत्रको सीमाना पहिचान, अभिलेखीकरण तथा नियमित निगरानी गरिने				
३	विद्यमान नहर सञ्जालको पुनःस्थापना तथा	आयोजनाले मुख्य, द्वितीयक तथा तृतीयक नहरहरूको	पुराना तथा क्षतिग्रस्त नहरहरू, पानी चुहावट हुने भाग, अवरुद्ध निकास, सिल्ट तथा सेडीमेन्ट जमेको क्षेत्र र कमजोर संरचनाहरूको	आयोजना क्षेत्रमा	जल उपभोक्ता समूह/संस्थासँग समन्वय गरी पानी वितरण तालिका, नियमित निगरानी, मर्मत-सम्भार कोष	संचालन चरण	प्रस्तावक	थप लागत नलाग्ने	प्रस्तावक, स्थानीय तह

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
	सुधारबाट पर्ने प्रभाव	निर्माण मात्र गर्ने नभई विद्यमान नहर सञ्जालहरू को पुनःस्थापना, मर्मत-सम्भार तथा स्तरोन्नतिमा समेत सहयोग पुऱ्याउनेछ।	पहिचान गरी आवश्यक सुधार गरिनेछ।		तथा स्थानीय सहभागितामा आधारित व्यवस्थापन प्रणाली विकास गरिनेछ				
४	जल उपभोक्ता समूह/संस्था	कृषकहरू को सक्रिय सहभागिता मा जल	कृषकहरूको सक्रिय सहभागितामा जल उपभोक्ता समूह/संस्था गठन गरिनेछ। संस्थामा	आयोजना प्रभावित क्षेत्र	स्थानीय सरकार, आयोजना कार्यालय तथा कृषक समूहबीच समन्वय	संचालन चरण	प्रस्तावक	थप लागत नलाग्ने	प्रस्तावक, स्थानीय तह,

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
	गठनबाट पर्ने प्रभाव	उपभोक्ता संस्था गठन गरिनु आवश्यक हुन्छ, जसको माध्यमबाट सिंचाइसम्बन्धी गतिविधिहरू व्यवस्थित रूपमा सञ्चालन गर्न	महिला, दलित, आदिवासी/जनजाति, सीमान्तकृत समुदाय तथा साना कृषकहरूको प्रतिनिधित्व सुनिश्चित गरिनेछ।		गरी जल उपभोक्ता संस्थालाई जिम्मेवार, सक्रिय र दिगो बनाइनेछ।				
५	सुधारिएको सिंचाइ सुविधाका कारण कृषि उत्पादकत्व	आयोजना क्षेत्रमा कुनै पनि सिंचाइ सुविधा उपलब्ध	नियमित सिंचाइ सुविधा उपलब्ध भएपछि आयोजना क्षेत्रमा उपयुक्त बाली पात्रो, बाली चक्र, बाली विविधीकरण तथा बहुबाली	आयोजना प्रभावित क्षेत्र	धान, गहुँ, मकै, तेलहन, दलहन, आलु, तरकारी तथा बेमौसमी खेतीका लागि	संचालन चरण	प्रस्तावक	थप लागत नलाग्ने	प्रस्तावक, स्थानीय तह,

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
	मा पर्ने प्रभावः	नभएको र बर्षा र नलको पानी सिंचाइका लागि उपलब्ध हुने अवस्था रहेको देखाउँछ।	प्रणालीलाई प्रोत्साहन गरिनेछ।		कृषकहरूलाई प्राविधिक परामर्श र व्यवहारिक तालिम दिइने				
६	आयोजना क्षेत्रमा बाली प्रणाली तथा बाली सघनतामा पर्ने प्रभाव	आयोजना क्षेत्रमा सिंचित अवस्थाको वर्तमान अनुमानित बाली सघनता	धान, गहुँ, मकै, तेलहन, दलहन, आलु, तरकारी तथा बेमौसमी खेतीका लागि कृषकहरूलाई प्राविधिक परामर्श र व्यवहारिक तालिम दिइनेछ।	आयोजना प्रभावित क्षेत्र	कृषक समूह तथा सहकारीमार्फत उत्पादन योजना, सामूहिक खेती, भण्डारण, प्रशोधन तथा बजार व्यवस्थापनमा सहयोग गरिनेछ	संचालन चरण	प्रस्तावक, स्थानीय तह,	थप लागत नलाग्ने	प्रस्तावक, स्थानीय तह,

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
		१८५ प्रतिशत रहेको छ, जुन असिंचित अवस्थाको बाली सघनता १३९.९ प्रतिशतभन्दा करिब ४५ प्रतिशत बढी हो।							
७	सिंचाइ नहरले प्राकृतिक अग्नि	सिंचाइ नहरले वन डढेलो फैलिन	नहर वरपरको झाडी, सुकेका पात, घाँस तथा दहनशील पदार्थको नियमित सफाइ गरिनेछ।	वन क्षेत्रमा	वन डढेलो जोखिमको समयमा नहरमा उपलब्ध पानीलाई	संचालन चरणमा	प्रस्तावक, स्थानीय तह,	थप लागत नलाग्ने	प्रस्तावक, स्थानीय तह,

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
	रेखाको रूपमा गर्ने कार्य	नदिन प्राकृतिक अग्नि रेखा अर्थात् fire line को रूपमा काम गर्न सक्छ।			आपतकालीन आगो नियन्त्रणका लागि प्रयोग गर्न सकिने गरी स्थानीय वन उपभोक्ता समूह, डिभिजन वन कार्यालय, स्थानीय सरकार र समुदायसँग समन्वय गरिनेछ				डी.व.का., सा.व.उ.स.
८	बन्यजन्तु तथा जीवजनावर लाई खानेपानी को उपलब्धता	बन्यजन्तु तथा स्थानीय घर पालुवा जनावरलाई खानेपानीको उपलब्धता	Step Type Escape Structure निर्माण गरिनेछ	स्थानीय संगको समन्वयमा आवश्यक स्थान पहिचान गरि	स्थानीय तथा प्रताबकको समन्वयन गरी डिजाइन गरि गर्नेछ	निर्माण चरण	प्रस्ताबक		प्रस्तावक, स्थानीय तह,

तालिका ७४ नकारात्मक प्रभावहरुको न्यूनीकरणका उपायहरु

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
भौतिक वातावरण									
निर्माण चरण									
१	भू-उपयोगमा परिवर्तन	मुख्य नहरको औसत चौडाइ ३५ मिटर र फिडर नहरको औसत चौडाइ ११ मिटर हुने भएकाले नहर संरचना	स्थायी जग्गा आवश्यकता बाहेक निर्माण शिविर, निर्माण व्यवसायी तथा कामदारका लागि अस्थायी बसोबास क्षेत्र, निर्माण सामग्री भण्डारण स्थल तथा अन्य सहायक कार्यका लागि पनि अस्थायी रूपमा जमिन आवश्यक पर्नेछ।	अस्थायी संरचना स्थलमा	अस्थायी रूपमा प्रयोग गरिने क्षेत्रहरू निर्माण सम्पन्न भएपछि सफा गरी पुरानै अवस्थामा पुनःस्थापना गरिनेछ।	निर्माण चरण	निर्माण व्यवसायी	स्वीकृत वा.प्र.मु.अनुसार	प्रस्तावक, स्थानीय तह, डी.व.का., सा.व.उ.स.

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
		निर्माणका लागि जमिन आवश्यक पर्ने देखिन्छ।							
२	भू-क्षय तथा भू-ह्रासका कारण पर्ने प्रभाव	मुख्य नहर, सेकेन्डरी नहर तथा सम्बन्धित संरचनाहरू मा सबै प्रकारको माटो उत्खनन कार्य करिब १३,४१,३८३.२९	माटो तोकिएको मार्ग र तोकिएको स्थानमा मात्र सारिनेछ।	आयोजना प्रभावित क्षेत्र	माटो थुपार्ने स्थानमा ढलान स्थिरीकरण, कम्प्याक्सन, घाँस रोपण, ड्रेनेज नाली तथा वर्षायामअघि सुरक्षा व्यवस्था गरिनेछ	निर्माण चरण	निर्माण व्यवसायी	स्वीकृत वा.प्र.मु.अनुसार	प्रस्तावक, स्थानीय तह

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
		घनमिटर हुने देखिन्छ। यसैगरी संरचनाको फाउन्डेसन उत्खनन २,६७,०६१.४१ घनमिटर रहनेछ।							
३	पानी, वायु, जमिन तथा ध्वनि प्रदूषणसम्बन्धी प्रभाव	निर्माण गतिविधिहरू नियन्त्रण बिना सञ्चालन भएमा निर्माण	सडक तथा धुलो उड्ने स्थानमा नियमित पानी छर्किने, सामग्री ढुवानी गर्दा ट्रकलाई त्रिपालले छोप्ने र सवारी साधनको गति नियन्त्रण गरिनेछ।	निर्माण स्थल वरपर	खोल्सा, नाला, नदी तथा नहरमा फोहोर, तेल, सिमेन्ट स्लरी वा माटो फाल्न निषेध गरिनेछ। बढी आवाज हुने	निर्माण चरण	निर्माण व्यवसायी	स्वीकृत वा.प्र.मु.अनुसार	प्रस्तावक, स्थानीय तह

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
		अवधिभर निर्माण स्थल आसपासको क्षेत्रमा स्थानीय रूपमा पानी, वायु, जमिन तथा ध्वनि प्रदूषण हुन सक्छ			उपकरणहरू दिनको समयमा मात्र सञ्चालन गरिनेछ र उपकरणहरूको नियमित मर्मत गरिनेछ।				
४	निर्माणजन्य अवरोधस म्बन्धी प्रभाव	निर्माण सामग्रीको ढुवानी, उपकरण सञ्चालन, कामदारको	निर्माण सामग्री ढुवानी, उपकरण सञ्चालन, कामदारको आवतजावत, अस्थायी पहुँच मार्ग र निर्माण स्थल व्यवस्थापनका कारण हुने	मूल नहरको चेनेज ४५+८८० , ४८+८००	बस्ती, विद्यालय, बजार तथा कृषि क्षेत्रमा निर्माण सामग्री अव्यवस्थित रूपमा राख्न दिइने छैन। स्थानीय	निर्माण चरण	निर्माण व्यवसायी	स्वीकृत वा.प्र.मु.अ नुसार	प्रस्तावक, स्थानीय तह, स्थानीय प्रशासन

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
		आवतजावत, अस्थायी पहुँच मार्गको प्रयोग तथा निर्माण स्थलको व्यवस्थापन का कारण स्थानीय स्तरमा केही अवरोधहरू सिर्जना हुन सक्छन्।	स्थानीय अवरोध कम गर्न निर्माण कार्यको तालिका स्थानीय समुदायलाई पूर्व जानकारी गराइनेछ	, ५०+७४५ , ५१+९४५ , ५२+२०० , ५३+४६५ र ५४+२०० आवश्यक ता बमोजिम	आवागमनका लागि वैकल्पिक बाटो, अस्थायी पुल, साइनबोर्ड, सुरक्षा संकेत र आवश्यक स्थानमा ट्राफिक व्यवस्थापन गरिनेछ।				
५	निर्माण खानी उत्खननका	खानी सञ्चालनका कारण	खोलाको प्राकृतिक बहाव, किनारा संरक्षण, जलचर तथा वरपरको वातावरणमा	मुगुवा खोला	उत्खनन बिधि बमोजिम	निर्माण चरण	निर्माण व्यवसायी	स्वीकृत वा.प्र.मु.अ नुसार	प्रस्तावक, स्थानीय तह,

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
	कारण हुने वातावरण मा प्रभाव	स्थलाकृति तथा भू-आकृतिमा परिवर्तन भई माटोको क्षय, भू-क्षरण तथा पहिरोको जोखिम बढ्न सक्छ।	असर नपर्ने गरी उत्खनन गरिनेछ।						स्थानीय प्रशासन
६	क्रसर सञ्चालनका कारण हुने वातावरणीय प्रभाव	क्रसर प्लान्टबाट उत्पन्न हुन सक्ने धुलो, ध्वनि, कम्पन,	क्रसर वा एग्रीगेट धुने कार्यबाट निस्कने पानीलाई settling pond वा sedimentation tank मा जम्मा गरी पुनःप्रयोग गर्ने	क्रसर प्लान्ट भएको स्थानमा	राम्रो Condition मा रहेको crushing Plant प्रयोग गर्ने, Sedimentation Tank and Pond निर्माण गर्ने	निर्माण चरण	निर्माण व्यवसायी	स्वीकृत वा.प्र.मु.अनुसार	प्रस्तावक, स्थानीय तह, स्थानीय प्रशासन

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
		फोहोर पानी, तेल तथा ग्रीस चुहावट हुन सक्छ							
संचालन चरण									
१	निकास प्रणालीमा अवरोध तथा सतही बहाव प्रणालीमा परिवर्तन	नहरले प्राकृतिक रुपमा बगेका खोल्सी तथा मार्गको अवरोध गर्न सक्ने	नहरले प्राकृतिक निकास मार्गहरू काट्ने स्थानहरूमा सुपर पास तथा अन्डर पास संरचनाहरू प्रस्ताव गरिने	प्राकृतिक रुपमा बगेका खोल्सी तथा मार्गहरुमा	सबै क्रस-ड्रेनेज संरचना, कल्भर्ट, निकास नाला तथा बहाव मार्गको निरीक्षण र सफाइ गरिने	संचालन चरणमा	प्रस्तावक	स्वीकृत वा.प्र.मु.अ नुसार	प्रस्तावक, स्थानीय तह
२	नहर तथा कृषि जमिनमा	नदीको पानीसँगै सिल्ट,	नहरमा प्रवेश गर्ने पानीमा सिल्ट, बालुवा तथा सेडीमेन्ट नियन्त्रण गर्न	sediment trap मा	सिल्ट जम्मा हुन नदिन पानी वितरण तालिका, नहर	संचालन चरणमा	प्रस्तावक	स्वीकृत वा.प्र.मु.अ नुसार	प्रस्तावक, स्थानीय तह

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
	सिल्ट तथा सेडीमेन्ट जम्मा हुने प्रभाव	बालुवा तथा अन्य सेडीमेन्ट बहने	प्रस्तावित sediment trap र sediment discharge outlet लाई नियमित रूपमा सञ्चालन तथा सफा गरिने		सफाइ र सेडीमेन्ट हटाउने कार्य जल उपभोक्ता संस्थामार्फत व्यवस्थित गरिने				
३	भूमिगत पानीको सतह वृद्धि, जलजमाव तथा पानी प्रदूषण	भूमिगत पानीको सतह जमिनको सतहबाट करिब ३ मिटर गहिराइमा रहने र सुख्खा मौसममा करिब १५	नियमित सिंचाइपछि भूमिगत पानीको सतह वृद्धि र जलजमावको सम्भावना भएका होचा भू-भाग पहिचान गरिने	आयोजना प्रभावित क्षेत्रमा	जलजमाव जोखिम भएका क्षेत्रमा सतही निकास नाली, फिल्ड ड्रेन, उपयुक्त ढलान तथा पानी निकास संरचना निर्माण गरि	संचालन चरणमा	प्रस्तावक	स्वीकृत वा.प्र.मु.अ नुसार	प्रस्तावक, स्थानीय तह

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
		मिटर गहिराइसम्म घट्ने अवस्था रहेको							
४	सिंचाइ नहर तथा पानी मोड्ने मार्गहरूमा कटान न्यूनीकरण	माटो तथा deposit लाई उचित रूपमा कम्प्याक्ट तथा उपचार नगरेमा नहरको किनारा कटान हुने जोखिम हुने	नहर किनाराको उचित कम्प्याक्सन, ढलान स्थिरीकरण, लाइनिङ, ग्याबियन, स्टोन पिचिङ, टर्फिङ, घाँस रोपण तथा जैविक इन्जिनियरिङ उपाय लागू गरिनेछ।	आयोजना क्षेत्रमा	पानी मोड्ने संरचनाहरू नियमित निरीक्षण गरिने	संचालन चरणमा	प्रस्तावक	स्वीकृत वा.प्र.मु.अनुसार	प्रस्तावक, स्थानीय तह
जैविक वातावरण									

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
निर्माण चरण									
१	वन खण्डीकरण तथा वासस्थान ह्रास	आयोजना वन क्षेत्र तथा अन्य जमिन हुँदै जाने भएकाले विद्यमान वन क्षेत्र खण्डीकरण हुने	वन खण्डीकरण तथा स्थलचर वन्यजन्तुको वासस्थान ह्रासको जोखिम न्यूनीकरण गर्न निर्माण कार्यलाई स्वीकृत रेखाङ्कन तथा तोकिएको कार्यक्षेत्रभित्र मात्र सीमित गरिने	वन क्षेत्रमा	साना साना खोल्सीहरुलाई यथावत रुपमा पानी बग्न दिनको लागी Super Passage हरु बनाइन्छ। यस Super Passage जंगल क्षेत्रमा पर्ने भएकोले जंगली जनावरलाइ अवत् जावत गर्नलाइ पनि प्रयोग हुन्छ ।	निर्माण चरण	निर्माण व्यवसायी	स्वीकृत वा.प्र.मु. अनुसार	प्रस्तावक, स्थानीय तह, डी.व.का., सा.व.उ.स.
२	विद्यमान वनस्पति तथा वनको	आयोजना क्षेत्रमा कुल ३३ प्रजातिका	सट्टाभर्ना बापतको वन क्षेत्रमा गरिने वृक्षरोपण र कटान गरिएका रुखको	डिभिजन वन कार्यालयले	तराई र चुरे खाली जग्गा वा रुखजन्य प्रजातिका लाथ्रा, पोल र रुखको	निर्माण चरण	प्रस्तावक,	रु १५,७३ ०,०००. ०० + रु	प्रस्तावक, स्थानीय तह, डी.व.का.,

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
	जग्गामा क्षति	४,६४५ वनस्पतिहरु हटाउनु पर्ने छ	१:१० अनुपातमा वृक्षरोपण गरी आयोजनाले ५ वर्षसम्म लगाएको रुखको रेखदेख गर्ने आयोजना कार्यान्वयन गर्दा हटाइने ४,६४५ रुख र पोलको संख्याको १० गुणाको दरले हुने ४,६४५ बिरुवा	तोकेको क्षेत्रमा	सम्मिश्रण प्रति हेक्टर ५०० वटा भन्दा कम रहेको जग्गा (५ हे. भन्दा बढी) प्रति हेक्टर रु. १०००००/- मा प्रत्येक आ.व. मा ५ प्रतिशत वृद्धि भई आ.व. २०८२/०८३ मा ११००००० को दरले			३४,२५ ४,०००. ०० जम्मा रु ४९,९८ ४,०००. ००	सा.व.उ.स .
३	वन डढेलो	निर्माण कामदारहरू को गतिविधि	निर्माण चरणमा काटिएका रुख, हाँगा, पात, झाडी तथा सुख्खा जैविक पदार्थ अव्यवस्थित रूपमा थुप्रिँदा	आयोजना क्षेत्रमा	वन क्षेत्रमा काम गर्ने श्रमिकहरूलाई वन डढेलो नियन्त्रण, आगो	निर्माण चरण	प्रस्तावक,	स्वीकृत वा.प्र.मु. अनुसार	प्रस्तावक, स्थानीय तह, डी.व.का.,

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
		तथा काटिएका रुख, हाँगा, पात र अन्य सुख्खा जैविक पदार्थको थुप्रो वन डढेलो लाग्ने	वन डढेलोको जोखिम बढ्न सक्ने भएकाले यस्ता सामग्रीलाई सुरक्षित रूपमा संकलन, व्यवस्थापन र तोकिएको स्थानमा मात्र भण्डारण गरिने		लागेमा तत्काल सूचना दिने प्रक्रिया र आपतकालीन प्रतिक्रिया अभ्यासबारे अभिमुखीकरण गरिने				सा.व.उ.स.
४	स्थलचर वन्यजन्तुमा पर्ने अवरोध	निर्माण चरणमा उत्खनन यन्त्र, लोडर, डम्पर तथा अन्य भारी उपकरणबा	निर्माण गतिविधि तोकिएको कार्यक्षेत्रभित्र मात्र सीमित गरिने	निर्माण क्षेत्रमा	नहरले वन्यजन्तुको आवागमनमा अवरोध पुऱ्याउन सक्ने स्थानमा वन्यजन्तु पारमार्ग, कल्भर्ट, अन्डरपास, सहज ढलान भएको	निर्माण चरण	प्रस्तावक,	स्वीकृत वा.प्र.मु. अनुसार	प्रस्तावक, स्थानीय तह, डी.व.का., सा.व.उ.स.

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
		ट उत्पन्न हुने ध्वनि र मानव गतिविधिका कारण स्थलचर वन्यजन्तुमा अवरोध सिर्जना हुन सक्ने			र्याम्प तथा नहरबाट बाहिर निस्कन सक्ने संरचना निर्माण गरिने				
संचालन चरण									
१	सिंचाइ नहरका कारण स्थलचर वन्यजन्तु को	२० देखि ३० मिटर चौडा र ३ देखि ४ मिटर गहिरो सिंचाइ नहर	वन्यजन्तुमैत्री संरचना समावेश गरिने	नहर crossing गर्ने प्राकृतिक खोल्सीहरु मा	संरचना निर्माण गरेर	निर्माण चरण	प्रस्तावक,	स्वीकृत वा.प्र.मु. अनुसार	प्रस्तावक, स्थानीय तह, डी.व.का., सा.व.उ.स.

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
	आवागमन मा अवरोध/व न्यजन्तु आवागमन करिडोरमा प्रभाव	वन क्षेत्रसँगै जाने भएकाले यसले वन्यजन्तुको आवागमन मा भौतिक अवरोध सिर्जना गर्न							
२	सिंचाइ नहरमा वन्यजन्तु तथा स्थानीय घर पालुवा जनावर डुब्ने	स्तनधारी वन्यजन्तु, सरीसृप तथा उभयचर प्रजातिहरू नहर पार गर्ने क्रममा डुब्ने	नहरको दायाँ र बायाँ Chain link Mesh Wire Fenching निर्माण गर्ने	घना बस्ति वन्यजन्तु बढी ओहोरदोहो र गर्ने सम्भावित स्थानमा	संरचना निर्माण गरेर	निर्माण चरण	प्रस्तावक,	स्वीकृत वा.प्र.मु. अनुसार	प्रस्तावक, स्थानीय तह, डी.व.का., सा.व.उ.स.

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
	सम्भावित प्रभाव	जोखिम रहन सक्छ							
सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण									
निर्माण चरण									
१	निजी जग्गा तथा सम्पत्तिको क्षति, जीविकोपार्जन र मनोवैज्ञानिक प्रभाव तथा जनसंख्या विस्थापन	आयोजनाबाट कुल ५४ घरधुरीका ५६७ जना मानिस प्रभावित हुने देखिन्छ	निजी जग्गा प्रयोग हुने भएकाले जग्गा तथा सम्पत्तिको क्षति न्यूनीकरणका लागि विस्तृत सामाजिक सर्वेक्षण, सम्पत्ति गणना, जग्गा अभिलेख प्रमाणीकरण तथा प्रभावित घरधुरीको अन्तिम सूची तयार गरिने	आयोजना प्रभावित क्षेत्रमा	प्रचलित कानुन, सरकारी मूल्याङ्कन तथा आयोजना स्वीकृत मापदण्डअनुसार समयमै उचित क्षतिपूर्ति उपलब्ध गराइने	निर्माण चरण पुर्व	प्रस्तावक	स्वीकृत वा.प्र.मु. अनुसार	प्रस्तावक, स्थानीय तह, मालपोत कार्यालय, प्रशासन कार्यलय

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
२	कृषि उत्पादनको क्षति	नहर निर्माणका लागि कृषि जमिन स्थायी रूपमा प्रयोग हुने	कृषि उत्पादनको क्षति मूल्याङ्कन गरी प्रभावित कृषकलाई उचित क्षतिपूर्ति उपलब्ध गराइने	आयोजना प्रभावित क्षेत्रमा	प्रचलित कानुन, सरकारी मूल्याङ्कन तथा आयोजना स्वीकृत मापदण्डअनुसार समयमै उचित क्षतिपूर्ति उपलब्ध गराइने	निर्माण चरण पुर्व	प्रस्तावक	स्वीकृत वा.प्र.मु. अनुसार	प्रस्तावक, स्थानीय तह, , प्रशासन कार्यलय
३	सार्वजनिक सम्पतिमा दबाब	प्रमुख तथा सहायक सडक, गोरेटो बाटो र पैदल मार्गहरूमा विद्यमान पहुँचमा अवरोध	निर्माणपूर्व पहुँच मार्गहरूको नक्साङ्कन र वैकल्पिक मार्गको व्यवस्था गरिने	आयोजना प्रभावित क्षेत्रमा	बाधा नपर्ने गरी अस्थायी पुल, बाटो, संकेत बोर्ड र सुरक्षित पार गर्ने स्थानहरू निर्माण गरिने	निर्माण चरणमा	प्रस्तावक	स्वीकृत वा.प्र.मु. अनुसार	प्रस्तावक, स्थानीय तह, स्थानीय प्रशासन

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
		सिर्जना हुन सक्ने							
४	पेशागत स्वास्थ्य तथा सुरक्षा जोखिम न्यूनीकरण	निर्माण स्थलमा भारी उपकरण सञ्चालन, गहिरो उत्खनन, ढुवानी सवारी साधनको आवागमन, कंक्रिट तथा स्टिल कार्य, उचाइमा काम, तथा	निर्माण कार्यमा भारी उपकरण, गहिरो उत्खनन, ढुवानी सवारी, कंक्रिट, स्टिल, फर्मवर्क, उचाइमा काम तथा अस्थायी संरचना समावेश हुने भएकाले कार्यस्थल स्वास्थ्य तथा सुरक्षा योजना लागू गरिने	आयोजना क्षेत्रमा	सबै कामदारलाई हेल्मेट, सेफ्टी जुत्ता, रिफ्लेक्टिभ ज्याकेट, मास्क, पञ्जा, कान सुरक्षा, सेफ्टी बेल्ट तथा कामअनुसारका PPE उपलब्ध गराई अनिवार्य प्रयोग गराइने	निर्माण चरणमा	प्रस्तावक	स्वीकृत वा.प्र.मु. अनुसार	प्रस्तावक, स्थानीय तह

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
		अस्थायी संरचनाहरू मा काम गर्दा चोटपटक, दुर्घटना, श्वासप्रश्वासस म्बन्धी समस्या, श्रवण असर तथा अन्य स्वास्थ्य जोखिम उत्पन्न हुन सक्छ							

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
५	लैङ्गिक तथा बालबालिका भेदभाव/शोषण जोखिम	लैङ्गिक भेदभाव, बालश्रम, असमान पारिश्रमिक तथा श्रमिक अधिकार उल्लङ्घनजस्ता जोखिमहरू सिर्जना गर्न सक्छ	आयोजना निर्माणमा बालश्रम पूर्ण रूपमा निषेध गरिनेछ र श्रमिक नियुक्ति गर्दा उमेर प्रमाणीकरण गरिनेछ। महिला र पुरुषलाई समान प्रकृतिको कामका लागि समान पारिश्रमिक उपलब्ध गराइने	निर्माण स्थलमा	निर्माण व्यवसायीले श्रमिक आचारसंहिता, श्रम ऐनको पालना, बाल संरक्षण नीति र लैङ्गिक समानता सम्बन्धी अभिमुखीकरण सञ्चालन गर्ने	निर्माण चरणमा	प्रस्तावक	स्वीकृत वा.प्र.मु. अनुसार	प्रस्तावक, स्थानीय तह
६	स्थानीय संस्कृति तथा परम्परामा ह्रास	बाह्य कामदारहरूको संस्कृति, व्यवहार, भाषा,	बाह्य कामदारलाई स्थानीय संस्कृति, भाषा, धर्म, सामाजिक मूल्य-मान्यता र परम्पराको सम्मान गर्न अभिमुखीकरण गरिनेछ	निर्माण स्थलमा	चाडपर्व वा धार्मिक गतिविधिको समयमा स्थानीय समुदायसँग समन्वय गरी	निर्माण चरणमा	प्रस्तावक	स्वीकृत वा.प्र.मु. अनुसार	प्रस्तावक, स्थानीय तह

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
		रहनसहन तथा परम्परा स्थानीय समुदायको भन्दा फरक हुन सक्छ, जसले ग्रामीण सामाजिक संरचनामा केही नकारात्मक प्रभाव पार्न सक्छ			निर्माण कार्यको समय व्यवस्थापन गरिने				
संचालन चरण									

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
१	सिंचाइ नहरका कारण समुदाय तथा चौपायाको नहर वारपार पहुँचमा अवरोध	सिंचाइ पुनःस्थापना आयोजनाका कारण केही प्रमुख तथा सहायक सडक र गोरेटो बाटोहरूमा विद्यमान पहुँच अवरुद्ध हुन सक्ने सम्भावना	आयोजना डिजाइनमा प्रस्ताव गरिएका गाउँ सडक पुल तथा पैदल पुलहरू विद्यमान सडक, गोरेटो बाटो, पैदल मार्ग, कृषि जमिन जाने बाटो तथा सामुदायिक स्रोत प्रयोग हुने स्थानमा निर्माण गरिने	आयोजना स्थलमा	जल उपभोक्ता संस्था, स्थानीय सरकार र आयोजना व्यवस्थापनको समन्वयमा गरिने	संचालन चरणमा	प्रस्तावक	स्वीकृत वा.प्र.मु. अनुसार	प्रस्तावक, स्थानीय तह
२	समुदायको स्वास्थ्य	पानी, विशेष गरी प्रदूषित तथा जमेको	नहर, निकास नाला र आसपासका पानी जम्ने	आयोजना स्थलमा	स्थानीय स्वास्थ्य संस्था, वडा कार्यालय र जल	संचालन चरणमा	प्रस्तावक	स्वीकृत वा.प्र.मु. अनुसार	प्रस्तावक, स्थानीय तह,

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
	तथा सुरक्षा जोखिम	पानी, लामखुट्टेज स्ता रोग सार्ने वाहकहरू को प्रजननस्थल बन्न सक्छ। बस्ती नजिक कमजोर निकास प्रणाली, जलजमाव तथा पानी प्रदूषण भएमा	स्थानहरूको नियमित सरसफाइ गरिने		उपभोक्ता संस्थासँग समन्वय गरी स्वास्थ्य सचेतना, लामखुट्टे नियन्त्रण, सुरक्षित खानेपानी, सरसफाइ तथा व्यक्तिगत स्वास्थ्य व्यवहारसम्बन्धी कार्यक्रम सञ्चालन गरिने				स्थानीय स्वास्थ्य संस्था

क्र.सं.	विषयगत क्षेत्र	वातावरणीय प्रभाव	के के गर्ने	कहाँ गर्ने	कसरि गर्ने	कहिले गर्ने	कसले गर्ने	अनुमानित जनशक्ति, बजेट, समय	अनुगमन तथा मुल्यांकन
		मलेरिया, डेङ्गु, इन्सेफलाइ टिसजस्ता वाहकजन्य रोगहरूको जोखिम बढ्न बेवास्था सक्छ।							
३	पानी वितरण सम्बन्धि व्यवस्था								

अनुकुल प्रभाव अधिकतम तथा प्रतिकुल प्रभाव न्यूनतम गर्ने उपायको कार्यान्वयन तथा लाग्ने अनुमानित रकम र कार्यान्वयनको जिम्मेवारी तल तालिकामा प्रस्तुत गरिएको छ ।

८.३ वातावरणीय तथा सामाजिक सुरक्षा उपायहरुका लागि सारांश लागत

जग्गा अधिग्रहणको लागत सहित वातावरणीय तथा सामाजिक वातावरणमा पर्ने प्रभाव न्यूनीकरण उपायहरुको कुल लागत तालिकामा सारांशमा दिइएको छ ।

तालिका ७५: वातावरणीय प्रभाव न्यूनीकरण तथा सामाजिक सुरक्षाका उपायहरूको लागत

क्र.स.	उपायहरु र क्रियाकलापहरु	अनुमानित लागत (ने.रु.) परामर्शदाताको आंकलन	कैफियत
१	वन क्षेत्र प्रयोग गर्न स्वीकृत प्राप्त कुल वन क्षेत्रको सट्टाभर्ना जग्गामा हुने वृक्षारोपण बापत	रु ३४,२५४,०००.००	३१.१४ हेक्टर सा.व. को क्षेत्रफल्
२	कटान हुने ४६४५ गोटा रुख/पोल को १:१० दरले ४६,४५० गोटा बिरुवाहरु वृक्षारोपण	रु १५,७३०,०००.००	तराई र चुरे खाली जग्गा वा रुखजन्य प्रजातिका लाथ्रा, पोल र रुखको सम्मिश्रण प्रति हेक्टर ५०० वटा भन्दा कम रहेको जग्गा (५ हे. भन्दा बढी) प्रति हेक्टर रु. १०००००/- मा प्रत्येक आ.व. मा ५ प्रतिशत वृद्धि भई आ.व. २०८२/०८३ मा ११००००० को दरले
	जम्मा	**रु ४९,९८४,०००.००**	

८.४ निर्माण चरणमा सामाजिक-आर्थिक तथा स्वास्थ्यसम्बन्धी प्रभाव

८.४.१ कामदार आवास तथा खानेपानी

निर्माण अवधिमा श्रमिक शिविरमा कामदारका लागि सुरक्षित आवास तथा पर्याप्त स्वच्छ खानेपानी**को** व्यवस्था गरिनेछ। खानेपानीको नियमित आपूर्ति तथा भण्डारणको उचित व्यवस्था गरी कामदारको स्वास्थ्य तथा सरसफाइ सुनिश्चित गरिनेछ।

८.४.२ शौचालय तथा सरसफाइ

श्रमिक शिविरमा कामदारको संख्याअनुसार पर्याप्त शौचालय तथा स्नानघर**को** व्यवस्था गरी नियमित सरसफाइ गरिनेछ। शौचालयबाट निस्कने फोहोरलाई सेप्टिक ट्याङ्क/सोक पिटमार्फत सुरक्षित रूपमा व्यवस्थापन गरिनेछ।

८.४.३ ठोस तथा तरल फोहोर व्यवस्थापन

श्रमिक शिविरबाट उत्पन्न ठोस फोहोरलाई वर्गीकरण गरी संकलन, पुनःप्रयोग तथा सुरक्षित विसर्जन गरिनेछ। तरल फोहोरलाई सेप्टिक ट्याङ्क/सोक पिटमार्फत व्यवस्थापन गरी खुला रूपमा जलस्रोत, नाला वा वन क्षेत्रमा विसर्जन गर्न दिइने छैन।

८.४.४ PPE तथा पेशागत स्वास्थ्य-सुरक्षा

कामदारको स्वास्थ्य तथा सुरक्षाका लागि हेल्मेट, सुरक्षा जुत्ता, पञ्जा, मास्क, सुरक्षा ज्याकेट तथा आवश्यक PPE उपलब्ध गराई अनिवार्य प्रयोग गराइनेछ। साथै, प्राथमिक उपचार तथा सुरक्षा अभिमुखीकरणको व्यवस्था गरिनेछ।

परिच्छेद ९ वातावरणीय अनुगमन र आवश्यक बजेट

वातावरणीय आयोजनाको कार्यान्वयनबाट पर्ने प्रभावहरुको अनुगमन र मूल्याङ्कन गर्नको लागि प्रस्तावक र स्थानीय तहहरू जिम्मेवार हुनेछन । वातावरण संरक्षण नियमावली, २०७७, नियम ४५ (२) बमोजिम प्रभावहरुको अनुगमन र मूल्याङ्कन गर्ने क्रममा, वास्तविक प्रभाव उल्लेखित सीमा भन्दा अधिक मात्रामा पाइएमा प्रभावहरु कम गर्न वा नियन्त्रण गर्न आवश्यक उपायहरु अपनाइने छ । वातावरणीय अगुमनका तल उल्लेखित प्रयोजनको लागि गरिन्छ ।

कानूनले तोकेका सीमाभन्दा बढी मात्रामा प्रभाव पर्न नदिन, वातावरणीय प्रभाव कम गर्न अपनाइएका उपाय वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भए अनुसार कार्यान्वयन भए नभएको जाँच गर्न, सम्भावित वातावरणीय क्षेति बारे समयमै सचेत गराउन, पहिचान गरिएका तथा आंकलित प्रभाव वास्तविकतासँग कति नजिक छन् भन्ने जानकारी लिन।

९.१ अनुगमनका प्रकार

वातावरणीय अध्ययनहरुमा प्रारम्भिक अवस्थाहरुको अनुगमन, प्रभाव अनुगमन र नियमपालन अनुगमन गरी ३ प्रकारका अनुगमन हुन्छ ।

प्रारम्भिक अवस्थाहरुको अनुगमन

प्रस्तावित प्रस्तावको निर्माण कार्य सुरु गर्नुभन्दा अगावै निर्माण स्थल र वरपरका आधारभूत वातावरणीय पक्षको सर्वेक्षण गरिनेछ । यसले गर्दा अनुगमनको सिलसिलामा प्रारम्भिक अवस्थाहरुको तुलनामा वातावरणीय पक्षमा भएको परिवर्तन बारेमा थाहा पाउन सकिन्छ ।

प्रभाव अनुगमन

प्रस्तावित आयोजनाको निर्माण र संचालनको क्रममा आयोजना क्षेत्रमा पर्ने प्रभावको वास्तविक स्तर थाहा पाउन प्रभाव अनुगमन आवश्यक छ । प्रस्ताव कार्यान्वयनबाट भएका वातावरणीय परिवर्तन पत्ता लगाउन आयोजना निर्माण र संचालनका क्रममा त्यस क्षेत्रको जनस्वास्थ्य लगायत पर्यावरणीय, सामाजिक र आर्थिक अवस्थाका सूचकको मूल्याङ्कन गरिने छ ।

नियमपालन अनुगमन

यस अन्तर्गत प्रस्तावकले वातावरण संरक्षण सम्बन्धी निर्धारित मापदण्डको पालना गरेको छ भन्ने कुरा सुनिश्चित गर्न वातावरणीय गुणस्तरका विशेष सूचक वा प्रदूषणको अवस्था बारेमा आवधिक वा लगातार रुपमा अनुगमन गरी अभिलेख राखिने छ ।

अनुगमन सम्बन्धी विवरणलाई तालिकामा म्याट्रिक्सको रुपमा प्रस्तुत गरिएको छ ।

तालिका ७६: वातावरणीय अनुगमनको समय तालिका

सि.नं.	अनुगमनका सूचक	अनुगमनको विधि	स्थान	समय	अनुमानित रकम (ने.रु)	अनुगमन गर्ने निकाय
अनुगमनका प्रकार						
प्रारम्भिक अवस्थाहरुको अनुगमन						
१.	जग्गा र सम्पति अधिग्रहण	सार्वजनिक छलफल, फोटोहरु, क्याडसट्रल रेकर्डहरु, मालपोत कार्यालयको रेकर्ड	आयोजना क्षेत्र भित्र	निर्माण चरणको प्रारम्भिक अवस्थामा	जग्गा प्राप्ती एन , २०३४ को प्रचलित कानून बमोजिम प्रदान गरिने	क्षेति पूर्ति निर्धारण समिति, सामुदायिक वन कार्यालय, प्रस्तावक
२.	क्षेत्र चयन र निर्माण योजनाको तयारी	स्थलगत अवलोकन, पहिले र पछिको फोटोग्रफिक कागजात	आयोजना क्षेत्र भित्र	निर्माण चरणको प्रारम्भिक अवस्थामा		प्रस्तावक
३.	वातावरणीय संरक्षणका उपायहरु जस्तै प्रदूषण नियन्त्रण, जल र बिग्रन व्यवस्थापन, जमिनको स्थिरता, कटाई र भराई, ठोस	स्थलगत निरीक्षण, आयोजना व्यवस्थापनको लागि परामर्शदाताहरु र स्थानीय व्यक्तिहरुसँग छलफल, क्षेत्र विशिष्ट प्रभावहरु, फोटोहरु प्रयोगशाला	आयोजना क्षेत्र भित्र	निर्माण चरणको प्रारम्भिक अवस्थामा		प्रस्तावक

	फोहोर व्यवस्थापन संवेदनशील क्षेत्रहरु जीव तथा वनस्पतिको संरक्षण	परीक्षणहरुको आवश्यकता, विद्यमान गस्ती, नियन्त्रण र रेकर्ड				
प्रभाव अनुगमन						
१.	बिग्रन व्यवस्थापन	क्षेत्र अवलोकन र पहिचान, फोटोहरु भू-सन्दर्भ क्षेत्रहरु	सम्झौतामा समावेश गरिने	निर्माण अवधिमा	-	प्रस्तावक, परामर्शदाता
२.	निर्माण सामाग्रीहरु को उत्खनन्	क्षेत्र अवलोकन, फोटोहरु,	उत्खनन् क्षेत्रहरु	निर्माण अवधिमा	-	प्रस्तावक,
३.	पानीको गुणस्तर	श्रोतको पानीको गुणस्तर जाँच	जलीय श्रोतहरु	निर्माण अवधिमा	१००,०० ०	स्थानीय लाभार्थीहरु को फोरम
४.	वन तथा वनस्पति	अवलोकन, जिल्ला वन कार्यालयको रेकर्डहरु, फोटोहरु सरोकारवालाह रु सँग अन्तर्वार्ता	सामुदायिक वन	निर्माण अवधिमा	-	प्रस्तावक र परामर्शदाता
५.	वनयजन्तु	स्थानीय बासिन्दाहरु जिल्ला वन कार्यालयसँगको अन्तर्वार्ता, फोटोहरु, अवलोकन	नहर छेउका वन क्षेत्रहरु	आयोज ना निर्माण अवधिमा	-	प्रस्तावक परामर्शदाता जिल्ला वन कार्यालय

६.	जनस्वास्थ्य	स्थानीय व्यक्ति, स्वाथ्यकर्मीसँग छलफल, क्लिनिकको रेकर्डहरु	सम्पूर्ण आयोजना क्षेत्र	निर्माण को अवधिमा महिनामा एक पटक		जिल्ला समन्वय समिति गाउँपालिका , स्वास्थ्य चौकी
७.	व्यापार तथा वाणिज्य	रेकर्डहरु, अन्तर्वार्ता अवलोकन, पहिले र पछिको फोटोहरु	आयोजना क्षेत्र	आयोज ना निर्माण अवधिभ र	-	प्रस्तावक, गाउँपालिका
८.	घरेलु उद्योगहरु	रेकर्डहरु तथा अन्तर्वार्ता, पहिले र पछिको फोटोहरु	आयोजना क्षेत्र/प्रभावित क्षेत्रहरु/स्थान हरु	आयोज ना निर्माण अवधिभ र	-	प्रस्तावक, गाउँपालिका
९.	व्यवसायिक सुरक्षा तथा जोखिम	स्थलगत अवलोकन, पहिले र पछिको फोटोहरु, निर्माण व्यवसायी तथा स्वास्थ केन्द्रको अभिलेख, श्रमिकसँगको अन्तर्वार्ता	आयोजना क्षेत्र	निर्माण अवधिभ र	-	
नियमपालन अनुगमन						
१.	क्षेति पूर्ति र पुर्नवास	सार्वजनिक छलफल र फोटोहरु	आयोजना क्षेत्र भित्र	निर्माण चरणको अन्तिम अवस्था मा	जग्गा प्राप्ती एन , २०३४ को प्रचलित	क्षेति पूर्ति निर्धारण निकाय, सामुदायिक वन

					कानून बमोजिम प्रदान गरिने	कार्यालय, प्रस्तावक, परामर्शदाता
२.	नहर डिजाइन अनुसार वातावरणीय व्यवस्थापन कार्ययोजना	अन्तिम डिजाइन कागजात र आयोजना विवरणहरुको समीक्षा	आयोजना क्षेत्र भित्र	विस्तुत डिजाइन सम्पन्न पछि	-	प्रस्तावक र कृषि, वन तथा पर्यावरण मन्त्रालय
३.	पर्याप्त प्राविधिक र वातावरणीय पर्यवेक्षण	क्षेत्र अवलोकन तुलानात्मक फोटोहरु, जग्गा धनीहरु र समुदायमा आधारित संस्थाहरुसँग परामर्श	आयोजना क्षेत्र भित्र	निर्माण चरणको अन्तिम अवस्था मा	-	प्रस्तावक, परामर्शदाता
४.	वायु प्रदूषण	दृश्य निरीक्षण, मापन र आधारभूत तथ्याङ्क परीक्षणहरुसँग तुलना	निर्माण क्षेत्र र संवेदनशील स्थानहरु (विद्यालय, अस्पताल)	संचालन अवधिमा	१२०,०००	प्रस्तावक, समुदायिक संस्थाहरु
५.	बस्तीहरु विकास	रेकर्डहरु अवलोकन		संचालन चरण	-	गा.पा., जि.स.स., समुदायिक संस्थाहरु
६.	अर्थतन्त्रमा परिवर्तन	आयोजना व्यवस्थापनले राखेको रेकर्ड, स्थानीयहरूसँग को छलफल	आयोजना क्षेत्र	निर्माण तथा संचालन चरणको अवधिमा	-	प्रस्तावक, समुदायिक संस्थाहरु

				बर्षको २ पटक		

९.२ वातावरणीय अनुगमनका लागि लाग्ने खर्च

प्रस्तावित आयोजना निर्माण तथा संचालनको चरणको वातावरणीय अनुगमन गर्ने जिम्मेवारी प्रस्तावकको काँधमा रहेको छ । साथै प्रस्तावकले प्रत्येक ६ महिनामा स्वःअनुगमन गरिने छ । प्रस्तावित आयोजनाको प्रत्येक ६ महिनामा वातावरणीय अनुगमनको क्रममा हुने खर्चको अनुमानित बजेट तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका ७७: वातावरणीय अनुगमनका लागि लाग्ने खर्च

क्र.सं.	विवरण	संख्या	दर (ने.रु.)	लागत (ने.रु.)
१.	वातावरण विद	२	६५,०००	१३०,०००
२.	आर्थिक-सामाजिक	१	५०,०००	५०,०००
३.	जीव विज्ञ	१	५०,०००	५०,०००
४	कृषि बिज्ञ	१	५०,०००	५०,०००
५.	ल्याव उपकरण तथा जल, वायु, ध्वनि आदि परीक्षण कार्य		एक मुष्ठ	२,००,०००
६.	स्टेशनरी		एक मुष्ठ	१०,०००
७.	यातायात		एक मुष्ठ	२५,०००
८.	भत्ता		एक मुष्ठ	५०,०००
	जम्मा लागत			५६५,०००

परिच्छेद १० वातावरणीय परीक्षण

१०.१ वातावरणीय परीक्षण

वातावरणीय परीक्षण वातावरणीय प्रभाव मूल्याङ्कनको एक अभिन्न अंग हो । वातावरणीय संरक्षण नियमावली, २०७७, नियम १३ (१) बमोजिम प्रस्ताव वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको मितिले तीन वर्षमा यसको कार्यान्वयन गर्नुपर्नेछ र वातावरणीय संरक्षण ऐन, २०७६ को दफा १२ (१) बमोजिम वातावरण प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावको कार्यान्वयन सुरू गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरू गरेको दुई वर्ष भुक्तान भएको मितिले ६ महिना भित्र त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकूल प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुने नसकेको वा आँकलन नै नभएको प्रतिकूल प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन अद्यावधिक रूपमा राख्नु पर्ने कुरा उल्लेख गरेको छ । वातावरणीय परीक्षणले वातावरणीय मूल्याङ्कनको सामान्य अवस्थालाई जनाउँछ । वातावरणीय परीक्षणले वातावरणको भूत र वर्तमान वातावरणीय अवस्था र न्यूनीकरणका क्रियाकलापलाई दर्साउने कार्य गर्दछ ।

१०.२ वातावरणीय परीक्षणमा संलग्न संस्था

निर्माण कार्यको वातावणीय परीक्षणमा सामान्तया परिक्षक र परिक्षित पक्ष संलग्न हुनेछन ।

परीक्षक

